हेटौंडा उपमहानगरपालिकाको ५४ औं स्थापना
दिवसको अवसरमा प्रकाशित

# हेटौंडा दर्पण

स्मारिका- २०७९



प्रकाशक

## हेटौंडा उपमहानगरपालिका





११ औं नगर अधिवेशनको अध्यक्षता गर्दै नगर प्रमुख

नगर प्रमुख, नगर उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतसँग महिला जनप्रतिनिधिहरु







बिउ बाख्रा वितरण कार्यक्रममा नगर उपप्रमुख ।






# राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भै फैलिएका, मेची-महाकाली । (२)

प्रकृतिका कोटि-कोटि सम्पदाको आँचल
वीरहरुका रगतले, स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।

# हेटौंडा उपमहानगरपालिका

## ५४औँ स्थापना दिवस २०७९

(Municipality Day)

## हेटौंडा दर्पण स्मारिका प्रकाशन समिति



श्री मीनाकुमारी लामा
मुख्य संरक्षक
नगर प्रमुख



श्री राजेश बानियाँ
संरक्षक
नगर उपप्रमुख



श्री शिवराज चौलागाईं
सल्लाहकार
प्रमुख प्रशासकीय अधिकृत



श्री सविन न्यौपाने
संयोजक
प्रवक्ता तथा १ नं. वडा अध्यक्ष



श्री प्रताप विष्ट
सदस्य
पत्रकार



श्री भीमप्रसाद तिमल्सिना
सदस्य
सामाजिक विकास महाशाखा प्रमुख



श्री जगन्नाथ सापकोटा
सदस्य
नगर विकास सहायता समन्वय शाखा प्रमुख



श्री राजन दाहाल
सदस्य
प्रेस सल्लाहकार



श्री भानुभक्त थपलिया
सदस्य सचिव
सूचना प्रविधि अधिकृत

प्रधानमन्त्री

काठमाडौं, नेपाल

# शुभकामना

हेटौँडा उपमहानगरपालिकाको ५४ औं स्थापना दिवसको अवसरमा **हेटौँडा दर्पण** स्मारिका प्रकाशन हुन लागेको खबर थाहा पाउँदा खुसी लागेको छ ।

प्रशस्त सम्भावना बोकेको वाग्मती प्रदेशको राजधानी सहर हेटौँडा उपमहानगरपालिकाको स्थापना दिवसको अवसरमा उपमहानगरपालिका परिवार र समस्त हेटौँडाबासीलाई हार्दिक बधाइ तथा शुभकामना व्यक्त गर्दछु । उपमहानगरले दिगो एवम् व्यवस्थित सहरी विकास र सुशासनका लागि हालसम्म सम्पादन गरेका भूमिका, अग्रसरता र मुलुकका अन्य स्थानीय तहका लागि प्रेरणा दिनेगरी भएका समग्र उल्लेखनीय प्रयासहरूको उच्च प्रशंसा गर्दै त्यसका लागि उपमहानगरपालिका नेतृत्वप्रति आभार प्रकट गर्दछु ।

सङ्घीय शासन प्रणाली संस्थागत हुँदै गएको सन्दर्भमा जनताको आशा र भरोसाको सरकारको हैसियतमा स्थानीय तहले जनताका असीमित आवश्यकताहरूको सम्बोधन गर्दै जानुपर्ने परिस्थिति छ । दिगो विकास लक्ष्य र पन्ध्रौं योजनाले परिलक्षित गरेका विकासका अवस्था हासिल गर्नमा योगदान गर्ने ढङ्गबाट आफ्नो स्रोत साधनलाई प्राथमिकतापूर्वक जनकेन्द्रित, समावेशी, समतामूलक विकासको मर्मअनुसार नतिजामुखी ढङ्गले कार्य सम्पादन गर्दै हेटौँडा उपमहानगरपालिका मुलुककै अब्बल, उत्कृष्ट स्थानीय तहको पहिचान कायम गर्न सफल होस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु ।

२६ माघ २०७९

पुष्पकमल दाहाल 'प्रचण्ड'

# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## शुभकामना

हेटौंडा उपमहानगरपालिकाले आफ्नो स्थापना दिवसको अवसरमा **"हेटौंडा दर्पण"** स्मारिका प्रकाशन गर्न लागेको जानकारीले मलाई खुशी तुल्याएको छ ।

प्रशस्त सम्भावना बोकेको बागमती प्रदेशको राजधानी शहर हेटौंडा उपमहानगरपालिकाको स्थापना दिवसको अवसरमा उपमहानगरपालिका परिवार र समस्त हेटौंडाबासीलाई हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छु । उपमहानगरपालिकाले दिगो एवं व्यवस्थित शहरी विकास र सुशासनका लागि प्रतिबद्ध र सर्वथा प्रयत्नशील रहनुपर्छ ।

संघीय शासन प्रणाली संस्थागत हुंदै गएको सन्दर्भमा जनताको आशा र भरोसाको सरकारको हैसियतमा स्थानीय तहले जनताका असिमित आवश्यकताहरुको सम्बोधन गर्दै जानुपर्ने परिस्थिति छ । दिगो विकास लक्ष्य र पन्ध्रौ योजनाले परिलक्षित गरेका विकासका अवस्था हासिल गर्नमा योगदान गर्ने ढंगबाट आफ्ना स्रोतसाधनलाई प्राथमिकतापूर्वक जनकेन्द्रित, समावेशी, समतामुलक विकासको मर्म अनुसार नतिजामुखी ढंगले कार्य सम्पादन गर्दै हेटौंडा उपमहानगरपालिका मुलुककै अब्बल, उत्कृष्ट स्थानीय तहको पहिचान कायम गर्न सफल होस् भन्ने शुभकामना दिन चाहन्छु ।

नेपाल सरकार प्रदेश प्रमुखको कार्यालय बागमती प्रदेश हेटौंडा, मकवानपुर

**यादवचन्द्र शर्मा**
**प्रदेश प्रमुख**

मा.शालिकराम जम्कट्टेल
मुख्यमन्त्री

बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल



## शुभकामना

हेटौंडा उपमहानगरपालिका, मकवानपुरले ५४ औं स्थापना दिवसको अवसरमा विविध गतिविधि सूचना, तथ्याङ्क र उपलब्धिहरू समावेश गरी '**हेटौंडा दर्पण**' नामक स्मारिका प्रकाशन गर्न लागेकोमा मलाई खुसी लागेको छ।

महाभारतकालीन किंवदन्तीअनुसार पाण्डवहरूको वनवासको क्रममा आमा कुन्तीको सहमतिमा भीमले हिडिम्बासँग विवाह गरेपछि हिडिम्बाको कोखबाट जन्मेको पुत्र घटोत्कच र हिडिम्बाको बासस्थान यसै स्थानमा रहेको नाताले उनीहरूकै नामबाट यस स्थानको नाम हेटौंडा रहेको भन्ने जनविश्वास छ। शक्ति स्वरूपिणी माता भुटनदेवीको धार्मिक पृष्ठभूमिमा साबिकको हेटौंडा नगरपालिका र विभिन्न गाविसहरू मिलेर हाल १९ वडाहरूसहितको वाग्मती प्रदेशको राजधानी रहेको हेटौंडा यस प्रदेशको एक मात्र उपमहानगरपालिका हो।

जनचाहनाबमोजिम नगरवासीलाई न्यूनतम आधारभूत सेवासुविधाको प्रत्याभूति गर्नुका साथै आर्थिक सामाजिक, पूर्वाधार विकास र वातावरणको संरक्षण गर्ने कार्य उपमहानगरपालिकोे प्रमुख जिम्मेवारीभित्र रहेको सन्दर्भमा नेपालको संविधान र तदअनुरूपका कानुनी परिधिभित्र रहेर सीमित स्रोत र साधनबिच हेटौंडा उपमहानगरपालिका मकवानपुरले निर्वाह गर्दै आएको भूमिका प्रशंसनीय छ।

स्थानीय तहको शासन सञ्चालनको सन्दर्भमा सरकारका गतिविधिहरूमा सुशासन तथा पारदर्शिता कायम गर्न पहलकदमी गरेर सङ्घीयताको मर्मअनुरूप यस प्रदेशअन्तर्गतका अन्य स्थानीय तहहरूको विकास र समन्वयमा सहयोगात्मक भूमिका निर्वाह गर्न सफल हुने आशा गरेको छु।

अन्त्यमा हटौंडा उपमहानगरपालिका मकवानपुरले स्थापना दिवसको अवसरमा आफ्ना गतिविधिहरू समेटी प्रकाशन गर्न लागेको '**हेटौडा दर्पण**' स्मारिका प्रकाशनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

माघ २५, २०७९ बुधबार

शालिकराम जम्कट्टेल
मुख्यमन्त्री

# जिल्ला समन्वय समितिको कार्यालय

**हेटौंडा, मकवानपुर**

**बागमती प्रदेश**



प.सं.:२०७९/८० / प्रशासन शाखा

च.नं.:

## शुभकामना

हेटौंडा उपमहानगरपालिकाले आफ्नो ५४औं स्थापना दिवसका अवसरमा स्थापना देखि हालसम्मका उपलब्धीहरुलाई समेटेर नगरको विकासक्रम तथा उन्नयनसमेत लिपीबद्ध गर्ने उदेश्यका साथ **हेटौंडा** स्मारिका प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ । यस किसिमको महत्वपूर्ण दस्तावेज निर्माण गर्न लागेको प्रति हेटौंडा उपमहानगरपालिकालाई हार्दिक शुभकामना दिन चाहन्छु ।

यस पुस्तकको माध्यमबाट हेटौंडा उपमहाानगरपालिकाको स्थापना साथै पालिकाको विकासात्मक क्रियाकलापको अवस्था, सो संग सम्बन्धित जानकारी र नगरबासीले निर्वाह गर्ने भुमिकाका सम्बन्धमा आम नगरबासी सुसूचित हुनेछन् भन्ने विश्वास लिएको छु । संघीयता कार्यान्वयका क्रममा हेटौंडा उपमहानगरपालिकाले जनताको नजिकको सरकारको रुपमा खेलेका भूमिकाका बारेमा समेत यस पुस्तकको माध्यमबाटस्पष्ट हुन्छ । यस्ता यावत कृयाकलापहरु समेट्ने उद्धेश्यले प्रकाशन गर्न लागिएको पुस्तकले प्रशासनिक पारदर्शिता एवम् सुशासनमा समेत टेवा पुग्ने विश्वास लिएको छु ।

**अन्तमा : हेटौंडा उपमहानगरपालिकाले** ५४औं स्थापना दिवशका अवसरमा **हेटौंडा नामक स्मारिका** प्रकाशन गर्न लागेकोमा प्रकाशनको शुभकामना प्रकट गर्दै शुभकामना व्यक्त गर्दछु ।

**धन्यवाद ।**

ललित बहादुर घलान
प्रमुख

**जिल्ला समन्वय समिति मकवानपुर**

**फोन:**०५७-५२०३५०,०५७-५२०९५०**फ्याक्स:**०५७-५२१६७३ **वेवसाईट:**www.ddcmakwanpur.gov.np

**ईमेल:**dccmak74@gmail.com**फेसबुक:**www.facebook.com/DCCMakwanpur



# संयोजकको भनाइ

**सविन न्यौपाने**
**संयोजक**
**स्मारिका प्रकाशन समिति**

वि.सं. २०२६ सालमा स्थापना भएको हेटौँडा नगर पञ्चायतदेखि नगरपालिकाहुँदै हेटौँडा उपमहानगरपालिकासम्म आइपुग्दा नेपालमा विभिन्न राजनीतिक परिवर्तनहरू भएका छन् । ती सबै राजनीतिक परिवर्तनसँगै नगरपालिकाको नेतृत्वहरू पनि परिवर्तनहुँदै अविच्छिन्न उत्तराधिकारवाला संस्थाको रूपमा स्थापित हेटौँडा उपमहानगरको इतिहासलाई उजागर गर्दै भविष्यलाई उचित मार्गदर्शनसमेत प्रदान गर्न कोसेढुङ्गा साबित गर्ने गरी ५४ औं स्थापना दिवसको सन्दर्भ पारेर 'हेटौँडा दर्पण' स्मारिका प्रकाशन गरिएको छ।

यस स्मारिकामा हेटौँडा नगरको स्थापनाकालदेखि हालसम्मका जनप्रतिनिधिहरूको विवरण, हेटौँडा स्थापनाको ऐतिहासिक पृष्ठभूमि, मुख्य पर्यटकीय क्षेत्रहरूका बारेमा जानकारी, बालमैत्री स्थानीय शासन अवलम्बनको प्रक्रिया, हेटौँडा औद्योगिक क्षेत्रको स्थापना एवम् विकास क्रम, शिक्षा, स्वास्थ्य र सञ्चार क्षेत्रको विकास क्रम, स्थानीय जैविक विविधता एवम् वन वातावरणको अवस्था, दिगो विकास लक्ष्य, कार्यदिशा र स्थानीयकरण, सहभागितामूलक योजना पद्धतिको दूरदृष्टि लक्ष्य, सिपयुक्त जनशक्ति उत्पादन र विदेशबाट फर्किएकालाई पुनर्स्थापना कार्यक्रम, स्थानीय तहमा महिला प्रतिनिधित्वको सबाललगायत विविध विषय समेटिएका छन् ।

यस स्मारिकामा संलग्न रहेका कतिपय विवरणहरू हेटौँडा उपमहानगरमा सुरक्षित रहेका अभिलेखहरूको आधारमा तयार पारिएको छ । अभिलेखमा नभेटिएका कारण कतिपय ऐतिहासिक विवरणहरू अपूर्ण हुन सक्छन् । छोटो समयको तयारीका बिच स्मारिका प्रकाशन गरिरहँदा यसभित्र केही त्रुटि तथा कमजोरीहरू हुन सक्छन् । यसलाई आगामी दिनमा प्रकाशन हुने विभिन्न अङ्कहरूमा यहाँहरूको सल्लाह तथा सुझाव सहित सुधार गर्दै प्रकाशित गरिने प्रतिबद्धता जनाउँदछौँ । यस स्मारिका प्रकाशनमा अनुसन्धानमूलक लेखहरू उपलब्ध गराउनुहुने सम्पूर्ण लेखक महानुभावहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै सम्पादनमा सहयोग गर्नुहुने वरिष्ठ साहित्यकार निमेष निखिलप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

यस स्मारिका प्रकाशनको प्रेरणा दिँदै स्मारिका तपाईँ हाम्रो हातसम्म आइपुग्न अभिभावकत्व ग्रहण गर्नुहुने आदरणीय नगर प्रमुख एवम् यस प्रकाशनका मुख्य संरक्षक मिनाकुमारी लामाज्यू र उपप्रमुख एवम् संरक्षक राजेश बानियाँज्यू तथा प्रमुख प्रशासकीय अधिकृत एवम् सल्लाहकारी शिवराज चौलागाईँज्यूप्रति विशेष धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद ।

# हेटौंडा उपमहानगरपालिका

## विगतदेखि हालसम्मका नगरप्रमुखहरूको विवरण



**श्री वासुदेव रिजाल**
प्रथम प्रधानपञ्च
हेटौंडा नगर पञ्चायत



**श्री ओमनाथ पराजुली**
का.वा. प्रधानपञ्च
हेटौंडा नगर पञ्चायत



**श्री रामबहादुर खड्का**
का.वा. प्रधानपञ्च
हेटौंडा नगर पञ्चायत



**श्री नीरशङ्कर श्रेष्ठ**
प्रधानपञ्च
हेटौंडा नगर पञ्चायत



**श्री अशोककुमार बानियाँ**
प्रधानपञ्च
हेटौंडा नगर पञ्चायत



**श्री डोरमणि पौडेल**
नगरप्रमुख
हेटौंडा नगरपालिका



**श्री मधुकरप्रसाद अधिकारी**
नगरप्रमुख
हेटौंडा नगरपालिका



**श्री हरिबहादुर महत**
नगरप्रमुख
हेटौंडा उपमहानगरपालिका



**श्री मीनाकुमारी लामा**
नगरप्रमुख
हेटौंडा उपमहानगरपालिका

# विषयसूची


| | | | |
|---|---|---|---|
| १. | अन्तरवार्ता | मीनाकुमारी लामा | १ |
| २. | अन्तरवार्ता | राजेश बानियाँ | ४ |
| ३. | स्थानीय तहमा महिलाको प्रतिनिधित्वको सवाल | खिमलाल देवकोटा | ७ |
| ४. | जनताको नजिकको सरकार एक विवेचना | शिवराज चौलागाई | १४ |
| ५. | हेटौँडा : नगर पञ्चायतदेखि उपमहानगरपालिकासम्म | जगन्नाथ सापकोटा | १८ |
| ६. | हालसम्मका कार्यालय प्रमुखहरूको नामावली | | ३७ |
| ७. | विगतदेखि हालसम्मका वडा विभाजनको अवस्था | | ३९ |
| ८. | हेटौँडा आवादीका क्रममा... | केदारप्रसाद न्यौपाने | ४० |
| ९. | मकवानपुरको खेलकुद : विगत र वर्तमान | खुशराज दाहाल (राजन) | ४६ |
| १०. | दिगो विकास लक्ष्य : कार्यदिशा र स्थानीयकरण | डा. कृष्णप्रसाद धिताल | ५२ |
| ११. | मकवानपुर जिल्लाको साहित्यिक इतिहास | निमेष निखिल | ५६ |
| १२. | हेटौँडामा खानेपानीको विगत र वर्तमान अवस्था | प्रताप विष्ट | ७७ |
| १३. | हेटौँडा औद्योगिक क्षेत्र : विगतदेखि वर्तमानसम्म | बद्रीनाथ शर्मा | ८१ |
| १४. | सहभागितामूलक योजना पद्धतिको आलोकमा ... | बि. के. महर्जन | ८६ |
| १५. | हेटौँडा नगर : भूगोल र जनसाङ्ख्यिकी | भानुभक्त थपलिया | ९३ |
| १६. | समतामूलक, समावेशी विकासका लागि... | भीमप्रसाद तिमल्सिना | ९७ |
| १७. | हेटौँडामा पत्रकारिताः विगत र वर्तमान | राममणि दाहाल | १०१ |
| १८. | न्यायिक समितिको अवधारणा | लक्ष्मण मैनाली | १०७ |
| १९. | बालमैत्री स्थानीय शासन : व्यवस्था, अवसर र चुनौती | विष्णुकुमारी लामिछाने | ११९ |
| २०. | वन र वातावरण : नागरिक दायित्व | विष्णुप्रसाद आचार्य | १२५ |
| २१. | उपमहानगरपालिकालाई सिपयुक्त जनशक्ति उत्पादन... | होम कार्की | १३३ |
| २२. | हेटौँडा नगरको शैक्षिक अवस्था, अवसर... | देवप्रसाद श्रेष्ठ/ बद्रीबहादुर पाठक | १३७ |
| २३. | हेटौँडा उपमहानगरपालिका अन्तर्गत गठन भएका समिति/उपसमितिको विवरण | | १४३ |
| २४. | हेटौँडा उपमहानगरपालिका क्षेत्रमा रहेका ऐतिहासिक... | विष्णुगोपाल महर्जन | १४९ |
| २५. | स्वीकृत कर्मचारी सङ्गठन संचरना | | १५६ |
| २६. | जनप्रतिनिधिहरुको विवरण | | १५७ |

**अन्तरवार्ता :**

# सडक फराकिलो बनाएर डिजिटल सहरका रूपमा अघि बढाउने लक्ष्यका साथ काम गरिरहेका छौं



**–मीनाकुमारी लामा**
**नगरप्रमुख**

**१) तपाईँ नगर प्रमुखमा निर्वाचित भएपछि के कस्ता अनुभवहरू गर्नुभएको छ ?**

**उत्तर :** नगर प्रमुखको जिम्मेवारीलाई अवसरका रूपमा लिएकी छु । निर्वाचित भएको कार्यकालमा हेटौँडाको विकास र समृद्धिमा लाग्ने दृढ सङ्कल्प रहेको छ । काम गर्नका लागि चुनौती छ यसलाई अवसरका रूपमा बदल्दै अघि बढ्ने ध्येय रहेको छ । यो अवसर मेरा लागि निकै महत्त्वपूर्ण रहेको छ। यो समयमा केही गर्ने अवसर मिलेको मैले बुझेकी छु।

**२) हेटौँडा उपमहानगरपालिकाको समग्र विकासमा तपाईँका योजना के रहेका छन् ?**

**उत्तर :** हेटौँडा उपमहानगरपालिका पहिला वाग्मती प्रदेशको राजधानी हो । यसलाई कसरी विकासको गतिमा लैजानु पर्छ भनेर हामी कार्ययोजनाका साथ अघि बढिरहेका छौं । पूर्वाधार विकाससहित स्वास्थ्य र शिक्षाको विकासलाई समानुपातिक ढङ्गबाट अघि बढाउनुपर्छ भन्ने हाम्रो धारणा रहेको छ। सामान्यतया हेटौँडाको विकासका लागि ठुला र साना पूर्वाधार निर्माणसँगै सडक फराकिलो बनाएर डिजिटल सहरका रूपमा अघि बढाउने लक्ष्यका साथ काम गरिरहेका छौं ।

विषेश गरी पूर्वाधारको विकासमा नगरवासीको घरघरमा खानेपानी, बिजुली पुऱ्याउने उद्देश्य रहेको छ। स्वास्थ्य केन्द्रको निर्माण गरेर सेवा उपलब्ध गराउने र आधारभूत अस्पताल बनाएर बडामै सेवा दिने तयारीमा छौं । शिक्षाका क्षेत्रमा पूर्वाधारको निर्माणसँगै गुणस्तरीय शिक्षा दिनका लागि काम गरिरहेका छौं । सहरीकरणका लागि आवश्यक पूर्वाधार निर्माण गर्दै समसामयिक विषयलाई आत्मसात गर्दै समानुपातिक विकासलाई अगाडि बढाउनेतर्फ हामी लागेका छौं ।

**३) हेटौँडा उपमहानगरपालिकाको विकासका सम्भावना र चुनौती के के देख्नुभएको छ ?**

**उत्तर :** विकासको निकै सम्भावना छ । यो वाग्मती प्रदेशको राजधानी पनि हो । राजधानी भएपछि महत्त्वाकाङ्क्षी योजनाहरू आउँछन् । प्रदेश राजधानीलाई यसै ठाउँमा व्यवस्थापन गर्नुपर्ने हुन्छ। त्यसले गर्दा यहाँ विभिन्न किसिमका ठुला योजना बनाउँदै स्थान उपलब्ध गराउने र सहजीकरण गर्दै विकास गर्नुपर्ने हुन्छ।

हेटौँडा विभिन्न ठुला राजमार्गको बिचमा पर्छ । साना र ठुला राजमार्गको बिचमा रहेकाले पनि चौतर्फी रूपमा यहाँ आउन सहज रहेकाले सबै हिसाबले विकासको सम्भावना रहेको छ।

अवसरका बिच चुनौती भनेको पूर्वपश्चिम राजमार्गलाई २५ मिटर क्लियर गर्ने कुरा चुनौतीको रूपमा रहेको छ। राजमार्गले आफ्नो क्षेत्र ओगट्दा धेरै मानिस घर र जग्गाविहिन हुने अवस्था छ। त्यसको व्यवस्थापन चुनौतीका रूपमा रहेको छ। राजधानीमा धेरै ठुला पूर्वाधार निर्माणका लागि पहाडी भूगोल भएकाले जमिन उपलव्ध गराउन सकिएको छैन र पूर्वाधार निर्माणका लागि ठाउँको अभाव रहेको अवस्था छ।

**४) सङ्घीय, प्रदेश सरकार र स्थानीय तहसँग तपाईँको के कस्तो सम्बन्ध र अपेक्षा रहेको छ ?**

**उत्तर :** हामी समन्यव सहकार्य र सहभागितामा काम गर्दै छौँ तर पनि संविधानले व्यवस्था गरेअनुसार साझा, एकल अधिकार स्थानीय तहले अभ्यास गर्न पाउनुपर्छ भन्ने हो । साझा अधिकारमा छिटोभन्दा छिटो कानुन बनाएर अधिकार प्रत्यायोजन गर्न सके छिटो समग्र रूपमा विकास गर्न सकिने र नागरिकलाई सेवा दिन सकिन्थ्यो। यस्ता कुरामा प्रदेश र सङ्घले ध्यान दिन जरुरी छ।

साथै प्रदेश र सङ्घ हामीभन्दा ठुलो सरकार हो । साना साना कुराहरूमा ठुलो सरकारले स्थानीय तहको काम खोस्न मिल्दैन। जनताको घरमै पुगेर सेवा दिनुपर्ने स्थानीय तहलाई काम गर्नका लागि प्रदेश र सङ्घबाट वातावरण बनेको छैन। नगर वा वडामा भएका साना घटना वा छाडा छोडिएका चौपायाको विषयमा स्थानीय सरकारको ध्यान आकर्षण गर्दा प्रदेश र सङ्घलाई छुँदैन तैपनि स्थानीय तहको अधिकारालाई कार्यान्वयन गर्न नदिनु विडम्बना हो । सङ्घ र प्रदेशले बनाएको कानुन, नीति र बजेटमा स्थानीय सरकारलाई ससर्त अनुदान नभनी निष्पक्ष रूपमा खुल्ला बजेट विनियोजन भए आवश्यकताअनुसार काम गर्न सक्छौँ र नागरिकलाई सुविधा दिन सक्छौँ । सङ्कुचित ढङ्गबाट सङ्घ र प्रदेश आइरहेकोमा यसको दायरा फराकिलो बनाउँदै विकासको गतिलाई अगाडि बढाउनुपर्छ भन्ने हो।

**५) तपाईँ महिला नगर प्रमुख भएका कारणले कस्तो अनुभव गर्नु भएको छ ?**

**उत्तर :** अहिले महिलाभन्दा पनि म नगरको प्रमुख हो भन्ने महसुस गरेकी छु। महिला भएका कारण मसँग हीनताबोध छैन, महिला वा पुरुष नगर प्रमुखले गर्ने काम कर्तव्य र अधिकार कानुनले तोकेको छ। हामी विधि बनाएर अघि बढेका छौँ, त्यसकारण म त्यसलाई ठुलो रूपमा लिन्नँ । अझ पनि महिलाले नेतृत्व गरेको गाउँमा सुशासन, पारदर्शिता र भ्रष्टाचार हुँदैन भन्ने बुझाइ रहेको छ । त्यसलाई अवलम्बन गर्दै आम नागरिकका बिचमा मानिसको बुझाइलाई तथ्यपरक पार्न खोजिरहेकी छु त्यसकारण सबैवाट सद्भावसहित अगाडि बढिरहेकी छु। यसलाई चुनौतीभन्दा पनि अवसरको रूपमा सबैले लिएको र त्यहीअनुसार हेर्ने गरेको महसुस भएको छ।

**६) हेटौँडा उपमहानगरको स्थापना दिवस मनाउने सोच कसरी उत्पन्न भयो ?**

**उत्तर :** तत्कालीन हेटौँडा नगरपालिका २०३६ सालमा स्थापना भयो, यो आफैमा गौरवको कुरा हो। नगर पञ्चायत स्थापनाबाट विकास हुँदै उपमहानगरपालिकासम्म आइपुग्दा निकै राजनीतिक परिवर्तनहरू भए । यो अवस्थासम्म आइपुग्दा धेरै राजनीतिक, समाजिक र आर्थिक परिवर्तन भैरहँदा अहिले

हेटौँडा वाग्मती प्रदेशको राजधानीका रूपमा रहेको छ। हामीले यसलाई गौरव मान्नु पर्छ। संस्था रहिरहे हामी रहन्छौँ, सिस्टम, विधि र राजनीति रहन्छ। यसैको नेतृत्वका लागि राजनीति रहन्छ। संस्थाको नेतृत्वका लागि हामिले राजनीति गरेका छौँ । त्यसैले संस्था बचाउनुपर्छ, संस्थाको इज्जत राख्नुपर्छ र संस्थालाई इज्जत गर्दै अहिले ५४ औँ उत्सव मनाउन लागिरहेका छौँ । यो उत्सव हेटौँडाका लागि अविस्मरणीय रहँदै सधैँ निरन्तर हुने गरी अघि बढाउँछौँ।

**७) हेटौँडा उपमहानगरको विकासका निम्ति जिल्लाका दल तथा सामाजिक सङ्घसंस्थावाट के कस्तो सहयोग मिलेको छ ?**

**उत्तरः** समग्र हेटौँडा बनाउने कुरा हो। व्यक्तिगत कुरा होइन त्यसकारण जनप्रतिनिधि र समुदायले पनि सचेत गराउँदै सुधार गरेर लैजानका लागि दिने टिप्पणीलाई सुझावका रूपमा लिँदै आफूलाई काम गर्ने वातावरण बनेको महसुस गरेकी छु। सुझाव र सल्लाह धेरै आएका छन्। सबैको ध्यान हेटौँडा बनाऊँ भन्ने रहेकाले दल र हेटौँडावासीले सहयोग गरेको महसुस गरेकी छु। यो हिसाबले हेटौँडा विकासको गतिमा अघि बढिरहेको मेरो बुझाइ रहेको छ।

**८) अन्तमा केही छ कि ?**

हामीले हेटौँडाको इतिहास सम्झँदै फागुन १ गते ५४ औँ स्थापना दिवस मनाउँदै छौँ । यो अवसरमा समग्र हेटौँडावासीलाई शुभकाना र बधाइ दिन्छु । इतिहास मेटाउने होइन पछिल्लो पुस्तालाई हस्तान्तरण गर्दै जानुपर्छ भन्ने कुरामा हामी जानकार छौँ, त्यहीअनुसार हामीले सम्झना गर्दै स्थापना दिवस मनाउँदै छौँ। यो अवस्थामा मलाई पुऱ्याउनका लागि हेटौँडावासीले राखेको सदासयतालाई उच्च सम्मान गर्दै हेटौँडालाई समृद्ध बनाउने प्रहण गर्छु।

धन्यवाद !

❑❑❑

# न्यायिक समितिमा मेलमिलापलाई प्राथमिकता दिएर काम गरिरहेका छौं



-राजेश बानियाँ
नगर उपप्रमुख

**१) हेटौँडा उपमहानगरको उपप्रमुख निर्वाचित भएपछि कस्तो अनुभव गर्नुभएको छ ?**

**उत्तर :** निर्वाचनमा उपप्रमुख निर्वाचित भएपछि असाध्यै जोस आएको छ । जोससँगै निर्वाचनमा गरेको प्रतिबद्धता कार्यान्वयनका लागि गाउँसम्म पुगेर काम गरिरहेका छौं । अहिले कार्यालयमा धेरै समय खर्च नगरी नगरका विभिन्न गाउँसम्म पुगेर वडाका अध्यक्ष टोलका प्रतिनिधि र टोल विकास संस्थाका प्रतिनिधिसँग बसेर गाउँका आवश्यकता र समस्या हेरेर सहजताका साथ काम गरिरहेका छौं । यसरी गाउँसम्म पुगेर काम गर्दा चुनौती पनि देखिएका छन् तर चुनौतीसँगै अवसरका ढोका पनि खुल्ने भएकाले र अहिले उपमहानगरमा निर्वाचित टिम राम्रो भएका कारण काम गर्न मज्जा आइरहेको छ ।

**२) उपमहानगरको विकास निर्माणका कामहरू कसरी अघि बढिरहेका छन् ?**

**उत्तर :** विकास निर्माण र पूर्वाधारको कुरा गर्दा नियमित रूपमा अघि बढिरहेका कामहरू नियमित छन् । बाँकी कुरा माग भएको ठाउँको आवश्यकता र औचित्यलाई हेरेर काम गर्ने अवस्था रहेको छ । कहिलेकहीँ मैले भोट दिएको मेरो काम गर्नुपर्‍यो भन्दै माग आउँदा स्थलगत अनुगमन गरेको त्यो काम त्यहाँका लागि आवश्यक हो कि होइन भन्ने कुरा हेरेर गरिरहेको अवस्था छ ।

अहिले विकास निर्माण र पूर्वाधारका लागि नगरबासीको माग धेरै रहे पनि हामीले मागअनुसार काम गर्न सकिरहेका छैनौं । किनभने बजेटको अभाव छ । अहिले सङ्घ र प्रदेश सरकारसँग उपमहानगरको बजेटले विकासको काम गर्न नभ्याउने भएकाले माथिल्ला तहसँग माग गरेर भए पनि ठुला योजना शिक्षा, कृषि र अन्य पूर्वाधारका क्षेत्रको काममा लागिरहेका छौं ।

**३) तपाईं न्यायिक समितिको संयोजक हुनुहुन्छ । केकस्तो अनुभव गर्दै हुनुहन्छ ?**

**उत्तर :** यसअघिको निर्वाचनमा वडा अध्यक्षको भूमिकामा रहँदा त्यो समय जनताको काम गर्दै हिँडेको अवस्था थियो । वडामै कानुनको परिधिभित्र रहेर मिल्ने सम्मको काम वडा तहबाटै मिलाउने गरेका थियौं ।

अहिले उपप्रमुखको भूमिकामा न्यायिक समितिको संयोजक रहँदा मैले अनुभव गरेको न्यायिक समिति भनेको अदालती फैसलातर्फ गयो । संविधान र कानुनले दिएको अधिकारको प्रयोग गर्दै

निर्देशन गरेअनुसारका काम गर्ने र अर्को काम भनेको मेलमिलाप गराउने हो । अहिले हामीसँग नगरभरि ८ वटा युनिटले वडा तहबाटै काम गरिरहेका छन् । युनिटका संयोजकहरूसँग बसेर पटक पटक छलफल गर्दै वडा तहमै समस्या समाधान गर्ने प्रयत्न गर्छौं त्यहाँ नमिलेका मुद्दा उपमहानगरको समितिमा आउने गरेका छन् ।

समस्या समाधान गर्दा पक्षविपक्षभन्दा पनि समानताको ढङ्गबाट निर्दयी बन्दै काम गर्नुपर्ने अवस्था रहेको छ। न्याय दिने भनेको कठोर कुरा हो, अन्यथा गर्ने पक्षमा हामी छैनौँ । त्यहीअनुसार अहिले काम भैरहेको छ । न्यायिक समितिको कामप्रति जनताको विश्वास बढेको पाएको छु । अहिले सामान्यतया साँधसँधियार, बाटो, कुलो, घरभाडा, परिवारिक विवादका कुरा बढी मात्रामा आउने गरेका छन् । त्यहाँ गएपछि केही न केही न्याय पाइन्छ भन्ने बुझाइ रहेको छ र समितिले सक्ने मुद्दा समय लगाएरै भए पनि सकेसम्म नगरबासीलाई अदालतको ढोकासम्म पुग्न नपरोस् भन्ने हिसाबले काम गरीरहेका छौँ । अदालत पुग्दा त्यहाँको प्रक्रियामा छिर्नुपर्छ त्योभन्दा पनि स्थानीय तहमा रहेको न्यायिक समिति जनातको आफ्नै अदालत हो, जनताकै मतबाट यो ठाउँसम्म आएकाले यहीँबाटै समस्याको समाधान होस् भन्ने पाटोमा रहेर काम गरेका छौँ । विशेष गरी मेलमिलापलाई प्राथमिकता दिएर काम गरिरहेका छौँ ।

**४) उपमहानगरका सबै क्षेत्रको विकासका लागि केकस्ता योजनाहरू बनाउनुभएको छ ?**

**उत्तर :** विकास भन्नाले के बुझ्न जरुरी छ भनेको बाटो मात्र होइन । पहिला सुरु मानसिकताको विकास जरुरी छ । त्यो सँगसँगै शिक्षा, स्वास्थ्य, कृषिसहित आर्यआर्जन र महिला तथा बालबालिकाको क्षेत्रमा अहिलेको नेतृत्व गम्भीर भएर लागेको छ।

विकासलाई पछ्याउँदै अहिले हामी उपमहानगरको सहभागितामा सिविल इन्जिनियरिङ सञ्चालनको पाटोमा अन्तिम चरणमा छौँ । कानुन शिक्षामा एलएलबी, कृषिमा बिएस्सी एग्रिकल्चरको पाटोको कामलाई अघि बढाएका छौँ । आगामी वर्षबाट शिक्षाको पाटोमा नमुना वडाको रूपमा बजेट छुट्ट्याएर काम गर्छौं । त्यो सफल भएपछि अन्य वडाहरूका कार्यान्वयका लागि लैजाने सोचमा रहेका छौँ । अहिले शिक्षाभन्दा पूर्वाधार राम्रो देखिन्छ तर शिक्षाको गुणस्तर नभएको अवस्था छ त्यसलाई सुधार गर्ने पाटोमा उपमहानगर लागिरहेको छ।

स्वास्थ्यको क्षेत्रमा हामीले सञ्चालन गरिरहेका सहरी स्वास्थ्य केन्द्रमा स्वास्थ्यकर्मी अभाव रहेको छ । नेपाल सरकारले दिनुपर्ने कर्मचारी नआएका कारण समस्या रहेको छ । अहिले चुस्त दुरुस्त बनाउँदै नगरका वडाहरूमा २४ सै घन्टा सेवा दिन स्वास्थ्यको विस्तारको काम गर्न अघि बढाएका छौँ ।

उपमहानगरले कृषिको पाटोमा खेतीयोग्य जमिनमा सिँचाईको सुविधा नभएका ठाउँलाई निगरानी र व्यवस्थापन गर्दै जानुपर्छ भन्ने पाटोमा हामी लागेका छौँ । पूर्वाधारमा स्वास्थ्यका भवनहरूको अवस्था जीर्ण रहेको छ । राम्रो गर्ने परिकल्पना हामीले गर्‍यौँ तर पनि अहिले कति ठाउँहरूमा

जनशक्ति व्यवस्थापन र पूर्वाधारको व्यवस्थापनको पाटोमा हामी लागिरहेका छौँ । सडकका कुरामा हामी माथिल्ला निकायसँग छलफल र सहकार्य गर्दै अघि बढिरहेको अवस्था रहेको छ।

**५) उपमहानगरको राजस्व अभिवृद्धिको लागि अवसर र चुनौती के के रहेका छन् ?**

**उत्तर :** हाम्रो बजेट राजस्वमा निर्भर रहन्छ। राजस्वको दायरा फराकिलो गर्न सक्यौँ त्यति बढी सङ्कलन हुने हो । अहिले उपमहानगरको राजस्वमा चुहावट रहेको छ। हामीले आफ्नो क्षेत्राधिकारले पाएको राजस्व सङ्कलन गर्न सकेका रहेनछौँ । स्थानीय तहको आम्दानीको स्रोत भनेको व्यावसायिक कर र नदीजन्य पदार्थ हो। यी दुबै क्षेत्रमा राम्रोसँग काम गर्न सकेका छैनौँ। बजार क्षेत्रमा व्यवसाय र मनोरञ्जनका विभिन्न शीर्षकमा सङ्कलनको काम भए पनि मुख्य रूपमा नदीजन्य पदार्थ हो। नदीजन्यमा अहिले समस्या छ, नदीजन्यमा अहिले देखिएको समस्या भनेको रातभरि उत्खनन गर्ने त्यसको निगरानीका लागि हामीसँग जनशक्तिको अभाव छ, प्रशासनको सहयोग पनि उचित रूपमा पाएको छैन हेरेको जस्तो गरेर छोड्ने अवस्था रहेको छ। त्यसैले आगामी वर्षबाट प्रदेश सरकारले नदीजन्य पदार्थको राजस्व सङ्कलनका लागि बनाएको कानुनको परिधिमा रहँदै कार्यविधि बनाएर स्वच्छ ढङ्गबाट राजस्व सङ्कलन गर्ने गरी काम गर्छौं।

**६) हेटौँडा बजार अनुगमन र व्यवस्थापनको पाटोमा के कस्ता योजनाहरू बनाउनुभएको छ ?**

**उत्तर :** बजार अनुगमन तथा व्यवस्थापनको पाटोमा युनिट बनाएरै काम गरिरहेका छौँ । त्यसका लागि मकवानपुर उद्योग वाणिज्य सङ्घलगायत सङ्घसंस्थहरूसँग समन्यव गरेर विषेश खाद्य पदार्थको क्षेत्रमा निगरानी र नियमन गरीरहेका छौँ । हेटौँडा बजारको सबालमा अन्य सहरमा जस्तो माफियातन्त्र छ जस्तो लाग्दैन। भएका व्यावसायिक साथीहरूलाई साङ्केतिक हिसाबले कानुनको परिधिमा रहेर काम गर्न सुझाव दिन्छौँ। व्यावसायिक काम गरिरहेकाहरूलाई भोलि अनुगमनमा परिसकेपछि बेहोर्ने समस्या आफैले हो, त्यसैले अहिले नै सचेतना आवश्यक छ। उपमहानगरले अहिले विषेश गरी खाद्यान्नको पाटोमा विषेश निगरानी गर्दै युनिट बनाएर काम गरिरहेको छ। खाद्यान्न दूषित भएमा समस्या हुने भएकाले होटल, व्यापारिकका पसलमै पुगेर अनुगमनसहित दण्ड र जरिवानाको पाटोमा पनि काम गरिरहेका छौँ। आगामी दिनमा त्यसलाई थप प्रभावकारी बनाउने पाटोमा लागिरहेका छौँ।

❑❑❑



# स्थानीय तहमा महिलाको प्रतिनिधित्वको सवाल

**-खिमलाल देवकोटा**
राष्ट्रिय सभा सदस्य

स्थानीय तह जनताको सबभन्दा नजिकको सरकार हो । यसलाई लोकतन्त्रको आधारस्तम्भका रूपमा पनि लिने गरिन्छ । जनतासँग निकटताका कारण स्थानीय तहलाई स्थानीय सरकार पनि भन्ने गरिन्छ । जनताको घरदैलोसम्म राज्यप्रदत्त सेवा सुविधाहरू पुऱ्याउने काम स्थानीय सरकारले गर्छ । जनताको प्रत्यक्ष निगरानी र नियन्त्रणमा स्थानीय सरकार हुन्छन् । स्थानीय तह अविच्छिन्न उत्तरधिकारवाला स्वशासित र सङ्गठित संस्था हुन् । यी निकायले निर्वाचित पदाधिकारीहरूको निर्णय र निर्देशनबमोजिम सेवा प्रवाह र विकास व्यवस्थापनका कार्यहरू गर्छन् । सिद्धान्ततः यी सरकारबाट हुने कार्यहरू पारदर्शी, जवाफदेही, जनमुखी, नतिजामुखी, न्यायोचित, समावेशी र मितव्ययी हुने विश्वास गरिएको हुन्छ ।

**तालिका १ : स्थानीय तहको सङ्ख्या (वडा समेत)**

| स्थानीय निकाय | सङ्ख्या | वडा सङ्ख्या |
|---|---|---|
| महानगरपालिका | ६ | १७४ |
| उपमहानगरपालिका | ११ | २३४ |
| नगरपालिका | २७६ | ३११९ |
| नगरपालिका कुल (साना ठूला गरी सबै ) | २९३ | ३५२७ |
| गाउँपालिका | ४६० | ३२१६ |
| जम्मा | ७५३ | ६७४३ |

विकास र सुशासनको अनुभूति दिने, शीघ्र र सरल तरिकाले सार्वजनिक सेवा प्रवाह गर्ने, नीति निर्माणमा जनताको सहभागिता र अपनत्व स्थापित गर्ने, स्थानीय स्रोत र साधनको पहिचान र संरक्षणलगायतमा विशेष ध्यान दिनेलगायतका कारणले पनि स्थानीय तहलाई बलियो बनाउनुपर्दछ भन्ने आम धारणा छ ।

संविधानले नेपालको राज्यशक्तिलाई सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका बिच बाँडफाँड गरेको छ । संविधानको धारा ५६ लाई आधार मान्ने हो भने राज्यशक्ति प्रयोगका सवालमा सङ्घलाई जति अधिकार छ । स्थानीय तहलाई पनि त्यत्तिकै अधिकार छ । कुनै पनि तहका सरकार अर्को तहको सरकारको अधीनस्थ छैनन् । यी तीन तहका सरकारबिचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तका आधारमा हुने व्यवस्था संविधानमा छ । अधिकार बाँडफाँडका सवालमा संविधानद्वारा प्रदत्त स्थानीय तहका मूलभूत अधिकारको प्रयोगलगायतका विषय कोष्ठ १ मा छ । साबिक एकात्मक व्यवस्थासँग तुलना गर्ने हो भने निश्चित रूपमा संविधानले स्थानीय तहलाई अधिकारसम्पन्न बनाएको छ । स्थानीय तहका अधिकारहरू संविधानको अनुसूचीमा छन् ।

| कोष्ठ १ : स्थानीय तहका अधिकारको प्रयोग |
|---|
| • आफ्नो अधिकार क्षेत्रको विषयमा कर लगाउने र राजस्व उठाउने |

- नीति, योजना र बजेट बनाउने , कार्यान्वयन र अनुगमन गर्ने
- स्थानीय तहको कार्यकारीणी अधिकार गाँउ कार्यपालिका र नगर कार्यपालिकामा निहित
- व्यवस्थापिकाको अधिकार गाँउ सभा र नगरसभामा निहित
- विवाद निरूपणसम्बन्धी अधिकार न्यायिक समितिमा
- गाउँपालिका र नगरपालिकामा स्थानीय सञ्चित कोष रहने र सोको खर्चसम्बन्धी व्यवस्था स्थानीय कानुनबमोजिम हुने
- गाउँपालिका र नगरपालिकाले आफ्नो प्रशासन सञ्चालन गर्न कानुन बमोजिम सरकारी सेवा गठन र सञ्चालन गर्न सक्ने, आदि ।

साबिक एकात्मक व्यवस्थामा गाँउपालिकाको सङ्ख्या ३१५७ र नगरपालिकाको सङ्ख्या २१७ थियो । हाल गाँउपालिकाको सङ्ख्या ४६० र नगरपालिकाको सङ्ख्या २९३ गरी कुल स्थानीय तहको सङ्ख्या ७५३ छ । हुन त जिल्ला समन्वय समितिलाई पनि स्थानीय तहको परिभाषाभित्र राखिएको छ । जिससको सङ्ख्या ७७ छ । तर बोलीचाली र लेखनमा स्थानीय तह भनेको गाँउपालिका र नगरपालिका हो भन्ने आम धारणा बनिसकेको छ । साबिक एकात्मक व्यवस्थाका कतिपय सिङ्गो गाँ उविकास समितिहरू अहिले वडा बनेका छन् हाल देशभर वडाको सङ्ख्या ६७४३ छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का अनुसार नगरपालिकामा न्यूनतम वडाको सङ्ख्या ९ र अधिकत ३५ हुने व्यवस्था छ । यसै गरी गाँउपालिकामा न्यूनतम ५ र अधिकतम २१ छ । वडाअध्यक्षसहित वडामा ५ जना निर्वाचित हुने संवैधानिक व्यवस्था छ । सिफारिसलगायतका धेरै कामहरू वडा तहबाट नै हुन्छ ।
वडासहित स्थानीय तहको सङ्ख्या तालिका १ मा छ ।

२०७२ मा संविधान जारीपश्चात् स्थानीय तहको दुईपटक आवधिक निर्वाचन भएको छ ।

लोकतन्त्रको सबभन्दा सुन्दर पक्ष भनेकै चुनाव हो । चुनावबाट नै जनप्रतिनिधिहरू आँउछन् । निर्वाचनको समयमा जनतासँग गरेका प्रतिबद्धताहरू कार्यान्वयन गर्छन् । चुनावले संविधान कार्यान्वयनको गतिशिलतालाई मलजल गर्छ ।

## चुनावको विश्लेषण

२०७४ मा स्थानीय तहको निर्वाचन तीन चरणमा भएको थियो । २०७४ वैशाख ३१, असार १४ र असोज २ । तर, २०७९ को चुनाव एकैपटक वैशाख ३० मा भयो । २०७४ मा राजनीतिक वातावरण त्यति सहज थिएन । मधेशवादी दललगायत केही वर्ग र समुदायले संविधानको अपनत्व लिइरहेका थिएनन् । मुलुकका केही ठाँउमा द्वन्द्वका छिटाहरू थिए । तत्कालीन राष्ट्रिय जनता पार्टीले त वैशाख ३१ र असार १४ को स्थानीय चुनाव बहिष्कार समेत गरेको थियो । स्थानीय निकाय पुनर्संरचना आयोगले ७१९ वटा स्थानीय तहको सङ्ख्या हुनेगरी सरकारलाई प्रतिवेदन दिएको थियो । पछि सरकारले २५ वटा सङ्ख्या थपेर ७४४ पुऱ्यायो । राष्ट्रिय जनता पार्टीले संविधान संशोधन र तराई मधेशमा स्थानीय तहको सङ्ख्या थप्नुपर्ने अडानसहित पहिलो र दोस्रो चरणको चुनावमा भाग लिएन । पछि सरकारले मधेश प्रदेशमा ९ वटा स्थानीय तहको सङ्ख्या थप गरेर कुल ७५३ पुऱ्यायो । राष्ट्रिय जनता पार्टीले पनि तेस्रो चरणको चुनावमा भाग लियो ।

चुनावको दलगत विश्लेष गर्दा, ०७४ को चुनावमा कुल निर्वाचित ३५०४१ पदाधिकारीमध्ये सबभन्दा धेरै नेकपा एमालेका १४०९९ जना (४०.२४ प्रतिशत) निर्वाचित भएका थिए । नेपाली

काङ्ग्रेस र माओवादी केन्दका क्रमशः ११४५६ (३२.६९ प्रतिशत) र ५४४१ (१५.५३ प्रतिशत) जना निर्वाचित भएका थिए । बाँकी ४०४५ (११.५४ प्रतिशत) अन्य राजनीतिक दलसँग आबद्ध पार्टीका थिए।

२०७९ को निर्वाचनमा कुल ३५०९७ निर्वाचित भएका छन् । निर्वाचितमा सबभन्दा धेरै नेपाली काङ्ग्रेस (नेका) का १३७७३ जना (३९.२४ प्रतिशत) छन् । नेकपा एमालेका ११९२९ जना (३४.०० प्रतिशत) र माओवादी केन्द्रका ५०४५ (१४.३७ प्रतिशत) छन् । यी तीन पार्टीबाट मात्रै करिब ८८ प्रतिशत छन् । नेकाले अगिल्लो चुनावको तुलनामा उल्लेखनीय प्रगति गरेको छ भने नेकपा एमालेले गुमाएको छ। माओवादी केन्द्रको एक प्रतिशत जति कम छ।

## प्रमुख पदमा निर्वाचितको दलगत विवरण

कुल ४६० गाँउपालिकामध्ये नेपाली काङ्ग्रेस ०७४ को निर्वाचनमा १६१ अध्यक्ष पदमा विजयी भएको थियो। सबभन्दा धेरै नेकपा एमालेले १७१ अध्यक्ष पद जितेको थियो । तर ०७९ को निर्वाचनमा सबभन्दा धेरे नेपाली काङ्ग्रेसले १८८ अध्यक्ष पद जितेको छ भने नेकपा एमालेले अगिल्लो निर्वाचनको तुलनामा गुमाएको छ । नेकपा माओवादी केन्द्रले अगिल्लो निर्वाचनको तुलनामा केही सफलता हासिल गरेको छ। नगरपालिकाको सम्बन्धमा पनि गाँउपालिकाको जस्तै नेकपा एमालेले अगिल्लो निर्वाचनभन्दा गुमाएको छ भने नेपाली काँङ्ग्रेसले उल्लेखनीय सफलता हासिल गरेको छ। ०७९ को निर्वाचनको मेयर र अध्यक्षको प्रमुख ३ पार्टीको कुरा गर्ने हो भने सबभन्दा धेरै नेकाको करिव ४४ प्रतिशत, नेकपा एमालेको २७ प्रतिशत र माओवादी केन्द्रको १६ प्रतिशत छ । समग्रमा ७५३ स्थानीय तहमा यी तीन राजनीतिक दलले करिब ९० प्रतिशत स्थानमा विजय हसिल गरेका छन् । उपाध्यक्ष र उपप्रमुख पदको स्थिति पनि अध्यक्ष र प्रमुखको जस्तै छ। यससम्बन्धी थप विवरण अनुसूची ३ र ४ मा छ।

वडाअध्यक्ष र वडासदस्यहरूको विश्लेषण गर्दा यी तीन राजनीतिक दलले ८८ प्रतिशत स्थानसम्ममा विजय हासिल गरेका छन् । ०७४ को निर्वाचनमा वडाअध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र सदस्यमा नेकपा एमालेले सबभन्दा धेरै स्थानमा विजयी हासिल गरेको थियो भने ०७९ मा नेपाली काङ्ग्रेस।

## महिलाको प्रतिनिधित्व, ऐतिहासिक पक्षसहित

वि.सं. २००७ को परिवर्तनपश्चात् निर्वाचनमा महिलाहरूको मतधिकार र उम्मेदवार बन्न पाउनुपर्ने मागसहित महिला नेतृ साहना प्रधानलगायतका महिलाहरूले जुलुस निकालेका थिए । जसको फलस्वरूप महिलाहरूलाई मतधिकार र उम्मेदवार दुबैको व्यवस्थासहितको कानुनी संरचना बन्यो । वि.सं. २०१० सालमा भएको काठमाडौँको नगरपालिकाको निर्वाचनमा पहिलोपटक महिलाले मताधिकार प्राप्त गर्नुका साथै उम्मेदवारीसमेत दिए। निर्वाचनबाट पहिलो महिला जनप्रतिनिधिका रूपमा साधनादेवी प्रधान चुनिएकी थिइन् । नेपालको निर्वाचनको इतिहासमा यसलाई कोसेढुङ्गाका रूपमा समेत लिईन्छ । संसदीय फाँटको कुरा गर्दा वि.स. २०१५ साल फागुनमा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा द्वारिकादेवी ठकुरानी निर्वाचित भएर स्वास्थ्य तथा स्वायत्त शासन उपमन्त्री भई नेपालको इतिहासमा पहिलो महिला मन्त्री बन्ने अवसर प्राप्त गरिन् ।

२०४६ सालको परिवर्तनपछि २०४९ मा जेठ १५ र १८ मा गाँ उविकास समिति (गाविस) र

नगरपालिका (नपा) को चुनाव भएको थियो। त्यस बेला ३९९३ गाविस र ३६ वटा नगरपालिका थिए। त्यस बेला, नगरपालिकामा कुल वडा ५२१ र गाविसमा कुल ३५८८३ वडा थिए। तर दुर्भाग्य नपामा एक जना पनि मेयर, उपमेयर र वडाअध्यक्षका रूपमा महिलाले अवसर पाएनन्। गाविसको सन्र्दभमा ७ जना गाविस अध्यक्ष, १५ जना उपाध्यक्ष र १९० जना वडाअध्यक्ष निर्वाचित भएका थिए। देशभार ४४४६२ जना निर्वाचित हुँदा महिलाको सङ्ख्या जम्मा २१२ थियो। समग्रतामा स्थानीय निकायमा महिलाको प्रतिनिधित्व ०.४८ (शून्य दशमलव ४८) प्रतिशत थियो।

२०५४ जेठ ४ र १३ मा दोस्रोपटक निर्वाचन भएको थियो। यस निर्वाचनमा गाविस सङ्ख्या ३९१७ र नपाको सङ्ख्या ५८ थियो। यस चुनावमा नपाको कुल ८०३ वडामध्ये ३ वटा वडामा वडाअध्यक्षका रूपमा मात्र महिला निर्वाचित भएका थिए। गाविसमा २० जना अध्यक्ष र १७ जना उपाध्यक्ष निर्वाचित भए। यस निर्वाचनमा गाविस र नपाको निर्वाचनमा प्रत्येक गाविस र नपाका वडाबाट निर्वाचित हुने सदस्यमध्ये कम्तीमा एक जना महिला सदस्य निर्वाचित हुने कानुनी व्यवस्था थियो। यस कानुनी व्यवस्थाका कारण कुल निर्वाचित चार लाख सङ्ख्यामा महिलाको सङ्ख्या चालिस हजार थियो। नेपालको निर्वाचन इतिहासमा यो ऐतिहासिक क्षण थियो। समग्रतामा स्थानीय निकायमा महिलाको उपस्थिति ९.८५ प्रतिशत थियो। यससम्बन्धी थप विवरण तालिका २ मा छ।

तालिका २ : २०४९ र २०५४ को स्थानीय निकायको चुनावमा महिलको प्रतिनिधित्व

| | २०४९ | | २०५४ | |
|---|---|---|---|---|
| | जम्मा | महिला | जम्मा | महिला |
| मेयर | ३६ | ० | ५८ | ० |
| उपमेयर | ३६ | ० | ५८ | ० |
| वडाअध्यक्ष | ५२१ | ० | ८०३ | ३ |
| वडा सदस्य | ० | ० | ४१४६ | ८०६ |
| गाविस अध्यक्ष् | ३९९३ | ७ | ३९१७ | २० |
| गाविस उपाध्यक्ष | ३९९३ | १५ | ३९१७ | १७ |
| गाविस वडाअध्यक्ष | ३५८८३ | १९० | ३५२५३ | २४० |
| गाँउपरिषद सदस्य | ० | ० | १८३८६५ | ३९१३ |
| गाविस वडा सदस्य | ० | ० | १७६२६५ | ३५२०८ |
| जम्मा | ४४४६२ | २१२ | ४०८२८२ | ४०२०७ |
| महिला प्रतिशत | | ०.४८ | | ९.८५ |

स्रोत : संविधानसभाका महिला सदस्यहरू, नेपालको संविधान निर्माणमा महिलाको योगदानसम्बन्धी अध्ययन, २०६८, संविधान सभा सचिवालय, सिंहदरबार।

२०५४ मा निर्वाचन भएपश्चात् स्थानीय निकायलाई अधिकारसम्पन्न बनाउने गरी २०५५ मा स्थानीय स्वायत्त शासन ऐन ल्याइयो। तर, निर्वाचित जनप्रतिनिधिले यस ऐनको प्रयोग जम्मा चार वर्ष मात्रै गर्न पाए। २०५९ असारमा जनप्रतिनिधिको समय समाप्त भयो। त्यसपछि माओवादी द्वन्द्वलगायतका कारण चुनाव नै हुन सकेन। स्थानीय निकाय ०५९ साउनदेखि जनप्रतिनिधिविहिन अवस्थामा रहे। राजा ज्ञानेन्द्रको शासनकालमा २०६२ माघमा नगरपालिकाको निर्वाचन भयो। तर यस निर्वाचनले वैद्यता प्राप्त गर्न सकेन। ०६२/६३ को जनआन्दोलनपश्चात् गठिन सरकारले यसलाई खारेज गऱ्यो।

महिलाको प्रतिनिधित्वको सवालमा २०७२ को संविधानले प्रत्येक वडाबाट एक जना महिला र एक जना दलित महिला प्रतिनिधित्वको सुनिश्चितता गऱ्यो। स्थानीय तह निर्वाचन ऐन २०७३ को दफा १७ मा उम्मेदवारी दर्ता गर्ने क्रममा

राजनीतिक दलले गाँउपालिकाको अध्यक्ष र उपाध्यक्ष नगरपालिकाको प्रमुख र उपप्रमुखमध्ये कम्तीमा एक जना महिला हुनुपर्ने व्यवस्था छ। तर राजनीतिक दलले एक जना मात्र उम्मेदवारी दिएमा यो प्रावधान लागु हुने छैन भन्ने प्रतिबन्धात्मक व्यवस्था कानुनमा छ । २०७२ को संविधान जारीपश्चात् ०७४ र ०७९ गरी दुईपटक स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ। निर्वाचनले ४१ प्रतिशत महिलाहरूको सहभागिता गराएको छ । प्रमुख पदाधिकारीसहितको विवरण तालिका ३ मा छ। तालिकाअनुसार मेयर पदमा महिलाको सङ्ख्या ०७४ को तुलनामा ५ जना थप वृद्धि भएको छ। अध्यक्ष पदको एक जनाले मात्र वृद्धि भएको छ। तर उपप्रमुख र उपाध्यक्ष पदमा भने क्रमश १६ प्रतिशत र २१ प्रतिशतले कमी आएको छ । वडाअध्यक्ष अगिल्लो निर्वाचनभन्दा ८ जना थपिएका छन । वडासदस्य पदमा भने उल्लेखनीय रूपले ६७ प्रतिशतले वृद्धि भएको छ। निर्णायक पद (नपाको प्रमुख र गापाको अध्यक्ष) मा महिलाको प्रतिनिधित्व वृद्धिका लागि कानुनी र नीतिगत सुधारको जरुरी छ ।

अन्य विकसित देशहरूको स्थानीय तहमा महिलाको प्रतिनिधित्वसँग तुलना गर्ने हो भने नेपालको अवस्था भने निकै नै उत्साहजनक छ। स्थानीय तहको अवस्था एकदमै उत्कृष्ट हुने भनिएका स्केन्डेभियन मुलुक नर्वे र डेनर्माकको स्थानीय तहमा कुल निर्वाचितमा महिलाको प्रतिनिधित्व क्रमश ४०.८४ प्रतिशत र ३३.३३ प्रतिशत छ । अन्य विकसित मुलुक बेलायतमा ३४.२५ प्रतिशत, स्विटरजल्यान्डमा ३१.३० प्रतिशत, क्यानडामा २६.६० प्रतिशत र जापानमा १२.८७ प्रतिशत मात्र छ [१] । नेपालको ४१ प्रतिशत छ।

तालिका ३ : स्थानीय तहमा महिला प्रतिनिधित्व

| पद | २०७४ | | २०७९ | |
|---|---|---|---|---|
| | जम्मा | महिला | जम्मा | महिला |
| प्रमुख | २९३ | ७ | २९३ | १३ |
| अध्यक्ष | ४६० | ११ | ४६० | १२ |
| उपप्रमुख | २९३ | २७६ | २९३ | २३३ |
| उपाध्यक्ष | ४६० | ४२४ | ४६० | ३३५ |
| वडा अध्यक्ष | ६७४२ | ६१ | ६७४३ | ६९ |
| महिला सदस्य | ६७४२ | ६७४२ | ६७४२ | ६७४२ |
| दलित महिला सदस्य | ६५६७ | ६५६७ | ६६२० | ६६२० |
| सदस्य | १३४८४ | २६४ | १३४८६ | ४४२ |
| जम्मा | ३५०४१ | १४३५२ | ३५०९७ | १४४६६ |
| महिला प्रतिशत | | ४०.९६ | | ४१.२२ |

स्रोत : निर्वाचन आयोगबाट प्राप्त विवरणका आधारमा विश्लेषण।

२०७४ र २०७९ को स्थानीय तहको निर्वाचनमा मकवानपुर जिल्लाका स्थानीय तहमा महिलाको प्रतिनिधित्वको विवरण तालिका ४ मा छ । तालिका अनुसार २०७४ को निर्वाचनको तुलनामा २०७९ को निर्वाचनमा महिलाको प्रतिनिधित्वको सङ्ख्या करिब एक प्रतिशतले घटेको छ। २०७४ को निर्वाचनमा महिलाको प्रतिनिधित्व राष्ट्रिय औषत ४०.९६ प्रतिशतको तुलनामा मकवानपुर जिल्लाका पालिकाहरूमा सामन्य कमी छ। २०७९ मा महिलाको प्रतिनिधित्वको राष्ट्रिय औषत ४१.२२ प्रतिशत हो । तर मकवानपुर जिल्लाका पालिकाहरूको ३९.९५ प्रतिशत मात्र छ। हेटौँडा महानगरपालिकाका सम्बन्धमा भने दुबै निर्वाचनमा

1 https://kathmandupost.com/columns/2022/11/01/women-s-representation-at-the-local-level?fbclid=IwAR3pdbUqGEcPnU_sI7Dz-bItTYobWkpyz6ekTXtgFDnEkQMqUGJceJqWaYA

राष्ट्रिय औषतभन्दा सामन्य रूपले अगाडि छ । सन्तोषजनक छ।

तालिका ४ : पत्यक्ष निर्वाचित महिला र पुरुषको विवरण (मकवानपुर जिल्लाका पालिकाहरू)

| क्र.सं. | पालिकाको नाम | २०७४ | | | २०७९ | | |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | महिला प्रतिशत | पुरुष | महिला | महिला प्रतिशत |
| १ | हेटौँडा उपमहानगरपालिका | ५६ | ४१ | ४२.२७ | ५७ | ४० | ४१.२४ |
| २ | इन्द्रसरोवर गाउँपालिका | १६ | ११ | ४०.७४ | १६ | ११ | ४०.७४ |
| ३ | कैलाश गाउँपालिका | ३१ | २१ | ४०.३८ | ३२ | २० | ३८.४६ |
| ४ | थाहा नगरपालिका | ३८ | २४ | ३८.७१ | ३७ | २५ | ४०.३२ |
| ५ | बकैया गाउँपालिका | ३७ | २५ | ४०.३२ | ३६ | २६ | ४१.९४ |
| ६ | वाग्मती गाउँपालिका | २८ | १९ | ४०.४३ | २९ | १८ | ३८.३० |
| ७ | भीमफेदी गाउँपालिका | २६ | २१ | ४४.६८ | २९ | १८ | ३८.३० |
| ८ | मकवानपुरगढी गाउँपालिका | २४ | १८ | ४२.८६ | २५ | १७ | ४०.४८ |
| ९ | मनहरी गाउँपालिका | २८ | १९ | ४०.४३ | २८ | १९ | ४०.४३ |
| १० | राक्सिराङ गाउँपालिका | २८ | १९ | ४०.४३ | २८ | १९ | ४०.४३ |
| | जम्मा | २५६ | १७७ | ४०.८८ | २६० | १७३ | ३९.९५ |

स्रोत : निर्वाचन आयोगबाट प्राप्त विवरणका आधारमा विश्लेषण।

**निष्कर्ष र सुझाव**

स्थानीय तह जनताको सबभन्दा नजिकको सरकार हो । जन्मेदेखि मृत्युसम्मका हरेक कामकारवाही लगायतमा स्थानीय तहको सहयोग नागरिकलाई आवश्यक पर्दछ । तर, नागरिकका लागि दिनहुँ उठबस गर्ने स्थानीय तहलाई संविधानप्रदत्त राज्यशक्तिको अधिकार प्रयोग गर्न दिने वातावरण अहिलेसम्म बनेको छैन । संविधान जारीपश्चात् स्थानीयका सन्दर्भमा एउटा पक्ष भने राम्रो छ। त्यो हो नियमित रूपमा स्थानीय तहको आवधिक निर्वाचन । निर्वाचनले लोकतन्त्रलाई जराधारदेखि नै बलियो बनाउँछ । निर्वाचनमा जसले जिते पनि यसले संविधानको गतिशीलतालाई मलजल गर्छ । संविधान जारीपश्चात् दुईपटक आवधिक निर्वाचन सम्पन्न भयो । ०७४ र ०७९ मा सम्पन्न यी आवधिक निर्वाचनले स्थानीय तहको सुदृढीकरणलगायतमा सहयोग पुगेको छ । पैतिस हजारभन्दा बढी निर्वाचित जनप्रतिनिधिहरू स्थानीय तहमा आएका छन् । निर्वाचित जनप्रतिनिधिका कारण स्थानीय स्तरमा उभार सिर्जनाका अलवा सामाजिक आर्थिक क्षेत्रमा उल्लेखनीय प्रगाति भएको छ। साबिक एकात्मक व्यवस्थामा निर्वाचित जनप्रतिनिधि नहुँदा गाँउघरहरू सुनसान जस्तै थिए। सानोतिनो कामका लागि सदरमुकाम धाउनुपर्ने बाध्यता थियो । फेरि माओवादी द्वन्द्वलगायतका कारण गाँउघरको वातावरण त्रासमय थियो। अहिले मानिसहरू गाँउ फर्केका छन् । बसाइँसराइमा कमी आएको छ । सबभन्दा महत्वपूर्ण कुरा अहिले मुलुकमा शान्ति छाएको छ। मानिसहरूले गुनासो पोख्ने ठाँउ पाएका छन् । साबिकमा नागरिकका गुनासाका पोका फुकाउन केन्द्रमा धाउनुपर्ने बाध्यतासमेत थियो।

स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिमा ४१ प्रतिशत महिला छन् । समानुपातिक

सहभागितामूलक प्रतिनिधित्वको सवालमा यो युगान्तकारी परिवर्तन पनि हो । गाँउपालिकाको अध्यक्ष र उपाध्यक्ष र नगरपालिकाको मेयर र उपमेयरमध्ये एक जना महिला हुनुपर्ने कानुनी व्यवस्थाका कारण स्थानीय तहको निर्णायक पदमा पनि महिलाहरूको सशक्त उपस्थिति छ । तर, गठबन्धनलगायतको संस्कृतिका कारण पछिल्लो ०७९ को निर्वाचनमा निर्णायक पदमा महिलाको प्रतिनिधित्व घटेको छ । सभामुख र उपसभामुखमध्ये एक जना फरक लिङ्गको हुनुपर्ने जस्तै मेयर र उपमेयर र अध्यक्ष र उपाध्यक्ष पदमा पनि एक जना महिला हुनैपर्ने कानुनी व्यवस्था निर्माणमा लाग्न आवश्यक छ। यसै गरी राजनीतिक दलले उपाध्यक्ष र उपमेयर पदमा मात्र महिलाहरूलाई अगाडि सार्ने तर प्रमुख पद अध्यक्ष र मेयर पदमा खासै अवसर नदिने जुन प्रवृत्ति छ यसको अन्त्य जरुरी छ । महिलावर्गको शशक्तीकरण हुन सके मुलुकको शशक्तीकरणमा टेवा पुग्छ भन्ने हेक्का हुन पनि आवश्यक छ।

निर्वाचनका समयमा नागरिकहरू दलीय आधारमा विभाजित हुने तर सेवा लिँदा फरक दलबाट निर्वाचितले दलीय पूर्वाग्रह राख्ने अवस्थासमेत देखिएको छ । यसको निराकरणलगायतका लागि स्थानीय तहको निर्वाचन दलीय आधारमा भन्दा पनि निर्दलीय आधारमा हुने व्यवस्था निर्माणमा लाग्नसमेत त्यत्तिकै जरुरी छ। सिफारिसलगायतका नागरिकका धेरै कामहरू वडा तहबाट नै हुन्छ । वडालाई सबल बनाउनेलगायतका काममा पनि नेपाल सरकार तथा सरोकारवालाहरूको ध्यान जान आवश्यक छ।

### *सन्दर्भ सामाग्रीहरू*


नेपालको संविधान । कानुन किताब व्यवस्था समिति।

स्थानीय सरकार सच्चालन ऐन, २०७४ । कानुन किताब व्यवस्था समिति।

संविधानसभाका महिला सदस्यहरू, २०६८ । नेपालको संविधान निर्माणमा महिलाको योगदानसम्बन्धी अध्ययन, २०६८ , संविधान सभा सचिवालय, सिंहदरबार।

स्थानीय निकाय वित्तीय आयोगको प्रतिवेदन २०५७ । स्थानीय निकाय वित्तीय आयोग, सिंहदरबार काठमाडौँ।

स्थानीय तह निर्वाचन २०७४ र २०७९ का प्रकाशित र अप्रकाशित दस्ताबेजहरू, निर्वाचन आयोग।

https://kathmandupost.com/columns/2022/11/01/women-s-representation-at-the-local-level?fbclid=IwAR3pdbUqGEcPnU_sI7Dz-bItTYobWkpyz6ekTXtgFDnEkQMqUGJceJqWaYA


❒❒❒

# जनताको नजिकको सरकार एक विवेचना



-शिवराज चौलागाई

वि. सं. २०७२ सालमा जारी नेपालको संविधानले देशको शासकीय स्वरूप परिवर्तन गरी सङ्घीय ढाँचामा लग्यो । संविधानको कार्यान्वयनको प्रमुख अभिभारा स्वरूप वि. सं. २०७४ सालमा स्थानीय तह, प्रदेश र सङ्घीय तहको चरणबद्धरूपमा निर्वाचन सम्पन्न भयो । मुलुक तीन तहको सङ्घीयतामा गएपछि सङ्घ, प्रदेश र स्थानीय तह संविधानतः प्राप्त अधिकार बमोजिम आआफ्नो क्षेत्रमा क्रियाशील रहन पुगे ।

स्थानीय तह जनताको नजिकको सरकारको रूपमा अगाडि आयो । स्थानीय तह विगतभन्दा अधिकार, काम, कर्तव्य र साधनस्रोतका हिसाबले भिन्न र सम्पन्न रह्यो । हिजो दिएको अधिकारबाट चल्ने स्थानीय निकाय आज स्थानीय तह सरकारको रूपमा अगाडि आयो । स्थानीय तह आज हकले लिएको अधिकारको अभ्यास गर्दै अगाडि बढेको छ । संविधानले स्थानीय तहलाई स्रोत र अधिकार दुबै किटानी रूपमा प्रदान गऱ्यो । विकासको ढाँचा विगतको केन्द्रीकृत शासन प्रणाली अन्तर्गतको माथि तलको शैली (Top-Down Approach) बाट तलबाट माथि शैली (Bottom-Up Approach) मा पदार्पण भयो । यसबाट विगतको स्रोतको विभेदपूर्ण बाँडफाँड र अधिकार नछोड्ने कन्जुस युगको अन्त्य भयो । स्थानीय तहले रात दिन खट्दा पनि नसकिने गरी काम, कर्तव्य र जिम्मेवारी प्राप्त गरेको छ । यसबाट उम्कन सक्ने अवस्था छैन । पालिका नागरिकको घर, आँगन र सहज स्थल भएको छ । यो नागरिकको सबैभन्दा देखिने, बुझिने, छामिने र अनुभव गरिने सेवा केन्द्र हो । यसको मुख्य काम नागरिकको सेवा नै हो । पालिकाले सेवा प्रवाह गर्दा नागरिक पहिला (Citizen First) मान्यताबाट काम गर्नुपर्छ । यसका लागि निम्न पक्ष हरदम मनन गर्न जरुरी छ :

- सेवा प्रवाहको स्तरबाट नेतृत्वको गुण र दोष खुटिन्छ,
- Face of Leader Observed at Service Center Perspective,
- पर्याप्त, गुणस्तरीय, सुलभ, समय आबद्ध सेवा प्रवाहमा कटिबद्ध,
- Services Delivery as a Sole Indicator of Public Happiness,
- स्वास्थ्य, शिक्षा लक्षित कार्यक्रम, प्राविधिक सेवा e-Service मा लाने आदि ।

स्थानीय तहले विकास निर्माण र सेवा प्रवाहको काम सुरु गरेसँगै जनअपेक्षाको नदी बग्न थालेको छ । यो स्वाभाविक पनि छ । मूलतः यो दुई कारणले आएको हुनसक्छ । एउटा कारण

परिवर्तनका लागि भएका आन्दोलनका क्रममा दल र नेताहरूले जनताको अपेक्षा बढाइदिए । अर्को कारण साँच्चै जनताहरू अभाव र खाँचोका बिच पिल्सिएका छन् र छिटो छिटो प्रशस्त विकास निर्माण र सेवाको अनुभूति गर्न  चाहन्छन् । जे भए पनि जनताको अपार आकाङ्क्षालाई विकास निर्माण र सेवाप्रवाहको सन्दर्भमा सकारात्मक दबाब र उत्प्रेरणाको रूपमा पालिकाले ग्रहण गर्नुपर्दछ । हालसम्मको समष्टिगत अवस्था हेर्दा अपेक्षा धेरै - उपलब्धि कमको अवस्था छ । जनताहरू छिटो देऊ, पर्याप्त देऊ भन्छन् । पालिकासँग Resources Limit छन् । साँच्चै भन्ने हो भने कतिपय सन्दर्भमा अझै पनि पालिकाहरूको Authority पनि सीमित छ । तथापि जति छ त्यसमा स्वायत्त छ । आफ्नो Territorial Domain र प्राप्त स्रोतको अधिनस्थ रही पालिका विकास निर्माण र सेवा प्रवाहको कार्यक्षेत्रमा स्वयात्त छ । पालिकाले म सक्दिनँ भन्न सक्ने अवस्था छैन ।

स्थानीय तहका पालिकाहरूको कार्य सामर्थ्य भनेको उपलब्ध साधन, स्रोत र प्रतिबद्धता नै हो । यसमा साधन स्रोतको आँकलन र स्वीकृति पालिका सभाले गर्दछ । सभाद्वारा स्वीकृत कार्यक्रमलाई कार्यान्वयनमा लैजान कर्मचारीतन्त्र खटिनुपर्ने हुन्छ । सभालाई नीतिगत मार्गदर्शन गर्ने र त्यसको परिपालना गर्ने प्रतिबद्धता पालिका नेतृत्वमा हुनुपर्दछ । पालिका नेतृत्वले आफू निर्वाचित हुन प्रस्तुत गरेको चुनावी घोषणापत्रलाई बढी भन्दा बढी राजनैतिक पक्षपोषणबाट जनतासमक्ष गरिएका प्रतिबद्धता पूरा गर्ने मार्गचित्रका रूपमा लिनुपर्दछ । पालिकाहरूको सङ्गठन संरचना र कार्य जिम्मेवारीलाई विश्लेषण गर्दा निर्वाचित नेतृत्व र कर्मचारीतन्त्र सधैं सबैतिर एउटै बल र भावका साथ हिँडेको भेटिन्न । राजनैतिक नेतृत्व र कर्मचारीबिच विशिष्ट तालमेल (Harmonization) हुन जरुरी छ । यसका लागि निर्वाचित नेतृत्व नीति तर्जुमा र मार्गदर्शनमा लाग्नुपर्दछ भने समग्र कर्मचारीतन्त्र नीति / कार्यक्रम कार्यान्वयनमा खटिनुपर्दछ । यसमा कर्मचारीहरूले मूलतः बुझ्नु पर्ने कुरा के छ भने पालिकाको नीति कार्यक्रमको सफल कार्यान्वयनमा नै कर्मचारीहरूको अस्तित्व जोडिएको हुन्छ । कर्मचारीहरूले समन्वय र पारदर्शिताका साथ काम गर्नुपर्ने हुन्छ । पालिकाको सन्दर्भमा राजनीतिज्ञ र कर्मचारीको भूमिकालाई हेर्दा Politics-Administration dichotomy सन्दर्भ समेत उल्लेख गर्नु सामयिक हुने देखिन्छ । समग्रमा हेर्नुपर्दा प्रशासन पनि राजनीतिको आधार (Base of Politics) हो किनकि राजनीतिको सफलता र असफलता पनि केही हदसम्म प्रशासनतन्त्रको कार्यसम्पादन शैली, चिन्तन र व्यवहारमा भर परेको देखिन्छ । पालिकाका लागि कर्मचारीतन्त्र पालिका चलाउने, आफ्नो सेवाको निरन्तर प्रवाह गर्ने बन्दोबस्ती हो । यो समयक्रममा Specialize हुनुपर्दछ, नवप्रवर्तक हुनुपर्दछ र प्रतिस्पर्धी हुनुपर्दछ अनि मात्र यो सबैको प्रशासन (Public Admin) हुन जान्छ । पालिकाकै सन्दर्भमा राजनीतिज्ञ र कर्मचारीबिच कार्यशैली, अधिकारको सीमा र अन्तरवैयक्तिक सम्बन्धलाई लिएर एकहदसम्म अहिले पनि द्वन्द्व जीवितै छ । यो द्वन्द्वको उपचार भनेको कर्मचारी र राजनीतिज्ञ आआफ्नो सीमा र मर्यादामा बस्ने हो ।

पालिकाहरूको विकास निर्माण र सेवा प्रवाहको ढाँचालाई हेर्दा वार्षिक कार्यक्रम, नीति कार्यान्वयनको Framework को रूपमा आएको देखिन्छ भने कार्यपालिकाले त्यसको कार्यान्वयनमा

प्रमुख दायित्व वहन गरेको हुन्छ । कार्यान्वयनबाट देखिने गरी नतिजा ल्याउनु अनिवार्य पक्ष हो । वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा कुन शैलीमा जाने भन्ने सबैलाई मिल्ने मार्गचित्र छैन । तथापि नेतृत्व तथा कर्मचारीमा Action Orientation अत्यन्त जरुरी छ । विकास निर्माण वा सेवा प्रवाह Touch to move approach बाट अगाडि बढाउनुपर्ने अवस्था छ । यसका लागि नतिजा पहिलो प्राथमिकता, Immediate action on task र Professionally काम गर्ने जमर्को अपरिहार्य छ । साथै पालिकास्तरमै Team Spirit, Coordination - Collaboration हुनुपर्दछ । नेतृत्व र कर्मचारीबिच प्रशस्त संवाद, समन्वय र उत्प्रेरणाको प्रवाह हुन जरुरी छ । यस्तो अवस्थाको आयामहरू Leadership-Employee, Employee-Employee, Leadership-Leadership, Employee-Citizen आदि हुन सक्दछन् । कार्यपद्धतिको मार्गचित्र तथा औजारको रूपमा स्थानीय सरकार सञ्चालन ऐन, अन्य सम्बद्ध सङ्घीय/प्रदेश ऐन नियमहरू, पालिकाका आर्थिक ऐन नियमहरू, नगर सभाद्वारा स्वीकृत वार्षिक कार्यक्रम, कार्यपालिकाका निर्णयहरू, पालिका प्रमुखका निर्देशनहरूलाई ग्रहण गर्नुपर्दछ । यसको पृष्ठभूमिमा सेवाप्रवाह गर्दा गर्न मिल्नेलाई तुरुन्त गर्ने, नमिल्नेलाई नगर्ने र व्यावहारिक पक्षको हकमा विधिसम्मत गाँठो फुकाउने प्रयास गर्ने शैलीबाट अगाडि बढ्न सकिन्छ ।

पालिकाको प्रशासकीय प्रमुखको रूपमा काम गर्ने प्रमुख प्रशासकीय अधिकृतले कार्य थालनी गर्दा Briefing लिने, Pipeline का काम अगाडि बढाउने र थप/नयाँ कामको प्राथमिकता निर्धारण गरी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा केन्द्रित हुनुपर्दछ । प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कर्मचारीतन्त्र परिचालन गर्दा Reward & Punishment लाई ध्यान दिनुपर्ने हुन्छ । यसका लागि सर्वप्रथम Performer र Non–performer लाई छुट्ट्याउनुपर्दछ । यी दुवैलाई एउटै basket मा हाल्न सकिन्न । Performer निराश हुने र Non–performer हावी हुने अवस्था आउन दिनुहुँदैन । प्रमुख प्रशासकीय अधिकृत सहयोगको प्रतिबद्धता सहित पालिका प्रमुख र वडाको नेतृत्वप्रति उत्तरदायि हुनुपर्दछ । उसले Leadership लाई सहयोग गर्ने र मान्य तथा कानुनसम्मत निर्देशनको परिपालना गर्नुपर्दछ । यसबाहेक अन्य नमिलेका कामकार्वाही गर्न बाध्य नहुने रणनीति अवलम्बन गर्नुपर्दछ । प्रमुख प्रशासकीय अधिकृतको भूमिकाअन्तर्गत कानुनले दिएको काम, कर्तव्य र अधिकारमा सक्रिय हुने, अनुभव र ज्ञानको सदुपयोग गर्ने र पालिकाको पर्यावरणीय तत्त्वहरू (Municipal Ecological Factors) पहिचान गरी सन्तुलन र समन्वयपूर्ण व्यवहार गर्नुपर्दछ । यसअन्तर्गत नगरपालिकाका कर्मचारीहरू, पालिकास्तरका राजनीतिक दलहरू, पालिकास्तरका कर्मचारी सम्बद्ध सङ्घसङ्गठन, अन्तरनिकाय समन्वय गर्नुपर्ने सरकारी अड्डाहरू र नागरिकका परस्पर सरोकार र चासोहरूलाई ध्यान दिनुपर्ने हुन्छ । प्रमुख प्रशासकीय अधिकृतले ध्यान दिनुपर्ने विषयहरू मध्ये के छ भने जिम्मेवारीभन्दा माथि जान नखोज्ने, यसो गर्दा राजनीति गर्ने भइन्छ । जिम्मेवारीभन्दा तल जान नखोज्ने, यसो गर्दा Non–Performer भइन्छ र नतिजा खस्कने हुन्छ । त्यसैले आफ्नो हैसियत र भूमिकामा बस्ने र पालिकाको Governance राम्रो बनाउने । आफ्नो भूमिकामा कतैबाट हस्तक्षेप हुन नदिने गरी व्यावसायिक रूपले प्रस्तुत हुनुपर्दछ ।

स्थानीय तह सरकारहरू सधैँ शासकीय निगरानीमा रहेको अवस्था छ । साथै नागरिकहरूले पनि धेरै आलोचना र थोरै प्रसंशा गरेको अवस्था छ । पालिका सञ्चालनको ५ वर्षभन्दा बढीको अवधि व्यतित भएकोले मूल्याङ्कन हुन थालेको छ । पालिकाहरूको कार्य सम्पादनमा नियामक निकायको नजर निरन्तर छ । यसअघि नै पालिकाहरूलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट समेत बृहत् निर्देशन प्राप्त भएको छ । समयक्रममा सम्बद्ध निकायहरूबाट समेत पालिका उपर सुपरिवेक्षकीय गतिविधिहरू भइरहेको छन् । सार्वजनिक Media Comment / Exposure हेर्दा सवै पूर्वाग्रही भन्न सकिने अवस्था छैन । पालिकाले सदैव नियतवश नराम्रो काम नगरौँ भन्ने भावनाले अगाडि बढ्नुपर्दछ ।

कानुन तर्जुमा र परिपालनाको सन्दर्भमा पालिका प्रमुखलाई कानुन प्रमाणीकरण गर्ने अधिकार (सङ्घ/प्रदेशको हकमा राष्ट्र प्रमुख/प्रदेश प्रमुख सरह अधिकार) दिएको छ । नगर सभाले कानुन निर्माण गर्ने, कार्यपालिकाले कार्यविधि / निर्देशिका बनाउने र नगर प्रमुखले कानुनको प्रमाणीकरण गर्ने अत्यन्त महत्त्वपूर्ण अधिकार संविधान र कानुनले नै प्रदान गरेको छ । यसर्थ पालिकाहरूमा कानुनको परिपालनाको विकल्प छैन । पालिका प्रमुख कानुनको पालक र संरक्षक हो भन्ने बिर्सनु हुँदैन र कानुनको निःसर्त पालनाबाट मात्र Municipal Governance मजबुत भएर जान्छ भन्ने मान्यतालाई हामी सबैले अनुसरण गर्नुपर्दछ ।

अन्तमा भन्नु पर्दा, पालिकाको विकासलाई सर्वसम्मतिले अगाडि बढाउनको लागि विकासमा एकता हुनुपर्दछ । जनताको पनि जोडदार अपेक्षा यहि देखिन्छ । अहिले विकास जनताको अधिकारको रूपमा स्थापित हुँदै गएको छ र यसमा कसैले अर्घेल्याई गर्न पाइन्न । राजनीतिक दाउपेचबाट विकास प्रभावित हुनुहुन्न । यसका लागि पालिका प्रमुख एवं वडा नेतृत्वले सहिष्णुतापूर्ण व्यवहार गरी सबै विचार, भावना र आस्थालाई सम्मानजनक ठाउँ दिई सहिष्णु तवरबाट पालिका अगाडि बढाउनु पर्दछ ।

❏❏❏

# हेटौँडा : नगर पञ्चायतदेखि उपमहानगरपालिकासम्म



-जगन्नाथ सापकोटा

हेटौँडा उपमहानगरपालिका साबिक नगर पञ्चायत (वि. सं. २०२६) देखि नगरपालिका हुँदै उपमहानगरपालिकासम्म आइपुग्दा विभिन्न कालखण्डको नेतृत्व गर्नुहुने जनप्रतिनिधि एवम् अन्य व्यक्तिहरूको विवरण साथै ऐतिहासिक निर्णयहरू सम्बन्धी तथ्य सङ्कलन गरी निम्नानुसार प्रस्तुत गरिएको छ :

**वि. सं. २०२६ सालमा सम्पन्न नगर पञ्चायतको निर्वाचनबाट निर्वाचित प्रतिनिधिहरूको विवरण :**

नगर पञ्चायतको पहिलो बैठक वि. सं. २०२६ साल फाल्गुन १ गते :

१. श्री वासुदेव रिजाल - प्रधानपञ्च
२. श्री पुष्पहरि जोशी - उपप्रधानपञ्च
३. श्री नीरशङ्कर श्रेष्ठ - सदस्य
४. श्री ओमनाथ पराजुली - सदस्य
५. श्री कृष्णप्रसाद न्यौपाने - सदस्य
६. श्री रामबहादुर खड्का - सदस्य
७. श्री हेमबहादुर कटुवाल - सदस्य
८. श्री मे. भक्तबहादुर गुरूङ - सदस्य
९. श्री चेतनाथ ढकाल - सदस्य
१०. श्री गोपीकृष्ण गोर्खाली - सदस्य
११. श्री गोपाल शर्मा - सदस्य

**वि. सं २०२६ साल फाल्गुन ८ गतेका दिन बसेको नगर पञ्चायतको बैठकमा गोला प्रथाद्वारा कायम भएको प्रतिनिधिहरूको पदावधि :**

| | | | |
|---|---|---|---|
| १. श्री वासुदेव रिजाल | प्रधानपञ्च | ४ न. वडा, | पदावधि ४ वर्ष |
| २. श्री पुष्पहरि जोशी | उपप्रधानपञ्च | ३ न. वडा, | पदावधि २ वर्ष |
| ३. श्री नीरशङ्कर श्रेष्ठ | सदस्य १ | न.वडा, | पदावधि ६ वर्ष |
| ४. श्री ओमनाथ पराजुली | सदस्य | २ न. वडा, | पदावधि ६ वर्ष |
| ५. श्री कृष्णप्रसाद न्यौपाने | सदस्य | ५ न. वडा, | पदावधि ४ वर्ष |
| ६. श्री रामबहादुर खड्का | सदस्य | ६ न. वडा, | पदावधि २ वर्ष |
| ७. श्री हेमबहादुर कटुवाल | सदस्य | ७ न. वडा, | पदावधि ४ वर्ष |
| ८. श्री मे. भक्तबहादुर गुरूङ | सदस्य | ८ न. वडा, | पदावधि ६ वर्ष |
| ९. श्री चेतनाथ ढकाल | सदस्य | ९ न. वडा, | पदावधि ६ वर्ष |
| १०. श्री गोपीकृष्ण गोर्खाली | सदस्य | १० न. वडा, | पदावधि २ वर्ष |
| ११. श्री गोपाल शर्मा | सदस्य | ११ न. वडा, | पदावधि ४ वर्ष |

वि. सं. २०२८ साल मार्ग २६ गतेका दिन नगर पञ्चायतका उपप्रधानपञ्च श्री ओमनाथ पराजुलीज्यूको अध्यक्षतामा बसेको हे.न.प. को बैठकबाट नगर पञ्चायतका प्रधानपञ्च वासुदेव रिजालप्रति अविश्वासको प्रस्ताव पारित गरी उपप्रधानपञ्च ओमनाथ पराजुलीलाई कार्यवाहक प्रधानपञ्चको जिम्मेवारी दिने गरी कायम भएको नगर पञ्चायतको नयाँ नेतृत्व :

१. श्री ओमनाथ पराजुली - कार्यवाहक प्रधानपञ्च
२. श्री नीरशङ्कर श्रेष्ठ - सदस्य
३. श्री ओमनाथ पराजुली - सदस्य
४. श्री कृष्णप्रसाद न्यौपाने - सदस्य
५. श्री रामबहादुर खड्का - सदस्य
६. श्री हेमबहादुर कटुवाल - सदस्य
७. श्री मे. भक्तबहादुर गुरूङ - सदस्य
८. श्री चेतनाथ ढकाल - सदस्य
९. श्री गोपीकृष्ण गोर्खाली - सदस्य
१०. श्री गोपाल शर्मा - सदस्य

वि. सं २०२९ साल मार्ग ४ गतेको नगरपञ्चायतका पदाधिकारीहरूबिच छलफल एवं मत विभाजनपश्चात् अर्को व्यवस्था नभएसम्मका लागि देहायबमोजिम नगरपञ्चायतका पदाधिकारी कायम गरियो :

१. प्रधानपञ्च श्री ओमनाथ पराजुली
२. उपप्रधानपञ्च श्री रामबहादुर खड्का
३. सदस्य श्री नीरशङ्कर श्रेष्ठ
४. सदस्य श्री गोपालदास श्रेष्ठ
५. सदस्य श्री मोहन वज्राचार्य
६. सदस्य श्री कृष्णप्रसाद न्यौपाने
७. सदस्य श्री अरुणकुमार गौतम
८. सदस्य श्री मे. भक्तबहादुर गुरूङ
९. सदस्य श्री चेतनाथ ढकाल
१०. सदस्य श्री रामबहादुर श्रेष्ठ
११. सदस्य श्री माधवप्रसाद सुवेदी

**दोस्रो कार्यकाल प्रारम्भ : वि. सं. २०२९ साल**

१. प्रधानपञ्च श्री ओमनाथ पराजुली
२. उपप्रधानपञ्च श्री रामबहादुर खड्का
३. सदस्य श्री नीरशङ्कर श्रेष्ठ
४. सदस्य श्री गोपालदास श्रेष्ठ
५. सदस्य श्री मोहन वज्राचार्य
६. सदस्य श्री कृष्णप्रसाद न्यौपाने
७. सदस्य श्री हेमबहादुर कटुवाल
८. सदस्य श्री मे. भक्तबहादुर गुरूङ
९. सदस्य श्री चेतनाथ ढकाल
१०. सदस्य रामबहादुर श्रेष्ठ
११. सदस्य माधवप्रसाद सुवेदी

**वि. सं. २०३१/९/८ गतेका दिन पुनर्गठित नगर पञ्चायत र नगर पञ्चायतका सदस्यहरू :**

१. कार्यवाहक प्रधानपञ्च- श्री रामबहादुर खड्का
२. सदस्य - श्री गोपालबहादुर श्रेष्ठ
३. सदस्य - श्री रामजीप्रसाद बास्कोटा
४. सदस्य श्री कृष्णप्रसाद न्यौपाने
५. सदस्य- श्री अरुणकुमार गौतम
६. सदस्य - श्री रामबहादुर श्रेष्ठ
७. सदस्य - श्री माधवप्रसाद सुवेदी

**मनोनित सदस्यहरू :**

१. कर्णेल श्री छत्रबहादुर थापा
२. श्री प्राणहरि मूल (प.वि.अ)
३. श्री जगन्नाथ लामिछाने

**वि. सं २०३५ साल फाल्गुण ११ गते सम्पन्न निर्वाचनमा निर्वाचित नगरपञ्चायतका पदाधिकारी एवं पञ्चायतसभा सदस्यहरू :**

| | | |
|---|---|---|
| १. | श्री नीरशङ्कर श्रेष्ठ | प्रधानपञ्च |
| २. | श्री ओमनाथ पराजुली | उपप्रधानपञ्च |
| ३. | श्री मोहनबहादुर सिहं | सदस्य |
| ४. | श्रीमती ओमुटेम्पा लामा | सदस्य |
| ५. | श्री अकबरबहादुर सिंह | सदस्य |
| ६. | श्री मङ्गलनारायण मानन्धर | सदस्य |
| ७. | श्री नरहरि गौतम | सदस्य |
| ८. | श्री गोविन्दप्रसाद खतिवडा | सदस्य |
| ९. | श्री रामकृष्ण अर्याल | सदस्य |
| १०. | श्री प्रेमलाल श्रेष्ठ | सदस्य |
| ११. | श्री माधवप्रसाद सुवेदी | सदस्य |

**वडा नं. १**

१. न.स.स श्री सूर्यदेव मानन्धर
२. न.स.स श्री रामप्रसाद थापा
३. न.स.स श्री गोपालबहादुर बल
४. न.स.स श्री भीमप्रसाद देवकोटा

**वडा नं. २**

५. न.स.स श्री रामप्रसाद दाहाल
६. न.स.स श्री लेखनाथ प्याकुरेल
७. न.स.स श्री रामहरि ढकाल
८. न.स.स श्री सानेलाल श्रेष्ठ

**वडा नं. ३**

९. न.स.स श्री हिरालाल श्रेष्ठ
१०. न.स.स श्री जङ्गबहादुर कर्माचार्य
११. न.स.स श्री बुद्धिलालराजथला
१२. न.स.स श्री ईश्वरचन्द्र अग्रवाल

**वडा नं. ४**

१३. न.स.स श्री द्वारसिंह देउला
१४. न.स.स श्री चेतनाथ ढकाल
१५. न.स.स श्री रामजीप्रसाद बास्कोटा
१६. न.स.स श्री टेकनारायण कडेल

**वडा नं. ५**

१७. न.स.स श्री हरिप्रसाद न्यौपाने
१८. न.स.स श्री हरिकाशी राई
१९. न.स.स श्री शम्भु पुरी

**वडा नं. ६**

२०. न.स.स श्री रामबहादुर खडका
२१. न.स.स श्री वासुदेव श्रेष्ठ
२२. न.स.स श्री तिलकप्रसाद दुलाल
२३. न.स.स श्री बद्रीबहादुर राई

**वडा नं. ७**

२४. न.स.स श्री सन्तबहादुर महत
२५. न.स.स श्री तेजबहादुर चौलागाईं
२६. न.स.स श्री मानबहादुर कार्की
२७. न.स.स श्री कोटाबहादुर थापा

**वडा नं. ८**

२८. न.स.स श्री चिरिभाइ नेपाली
२९. न.स.स श्री हस्तबहादुर थिङ
३०. न.स.स श्री बाबुराम ढुङ्गाना
३१. न.स.स श्रीमती गङ्गामाया भोम्जन

**वडा नं. ९**

३२. न.स.स श्री सीताराम मिश्र
३३. न.स.स श्री शम्भुप्रसाद भट्टराई
३४. न.स.स श्री केदारकृष्ण बाबु श्रेष्ठ
३५. न.स.स श्री गोपालप्रसाद सुवेदी

**वडा नं. १०**

३६. न.स.स श्री द्वारिकाबहादुर जोशी
३७. न.स.स श्री सिद्धिलाल श्रेष्ठ
३८. न.स.स श्री भीमबहादुर कुँवर

**वडा नं. ११**

३९. न.स.स श्री गोपीनाथ उप्रेती
४०. न.स.स श्री काशीनाथ बजागाई
४१. न.स.स श्री शिवराम बर्तौला
४२. न.स.स श्री केदारनाथ बर्तौला

**वि. सं. २०३९ साल जेष्ठ महिनममा सम्पन्न नगर पञ्चायतमा निर्वाचितबाट निर्वाचित वडा अध्यक्षहरू तथा नगर पञ्चायत सदस्यहरू :**

| | | |
|---|---|---|
| १. | प्रधानपञ्च | श्री नीरशङ्कर श्रेष्ठ |
| २. | उपप्रधानपञ्च | श्री तिलकप्रसाद दुलाल |
| ३. | सदस्य | श्री फणीन्द्रप्रसाद ढुङ्गेल |
| ४. | सदस्य | श्री रामचन्द्र ढकाल |
| ५. | सदस्य | श्री विष्णुप्रसाद अर्याल |
| ६. | सदस्य | श्री चन्द्रकुमार लामा |
| ७. | सदस्य | श्री माधवप्रसाद पराजुली |
| ८. | सदस्य | श्री भरत सापकोटा |
| ९. | सदस्य | श्री अर्जुनबहादुर बोगटी |
| १०. | सदस्य | श्री भीमप्रसाद पौडेल |
| ११. | सदस्य | श्री गोपालप्रसाद सुवेदी |
| १२. | सदस्य | श्री अशोक श्रेष्ठ |
| १३. | सदस्य | श्री काशीनाथ बजगाई |

**पञ्चायतका वर्गीय सङ्गठनबाट प्रतिनिधित्व भएका सदस्यहरू :**

| | | | |
|---|---|---|---|
| १. | सदस्य | श्री रमेश श्रेष्ठ | सभापति ने.यू.स |
| २. | सदस्य | श्री लेखनाथ प्याकुरेल | सभापति भू.पू.सै.सं. |
| ३. | सदस्य | विमला मास्के | सभापति म.सं. |
| ४. | सदस्य | श्री खेमकुमार श्रेष्ठ | सभापति या.म.सं. |
| ५. | सदस्य | श्री आनन्दलाल श्रेष्ठ | सभापति प्रौढ सङ्गठन |
| ६. | सदस्य | श्री न्हुच्छेबहादुर मानन्धर | सभापति ने.कि.सं |
| ७. | सदस्य | श्री तारकबहादुर बस्नेत | सभापति औ.म.सं. |

**नगरपञ्चायत सभा सदस्यहरू :**

**वडा नं. १**

१. न.स.स. श्री गोपालबहादुर लामा

२. न.स.स. श्री सान्ता लामा

३. न.स.स. श्री फामीसिंह मुक्तान

४. न.स.स. श्री भीमप्रसाद देवकोटा

**वडा नं. २**

५. न.स.स. श्री नारायणलाल श्रेष्ठ

६. न.स.स. श्री तीर्थप्रसाद रिजाल

७. न.स.स. श्री मनकाजी थापा

८. न.स.स. श्री हरिप्रसाद सुवेदी

**वडा नं. ३**

९. न.स.स. श्री रामप्रसाद दहाल

१०. न.स.स. श्री मधुप्रसाद सुवेदी

११. न.स.स. श्री मदनलाल मानन्धर

**वडा नं. ४**

१२. न.स.स. श्री सोमराज उप्रेती

१३. न.स.स. श्री वीरबहादुर लामा

१४. न.स.स. श्री दुखमाया लामा

१५. न.स.स. श्री हर्षसुन्दर शाक्य

**वडा नं. ५**

१६. न.स.स. श्री रामहरि अर्याल

१७. न.स.स. श्री चन्द्रबहादुर बस्नेत

१८. न.स.स. श्री काशीराम राई

१९. न.स.स. श्री बलराम ठकुरी

**वडा नं. ६**

२०. न.स.स. श्री हरिशरण पुडासैनी

२१. न.स.स. श्री नैनकुमारी न्यौपाने

२२. न.स.स. श्री रामजी राई

२३. न.स.स. श्री रामकुमार श्रेष्ठ

**वडा नं. ७**

२४. न.स.स. श्री तेजबहादुर लामिछाने

२५. न.स.स. श्री ज्ञानबहादुर लामा

२६. न.स.स. श्री धर्मध्वज गौतम

२७. न.स.स. श्री शिवप्रसाद दहाल

**वडा नं. ८**

२८. न.स.स. श्री हस्तबहादुर थिङ

२९. न.स.स. श्री रामबावु फुयाल

३०. न.स.स. श्री रामबावु श्रेष्ठ

३१. न.स.स. श्री हरिचन्द्र खड्का

**वडा नं. ९**

३२. न.स.स. श्री गोविन्दप्रसाद आचार्य

३३. न.स.स. श्री लक्ष्मणप्रसाद भण्डारी

३४. न.स.स. श्री इन्द्रनाय न्यौपाने

३५. न.स.स. श्री मिरादेवी गुरुङ

**वडा नं. १०**

३६. न.स.स. श्री इन्द्रबहादुर दोङ

३७. न.स.स. श्री वासुदेव श्रेष्ठ

३८. न.स.स. श्री सिद्धिलाल श्रेष्ठ

३९. न.स.स. श्री कन्याकुमारी सारु मगर

**वडा नं. ११**

४०. न.स.स. श्री पद्मराज कप्रौला

४१. न.स.स. श्री हरिबहादुर विश्वकर्मा

४२. न.स.स. श्री डम्वरबहादुर बिडारी

४३. न.स.स. श्री होमबहादुर क्षेत्री

**वि. सं २०४४ सालमा सम्पन्न निर्वाचनबाट निर्वाचित नगरपञ्चायतका पदाधिकारीहरू :**

१. प्रधानपञ्च श्री अशोककुमार बानियाँ

२. उपप्रधानपञ्च श्री शम्भुप्रसाद भट्टराई

३. सदस्य श्री सुरेश लामा

४. सदस्य श्री श्रीकृष्णप्रसाद पराजुली

५. सदस्य श्री प्रकाशबहादुर सिंह

६. सदस्य श्री पुष्पलाल श्रेष्ठ

७. सदस्य श्री हरिबहादुर महत

८. सदस्य श्री भरत सापकोटा

९. सदस्य श्री कोषबहादुर थापा

१०. सदस्य श्री भीमप्रसाद पौडेल

११. सदस्य श्री हरिप्रसाद पौडेल

१२. सदस्य श्री कृष्णप्रसाद अधिकारी

१३. सदस्य श्री माधवप्रसाद सुवेदी

१४. सदस्य श्री रमेशकुमार श्रेष्ठ

१५. पदेन सदस्य श्रीमती विमला मास्के

१६. पदेन सदस्य श्री अरुणकुमार गौतम

१७. पदेन सदस्य श्री काजीमान राई

१८. पदेन सदस्य श्री केशवराजथला

१९. पदेन सदस्य श्री नवराज अर्याल

२०. न.स.स. श्री भीमप्रसाद देवकोटा

२१. न.स.स. श्री बलराम लामा

२२. न.स.स. श्री कमलादेवीराजथला

२३. न.स.स. श्री शान्ता लामा

२४. न.स.स. श्री दिनेश खरेल

२५. न.स.स. श्री विष्णुप्रसाद ढकाल

२६. न.स.स. श्री बच्चुराम थापा

२७. न.स.स. श्री हरिवंश बर्तौला

२८. न.स.स. श्री मदनलाल मानन्धर

२९. न.स.स. श्री ईश्वरचन्द्र अग्रवाल

३०. न.स.स. श्री नरेन्द्र श्रेष्ठ

३१. न.स.स. श्री अमृतलालराजथला

३२. न.स.स. श्री गोविन्दप्रसाद अधिकारी

३३. न.स.स. श्री वीरबहादुर लामा
३४. न.स.स. श्री रामबहादुर श्रेष्ठ
३५. न.स.स. श्री हरिप्रसाद सुवेदी
३६. न.स.स. श्री पवित्रा महत
३७. न.स.स. श्री रणबहादुर ढकाल
३८. न.स.स. श्री अजेय सुमार्गी
३९. न.स.स. श्री अर्जुनप्रसाद ढुङ्गेल
४०. न.स.स. श्री तारादेवी खतीवडा
४१. न.स.स. श्री हरिप्रसाद सिम्खडा
४२. न.स.स. श्री शम्भुप्रसाद सिग्देल
४३. न.स.स. श्री हरिप्रसाद अधिकारी
४४. न.स.स. श्री धननाथ अधिकारी
४५. न.स.स. श्री सुवर्णलाल श्रेष्ठ
४६. न.स.स. श्री सिद्धिलाल श्रेष्ठ
४७. न.स.स. श्री धनसुन्दर डङ्गोल
४८. न.स.स. श्री अशोक श्रेष्ठ
४९. न.स.स. श्री प्रल्हाद श्रेष्ठ
५०. न.स.स. श्री रामबहादुर प्रजा
५१. न.स.स. श्री तुलसीप्रसाद कँडेल
५२. न.स.स. श्री डम्बरबहादुर बिडारी
५३. न.स.स. श्री प्रेमबहादुर बलामी
५४. न.स.स. श्री रामजी राई
५५. न.स.स. श्रीकुमार मणि दहाल
५६. न.स.स. श्री मीनाकुमारी थापा
५७. न.स.स. श्री रामशरण आचार्य
५८. न.स.स. श्री कुलप्रसाद त्रिपाठी
५९. न.स.स. श्री वीरबहादुर घलान
६०. न.स.स. श्री गोविन्दप्रसाद खतिवडा
६१. न.स.स. श्रीराजु पाण्डे
६२. न.स.स. श्री रामभक्त क्षेत्री
६३. न.स.स. श्री तारादेवी थोकर

वि. सं २०४६ सालको जनआन्दोलनपश्चात् पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको आगमनपश्चात् स्थानीय निकायको निर्वाचन सम्पन्न नभएसम्मका लागि ऐनमा भएको व्यवस्थाबमोजिम देहाय बमोजिमको क्षेत्रबाट उपस्थिति रहने गरी नगरपालिका सञ्चालनका लागि अन्तरिम समिति गठन गरी कार्य सञ्चालन गरिएको ः

| | | |
|---|---|---|
| १. | कार्यकारी सचिव | अध्यक्ष |
| २. | जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत | सदस्य |
| ३. | जिल्ला विकास समिति योजना तथा प्रशासकीय अधिकृत | सदस्य |
| ४. | आन्तरिकराजश्व कार्यालय कर अधिकृत | सदस्य |
| ५. | जिल्ला खानेपानी कार्यालय इन्जिनियर | सदस्य |
| ६. | जिल्ला शिक्षा अधिकारी | सदस्य |
| ७. | आवास तथा सहरी विकास शाखाका इन्जिनियर | सदस्य |

वि. सं २०४७ साल भाद्र ३ गते नगरपालिका सञ्चालन समितिको बैठक र परिवर्तित राजनीतिक स्वरूपको सन्धर्भसँग जोडिएर विभिन्न पार्टी एवं अन्य क्षेत्रका आमन्त्रित र सहभागी प्रतिनिधिहरूको छलफल कार्यक्रममा सहभागीहरू ः

| | | | |
|---|---|---|---|
| १. | कार्यकारिणी सचिव हे.न.पा | श्री भूपनाथ शर्मा | अध्यक्ष |
| २. | प्रशासकीय अधिकृत जि.प्र.का. | श्री खेचरप्रसाद खनाल | सदस्य |
| ३. | योजना तथा प्रशासकीय अ.जि.वि.स | श्री चन्द्रकुमार अधिकारी | सदस्य |
| ४. | कर अधिकृत कर कार्यालय | श्री बुद्धिराम घिताल | सदस्य |
| ५. | इन्जिनियर जिल्ला खा.पा.शाखा | श्री दिनेश मानन्धर | सदस्य |
| ६. | जि.शि.नि | श्री चोलेन्द्र पण्डित | सदस्य |
| ७. | नि. इन्जिनियर आ. तथा सहरी वि.शाखा | श्री वेदप्रसाद गौतम | सदस्य |

**आमन्त्रित**

| | | |
|---|---|---|
| १. | श्री डोरमणि पौडेल | ने.क.पा.मा.ले |
| २. | श्री रामचन्द्र ढकाल | ने.क.पा.मा.ले |
| ३. | श्री आमोद श्रेष्ठ | नेपाल वि. प्राधिकरण |
| ४. | श्री गोपाल शर्मा बिडारी | ने.क.पार्टी |
| ५. | श्री अशोक शाक्य | ने.का. पार्टी |
| ६. | श्री गौरीशङ्करप्रसाद सिंह | सडक विभाग |
| ७. | श्री हरिबहादुर महत | ने.क.पा |
| ८. | श्री रामप्रसाद दाहाल | ने.का. पार्टी |
| ९. | श्री माइकल रामचन्द्र अर्याल | ने.का. पार्टी |
| १०. | श्री दिनेश उपाध्याय | ने.का पार्टी |
| ११. | श्री नरेश श्रेष्ठ | ने.का. पार्टी |
| १२. | श्री ईश्वर श्रेष्ठ | ने.का. पार्टी |
| १३. | श्री राजेन्द्र पाण्डे | ने.का. पार्टी |
| १४. | श्री विरोध खतिवडा | ने.क.पा |
| १५. | श्री के.बी. थापा डि.एसपी. | जि.प्र.का. |

**२०४९ जेष्ठ २९ गते सम्पन्न स्थानीय निकायको निर्वाचनबाट निर्वाचित प्रतिनिधिहरू ः**

१. प्रमुख श्री डोरमणि पौडेल
२. उपप्रमुख श्री हरिबहादुर महत
३. सदस्य श्री उत्तम न्यौपाने
४. सदस्य श्री रामप्रसाद दाहाल
५. सदस्य श्री प्रकाशबहादुर सिंह
६. सदस्य श्री मोहन बज्राचार्य
७. सदस्य श्री अर्जुनप्रसाद ढुङ्गेल
८. सदस्य श्री वीरेन्द्र मानन्धर
९. सदस्य श्री शिवप्रसाद दाहाल
१०. सदस्य श्री भीमप्रसाद पौडेल
११. सदस्य श्री घननाथ अधिकारी
१२. सदस्य श्री मधु अधिकारी
१३. सदस्य श्री रामेश्वर राना

**वडा अध्यक्षको सिफारिसमा न.पा.ऐन २०४७ को दफा १६ बमोजिम वडा सदस्यको सिफारीसमा निम्न अनुसार वडा समिति गठन गरियो ः**

| सि.नं | नाम थर | ठेगाना | पद |
|---|---|---|---|
| १ | श्री केशव देवकोटा | हे.न.पा वार्ड नं. १ | सदस्य |
| २ | श्री विजय तिमिल्सिना | हे.न.पा वार्ड नं. १ | सदस्य |
| ३ | श्री भुवनेश्वरी जोशी | हे.न.पा वार्ड नं. १ | सदस्य |
| ४ | श्री अर्जुन श्रेष्ठ | हे.न.पा वार्ड नं. १ | सदस्य |
| ५ | श्री अर्जुन श्रेष्ठ | हे.न.पा वार्ड नं.२ | सदस्य |
| ६ | श्रीराजु न्यौपाने | हे.न.पा वार्ड नं.२ | सदस्य |
| ७ | श्री सानालाल श्रेष्ठ | हे.न.पा वार्ड नं.२ | सदस्य |
| ८ | श्री मदनलाल मानन्धर | हे.न.पा वार्ड नं.३ | सदस्य |
| ९ | श्री विसलाल साही | हे.न.पा वार्ड नं.३ | सदस्य |
| १० | श्री नरेन्द्र श्रेष्ठ | हे.न.पा वार्ड नं.३ | सदस्य |
| ११ | श्री यादवलाल श्रेष्ठ | हे.न.पा वार्ड नं.३ | सदस्य |
| १२ | श्री तुलबहादुर राना मगर | हे.न.पा वार्ड नं.४ | सदस्य |
| १२ | श्री सन्देश अमात्य | हे.न.पा वार्ड नं.४ | सदस्य |
| १४ | श्री बद्रीप्रसाद सापकोटा | हे.न.पा वार्ड नं.४ | सदस्य |
| १५ | श्री | हे.न.पा वार्ड नं.४ | सदस्य |
| १६ | सुश्री जानकी राई | हे.न.पा वार्ड नं.५ | सदस्य |
| १७ | श्री रामचन्द्र अधिकारी | हे.न.पा वार्ड नं.५ | सदस्य |
| १८ | श्री भरत खुलाल | हे.न.पा वार्ड नं.५ | सदस्य |
| १९ | श्री उमानाथ ढकाल | हे.न.पा वार्ड नं.५ | सदस्य |
| २० | श्री पुष्पराज पराजुली | हे.न.पा वार्ड नं.६ | सदस्य |
| २१ | श्री दलबहादुर बलामी | हे.न.पा वार्ड नं.६ | सदस्य |
| २२ | श्री बद्रीप्रसाद दुलाल | हे.न.पा वार्ड नं.६ | सदस्य |
| २३ | श्री रामप्रसाद शर्मा | हे.न.पा वार्ड नं.६ | सदस्य |
| २४ | श्री केदार दाहाल | हे.न.पा वार्ड नं.७ | सदस्य |
| २५ | श्री रामशरण गौतम | हे.न.पा वार्ड नं.७ | सदस्य |
| २६ | श्री नवीन घलान | हे.न.पा वार्ड नं.७ | सदस्य |
| २७ | श्री ध्रुव चौलागाई | हे.न.पा वार्ड नं.७ | सदस्य |
| २८ | श्री नवराज न्यौपाने | हे.न.पा वार्ड नं.८ | सदस्य |
| २९ | श्री गणेशकुमारी प्रधान | हे.न.पा वार्ड नं.८ | सदस्य |
| ३० | श्री भीमबहादुर मुक्तान | हे.न.पा वार्ड नं.८ | सदस्य |
| ३१ | श्री श्रीप्रसाद सुवेदी | हे.न.पा वार्ड नं.८ | सदस्य |
| ३२ | श्री ईश्वरीप्रसाद न्यौपाने | हे.न.पा वार्ड नं.९ | सदस्य |
| ३३ | श्री लक्ष्मणप्रसाद भण्डारी | हे.न.पा वार्ड नं.९ | सदस्य |
| ३४ | श्री रमेश मिश्र | हे.न.पा वार्ड नं.९ | सदस्य |

| सि.नं | नाम थर | ठेगाना | पद |
|---|---|---|---|
| ३५ | श्री इन्द्रजित चौलागाई | हे.न.पा वार्ड नं.९ | सदस्य |
| ३६ | श्री धनसुन्दर डंगोल | हे.न.पा वार्ड नं.१० | सदस्य |
| ३७ | श्री भीमबहादुर दोङ | हे.न.पा वार्ड नं.१० | सदस्य |
| ३८ | श्री विजयलाल जोशी | हे.न.पा वार्ड नं.१० | सदस्य |
| ३९ | श्री अशोक श्रेष्ठ | हे.न.पा वार्ड नं.१० | सदस्य |
| ४० | श्री उद्धव खतिवडा | हे.न.पा वार्ड नं.११ | सदस्य |
| ४१ | श्री हरिशरण सुवेदी | हे.न.पा वार्ड नं.११ | सदस्य |
| ४२ | श्री गोकर्ण पराजुली | हे.न.पा वार्ड नं.११ | सदस्य |
| ४३ | श्री रामप्रसाद पराजुली | हे.न.पा वार्ड नं.११ | सदस्य |

**वि. सं. २०५४ सालमा सम्पन्न स्थानीय निकायको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरू :**

१. प्रमुख श्री डोरमणि पौडेल
२. उप प्रमुख श्री हरिबहादुर महत
३. सदस्य श्री उत्तम न्यौपाने
४. सदस्य श्री हरि राउत
५. सदस्य श्री प्रकाशबहादुर सिंह
६. सदस्य श्री रामकृष्ण श्रेष्ठ
७. सदस्य श्री बद्रीप्रसाद न्यौपाने
८. सदस्य श्री त्रिविक्रम मानन्धर
९. सदस्य श्री रामशरण गौतम
१०. सदस्य श्री भीमप्रसाद पौडेल
११. सदस्य श्री ईश्वरी न्यौपाने
१२. सदस्य श्री पूर्णबहादुर श्रेष्ठ
१३. सदस्य श्री गोकर्ण पराजुली
१४. मनोनित सदस्य श्री गोपालबहादुर श्रेष्ठ
१५. मनोनित सदस्य श्री जुनेली माया श्रेष्ठ

**नगरपरिषद् सदस्यहरू :**

१. श्री विजय तिमल्सिना
२. श्री बहादुर घलान
३. श्री उत्तम पौडेल
४. श्री बेगम बराल
५. श्री रामकृष्ण तिमल्सिना
६. श्री तुलसी घिमिरे
७. श्री बद्रीबहादुर जोशी
८. श्री कमला खड्का
९. श्री नरेन्द्र श्रेष्ठ
१०. श्री मदनलाल मानन्धर
११. श्री चन्द्रकला कटुवाल
१२. श्री जङ्गबहादुर कर्मचार्य
१३. श्री केशव बासुकला
१४. श्री राममाया देउला
१५. श्री गणेश बि.क
१६. श्री ईश्वर ढकाल
१७. श्री रामचन्द्र अधिकारी
१८. श्री चक्रबहादुर राई (बच्चु)
१९. श्री दिलमाया गौतम
२०. श्री चेतप्रसाद दाहाल
२१. श्री रामकृष्ण राई
२२. श्री भैरव सापकोटा
२३. श्री विष्णु चौलागाई
२४. श्री यशोधा पराजुली
२५. श्री राजु वाइबा
२६. श्री रघु आचार्य
२७. श्री लक्ष्मी पौडेल
२८. श्री इन्द्रसिं थिङ
२९. श्री सीताराम दंगाल
३०. श्री हरि लुइटेल

३१. श्री तारादेवी थोकर
३२. श्री भीमबहादुर मोक्तान
३३. श्री बद्रीप्रसाद आचार्य
३४. श्री लक्ष्मी नेपाली
३५. श्री सीता अधिकारी
३६. श्री लक्ष्मण भण्डारी
३७. श्री साधना श्रेष्ठ
३८. श्री अमला श्रेष्ठ
३९. श्री श्याम श्रेष्ठ
४०. श्री कितापसिं लामा
४१. श्री गोपिनी सापकोटा
४२. श्री रामचन्द्र न्यौपाने
४३. श्री किरण पौडेल
४४. श्री रामेश्वर राना

**स्थानीय स्वायत्त शासन ऐन २०५५ बमोजिम स्थानीय निकायको निर्वाचन सम्पन्न नभए सम्म मिति २०५९/५/२४ देखि देहाय बमोजिम नगरपालिका सञ्चालन समिति गठन :**

**उपस्थिति :**

- प्रमुख, कार्यकारी अधिकृत
- सदस्य, प्रमुख आन्तरिक राजस्व कार्यालय
- सदस्य, प्रतिनिधि जिल्ला प्रशासन कार्यालय
- सदस्य, प्रमुख जिल्ला जनश्वास्थ्य कार्यालय
- सदस्य, प्रमुख भवन प्रविधि तथा अनुशन्धान तालिम केन्द्र

**वि. सं. २०६०/६/१२ र २०६०/८/८ को श्री ५ को सरकारको निर्णय अनुसार नगरपालिका सञ्चालनको लागि तोकिएको नगरपालिका बोर्ड पदाधिकारी :**

१. नगर प्रमुख श्री मधु अधिकारी
२. उप प्रमुख श्री गणेश बल लामा
३. सदस्य श्री उमाकान्त गौतम
४. सदस्य श्री विष्णुप्रसाद ढकाल
५. सदस्य श्री प्रकाशबहादुर सिंह
६. सदस्य श्री दिपेन्द्र चन्द्र ठकुरी
७. सदस्य श्री बलराम ठकुरी
८. सदस्य श्री गोपालबहादुर राई
९. सदस्य श्री नवराज पौडेल
१०. सदस्य श्री भीमप्रसाद पौडेल
११. सदस्य श्री घननाथ अधिकारी
१२. सदस्य श्री पूर्णबहादुर श्रेष्ठ
१३. सदस्य श्री अर्जुन शर्मा कंडेल
१४. सदस्य सचिव कार्यकारी अधिकृत

**नगरपालिका बोर्डबाट मनोनित सदस्यः**

- श्री मिरा सुबेदि हे.न.पा. ८ (महिलाको तर्फबाट)
- श्री जसविर रसाइली हे.न.पा.४ (जनजाती, दलित तथा आदिबासी)

**श्री ५ को सरकार, मन्त्री परिषद्को निर्णय बमोजिम २०६१/४/३२ मा नगर पालिका कार्य सञ्चालन समिति :**

- प्रमुख कार्यकारी अधिकृत सदस्य
- सदस्य अधिकृत प्रतिनिधि को.ले.नि.का
- सदस्य अधिकृत प्रतिनिधि, जि.शि.का
- सदस्य अधिकृत प्रतिनिधि, जि.स्वा.का
- सदस्य श्री योजना अनुगमन तथा प्रशासकीय अधिकृत जि.वि.स.

**वि. सं. २०६२ साल माघ २६ गते सम्पन्न नगर निर्वाचनका पदाधिकारीहरू :**

१. नगर प्रमुख श्री मधुकरप्रसाद अधिकारी
२. उपप्रमुख श्री रामहरि न्यौपाने
३. सदस्य श्री उमाकान्त गौतम
४. सदस्य श्री मनकाजी थापा
५. सदस्य श्री नरेन्द्र श्रेष्ठ
६. सदस्य श्री चन्द्रकुमार बल लामा
७. सदस्य श्री बलराम ठकुरी
८. सदस्य श्री गुरुप्रसाद सापकोटा
९. सदस्य श्री कोषबहादुर थापा क्षेत्री
१०. सदस्य श्री मिरा सुवेदी
११. सदस्य उल्लेख नभएको
१२. सदस्य श्री ज्ञानुदेवी कुँवर
१३. सदस्य श्री सुशीला ढकाल पौडेल

**वि. सं. २०६३ आषाढ २० गतेदेखि प्रमुख एवम् कार्यकारी अधिकृतको एकल समिति र दलका प्रतिनिधिहरू आमन्त्रित रहने प्रावधानबमोजिमको समिति :**

- श्री प्रमुख एवं कार्यकारी अधिकृत

**आमन्त्रित**

| | | |
|---|---|---|
| १. | श्री ईश्वरीप्रसाद न्यौपाने | ने.क.पा.एमाले नगर कमिटि हेटौँडा |
| २. | श्री तारानाथ चौलागाई | सभापति ने.का.नगर समिति हेटौँडा |
| ३. | श्री ईश्वरलाल श्रेष्ठ | सभापति ने.का. (प्रजातान्त्रिक ) नगर समिति हेटौँडा |
| ४. | श्री मानबहादुर लामा | जनमोर्चा नेपाल नगर समिति, हेटौँडा |
| ५. | श्री भीमसेन महत | वाममोर्चा नेपाल, नगर समिति हेटौँडा |

**वि. सं. २०६५ माघ १० गतेदेखि प्र.प्र.अ र अन्य दलीय संयन्त्र आमन्त्रणसहितको समिति :**

- श्री प्रमुख एवं प्रशासकीय अधिकृत

**आमन्त्रित**

| | | |
|---|---|---|
| १. | श्री सि.पी. घिमिरे | प्रतिनिधि, एकीकृत ने.क.पा. माओवादी |
| २. | श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. |
| ३. | श्री हरिबहादुर महत | प्रतिनिधि, ने.क.पा. एमाले |
| ४. | श्री विद्युत बज्राचार्य | प्रतिनिधि, वाममोर्चा नेपाल |
| ५. | श्री मानबहादुर लामा | प्रतिनिध, ने.क.पा. एकता केन्द्र मसाल |

वि. सं. २०६८ साल फाल्गुण २ गते बाट प्र. एवं कार्यकारी अधिकृतको एकल समिति र नगरपालिकाका शाखा प्रमुखहरू आमन्त्रित हुने गरी व्यवस्था मिलाइएको र यो क्रम २०७१ पौष १६ सम्म कायम रहेको। वि. सं. २०७१ पौष २४ देखि प्रमुख एवं कार्यकारी अधिकृत को एकल बोर्डमा दलिय संयन्त्र आमन्त्रित गरी सञ्चालन गर्ने गरिएको।

**नेपालको संविधानले निर्दिष्ट गरेको व्यवस्था बमोजिम नयाँ सङ्घीय संरचना अनुसार वि. सं. २०७४ सालमा सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरूको विवरण :**

| सि.नं. | नाम थर | पद | वडा |
|---|---|---|---|
| १ | श्री हरिबहादुर महत | नगर प्रमुख | |
| २ | श्री मीनाकुमारी लामा | नगर उपप्रमुख | |
| ३ | श्री सविन न्यौपाने | वडा अध्यक्ष | १ |
| ४ | श्री बेगम बराल | सदस्य | १ |
| ५ | श्री ईश्वरी बि क | सदस्य | १ |
| ६ | श्री सोनामसिं भ्लोन | सदस्य | १ |
| ७ | श्री सोमलाल स्याङतान | सदस्य | १ |
| ८ | श्री हरिबहादुर राउत | वडा अध्यक्ष | २ |
| ९ | श्री सुदीप राजवाहक | सदस्य | २ |
| १० | श्री महेश्वरमान श्रेष्ठ | सदस्य | २ |
| ११ | श्री रेनु गुरुङ | सदस्य | २ |
| १२ | श्री सुमित्रा सुनार कामी | सदस्य | २ |
| १३ | श्री रामकुमार पुडासैनी | वडा अध्यक्ष | ३ |
| १४ | श्री विमला बर्तौला | सदस्य | ३ |
| १५ | श्री राधाकुमारी विश्वकर्मा | सदस्य | ३ |
| १६ | श्री शङ्कर राई | सदस्य | ३ |
| १७ | श्री कुमारसिं लामा | सदस्य | ३ |
| १८ | श्री नवीन सिग्देल | वडा अध्यक्ष | ४ |
| १९ | श्री अर्पणा देवकोटा शर्मा | सदस्य | ४ |
| २० | श्री सन्तु गुरुङ रसाइली | सदस्य | ४ |
| २१ | श्री जनरल श्रेष्ठ | सदस्य | ४ |
| २२ | श्री राजेन्द्रकुमार बस्ताकोटी | सदस्य | ४ |
| २३ | श्री राजेश बानिया | वडा अध्यक्ष | ५ |
| २४ | श्री सरस्वती दाहाल | सदस्य | ५ |
| २५ | श्री भगवती बि.का। | सदस्य | ५ |

| सि.नं. | नाम थर | पद | वडा |
|---|---|---|---|
| २६ | श्री ज्ञानबहादुर थापा मगर | सदस्य | ५ |
| २७ | श्री केशव श्रेष्ठ | सदस्य | ५ |
| २८ | श्री अर्जुनप्रसाद चौलागाई | वडा अध्यक्ष | ६ |
| २९ | श्री सुभद्रा तिमल्सिना | सदस्य | ६ |
| ३० | श्री कल्पना विश्वकर्मा | सदस्य | ६ |
| ३१ | श्री राजकुमार बाःतोला | सदस्य | ६ |
| ३२ | श्री रामहरि राई | सदस्य | ६ |
| ३३ | श्री राजन थापा | वडा अध्यक्ष | ७ |
| ३४ | श्री सन्तुमाया पाख्रिन | सदस्य | ७ |
| ३५ | श्री सपना विश्वकर्मा | सदस्य | ७ |
| ३६ | श्री कृष्णप्रसाद दाहाल | सदस्य | ७ |
| ३७ | श्री देवराज रिमाल | सदस्य | ७ |
| ३८ | श्री गोपाल बहादुर श्रेष्ठ | वडा अध्यक्ष | ८ |
| ३९ | श्री गणेशकुमारी श्रेष्ठ | सदस्य | ८ |
| ४० | श्री कल्पना बि.क. | सदस्य | ८ |
| ४१ | श्री गोतामे मुक्तान | सदस्य | ८ |
| ४२ | श्री यशोदा उप्रेती | सदस्य | ड |
| ४३ | श्री लक्ष्मण प्रसाद भण्डारी | वडा अध्यक्ष | ९ |
| ४४ | श्री सीता अधिकारी | सदस्य | ९ |
| ४५ | श्री लक्ष्मीकुमारी नेपाली | सदस्य | ९ |
| ४६ | श्री रघुनाथ खुलाल | सदस्य | ९ |
| ४७ | श्री सुकराम के.सी. | सदस्य | ९ |
| ४८ | श्री कितापसिं लामा | वडा अध्यक्ष | १० |
| ४९ | श्री साधना श्रेष्ठ | सदस्य | १० |
| ५० | श्री उमा सुनार विश्वकर्मा | सदस्य | १० |
| ५१ | श्री इन्द्रप्रसाद नेपाल | सदस्य | १० |
| ५२ | श्री धर्मराज बस्नेत क्षेत्री | सदस्य | १० |
| ५३ | श्री गोकर्णप्रसाद पराजुली | वडा अध्यक्ष | ११ |
| ५४ | श्री जुना दाहाल | सदस्य | ११ |
| ५५ | श्री गीता सुनार | सदस्य | ११ |
| ५६ | श्री अन्जनकुमार तिमल्सिना | सदस्य | ११ |

| सि.नं. | नाम थर | पद | वडा |
|---|---|---|---|
| ५७ | श्री रामचन्द्र न्यौपाने | सदस्य | ११ |
| ५८ | श्री ललितबहादुर घलान | वडा अध्यक्ष | १२ |
| ५९ | श्री रुकमिणी गोङ्बा | सदस्य | १२ |
| ६० | श्री लीलाकुमारी विश्वकर्मा | सदस्य | १२ |
| ६१ | श्री भुवन खनाल | सदस्य | १२ |
| ६२ | श्री ज्ञानबहादुर श्रेष्ठ | सदस्य | १२ |
| ६३ | श्री मनोजकुमार वाइबा | वडा अध्यक्ष | १३ |
| ६४ | श्री रुपा खुलाल | सदस्य | १३ |
| ६५ | श्री विष्णु परियार | सदस्य | १३ |
| ६६ | श्री सन्तबहादुर तितुङ | सदस्य | १३ |
| ६७ | श्री दलबहादुर बल | सदस्य | १३ |
| ६८ | श्री दीपक खड्का | वडा अध्यक्ष | १४ |
| ६९ | श्री चमेलीमाया सिन्जाली | सदस्य | १४ |
| ७० | श्री कमला दर्नाल | सदस्य | १४ |
| ७१ | श्री चन्द्रबहादुर स्याङ्तान | सदस्य | १४ |
| ७२ | श्री रामबहादुर लामा | सदस्य | १४ |
| ७३ | श्री महारत्न लामा | वडा अध्यक्ष | १५ |
| ७४ | श्री पातलीमाया गोङ्बा | सदस्य | १५ |
| ७५ | श्री मिनु बि.क. | सदस्य | १५ |
| ७६ | श्री कुमारी श्रेष्ठ | सदस्य | १५ |
| ७७ | श्री पर्शबहादुर भुजेल | सदस्य | १५ |
| ७८ | श्री रामकृष्ण कोइराला | वडा अध्यक्ष | १६ |
| ७९ | श्री सरस्वतीकुमारी दुलाल | सदस्य | १६ |
| ८० | श्री मिठुदेवी विश्वकर्मा | सदस्य | १६ |
| ८१ | श्री ध्रुवप्रसाद धिताल | सदस्य | १६ |
| ८२ | श्री जितबहादुर बुलुन | सदस्य | १६ |
| ८३ | श्री भैरवबहादुर राई | वडा अध्यक्ष | १७ |
| ८४ | श्री कृष्णमाया खुलाल | सदस्य | १७ |
| ८५ | श्री ईश्वरी सुनार | सदस्य | १७ |
| ८६ | श्री टीकाप्रसाद तिमल्सिना | सदस्य | १७ |
| ८७ | श्री भीमप्रसाद अधिकारी | सदस्य | १७ |
| ८८ | श्री अनिलकुमार बानियाँ | वडा अध्यक्ष | १८ |

| सि.नं. | नाम थर | पद | वडा |
|---|---|---|---|
| ८९ | श्री कल्पना कुइकेल | सदस्य | १८ |
| ९० | श्री पूजा मग्राती | सदस्य | १८ |
| ९१ | श्री तोयानाथ तिमल्सिना | सदस्य | १८ |
| ९२ | श्री विश्वनाथ ढुङ्गाना | सदस्य | १८ |
| ९३ | श्री नरनाथ सुवेदी | वडा अध्यक्ष | १९ |
| ९४ | श्री इन्दिरा तामाङ | सदस्य | १९ |
| ९५ | श्री शान्ती विश्वकर्मा | सदस्य | १९ |
| ९६ | श्री पूर्णबहादुर भ्लान् | सदस्य | १९ |
| ९७ | श्री बागसिं स्याङ्तान | सदस्य | १९ |
| ९८ | श्री कृष्णबहादुर राई दनुवार | का पा स | १६ |
| ९९ | श्री रत्नलाल विश्वकर्मा | का पा स | १४ |
| १०० | श्री शङ्कर राई दनुवार | का पा स | १७ |

**वि. सं. २०७९ सालमा सम्पन्न निर्वाचित जनप्रतिनिधीहरूको विवरण :**

| सि.न. | प्रतिनिधिको नाम थर | पद | वडा |
|---|---|---|---|
| १ | श्री मीनाकुमारी लामा | नगर प्रमुख | |
| २ | श्री राजेश बानियाँ | नगर उपप्रमुख | |
| ३ | श्री सविन न्यौपाने | वडा अध्यक्ष | १ |
| ४ | श्री रामकृष्ण अधिकारी | सदस्य | १ |
| ५ | श्री मनु दहाल | सदस्य | १ |
| ६ | श्री इश्वरी बि.क | सदस्य | १ |
| ७ | श्री सोनामसिं ब्लोन | सदस्य | १ |
| ८ | श्री विष्णुगोपाल महर्जन | वडा अध्यक्ष | २ |
| ९ | श्री सुरज बर्तौला | सदस्य | २ |
| १० | श्री इन्द्रप्रसाद रिजाल | सदस्य | २ |
| ११ | श्री तारा ढुङ्गाना | सदस्य | २ |
| १२ | श्री मैयाँ परियार | सदस्य | २ |
| १३ | श्री ढलकबहादुर थापा | वडा अध्यक्ष | ३ |
| १४ | श्री रत्नबहादुर ब्लोन | सदस्य | ३ |
| १५ | श्री हर्कबहादुर पाख्रिन | सदस्य | ३ |
| १६ | श्री  सविना बिडारी | सदस्य | ३ |

| सि.न. | प्रतिनिधिको नाम थर | पद | वडा |
|---|---|---|---|
| १७ | श्री देवकी विश्वकर्मा | सदस्य | ३ |
| १८ | श्री नवीन सिग्देल | वडा अध्यक्ष | ४ |
| १९ | श्री जनरल श्रेष्ठ | सदस्य | ४ |
| २० | श्री जगन्नाथ पाण्डे | सदस्य | ४ |
| २१ | श्री गीता त्रिपाठी | सदस्य | ४ |
| २२ | श्री विष्णुमाया घलान | सदस्य | ४ |
| २३ | श्री सुशील घिमिरे | वडा अध्यक्ष | ५ |
| २४ | श्री ज्ञानबहादुर थापा मगर | सदस्य | ५ |
| २५ | श्री रामबहादुर राई | सदस्य | ५ |
| २६ | श्री रन्जिता सिलवाल | सदस्य | ५ |
| २७ | श्री भगवती बि.क. | सदस्य | ५ |
| २८ | श्री विष्णुबहादुर दहाल | वडा अध्यक्ष | ६ |
| २९ | श्री विजय पौडेल | सदस्य | ६ |
| ३० | श्री लेखराज ढकाल | सदस्य | ६ |
| ३१ | श्री सरिता सापकोटा | सदस्य | ६ |
| ३२ | श्री मुना विश्वकर्मा | सदस्य | ६ |
| ३३ | श्री दामोदर गौतम | वडा अध्यक्ष | ७ |
| ३४ | श्री दिनेश थापा मगर | सदस्य | ७ |
| ३५ | श्री श्यामसुन्दर परियार | सदस्य | ७ |
| ३६ | श्री सन्तुमाया पाख्रिन | सदस्य | ७ |
| ३७ | श्री राधिका विश्वकर्मा | सदस्य | ७ |
| ३८ | श्री रामकृष्ण थापा | वडा अध्यक्ष | ८ |
| ३९ | श्री गोरखनाथ राय | सदस्य | ८ |
| ४० | श्री राजु मुक्तान | सदस्य | ८ |
| ४१ | श्री मञ्जु भुर्तेल | सदस्य | ८ |
| ४२ | श्री रिता सार्की | सदस्य | ८ |
| ४३ | श्री सुकराम केसी | वडा अध्यक्ष | ९ |
| ४४ | श्री विष्णुबहादुर मगर | सदस्य | ९ |
| ४५ | श्री वीरेन्द्रकुमार लामा | सदस्य | ९ |
| ४६ | श्री कमला पौडेल | सदस्य | ९ |
| ४७ | श्री सुनिता परियार | सदस्य | ९ |
| ४८ | श्री फूर्वा दोर्जे तमाङ्ग | वडा अध्यक्ष | १० |

| सि.न. | प्रतिनिधिको नाम थर | पद | वडा |
|---|---|---|---|
| ४९ | श्री ईश्वरप्रसाद मैनाली | सदस्य | १० |
| ५० | श्री विमल लामा | सदस्य | १० |
| ५१ | श्री साधना श्रेष्ठ | सदस्य | १० |
| ५२ | श्री गोमा सुनार | सदस्य | १० |
| ५३ | श्री जुना दाहाल | वडा अध्यक्ष | ११ |
| ५४ | श्री सञ्जय बिडारी | सदस्य | ११ |
| ५५ | श्री विकास नेपाल | सदस्य | ११ |
| ५६ | श्री गोपिनी सापकोटा | सदस्य | ११ |
| ५७ | श्री गीता सुनार | सदस्य | ११ |
| ५८ | श्री ललितकुमार घलान | वडा अध्यक्ष | १२ |
| ५९ | श्री ज्ञानबहादुर श्रेष्ठ | सदस्य | १२ |
| ६० | श्री महेश भट्टराई | सदस्य | १२ |
| ६१ | श्री रुकमिणी गोङ्बा | सदस्य | १२ |
| ६२ | श्री गीता परियार | सदस्य | १२ |
| ६३ | श्री पेम्बा लामा | वडा अध्यक्ष | १३ |
| ६४ | श्री उत्तम गोम्जा | सदस्य | १३ |
| ६५ | श्री दावा लामा | सदस्य | १३ |
| ६६ | श्री रन्जु गोम्जा | सदस्य | १३ |
| ६७ | श्री सानुमाया नेपाली | सदस्य | १३ |
| ६८ | श्री दीपक खड्का | वडा अध्यक्ष | १४ |
| ६९ | श्री कुलनरसिङ गोङबा | सदस्य | १४ |
| ७० | श्री श्यामकुमार भोलन | सदस्य | १४ |
| ७१ | श्री बिनाकुमारी थिङ लामा | सदस्य | १४ |
| ७२ | श्री रत्ना विश्वकर्मा | सदस्य | १४ |
| ७३ | श्री सुनिल मुक्तान | वडा अध्यक्ष | १५ |
| ७४ | श्री राजेन्द्र तितुङ | सदस्य | १५ |
| ७५ | श्री सिंहबहादुर लो | सदस्य | १५ |
| ७६ | श्री पातलीमाया गोङ्बा | सदस्य | १५ |
| ७७ | श्री मिनु विश्वकर्मा | सदस्य | १५ |
| ७८ | श्री रामकृष्ण कोइराला | वडा अध्यक्ष | १६ |
| ७९ | श्री राजनप्रसाद दहाल | सदस्य | १६ |
| ८० | श्री गुरुप्रसाद ढकाल | सदस्य | १६ |

| सि.न. | प्रतिनिधिको नाम थर | पद | वडा |
|---|---|---|---|
| ८१ | श्री कमला धिमाल | सदस्य | १६ |
| ८२ | श्री सङ्गीता विश्वकर्मा | सदस्य | १६ |
| ८३ | श्री उद्धव सत्याल | वडा अध्यक्ष | १७ |
| ८४ | श्री नवराज न्यौपाने | सदस्य | १७ |
| ८५ | श्री कृष्णबहादुर अधिकारी | सदस्य | १७ |
| ८६ | श्री लेखकुमारी तिमल्सिना | सदस्य | १७ |
| ८७ | श्री उर्मिला चुनारा | सदस्य | १७ |
| ८८ | श्री अनिलकुमार बानियाँ | वडा अध्यक्ष | १८ |
| ८९ | श्री तोयानाथ तिमल्सिना | सदस्य | १८ |
| ९० | श्री योगराज खतिवडा | सदस्य | १८ |
| ९१ | श्री विष्णुमाया थपलिया | सदस्य | १८ |
| ९२ | श्री पूजा मंग्राती | सदस्य | १८ |
| ९३ | श्री नरनाथ सुवेदी | वडा अध्यक्ष | १९ |
| ९४ | श्री प्रतापसिं थिङ | सदस्य | १९ |
| ९५ | श्री राजकुमार बज्यु | सदस्य | १९ |
| ९६ | श्री रमा गोले | सदस्य | १९ |
| ९७ | श्री रिता सुनार | सदस्य | १९ |
| ९८ | श्री अर्जुनबहादुर राई | का. पा. स. | |
| ९९ | श्री वीरबहादुर बि.क. | का. पा. स. | |
| १०० | श्री शङ्कर राई | का. पा. स. | |

**निर्णयः**

**वि. सं. २०२६ सालभन्दा पछाडि भएका महत्त्वपूर्ण निर्णयहरूः**

१. नगरपञ्चायतको पहिलो निर्णय : फाल्गुन ७ गते प्रजातन्त्र दिवस मनाउने ।

२. नगरपञ्चायतको दोस्रो निर्णय : यस नगर पञ्चायतको खाता प्रधान अधिकृत नियुक्ति भै नआएसम्म नगर पञ्चायतका उपप्रधानपञ्च श्री पुष्पहरि जोशी र प्रधानपञ्च वासुदेव रिजालको संयुक्त दस्तखतबाट खाता सन्चालन गर्ने ।

३. नगरपञ्चायतको तेस्रो निर्णय : प्रधान अधिकृत माग गर्ने सम्बन्धमा ।

४. नगरपञ्चायतको पहिलो प्रधान अधिकृत : चेतनाथ शर्मा बिडारी ।

५. नगर पञ्चायतको पहिलो बजेट रकमः रु.४,९९,४९५।-

६. वि. सं. २०२६ साल फाल्गुण २२ गतेका दिन बसेको नगर पञ्चायतको बैठकबाट स्वीकृत भएको कर्मचारी दरबन्दी र तलबमान :

| पद | सङ्ख्या | तलब स्केल |
|---|---|---|
| मुखिया | ४ | १००।- |
| बहिदार | २ | ८५।- |
| पिउन | ५ | ७०।- |

७. नगर पञ्चायतको पहिलो योजना - अमर रा.प्रा स्कूल भैरव डाँडालाई भवन निर्माणको लागि १ हजार २ सय दिने निर्णय (वि. सं. २०२६ साल फाल्गुणको निर्णय)।

८. गन्दा फ्याँक्ने ठाउँ, राप्ती कजबे भन्दा १०० मिटर तल सिसौघारीनजिक कायम गरिएको (वि. सं. २०२६ साल फाल्गुणको निर्णय)।

९. वडा नं. ४ का सदस्य श्री मोहन वज्राचार्य नियमित अनुपस्थित भएको कारण जनाई निजको स्थानमा श्री रामजीप्रसाद बास्कोटालाई मनोनयन गरिएको (वि. सं. २०३० साल आषाढको निर्णय)।

१०. अञ्चल सदरमुकाम हेटौंडा राख्न नगर पञ्चायतबाट अनुरोध गर्ने (वि. सं. २०३१ साल श्रावणको निर्णय)।

११. प्रधान अधिकृतलाई २०३१/ ०३२ देखि मासिक रु. १५० भत्ता दिने (वि. सं. २०३१ साल श्रावणको निर्णय)।

१२. हेटौंडा- १० मा बसपार्क निर्माण प्रयोजनको लागि ज.वि. ४-५-१२. १/२ जग्गा अधिग्रहण गरी लिने कार्यका लागि रु. ५७७९६/८८।- किस्ताबन्दीमा मालपोत कार्यलयमा बुझाउने (वि. सं. २०३१ साल माघको निर्णय)।

१३. आ.व. २०३१ र ०३२ का लागि ढुङ्गा-गिट्टी, बालुवा ठेक्का रु. ४१,२००।- मा स्वीकृत (वि. सं. २०३१ साल मार्गको निर्णय)।

१४. 'हेटौंडालाई आधुनिक नगर' को रूपमा विस्तार गर्ने निर्णय गरिएको (वि. सं. २०३३ साल भाद्रको निर्णय)।

१५. हेटौंडा- १० मा रहेको कोरोनेसन मोटर पार्क निर्माणको लागि नेपाल सरकारबाट रु १ लाख बजेट स्वीकृत भएको र रु. २८५८३। मा निर्माण कार्यको टेन्डर स्वीकृत भएको (वि. सं. २०३३ साल श्रावणको निर्णय)।

१६. भूपू प्रधानपञ्च वासुदेव रिजालको स्वास्थ उपचार गर्न मनोनित सदस्य गोविन्दप्रसाद खतिवडालाई १००० जिम्मा दिई लाग्ने खर्च नगर पञ्चायतले बेहोर्ने गरी भर्ना गरी आउन भ्रमण आदेश दिई पठाउने निर्णय भएको (वि. सं. २०३३ साल श्रावणको निर्णय)।

१७. वन विज्ञान अध्ययन संस्थान अन्यत्र सार्न नदिने सम्बन्धी (वि. सं. २०४९ सालको निर्णय)।

१८. हेटौंडा नगरपालिकाभित्र अन्तराष्ट्रिय संस्थाको सहयोगमा सञ्चालित पहिलो कार्यक्रम - सहरी आधारभूत सेवा कार्यक्रम (UBS) युनिसेफको सहयोगमा।

(नोट : विवरणहरू तयार गर्ने क्रममा पुराना अभिलेखहरूबाट सम्भव भएसम्म त्रुटिरहित बनाउन प्रयास गरिएको छ, केही त्रुटि एवम् छुट हुन गएमा आगामी प्रकाशनमा समेटेर प्रकाशन गरिने छ।)

❒❒❒

# हेटौंडा उपमहानगरपालिका

## हालसम्मका कार्यालय प्रमुखहरूको नामावली

| सि.नं. | नाम थर | दरवन्दी/श्रेणी | कार्य अवधी | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १ | श्री ईश्वरप्रसाद शर्मा | रा.प.अ. प्रथम | २०२६ फाल्गुण | २०२७ वैशाख |
| २ | श्री चेतनाथ शर्मा | रा.प.अ. प्रथम | २०२७ वैशाख | २०३० पौष |
| ३ | श्री चन्द्रराज भण्डारी | रा.प.अ. प्रथम | २०३० पौष | २०३१ पौष |
| ४ | श्री लक्ष्मण यादव मधुप | रा.प.अ. प्रथम | २०३१ पौष | २०३१ माघ |
| ५ | श्री चन्द्रराज भण्डारी | रा.प.अ. प्रथम | २०३१ मघ | २०३१ चैत्र |
| ६ | श्री लक्ष्मण यादव मधुप | रा.प.अ. प्रथम | २०३१ चैत्र | २०३२ आश्विन |
| ७ | श्री दिलकुमार श्रेष्ठ | रा.प.अ. प्रथम | २०३२ आश्विन | २०३४ भाद्र |
| ८ | श्री फुलेन्द्रप्रसाद कुर्मी | रा.प.अ. प्रथम | २०३४ भाद्र | २०३६ माघ |
| ९ | श्री शिवराज उप्रेती | रा.प.अ. प्रथम | २०३६ माघ | २०३६ माघ |
| १० | श्री फुलेन्द्रप्रसाद कुर्मी | रा.प.अ. प्रथम | २०३६ माघ | २०३९ भाद्र |
| ११ | श्री दिलकुमार श्रेष्ठ | रा.प.अ. प्रथम | २०३९ भाद्र | २०४४ वैशाख |
| १२ | श्री हिक्मतबहादुर शाह | रा.प.अ. प्रथम | २०४४ वैशाख | २०४४ आषाढ |
| १३ | श्री दिलकुमार श्रेष्ठ | रा.प.अ. प्रथम | २०४४ आषाढ | २०४४ भाद्र |
| १४ | श्री कृष्णप्रसाद सुवेदी | रा.प.अ. प्रथम | २०४४ भाद्र | २०४४ भाद्र |
| १५ | श्री भुपनाथ शर्मा | रा.प. तृतीय | २०४४ भाद्र | २०४७ कार्तिक |
| १६ | श्री भक्तिविलास सुवेदी | रा.प. तृतीय | २०४७ कार्तिक | २०४९ पौष |
| १७ | श्री कृष्णप्रसाद पौडेल (का.मु.) | रा.प. द्वितीय | २०४९ पौष | २०५२ वैशाख |
| १८ | श्री धनविक्रमबहादुर पौडेल | रा.प. द्वितीय | २०५२ वैशाख | २०५२ मङ्सिर |
| १९ | श्री देवीप्रसाद नेपाल (का.मु.) | रा.प. द्वितीय | २०५२ मङ्सिर | २०५५ पौष |
| २० | श्री कृष्णप्रसाद श्रेष्ठ | रा.प. द्वितीय | २०५५ माघ | २०५८ आषाढ |
| २१ | श्री टेकनाथ शर्मा (का.मु.) | रा.प. द्वितीय | २०५८ आषाढ | २०५९ वैशाख |
| २२ | श्री सुदर्शनप्रसाद ढकाल | रा.प. द्वितीय | २०५९ वैशाख | २०६० आश्विन |
| २३ | श्री विष्णुराज लामिछाने | रा.प. द्वितीय | २०६० आश्विन | २०६२ आश्विन |

| सि.नं. | नाम थर | दरवन्दी/श्रेणी | कार्य अवधी | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| २४ | श्री यदुप्रसाद पन्थी | रा.प. द्वितीय | २०६२ मङ्सिर | २०६३ आश्विन |
| २५ | श्री मदन भुजेल | रा.प. द्वितीय | २०६३ आश्विन | २०६५ मङ्सिर |
| २६ | श्री भरतबहादुर ढुङ्गाना | रा.प. द्वितीय | २०६५ मङ्सिर | २०६८ श्रावण |
| २७ | श्री लालमणि ओभ्फा | रा.प. द्वितीय | २०६८ श्रावण | २०६८ माघ |
| २८ | श्री टेकराज निरौला | रा.प. द्वितीय | २०६८ माघ | २०६९ पौष |
| २९ | श्री मुरारि वस्ती | रा.प. द्वितीय | २०६९ पौष | २०७० जेष्ठ |
| ३० | श्री पशुपतिबाबु पुरी | रा.प. द्वितीय | २०७० जेष्ठ | २०७१ आश्विन |
| ३१ | श्री भगवान अर्याल | रा.प. द्वितीय | २०७१ आश्विन | २०७२ आश्विन |
| ३२ | श्री सुदेवकुमार पोखरेल | रा.प. द्वितीय | २०७२ आश्विन | २०७३ आश्विन |
| ३३ | श्री कृष्णप्रसाद पाण्डे | रा.प. द्वितीय | २०७३ मंसिर | २०७५ जेठ |
| ३४ | श्री पुष्पराज शाही | रा.प. प्रथम | २०७५ जेठ | २०७५ चैत्र |
| ३५ | श्री भगवान अर्याल | रा.प. द्वितीय | २०७५ चैत्र | २०७६ कार्तिक |
| ३६ | श्री गोपालप्रसाद बगाले | रा.प. द्वितीय | २०७६ कार्तिक | २०७७ वैशाख |
| ३७ | श्री कविराज पौडेल | रा.प. प्रथम | २०७७ वैशाख | २०७७ जेष्ठ |
| ३८ | श्री गोपालप्रसाद बगाले | रा.प. द्वितीय | २०७७ जेठ | २०७७ श्रावण |
| ३९ | श्री नमराज घिमिरे | रा.प. प्रथम | २०७७ श्रावण | २०७७ फाल्गुण |
| ४० | श्री शिवराज चौलागाईं | रा.प. प्रथम | २०७७ चैत्र | हालसम्म |

# हेटौंडा उपमहानगरपालिका
# विगतदेखि हालसम्मको वडा विभाजनको अवस्था


| हाल हेटौंडा उपमहानगरपालिका १९ वडाको विभाजनको अवस्था | गा.पा./न.पा. | | साविक हेटौंडा उपमहानगरपालिकाको २९ वडाको विभाजको अवस्था | साविक गा.पा./न.पा | |
|---|---|---|---|---|---|
| १ | हे.उ.म.न.पा | १ | १ | हेटौडानगरपालिका | १ |
| | बसामाडी | ८,९ | २ | हेटौडानगरपालिका | २ |
| २ | हे.उ.म.न.पा | २, ३ | ३ | हेटौडानगरपालिका | ३ |
| ३ | बसामाडी | ३,५ | ४ | हेटौडानगरपालिका | ४ |
| ४ | हे.उ.म.न.पा | ४ | ५ | हेटौडानगरपालिका | ५ |
| ५ | हे.उ.म.न.पा | ५ | ६ | हेटौडानगरपालिका | ६ |
| ६ | हे.उ.म.न.पा | ६ | ७ | हेटौडानगरपालिका | ७ |
| ७ | हे.उ.म.न.पा | ७ | ८ | हेटौडानगरपालिका | ८ |
| ८ | हे.उ.म.न.पा | ८ | ९ | हेटौडानगरपालिका | ९ |
| ९ | हे.उ.म.न.पा | ९ | १० | हेटौडानगरपालिका | १० |
| १० | हे.उ.म.न.पा | १० | ११ | हेटौडानगरपालिका | ११ |
| ११ | हे.उ.म.न.पा | ११ | १२ | पदमपोखरी | ७,८,९ |
| १२ | पदमपोखरी | ४,५,७, ८,९ | १३ | पदमपोखरी | ४,५ |
| | | | १४ | पदमपोखरी | १ |
| १३ | पदमपोखरी | १,२,३,६ | १५ | पदमपोखरी | २,३,६ |
| | | | १६ | चुरीयामाई | १,२ |
| १४ | चुरीयामाई | १,२ | १७ | चुरीयामाई | ३,४,५,६ |
| १५ | चुरीयामाई | ३,४,५,६, ७,८,९ | १८ | चुरीयामाई | ७,८,९ |
| | | | १९ | हटिया | ८,९ |
| १६ | हटिया | ५,७, ८,९ | २० | हटिया | १,२,६ |
| | | | २१ | हटिया | ५,७ |
| १७ | हटिया | १,२,३, ४,६ | २२ | हटिया | ३,४ |
| | | | २३ | हर्नामाडी | ८,९ |
| १८ | हर्नामाडी | साविकको सबै वडा | २४ | हर्नामाडी | ५,६,७ |
| | | | २५ | हर्नामाडी | १,२,३,४ |
| | | | २६ | बसामाडी | ८,९ |
| १९ | बसामाडी | १,२,४, ६,७ | २७ | बसामाडी | ४,६,७ |
| | | | २८ | बसामाडी | ३,५ |
| | | | २९ | बसामाडी | १,२ |

नोटः १.२०७१।०८।१६ को नेपाल सरकारको निर्णयानुसार २५ वटा वडाबाट २९ वटा वडा विभाजन भई उपमहानगरपालिका भएको ।

२.२०७१।०१।२१ को नेपाल सरकारको निर्णयानुसार ४ वटा गाविस गाभिए पश्चात २५ वटा वडा विभाजन भई नगरपालिका नै कायम रहेको ।

३.२०७३।११।२७ को नेपाल सरकारको निर्णयानुसार २९ वटा वडाबाट १९ वटा वडामा गाभिई उपमहानगरपालिका नै कायम रहेको।

# हेटौँडा आवादीका क्रममा...



-केदारप्रसाद न्यौपाने

नेपालमा जङ्गबहादुर श्री ३ प्रधानमन्त्री भएपश्चात् थानकोट-चन्द्रागिरी-चित्लाङ-मार्खु-कुलेखानी-देउराली- चिसापानीगढी-भीमफेदी-भैँसे दोभान-हेटौँडा-चुरिया-अमलेखगन्जसम्म करिब ८ फुट चौडाइको बाटो निर्माण गराए । बाटो निर्माण गर्न सरकारी सेना र जिमदारमार्फत् झारा फौज निःशुल्क श्रमदान गराए ।

तत्काल उनीसँग हात्ती, घोडा, उलिनी र रिसल्ला बग्गी थिए । बेलायती महारानीसँग भेट गर्न जान कोसेलीको रूपमा गैँडाको सिङ, बाघको छाला, भालुको पित्त, जरायो आदि सिकार गर्न फौज लिएर पुगे । मुकाम सुपारेटारबाट समरावती तरेर सिकार खोजे तर दुई दिनमा कुनै सिकार परेन । स्थानीय पण्डित, ज्योतिष, गुरौ आदिलाई बोलाएर प्रश्न गरे । यहाँ हाम्रो कामलाई बाधा पर्‍यो के गर्दा यो बाधा फुक्छ भनी प्रश्न गर्दा यहाँ पञ्चपाण्डवकालीन हिडम्बा-भीमसेनसँग विवाहपछि देवीको रूपमा भूदेवी भन्दै भुटनदेवी भएर बसेकी छिन् । उनको पूजाआजा भएको छैन । भए कुनै बिघ्न बाधा पर्दैन भनी ठोकुवा गरे र देवीको पूजाआजा र बाहनलाई बली दिने काम गरे । तत्पश्चात् सिकार खेल्दा धेरै सिकार पर्‍यो ।

कोसेली तयार भएपछि इ. सं. १८५० जनवरी १५ (वि. सं. १९०६०) का दिन केही कर्मचारी साथ लिएर बेलायत जान काठमाडौँबाट प्रस्थान गरे । यो भ्रमणको उद्देश्य १. अपराधीहरू सुपुर्द गर्ने सन्धिको लागि प्रस्ताव पेस गर्नु, २. सुगौली सन्धिको सातौँ धारा संशोधन गर्नु, ३. बेलायतको भौगोलिक, सामाजिक, आर्थिक, राजनीतिक र सैनिक आदि जानकारी लिनु थियो ।[१]

बेलायतको भ्रमण १ वर्ष २९ दिनको भयो । इ.सं. १८५१ फेब्रुअरी ५ मा चिसापानीगढीका बडाहाकिमलाई वार्षिक रूपमा श्री भुटनदेवी माताको चैत्र महिनामा साइत हेरी पूजाआजा र बलीसमेत गरेर सरकारी पूजा गर्नु भन्ने आदेश दिएका रहेछन् । सरकारी पूजा १९०९ साल चैत्रदेखि बिसासय पूजा हुँदै आएको छ । जङ्गबहादुरको मागअनुसार इस्ट इन्डिया कम्पनीबाट इ. सं. १८६० नोभेम्बर १ मा सुगौली सन्धिअनुसार गुमेको भूभाग कञ्चनपुर, कैलाली, बर्दिया र बाँके नेपाललाई फिर्ता भएको थियो ।[२]

इ.सं. १८८४ मा विद्वान् वाचस्पतिलाई पञ्चाङ्ग निर्माण गर्न प्रधानमन्त्री रणोद्वीप सिंहले लगाएका थिए । प्रधानमन्त्री वीरशमशेरले नेपालको भूभागलाई तराईमा १२ जिल्ला पहाडतर्फ २३ तहसिल अड्डामा विभाजन गर्दा हेटौँडा चिसापानी इलाका प्रगण्डा सेती बन्जर भयो । ई.सं. १८९७ मा तहसिलका हाकिमलाई गभर्नर र जिल्लाका हाकिमलाई बडाहाकिम भनियो ।[३] प्रधानमन्त्री देवशमशेरले हेटौँडादेखि रक्सौलसम्म बाटो नजिक

पानीको धारा कुवा बनाउन लगाए । कमाराकमारी मुक्त गर्न हेटौँडाका रुख काटेर काठमाडौँ लैजाने व्यवस्था गरे ।[४]

चन्द्रशमशेर २७ जुन १९०१ मा देवशमशेरलाई पदच्युत गरेर श्री ३ तथा प्रधानमन्त्री भएका थिए । हेटौँडामा लामखुट्टे टोकाइबाट मलेरिया रोग धेरै लागेकोले दासदासी राख्न अमलेखगन्ज रोजे । ई.सं. १८२५ अप्रिल दासदासी मुक्त गर्ने नियम बनाए ।[५] वि. सं. १९६४ मा त्रिचन्द्र अस्पताल भीमफेदीमा खुल्यो १९६४ मै साहु एकादेव वैद्यद्वारा वर्तमान हेटौँडा अस्पताल भएको ठाउँमा तीन तले पौवा निर्माण गर्न लगाए ।

ई. सं. १९१५ मा काठमाडौँ-भीमफेदी-हेटौँडा-अमलेखगन्ज-वीरगन्जसम्म टेलिफोन लाइन राखियो । ई. सं. १९१७/१९१८ मा डिल्लीजङ्ग थापाले चुरेमा सुरुङ खन्न लगाए । साना सवारी वीरगन्ज-हेटौँडा भीमफेदीसम्म सञ्चालन भयो । ई. सं. १९२५ मा धोर्सिङबाट मातातीर्थ किसिपिढी काठमाडौँसम्म १४ माइल लामो रज्जुमार्ग (रोप-वे) चलाए । पछि रक्सौलबाट हेटौँडाहुँदै भीमफेदीसम्म ५१.५ माइल सवारी मार्ग निर्माण भयो । ई. सं. १९२७ मै अमलेखगन्ज रक्सौल २९ माइल लामो रेल मार्ग एन.जी.आर. सञ्चालन भयो ।[६]

वि. सं. १९७४ मा रातोमाटे चुरेमा बाटो काज अड्डा स्थापना भयो । खानेपानी अड्डामा काम गर्ने कृष्णलाल जोशीद्वारा हेटौँडा आएर टुल्केधाराबाट पानी ल्याई चौतारामा धारा राखेको उनीहरूले चौतारा बनाउन बाटो काजका सुवेदारलाई जग्गा निःशुल्क दिए र वरपिपल वृक्षरोपण र चौतारो निर्माण भएको थियो । पशुपति जाने तीर्थयात्रुहरूलाई रासनपानी (सदावर्त) वितरण गरिएको थियो ।[७]

**हाम्रा राजा क्या अड्कल दारी ।**

**गाडी ल्याए चुरेमा प्वाल पारी ।**

कृष्णलाल जोशीले आफ्नो गुठीको जग्गामा वि. सं. २००४ सालमा ढुङ्गामाटोद्वारा हालको भीमसेन मन्दिर भएको ठाउँमा भीमसेन मन्दिर निर्माण गरेका थिए । यो जग्गा वि. सं. १९७५ सालमा खरिद गरिएको थियो । हेटौँडामा वि. सं. १९९८ सालमा नयाँ अस्पताल खुलेको थियो ।

श्री ३ तथा प्रधानमन्त्री पद्मशमशेरले वि. सं. २००४ सालमा वैधानिक कानुनको धोषणा गरे तर लागु गर्न सकेनन् । पद्मशमशेरको प्रधानमन्त्री कालमा भैरवडाँडा मौजा मनोरथ गौतमलाई ८४ बिगाहाको जिमिदारी दिएका थिए । पद्मपोखरी नामकरण पनि पद्मशमशेर र उसका चालक जितबहादुरको नामबाट आलदमार मौजा पद्मजितपुर भएको रहेछ । वि. सं. २००६ मा हेटौँडा-काठमाडौँ ६० माइल लामो राजमार्ग निर्माण गर्न योजना बन्यो । २००७ साल कात्तिक २१ गते श्री ५ त्रिभुवनको सपरिवार नाति ज्ञानेन्द्रबाहेक नारायणहिटी दरबारबाट रानीवन जान भनी हिँडे । भारतीय राजदूतावास शीतल निवास प्रवेश गरेर चन्द्रेश्वरप्रसाद राजदूतसँग शरण मागे र राजदूत चन्द्रेश्वर प्रसादले शरण दिए । भारदारी सभाद्वारा ज्ञानेन्द्रलाई राज्याभिषेक २००७ कात्तिक २३ गते भयो । दिल्लीबाट श्री ५ त्रिभुवन काङ्ग्रेस र राणाबिच सम्झौता भयो । काठमाडौँ आएर २००७ साल फागुण ७ गते प्रजातन्त्र घोषणा भयो । १०४ वर्षे राणाशासन समाप्त भयो । २००९ साल असार २१ भारत सरकारले त्रिभुवन, विमानस्थल र काठमाडौँदेखि अमलेखगन्जसम्म ८२ माइल लामो त्रिभुवन राजपथ निर्माण गर्न रु. ९८ लाख नेपाललाई ऋण दिएको थियो ।[८]

२०१० आषाढ २१ मा मुद्रा अवमूल्यन भएर भारतीय रु. १०० को नेपाली रु. १६२ भयो। कोसी सम्झौता २०११ वैशाख १२ गते भयो । २०११ साल श्रावण ४ गते र भाद्र ५ गते प्राकृतिक प्रकोप बाढीपहिरो गएर धनजनको क्षति भयो । सुरक्षित स्थान भनी हेटौँडामा आएर फँडानी गरी छाप्रो बनाई बसोबास गरी खेती  गरे।

रोपवेको जग्गा भएको ठाउँमा हाम्रो परिवारको गाई गोरु राख्ने हिउँदे गोठ २०१० सालसम्म थियो र म २००९ सालमा हेटौँडा आएको थिएँ। चौकीटोलमा सवारीको मर्मत गर्ने वर्कसप थियो। त्यहाँ काम गर्ने भक्तबहादुर राना थिए। त्यहाँ चौकी पनि भएको र बस्तीलाई टोल भन्दै चौकीटोल नामकरण भएको हो । मालअड्डा मकवानपुर गढीबाट राजा ईश्वरीबहादुर सिंहको घर हेटौँडा- ४ मा सञ्चालन गरियो । २०१३ साल अन्ततिर त्रिभुवन राजपथ सञ्चालन भयो । हेटौँडा-भरतपुर सडक निर्माण कार्य २०१३ सालदेखि नै सुरु भएको थियो । त्रिभुवन राजपथको समुद्घाटन वि. सं. २०१४ असार १८ गते श्री  ५ महेन्द्रबाट भएको थियो।[९]

तत्काल हेटौँडाको बस्ती सानै भए पनि चिउरा कुट्ने, खाजा पसल चलाउने, राजनीतिज्ञसमेत भएर २०१४ मङ्सिर २२ गते हेटौँडामा सत्याग्रह आन्दोलन भएको थियो । श्री महेन्द्रबाट वि. सं. २०१५ फागुण ७ गतेदेखि आम चुनाव गर्ने घोषणा २०१४ माघमा भयो । २०१५ वैशाख ३ गतेदेखि नेपाल सरकारको ठाउँमा श्री ५ को सरकार गरियो। नेपाल अधिराज्यको संविधान २०१५ फागुन १ गते संविधान मस्यौदा आयोगले तयार गरेको मस्यौदा मन्त्रीपरिषद्बाट स्वीकृत भयो।[१०]

निर्वाचनका लागि देशभर १०९ निर्वाचन क्षेत्रमा २०१५ साल फागुण ७ गतेदेखि निर्वाचन प्रारम्भ भएर २०१६ साल वैशाख २८ गते अन्तिम विवरण प्रकाशित भयो। हेटौँडा पश्चिम नारायणी नदीसम्म ५६ नम्बर क्षेत्रबाट नेपाली काङ्ग्रेसका विश्वबन्धु थापा ६८११ मत ल्याएर विजयी भए भने पूर्वउत्तर ५५ नम्बर क्षेत्रमा नेपाल राष्ट्रिय गोर्खा परिषद्बाट ताराप्रसाद सुवेदीले ८९२९ मत ल्याएर विजयी भएका थिए । यी दुबै क्षेत्र हेटौँडा उपमहानगरमा पर्छन्।

यो निर्वाचनमा नेपाली काङ्ग्रेस ७४ क्षेत्रमा विजयी भयो। त्यस्तै गोर्खा परिषद्बाट १९ क्षेत्रमा विजयी भए। संयुक्त प्रजातन्त्र पार्टी ५ क्षेत्रमा विजयी भए। नेपाल कम्युनिस्ट पार्टी ४ क्षेत्रमा विजयी भए । नेपाल प्रजा परिषद् आचार्यबाट २ क्षेत्रमा, नेपाल प्रजा परिषद् मिश्रबाट १ क्षेत्र र स्वतन्त्र ४ क्षेत्रमा विजयी भएका थिए।

२०१६ साल पौष १९ बाट नेपाल अधिराज्यको बिर्ता जग्गा उन्मूलन भएर भूस्वामित्वसम्बन्धी एकाधिकार समाप्त भयो। ५ नं. वडा पिप्लेमा र हेटौँडा- १ मा राजगुठी बिर्ता जग्गा थियो । साँधसीमानाका रैकर जग्गा सरह मालपोत बुझाउनुपर्ने भयो । नेपाल अधिराज्यको जङ्गल राष्ट्रियकरण भएको सूचना २०१६ आश्विन २७ गतेदेखि नेपाल एयरलायन्स कर्पोरेसनको राष्ट्रियकरण भयो।

२०१६ साल पौष महिनादेखि विकेन्द्रीकरणको नीति अपनाउने भनी जिल्ला विकास बोर्ड गठन भयो । प्रत्येक जिल्लामा ११ जना ब्लक विकास अधिकारी (बी.डी.ओ.) एक जना जिल्ला विकास अधिकारी (डी.डी.ओ.) नियुक्त मकवानपुरमा पनि भयो । २०१७ साल आषाढमा प्रकाशित गजेटअनुसार पञ्चायत गोस्वारालाई पञ्चायत विभागमा परिणत गरियो।[११]

हेटौँडा स्कुल मिति २०१६ साल वैशाख १ गते स्थापना भएको थियो । स्कुलहरू खोल्ने

प्रजातान्त्रिक सरकारको उद्देश्यअनुसार हेटौँडामा स्कुलहरू खुलेका थिए । २०१७ साल मङ्सिरमा हेटौँडा-काठमाडौँ रोपवे ४२ किमी सञ्चालन गर्न रामजी वैद्यसँग जग्गा खरिद गरियो । रिल्पेट प्लानअन्तर्गत् रोपवे २०१९ सालदेखि नेपाल-अमेरिका सहयोगमा भयो । बोर्ड अझै पनि छ । २०१७ साल पौष १ गते राजाबाट प्रजातान्त्र कु गरेर मन्त्रीमण्डल विघटन भयो । तत्काल प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला थिए ।[१२]

हेटौँडा गाउँ पञ्चायत २०१७ साल पौष २९ गते श्री खगेश्वर सुवेदीको घर दक्षिणतर्फ धादिङ मल्लुङबाट बसाइँ आएका विष्णुप्रसाद अर्यालको छिडीको एक कोठामा टिनको बाकसमा छापहरू राखिन्थ्यो । भुइँमा सुकुल राखेर बसिन्थ्यो । पछि त्यो सडकलाई प्रभाकरपथ भनियो ।

नेपाल सरकारले औद्योगिक विकास सङ्घ स्थापना भयो । तत्पश्चात् बालाजु औद्योगिक क्षेत्र घोषणा भयो । हेटौँडा टिम्बर कर्पोरेसन अफ नेपाल खुल्यो । सरकारले पर्यटन उद्योगको निमित्त कार्य गऱ्यो। साथै पर्यटन विकासको समिति गठन गरियो ।[१३]

वासुदेव रिजाल प्रधानपञ्च भएपछि पहिलो अधिवेशन वर्तमान कार्यालय भएको ठाउँमा उद्घाटन भएको  थियो ।

हेटौँडा-चुरेको सुरुङ सानो र सवारी ठुलो हुँदा चुरियाको सुरुङबाट नछिरेर डाँडालाई काटेर २०१६ सालदेखि सुरुङ बन्द भएको थियो । हेटौँडा बजारको 'नव सन्देश गृह' पहिलो पत्रिका र पुस्तक पसल २०१७ सालमा खुलेको थियो । घरवाला जिमिदार प्र.अ. फणीन्द्र रिजाल थिए । पसलवाला वासुदेव रिजाल थिए ।  नेपाल औलो उन्मूलन सङ्घबाट घरगोठमा डी.डी.टी. पाउडर छरेको २०१४ सालमा हो । सोपछि औलो उन्मूलन हुँदै गयो । २०१६ सालतिरको सडकको काम गर्ने कार्यालयलाई आर.टी.ओ. भनिन्थ्यो । हेटौँडा गाउँ पञ्चायतको पूर्व हटिया, पश्चिम बसामाडी पद्मपोखरी नकौली, उत्तर सामरी खोला र दक्षिण बिरे दमार, पानीसरा आदि थियो ।

मुस्लिमहरूले हेटौँडा- ४ भैरवरोडमा जामे मस्जिदका लागि २०१६ सालदेखि नै जग्गा पाएका थिए । भुटनदेवी स्कुललाई १० बिगाहा जग्गा छुट्याइएको थियो । हेटौँडा चोकबाट ७ किमी पूर्व दनुवार (राई) हरूले पूजा गर्ने स्थान रक्षादेवी स्थान करिब ३०० वर्ष अगाडिको रहेछ । हेटौँडा बजारबाट ११ किमी पूर्व सेनकालीन देवी राजदेवी मन्दिर ४०० वर्ष अगाडिको हुनुपर्छ ।

वि. सं. १९९८ सालमा चौतारामा सानु पत्थरको श्री कृष्णमूर्ति स्थापना गरियो । वि. सं. २०१८ साल वैशाख १६ गते चौतारा पूर्वपट्टि आगलागी भएको थियो । हेटौँडामा दमकल नहुँदा काठमाडौँ नगरपालिकाबाट दमकल बाइरोडबाट ल्याएर आगो निभाइएको थियो । १ नं वडा जरुवामा गएर पानी भरेको थियो । हेटौँडा औद्योगिक क्षेत्र २०१९ देखि जग्गा लिने काम भएर २०२० मङ्सिरदेखि उद्योग सञ्चालन भएको थियो। ३०० बिगाह क्षेत्रफल थियो ।[१४]

पुण्यक्षेत्र हेटौँडा बुद्धचोकबाट ६.५ किमी पश्चिम उत्तर सहिद स्मारकबाट १.१ किमी पर्दछ। महानन्द रिजाल नामक सन्तले तपस्या गरेको स्थान घनघोर जङ्गलबिच करिब ७० वर्षअघि देखिको हो । नेपालमा मानव धर्मको प्रारम्भ यहीँबाट भएको थियो । २०२५ सालमा सुन्दर आश्रम निर्माण भएको थियो । यो हरिद्वार कनखलसँग सम्बन्धित छ ।[१५]

हेटौँडा गोरक्षेश्वर पहरेघाटमा वि. सं. १९९१ पौष ९ गतेबाट दाहसंस्कार भएको स्थान हो । राप्ती नदीको

पूर्व किनारामा पर्दछ । हेटौँडा- १० नं. वडा हाल गोरक्षेश्वरधाम भनिन्छ। यहाँ ५२ फुटे हनुमान, शिव पाञ्चायनसमेत निर्माण भएको छ ।यहाँ धर्मशाला र संस्कृत वेद विद्यालयसमेत छ।[१६]

२०१८ सालदेखि व्यापारीहरूले व्यापार सङ्घ खोल्दै व्यापारीहरूको हकहितमा काम गर्दै आए पनि वि. सं. २०२३ सालदेखि दर्ता गरी उद्योग वाणिज्य सङ्घ भएको हो। संस्थापक अध्यक्ष स्व. मोहनबहादुर सिंह थिए।[१७]

२००९ सालदेखि मोती अग्रवाल, बद्री अग्रवाल, सोहनलाल अग्रवाल आदिले कपडा पसल राखेको देखेको थिएँ । हुप्राचौर करिब १२० बिगाह जग्गा २०१० सालमा हुकुम प्रमाङ्गी भएको भनी हु.प्र. पाउने नआए पनि दरबारिया कर्मचारी, सेना र भारदारहरूले बसोबास गरिरहेको क्षेत्र हटाउन प्रशासक अञ्चलाधीशबाट प्रयास भएको थियो । कागजअनुसार हु.प्र. पाउने बटुकृष्ण श्रेष्ठ थिए। तर जग्गामा दरबारका सचिव सरदार, भादारहरू थिए । २०२२-२०२३ सालमा महिलाहरू प्रतिनिधि मण्डल राजा श्री ५ महेन्द्रलाई भेट्न जाँदा मलाई थाहा भएन बुबाबाट हु.प्र. भएको छ भनी कागज पेस भएकोले मैले पनि सदर गरेको हुँ भन्ने हुकुम हुँदा एक पक्षलाई सट्टा भर्ना दिई निजगढनजिक जग्गा दिन नारायणी अञ्चलाधीशलाई आदेश भएको थियो।

वि. सं. २०२२ साल फागुन २८ गते कवि राजा महेन्द्रले कवि केदारमान व्यथितको अध्यक्षतामा अञ्चलाधीश रामनारायण श्रेष्ठसहित चौध अञ्चलका कविहरूलाई बोलाएका थिए। नारायणी नदीमा तीनवटा डुङ्गा बाँधेर त्यसमाथि कविहरूलाई राखेर कविगोष्ठी गरिएको थियो । राजा महेन्द्र सँगै थिए। सबैलाई हेटौँडामा विश्राम गराएर लगिएको थियो । २०२० सालमा नारायणी अञ्चलाधीश चन्द्रमान थकाली थिए।

हेटौँडा अस्पताल वि. सं. १९९८ मङ्सिरमा स्थापना भएको तीनतले पौवामा २०१९ सालमा हेटौँडा खुलेको हो र अस्पतालको प्रमुख भएर डा. श्री मथुराप्रसाद श्रेष्ठ आएका थिए भनी उनैको लेखमा भनिएको छ। उनी पनि प्रधानपञ्च वासुदेव रिजाललाई सहयोग गर्न हेटौँडा अस्पतालको प्रमुख भएर आएका थिए । २००९ सालदेखि कान्तिराजपथ निर्माण प्रारम्भ भएको थियो। व्यापार सङ्घ भनी २०१८ सालदेखि नै प्रयास भए तापनि दर्ता भने २०२३ सालमा भएको थियो । २०२५ साल भाद्र २८ गते धर्मशाला निर्माण गर्ने भनी कात्तिक १४ गते उ.वा. सङ्घका तत्कालीन केन्द्रीय अध्यक्ष श्री जुद्धबहादुर श्रेष्ठले हेटौँडा- २ मा वर्तमान उ.वा. सङ्घको कार्यालय भएको ठाउँमा २ कठ्ठा जग्गाको मूल्य रु. १५ हजार मध्ये रु ९ हजार सङ्घलाई चन्दा दिए । रु. ६ हजार सङ्घसँग लिएका थिए। यसै समयमा नारायणी नदीमा सवारी तार्ने ठुलो डुङ्गा जसलाई फेरी भनिन्थ्यो त्यो राखिए पछि पूर्व-दक्षिणबाट आउने यात्रीहरूलाई राजधानी काठमाडौँ जान हेटौँडा भएरै जानुपर्ने भयो।

२०२३ सालमा बालिग मताधिकारका आधारमा हेटौँडा गाउँपञ्चायतको प्रधानपञ्चसहित निर्वाचन हुँदा अत्याधिक मतले वासुदेव रिजाल विजयी हुनुभएको थियो । चिसापानीमा किसान र प्रशासकका बिच ठुलो घटना हुँदा किसान पक्षमा लाग्यो भनी वासुदेव रिजाल प्रधानपञ्चलाई सुरक्षा कानुनअनुसार पक्रिएर सदर कारागारमा राखियो । २०२६ सालमा हेटौँडा गाउँपञ्चायतबाट हेटौँडा नगर पञ्चायत घोषणा हुनुमा प्रधानपञ्च वासुदेव रिजालको विकास निर्माणको कारण मुख्य रहेको छ। हेटौँडा नगर पञ्चायतको निर्वाचन २०२६ साल माघमा भएको थियो । पहिलो बैठक २०२६ साल

फाल्गुन १ गते भएको थियो । हाल भएका सडकहरू उहाँकै कार्यकालमा छुट्याइएका हुन् । कच्ची सडकमा ग्रेभल राख्न काठमाडौंबाट रित्तो फर्किने ट्रकहरूलाई बाघभोराबाट ग्रेभल लोड गरी ल्याएर सडकमा राख्ने गरिएको थियो । प्रधानपञ्च वासुदेव रिजालले २०२६/०२७ को बजेटमा ४ लाख ९९ हजार ४ सय ९५ मध्ये १ लाख ५० हजार उधारो बजेट थियो । व्यवस्थित सहरी विकास भएको देखेर सबै आश्चर्य मान्दथे । उहाँलाई सरकारी पक्षबाट सहयोग नभए तापनि सर्वसाधरण बाट पूरै सहयोग भएको थियो । तत्कालीन दरबारिया भारदारहरू सर्वसाधरण सबैले प्लानिङ देखेर हेटौंडामा घडेरी-जग्गा किन्न लालायित हुन्थे । २०२७ वैशाख ९ गते वडागत तथ्याङ्क लिने काम गरियो । फुटपाथ, सवारी पार्क, मासु काट्ने वधशाला, हेटौंडा-चौघडा पिच गर्ने माग २०२७ मङ्सिर २१ गते भएको थियो । राप्ती सिसौघारीमा पशुवधशाला आदि धेरै योजना भएको थियो । १५० बिगाहा टाउन प्लानिङ गर्ने भनी २०२७ फाल्गुन १४ गने निर्णय भएको देखिन्छ ।

**याद टिप्पणी :**

१. देवीप्रसाद - आधुनिक नेपालको इतिहास (पृ १६८-१६९)
२. २००४ चैत्र ३ सोमबारको गोरखापत्र
३. देवीप्रसाद ऐ.ऐ. पृ. २००-२०१
४. चितरञ्जन नेपाली - नेपालमा करिया मोचनको इतिहास पृ. २६-२७
५. देवीप्रसाद शर्मा ऐ.ऐ.ऐ. पृ २१५
६. रुद्रहरि जोशी प्रत्यक्ष
७. देवीप्रसाद ऐ.ऐ. पृ. ३०१
८. ग्रीष्मबहादुर देवकोटा, नेपालको राजनीतिक दर्पण भाग १
९. ग्रीष्मबहादुर देवकोटा, नेपालको राजनीतिक दर्पण पृ. ६५३
१०. ग्रीष्मबहादुर देवकोटा, नेपालको राजनीतिक दर्पण पृ. ३२१
११. देवीप्रसाद शर्मा ऐ.ऐ.ऐ पृ. ३३७
१२. ग्रीष्मबहादुर देवकोटा, नेपालको राजनीतिक दर्पण पृ. ३२१
१३. केदारप्रसाद न्यौपाने मकवानपुरको पर्यटकीय पथ प्रदर्शक पुस्तिका पृ. १०५
१४. केदारप्रसाद न्यौपाने मकवानपुरको पर्यटकीय पथ प्रदर्शक पुस्तिका पृ. ५३
१५. केदारप्रसाद न्यौपाने मकवानपुरको पर्यटकीय पथ प्रदर्शक पुस्तिका पृ. ४३
१६. मकवानपुर उद्योग वाणिज्य सङ्घ वार्षिक पुस्तिका
१७. चिसापानी काण्ड, हेटौंडा सन्देश दैनिक

❑❑❑

# मकवानपुरको खेलकुद : विगत र वर्तमान



- खुशराज दाहाल (राजन)

**विषय प्रवेश :**

जीवनको पहिलो आवश्यकताको परिभाषामा खेलकुद हुनुपर्दछ । शारीरिक तथा मानसिक तन्दुरुस्तीका लागि खेलकुद जीवनको अभिन्न पक्ष हो । खेलकुदको महत्त्व र आवश्यकता थाहा नपाउँदै पनि सबै मनिसहरू यसमा आबद्ध छन् । मानिसका क्रियाकलापलाई परिभाषा गर्दा खेलकुद समावेश हुनै पर्दछ । जन्मदेखि मृत्युसम्मका सबै क्रियाकलप खेलकुदको परिभाषाभित्र पर्ने गर्दछन् । तर, आज पनि नेपाली परिवेशमा खेलकुद मनोरञ्जनका लागि मात्र सीमित देखिएको छ । समाज र राज्यका निकायहरूको चिन्तन र व्यवहारले यही कुरालाई पुष्टि गरेको छ । विश्व जगत्मा खेलकुदले उच्च प्राथमिकता पाउने गरेको छ ।

शारीरिक तन्दुरुस्तीबिना मानिसले बौद्धिक काम पनि गर्न सक्दैन । अर्थात् स्वस्च्छ मानसिकता, सकारात्मक चिन्तन र कामप्रतिको लगनशीलताका लागि पनि शारीरिक फुर्ती आवश्यक छ । यो शारीरिक फुर्ती केवल खेलकुदले मात्र दिन्छ । तर, नेपालमा नीतिनियम बनाउनेदेखि समाजका सबै मानिसमा खेलेर पनि खान पाइन्छ र ? भन्ने मानसिकता कायम छ । यही मान्यताबाट मकवानपुरे खेलकुद पनि अघि बढ्दै आएको देखिन्छ ।

**पृष्ठभूमि :**

खेलकुदको आयोजना वा अभ्यासका लागि मकवानपुर उपयुक्त हावापानी भएको जिल्ला हो । चुरे र महाभारत पहाडको बिचमा रहेको मकवानपुरको हावापानीमा अध्यास गरेका खेलाडीका लागि अन्य स्थानमा खेल्न सहज हुने अवस्था छ । यही अवस्थाको फाइदा उठाउँदै मकवानपुरे खेलाडीहरूले जिल्लालाई खेलभूमिका रूपमा परिचित गराएका हुन् ।

खेलका लागि उर्वर भूमिका रूपमा परिचित मकवानपुर तथा विषेश गरी हेटौँडाले धेरै खेलाडी उत्पादन गरेको छ । राज्यको लगानीबिना नै जिल्लाबाट ठुलो सङ्ख्याका खेलाडीहरू आज पनि राष्ट्रिय टिममा छन् ।

खाली खुट्टाले खुल्ला चौरमा खुल्ला आकाशमुनि अभ्यास गरेर जिल्लालाई परिचित गराउन सफल खेलाडीहरूको वर्तमान अवस्था के छ भन्ने पक्ष महत्त्वपूर्ण हो । विगतलाई हेरेर आगतको अनुमान गर्न सकिन्छ । खेलप्रतिभाको जिल्लामा कमी छैन तर कमी छ त अभ्यास गर्ने स्थान र साधनको ।

खेलाडीको क्षमता मात्रले पनि खेलको विकास हुन सक्दैन । व्यवस्थापन आवश्यक हुन्छ ।

मकवानपुरे खेलकुदको महत्त्वपूर्ण चुनौती नै खेल व्यवस्थापन बनेको छ । पुराना खेलाडीको अवस्थाले वर्तमानमा युवाहरूको आकर्षण हुनु पर्दछ। आजका प्रतिभा भविष्यका अब्बल खेलाडी हुन्। त्यसैले खेल क्षेत्रलाई उपेक्षा हैन कि अपेक्षित बनाउनेतर्फ ध्यान पुग्नु जरुरी छ । सबै पक्षबाट कष्टपूर्ण रूपमा बामे सर्दै आएको मकवानपुरे खेलकुद धेरै आरोहअवरोहबाट आजको अवस्थामा आएको देखिन्छ।

**योगदान :**

बरालिएको, बिग्रिएको, काम ठग जस्ता उपमा पाएर पनि आफूलाई खेलकुदमा समर्पित गर्ने पुरानो पुस्ता मकवानपुरमा प्रशस्तै छन्। उनीहरूकै पदचाप पछ्याउँदै आज जिल्लाका धेरै खेलाडीहरूले राष्ट्रिय परिचय बनाएका छन् । पछिल्लो समय खेलप्रति केही सकारात्मक चिन्तन बढ्दै गएको छ। कठिन अवस्थामा पनि खेललाई जीवनशैली बनाएकाहरू नै आजको पुस्ताका लागि उदाहरण हुन्।

जिल्लामा धेरै विधाका खेलाडीहरूको इतिहास छ । कमल थापा गणेश थापा, कुमार कटुवाल, राजेन्द्र श्रेष्ठ, जीवन लामा, नरेश जोशी जस्ता खेलाडीहरू रहरैरहरमा खेल्दै गर्दा चर्चित हुन सफल भएका छन् । दक्षिण एशियाको पहिलो महिला फिफा रेफ्री कल्पना शर्मा, राष्ट्रिय महिला खेलाडी पेमा शेर्पा, फिफा रेफ्री युनाल मल्लहरूको योगदानलाई जिल्लाले सधैँ स्मरण गर्ने छ। बक्सिङ खेललाई जिल्लामा नेतृत्व दिने विष्णुगोपाल श्रेष्ठदेखि ध्रुवलाल श्रेष्ठ, लालबहादुर पौडेल, केशव राजथला, केशवलाल श्रेष्ठ (तौजले) हरूको खेलकौशलबाट धेरै खेलाडी आकर्षित भएका छन्।

**ओलम्पियनहरू** समेत हेटौंडाभित्रै छन् भन्ने जानकारी धेरै कमलाई मात्र छ। हेटौँडा २ मा सस्ने धावक भक्तबहादुर खत्रीले २० औं ओलम्पिक खेलिसकेका छन् भने ३१ औं ओलम्पिकमा आर्चरी विधामा नेपालको प्रतिनिधित्व गर्ने जितबहादुर मोक्तान हेटौँडा १४ का बासिन्दा हुन्।

देशमा मार्सल आर्ट खेलमाथि प्रतिवन्ध रहेकै आवस्थामा भारतको रक्सौलसम्म पुगेर **कराँते** सिक्दै जिल्लामा भित्र्याउनेहरू दयाराम क्याल, लव अधिकारी, रामकृष्ण श्रेष्ठ, हरिबल महतहरूकै प्रयासमा धेरै खेलाडीहरू उत्पादन भएको देखिन्छ। रामकृष्ण महर्जन (दाङ), विष्णुभक्त लामा, गणेश थिङ, पार्वती गिरीहरूको खेल क्षमतामा कहीँकतैबाट लगानी भएन । नरेन्द्र श्रेष्ठ, मुकुन्द, टुकेन्द्र श्रेष्ठ, विमल थापा, किशोर श्रेष्ठलगातका प्रशिक्षकहरूको योगदान जिल्लाले भुल्न सक्दैन।

**भलिबलमा** केशवलाल श्रेष्ठ वा विशाल बिडारीदेखि रामकृष्ण महर्जनसम्मको खेल हेर्नका लागि धेरै टाडाबाट मानिसहरू हेटौँडा आउने गरेको कुरा आज इतिहास नै हो । मकवानपुरमा नै **तेक्वान्दो** खेलको विकास गर्ने क्रममा दिलिप राजथलाको भूमिका इतिहास मात्र हैन वर्तमान पनि हो। वन्दना श्रेष्ठ, सञ्जिव ओझा, निशा दर्लामीले तेक्वान्दोमा देशलाई पदक दिलाएका छन् । आमन्त्रित गेमहरूमा लालकाजी रत्न बज्राचार्य, रविन जोशी, माधव कोइराला, मदन श्रेष्ठ, नारायणसिंह थिङ, निरु मगर, ओमकुमार मोक्तानहरूको योगदान हेटौँडाको खेल विकासमा महत्त्वपूर्ण मानिन्छ।

भलिबलका रोमन श्रेष्ठ, चुडा खड्काहरूले पनि देशको प्रतिनिधित्व गरिसकेका छन्। **उसुका** हरिप्रसाद गोलेदेखि शिलु डङ्गोल वा

कमल आचार्य, फुटलमा अन्जन विष्ट, रन्जन बिष्ट, सुनिल बल, एनल न्यौपानेजस्ता खेलाडी देशकै प्रतिभा हुन् ।

अन्तराष्ट्रिय रूपमा खेलकुद व्यवसायिक बन्दै गर्दा मकवानपुरे युवाहरूले देशकै समग्र खेलकुदको नेतृत्वसमेत गरेका छन् । प्रदीप महर्जनहरू यति बेला चर्चामा नभए पनि राष्ट्रिय टिममा चर्चित खेलाडीका रूपमा आज पनि रन्जन बिष्ट, अन्जन विष्ट, सुनिल बल, एलन न्यौपाने, आयुष घलान, अशोक बराल, अमिर श्रेष्ठ, समीरराज थोकर, विमल पाण्डे, अनिल थापा जस्ता सयौंको सङ्ख्यामा फुटबलका खेलाडी आज पनि खेललाई व्यवसायिक बनाउने प्रयासमा छन् ।

बक्सिङका सुशील घिमिरे, राजन शिल्पकार, दिनेश श्रेष्ठ, पुरन राई, पूर्णबहादुर लामा, अजित गुरुङ, सुसन मानन्धर, सुदेश मानन्धर, अनिल दाहाल, विकास बल लामा, सविन नेपाली, विकास नेपालीको अन्तर्राष्ट्रिय सहभागिता तथा पदक प्राप्तिले हेटौँडाको मात्र नभई देशकै इज्वत बढाएको छ । आर्चरीका राधिका ब्लोन, कृष्णमाया स्याङ्तान, फुल कन्ट्याक्टका अनिषा लामा वा निर्मला लो, ब्याडमिन्टनका अभिशेक बोस जस्ता खेलाडीले कति वातावरण पाए भन्ने प्रश्न छ ।

क्रिकेटका रामनरेश गिरीदेखि रिजन ढकाल जस्ता खेलाडीहरूले उचित वातावरण पाएमा देशका लागि अझै योगदान दिन सक्ने प्रतिभा छ । खेलका माध्यमबाट जिल्ला र हेटौँडालाई उजिल्याउने धेरै खेलाडीहरू अझै पनि गुमनाम नै छन् । उल्लेख गरिएका नाम त केवल प्रतिनिधि पात्र मात्र हुन् । यता हक्कीको प्रदेशकै टिम मकवानपुरमा मात्र छ भन्दा अन्यथा हुँदैन । यस्तै रग्बी जस्तो नयाँ खेलमा समेत हेटौँडाका धेरै खेलाडी आज पनि उत्साहित छन् ।

**भौतिक पूर्वाधार : स्थानीय निकायको भूमिका**

देशकै इन्जत राख्ने खेलाडीहरू मकवानपुरे हुन् भन्दा गर्व गर्दछौं भने वर्तमान पुस्ताका खेलाडीका लागि के गरिएको छ भन्ने पक्षबाट जिल्लावासीले शिर निहुऱ्याउनु पर्ने अवस्था छ । न त फुटबलको मैदान छ न एथलेटिक्सका लागि ट्र्याक नै बनाउन सकिएको छ । भलिबलका लागि कोर्टसहितको कभर्डहल वा मार्सल आर्टका लागि पूर्वाधार केही पनि छैन भन्दा अन्य अर्थ लाग्दैन । यस्तै क्रिकेट जुन खेलमा आज नेपाली युवाहरूले ऐतिहासिक सफलता पाएका छन् तर मकवानपुरमा उनीहरूका लागि अध्यास गर्ने स्थान खै ? के यसतर्फ जिल्लाका कुनै निकायले सोच्नु आवश्यक छैन र ?

कर्भड हलभित्र अध्यास गरिने खेल बक्सिङ, तेक्वान्दो, उसु, कराँतेलगायतका खेलाडीहरू आज पनि खुल्ला आकाशमुनि अध्यास गरेको देख्दा जिल्लाका धनाढ्यहरू वा स्थानीय निकायका पदाधिकरी वा राजनीतिक नेतृत्वको कहिले पनि मन दुखेको देखिएको छैन । खेल र खेलाडीका पक्षमा जिल्ला खेलकुद विकास समितिले बनाएका कार्यक्रमलाई स्थानीय निकायका परिषद् बैठकहरूमा सुनुवाइ भएको पाइँदैन ।

देशकै प्रतिनिधित्व गर्ने योग्य खेलाडीहरू उत्पादन गरेको हेटौँडा र समग्र जिल्लामा खेल पूर्वाधारको अवस्था दयनीय नै छ । हेटौँडाका पुराना खेलाडीहरूले हुप्र चौरको धुलोबाटै प्रतिभा निखारेका हुन् । घामपानीमा ओत लाग्ने ठाउँको अभावमा खेलाडीहरूले खेपेको सास्तीलाई साक्षी राख्दै अब खेल पूर्वाधारको विकास गरिनु आवश्यक छ ।

**लगानीमा सुधार हुँदै :**

पूर्वाधारको दृष्टिकोणबाट स्थानीय तह गठन भएपछि केही सुधारका सङ्केतहरू देखिएका छन् । सबै स्थानीयहरूबाट खेल पूर्वाधारका लागि बजेट विनियोजन गरेको पाइन्छ तर उदेश्यअनुसार खर्च गर्न नसकेको हो कि ?

पाँच वर्षको अवधिमा हेटौँडा उपमहानगरपालिकाले खेलकुदको क्षेत्रमा निकै ठुलो लगानी गरेको देखिन्छ। ६/७ वर्ष अघिसम्म महत्त्व नै नपाएको खेल क्षेत्रमा यति बेला लागानी बढाउने प्रक्रिया सुरु भएको छ । हेटौँडा उपमहानगरपालिकाले पछिल्लो समय खेलकुदलाई उच्च प्राथमिकतामा राख्ने गरेको छ। गएको पाँच वर्षमा हुप्रचौरमा वाकिङ ट्रयाक, भलिवल कोर्ट निर्माण सुरु, क्याम्पा चौरमा रङ्गशालाका लागि भएको लगानीदेखि हेटौँडा ४ पारिजात पथको बहुद्देश्यीय कभर्डहल निर्माण गरेको छ।

यस्तै सबै वडाहरूमा खेल मैदानदेखि जिमखानाको अवधारणाले हेटौँडालाई खेलमैत्री बनाउने विश्वास गर्न सकिन्छ । यस्तै अहिलेको नतृत्वले पनि हेटौँडालाई खेल क्षेत्रमा अघि बडाउने गरी कार्य योजना बनाएको देखिन्छ। तर, योजना मात्र पर्याप्त हुँदैनन् । कार्यान्वयनमा दृढ इच्छशक्तिको खाँचो देखिन्छ।

**प्रतियोगिता :**

खेल र खेलाडीको विकास र स्तर उन्नतिको मुख्य आधार नै प्रतियोगिताहरू हुन् । यसतर्फ राज्यका निकायहरूको ध्यान पुगिरहेको हुँदैन । मकवानपुरमा निकै लामो समयसम्म प्रतियोगिता हुन नसकेको यथार्थ हो। केही क्लब वा संस्थाका तर्फबाट प्रतियोगिताहरू नभएका हैनन्। तर, राष्ट्रिय स्तरका ठुला पुरस्कार राशिका प्रतियोगिता हुन सकिरहेको अवस्था थिएन । जिल्लाबाट खेल सङ्घको राष्ट्रिय नेतृत्वमा पुग्नेहरूले समेत जिल्लामा न त योजना ल्याए न प्रतियोगिता सञ्चालन नै गरे।

दोस्रो जनआन्दोलनका सहिदहरूको स्मृतिमा २०६५ सालमा जिल्ला खेलकुद विकास समितिका तत्तकालीन अध्यक्ष हरिबल महतको नेतृत्वमा भएको ए डिभिजन क्लबहरू सहभागि फुटबल प्रतियोगिताले जिल्लामा नयाँ आयाम स्थापित गरेको देखिन्छ । यो प्रतियोगितालाई जिल्ला फुटबल सङ्घको नेतृत्वमा स्थानीय तहरूको समेत लगानीमा प्रतियोगिता सञ्चालन भइरहेको छ। यो प्रतियोगितामा दिइने २५ लाख पुरस्कार हेटौँडा उपमहानगरपालिकाले प्रदान गर्दै आएको छ । यो प्रतियोगितामा सर्वोत्कृष्ट हुने खेलाडीलाई हेटौँडा स्कुल अफ म्यानेजम्यान्टले प्रदान गर्ने बुलेट बाइक देशभरकै फुटबल प्रतियोगिताको आकर्षण बनेको छ।

२०७२ सालको भूकम्पमा परी निधन भएका खेल पत्रकार सुमन भोम्जनको स्मृतिमा भेष खड्गीको नेतृत्वमा गठन भएको स्मृति प्रतिष्ठनले पनि ए डिभिजन क्लबहरूको सहभागितामा दुई वर्षसम्म प्रतियोगिता सञ्चालन गऱ्यो जुन प्रतियोगिताले हेटौँडामा फुटबलको माहोल बनाउन निकै भूमिका खेलेको छ।

भूकम्पमा नै निधन भएका राष्ट्रिय खेलकुद परिषद्मा भलिबलका तत्कालीन मुख्य प्रशिक्षक केशललाल श्रेष्ठको स्मृतिमा पनि हेटौँडामा लगातार तीन वटा राष्ट्रिय स्तरका भलिबल प्रतियोगिता भएको देखिन्छ । रोड टु हेटौँडा बक्सिङ प्रतियोगिता २०६७/०६८ मा हेटौँडामा भएको रोड टु हेटौँडा बक्सिङ प्रतियोगिताकै क्रममा एक जना मुक्केवाज राजकुमार बुढाथोकीको निधनले दुखदायी बन्न पुग्यो। यस्तै बक्सिङ प्रतियोगितालाई थप आकर्षक

बनाउने कलाकारहरूको पनि भूमिका हुने कुरा हेटौँडामा भएको वर्ल्ड सिरिज अफ बक्सिङले प्रमाणित गरेको छ। २०५२ सालमा भएको कुकुरी कपपछि कराँतेका ठुला प्रतियोगिता हेटौँडामा आयोजना हुन सकेको अवस्था छैन। तर, हक्कीका राष्ट्रिय प्रतियोगिताहरू हेटौँडामा सञ्चालन भएका पाइन्छन् । यस्तै अन्य विभिन्न खेलका छिटपुट प्रतियोगिताहरू भए पनि उल्लेख्य रूपमा हुन सकेका देखिँदैनन् ।

**पदका लागि खेलकुद**

मकवानपुरमा यति बेला फुटबल, भलिबल, क्रिकेट, बक्सिङ, तेक्वान्दो, उसु, ब्याडमिन्टन, कराँते, फुल कन्ट्याक्ट कराँते, टेबलटेनिस, एथलेटिक्स, हक्की, रग्बी, जुडोलगातका ४० भन्दा धेरै सङ्घ दर्ता भएको देखिए पनि खेलाडी उत्पादन वा प्रतियोगिता कमै सङ्घले मात्र गरेका छन् । सङ्घ गठन वा दर्ता नेतृत्वका लागि मात्रै हुने गरेको देखिन्छ । एक पटक सङ्घ गठन गरेपछि बसौँसम्म पनि साधारण सभा भएको देखिँदैन । तत्काल नेतृत्व लिनका लागि वा केन्द्रीय स्वार्थ पूरा गर्न मात्र सङ्घहरू जिल्लामा गठन हुने गरेका देखिन्छन् । यसले खेल सङ्घहरूको सङ्ख्या देखाए पनि खेल विकासका लागि योगदान पुग्ने देखिँदैन ।

खेलकुदलाई पद प्राप्तिको माध्यम बनाएको अवस्था पनि छ। जुन खेलका खेलाडी र प्रशिक्षक छैनन् तथा स्वयम् पदाधिकरीहरू नै सो खेलबारे अनभिज्ञ छन् तर पदका लागि सङ्घ गठन गरेको अवस्था छ। सङ्घ गठन गर्नु स्वभाविक नै हो तर त्यसको उद्देश्य पवित्र रूपमा खेलकुदको विकास गर्ने हुनुपर्छ । तर, मकवानपुर जिल्ला खेलकुद विकास समितिमा हालसम्म दर्ता भएका सङ्घहरूमध्ये कति सङ्घ खेलकुदको विकास गर्ने उदेश्यले गठन भएका छन् प्रश्न उठिरहेको अवस्था छ।

**निजी क्षेत्रको योगदान :**

निजी क्षेत्रले पनि खेलकुदलाई खासै महत्त्व दिएका छैनन् भन्दा आरोप हुँदैन। मकवानपुर जिल्ला भनेको देशकै ठुलो उद्यौगिक क्षेत्र भएको जिल्ला हो । यहाँ एक उद्योगले कुनै एक खेलका लागि वार्षिक कार्यक्रम आयोजना गर्ने जिम्मा लिने हो भने पनि जिल्लाको खेलकुद गतिविधि देशकै अग्रस्थानमा रहने छ।

तर, दुःखका साथ भन्नुपर्दछ कि जिल्लाका एकाधबाहेकका कुनै पनि उद्योगले जिल्लाको खेलकुद विकासमा योगदानको चासो देखाएको अवस्था छैन । कहिलेकहीँ कुनै प्रयितयोगिताका लागि केही सहयोगका लागि याचना गर्दा पनि नकारात्मक जवाफका साथ अपमानित भएर फर्कनु पर्ने अवस्था छ। तर, तिनै महासेठहरू दलका नेता वा प्रशासनिक व्यक्तिहरूलाई साँझ परेपछि पचासौँ हजार खर्च गर्न तयार हुने गरेका धेरै घटना देखिएका छन्। केही उद्योग प्रतिष्ठानले भने प्रतियोगितामा सहयोग गर्ने र केहीले नियमित प्रतियोगिता नै सञ्चालन गरेको अवस्था पनि छ।

**संस्थागत विकास**

खेल क्षेत्रको पर्याप्त विकासका लागि त्यसका अवयवहरू चलायमान र सङ्गठित हुनु जरुरी छ। खेल संरचानाहरूले मात्र गतिविधि हुन सक्छन् । तर मकवानपुरमा खेलकुदका संरचनाहरूको संस्थागत विकास हुनै सकेको छैन।

विभिन्न विधाका खेल सङ्घहरू पनि सङ्गठित हुन सकेका छैनन्। भएका सङ्घहरू पनि केही व्यक्तिको खल्तीमा छ भने उनीहरूलाई संस्थागत विकास गराउनका लागि राज्यबाट ठोस

नीति बनेको छैन र भनेको नीतिलाई पनि कडाइका साथ पालना गराउने तत्परता देखिएको छैन । संस्थाको आन्तरिक जीवन पद्धति सुदृढ भए मात्र त्यसले समाजमा योगदान दिन सक्छ। र, विश्वास आर्जन गर्दछ । विश्वास नै गुमेको वा नभएका क्षेत्रमा कोही कसैले पनि आफ्ना नानीहरूलाई खेल्न पठाउँदैनन् । त्यसैले खेलकुद सङ्घसंस्थाहरूको संस्थागत विकास गरिनु जरुरी छ।

अब प्रदेश र स्थानीय सरकारहरूले आफ्ना मातहतका खेल संरचनाहरूलाई बलियो बनाउने नीति र कार्यक्रम ल्याउन आवश्यक छ।

**खेलाडीको संरक्षण :**

खेलकुदका लागि कुनै पनि वतावरण नहुदाँ पनि मकवानपुर विशेष गरी हेटौँडाका खेलाडीहरूले अब्बल प्रर्दशन गरेका छन् । कुनै सेवा सुविधा र संरक्षण नहुँदा पनि खेलकौशल मार्फत देशलाई अन्तराष्टिय जगत्मा स्थापित गराउने खेलाडीहरू साँच्चै देशका गहाना हुन् र उनीहरूलाई उचित संरक्षण र सम्मान गरिनुपर्दछ । यी कामका लागि पनि लगानी नै पहिलो सर्त हुन आउँछ । जीवन निर्वाहका लागि दैनिक व्यवहार चलाएर अतिरिक्त समयमा खेलेर पनि खेलाडीहरू अब्बल बन्दछ भने राज्यले लगानी गर्ने र उनीहरूलाई खेल्ने मात्रै काम दिने हो भने खेलकुद क्षेत्रबाटै अगाडि आउन सक्ने सम्भावना छ।

उमेर छउन्जेल खेल्ने र त्यसपछि के भन्ने प्रश्नको स्पष्ट जवाफ राज्यका तर्फबाट योजनामार्फत आउन सक्नुपर्दछ। अग्रजको अवस्था दयनीय देख्दादेख्दै नयाँ पुस्ता यस क्षेत्रमा कसरी आकर्षित होलान् ? यो गम्भीर प्रश्न खेलक्षेत्रले बेहोरेको छ । यस्तै प्रतिभावान् खेलाडीहरू कुनाकाप्चामा छन् । उनीहरूलाई खेलकुदको मूल प्रवाहमा ल्याउन सक्ने अवस्था सिर्जना गर्नु सरकारको दायित्व हुन्छ। यसमा सम्बन्धित खेलका सङ्घसंस्थाहरूले पनि भूमिका निर्वाह गर्नु आवश्यक छ।

**निष्कर्ष**

मकवानपुरे खेलकुद क्षेत्र १९ औँ शताब्दीको बाध्यताबाट मुक्त हुन सकेको छैन। तर, विगतका कमजोरी देखाएर वर्तमान र भविष्य पनि त्यस्तै बनाउने छुट हुँदैन । हिजोका कमजोरी सच्याउँदै खेल क्षेत्रलाई गति दिनका लागि सबै क्षेत्रको हातेमालो आवश्यक हुन्छ । खेलकुदको विकासमा योगदान गर्नेहरूको उच्च मूल्याङ्कन गर्दै युवा, वर्तमान र भावी पिँढीलाई खेलको महत्त्वबारे प्रस्ट्याउन सक्नुपर्दछ साथै प्रतियोिगताहरू आयोजना गर्ने, त्यसका लागि खेलाडीहरूलाई नियमित अभ्यासको वतावरण दिने, पर्याप्त मात्रामा आधुनिक खेल समाग्रीको व्यवस्थापन र खेल पूर्वाधार निर्माण गर्नका लागि स्थानीय तहहरूबाट काम हुनुपर्दछ । बजेट विनियोजन मात्र पर्याप्त हुँदैन । विनियोजन भएको बजेटलाई विश्वव्यापी मापदण्डका आधारमा पूर्वाधार निर्माणका लागि खर्च गर्नुपर्दछ । विगतको तुलनामा केही सुधार हुँदैमा सन्तोष मान्नेभन्दा अझै धेरै कार्यका लागि तत्परता आवश्यक छ।

अन्त्यमा, नगर, जिल्ला र देशका लागि महत्त्वपूर्ण योगदान दिएका धेरै खेलाडी र खेलकर्मीहरूको नाम यो आलेखमा समावेश गर्न असमर्थ भएकोप्रति मेरो बाध्यतालाई सबैले बुझिदिनु हुने छ भन्ने विश्वास लिएको छु।

❑❑❑

# दिगो विकास लक्ष्य : कार्यदिशा र स्थानीयकरण



-डा. कृष्णप्रसाद धिताल


*कार्यकारी सारांश :*

*नेपालले अतिकम विकसित मुलुकको परिचय बदल्न पन्ध्रौं योजनादेखि समृद्ध नेपाल सुखी नेपालीको गन्तव्य निर्धारण गरेको छ । दिगो विकासलाई एक पृथक् अवधारणाको रूपमा नलिई यसलाई राष्ट्रको आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षणको एकीकृत अवधारणाको रूपमा लिनुपर्ने हुन्छ । दिगो विकास लक्ष्यको १५ बर्से (सन् २०१६-२०३०) मार्गचित्र र यसका आयामहरूलाई विश्वका अन्य राष्ट्रहरूका साथै नेपालले पनि आफ्नो आवधिक तथा वार्षिक योजना र कार्यक्रममा समाहित गरी प्रतिबद्धताअनुरूप कार्यान्वियन गर्दै आइरहेको छ र गर्दै जाने छ । यसका लागि मुलुकका समग्र शासकीय संयन्त्रहरू चुस्त भई जिम्मेवारी पूरा गर्ने प्रतिबद्धताका साथ लाग्नुपर्दछ । देशमा बहुतहगत राज्य संरचनाको अभ्यास गरिएको वर्तमान परिप्रेक्ष्यमा स्थानीय तहको क्षमता सुदृढ गरी विकासको संवाहक वा संयन्त्रको रूपमा विकास गर्दै दिगो विकास लक्ष्य, कार्यदिशा र आयमहरूको स्थानीयकरण गर्न समन्वय, सहकार्य र साझेदारीको सिद्धान्तमा जोड दिनुपर्दछ ।*


**१. परिचय :**

सामान्यतः विकासलाई सकारात्मक परिवर्तनतर्फको यात्रा मानिन्छ । विद्यमान अवस्थाबाट उन्नति वा प्रगतिको अवस्थामा पुग्नु विकास हो । रोबर्ट चेम्बरका अनुसार विकास भनेको परिवर्तन हो । त्यसैगरी अमर्त्य सेनले विकासलाई स्वतन्त्रताको विस्तार, क्षमताको विकास र मूल्यवान् जीवनको निर्माण भनेका छन् । विकासका सामाजिक, आर्थिक, राजनीतिक, पर्यावरणीय, मानवीय जस्ता विविध आयाम भए पनि विकासको साधन र साध्य दुबै मानिसलाई नै मानिन्छ । समष्टिगत रूपमा विकास भनेको आर्थिक पक्ष तथा मानव जीवनको सुख सुविधा र सन्तुष्टिमा बढोत्तरीका लागि गरिने लागत, क्रियाकलाप र प्राप्त उपलब्धिका स्वरूप हुन् । दिगो विकास भन्नाले भविष्यका पिँढीका आवश्यकतासँग सम्झौता नगरीकन वर्तमान पिँढीका आवश्यकता परिपूर्ति गर्नु हो । ट्रान्सफरमिङ आवर वर्ल्ड बाइ २०३०: पृथ्वी, मानिस, समृद्धि, शान्ति र साझेदारिता दिगो विकास लक्ष्यका मार्गनिर्देशक स्तम्भहरू हुन् ।

सन् २०१५ मा संयुक्त राष्ट्रसङ्घका सबै सदस्य राष्ट्रबाट (१९३) अनुमोदन भई सन् २०३० सम्ममा हासिल गर्ने गरी विश्वव्यापी रूपमा जारी गरिएको दिगो विकास लक्ष्यका कार्यसूची अन्तर्गत १७ वटा लक्ष्य १६९ परिमाणात्मक गन्तव्य र २३२ वटा सूचक रहेका छन् । राष्ट्रिय योजना आयोगले नेपालको वस्तुगत यथार्थतालाई पनि समेट्ने गरी

२४७ वटा सूचकहरू थप गरी ४७९ सूचकहरू निर्धारण गरेको छ।

## २. विषय सन्दर्भ :

शान्ति र समृद्धिका लागि सहकार्य गर्ने विश्व समुदायको अठोटबमोजिम संयुक्त राष्ट्रसङ्घका सम्पूर्ण सदस्य राष्ट्रको सामूहिक प्रयास र प्रतिबद्धताका आधारमा सन् २०१५ मा घोषणा गरिएको कार्ययोजना दिगो विकास लक्ष्य हो । सदस्य राष्ट्रले यी लक्ष्यलाई आन्तरिकीकरण वा स्थानीयकरण गर्नु भनेको अन्तर्राष्ट्रिय स्तरमा सहमत भएका विकासका एजेन्डामा बहुतहगत सरकारलाई जिम्मेवार बनाउनु हो । यी लक्ष्यलाई आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिबद्धता नेपालले व्यक्त गरेको छ । नेपालले मुलुकको आर्थिक, सामाजिक र पर्यावरणीय परिवेशअनुसार कार्यान्वयनमा ल्याएको चौधौँ/पन्ध्रौँ योजनादेखि नै यी लक्ष्यलाई आन्तरिकीकरण गरिरहेको छ । यसअनुसार आयवृद्धि, गुणस्तरीय मानव पुँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरी दीर्घकालीन लक्ष्य लिइएको छ । सोबमोजिम समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा हासिल हुनेगरी सङ्घ, प्रदेश र स्थानीय तहमा नीति, योजना तथा कार्यक्रम कार्यान्वयन भइरहेका छन् । तसर्थ, सबै तहका सरकार कार्यजिम्मेवारीअनुसार दिगो विकास लक्ष्य हासिल गर्ने दिशामा क्रियाशील हुनु जरुरी छ । यसमा पनि स्थानीय तह नागरिकसँग दैनिक रूपमा साक्षात्कार हुने भएकोले स्थानीय आवश्यकता र प्राथमिकताप्रति बढी जानकार हुन्छन् । यसका साथै सेवा प्रवाह र स्थानीय पूर्वाधार विकासलगायतका कार्य जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएकोले दिगो विकास लक्ष्य हासिल गर्न यसको स्थानीयकरण गर्ने महत्वपूर्ण अभिभारासमेत स्थानीय तहको छ। साथै, तहगत सरकारको एकल प्रयासले मात्र दिगो विकास लक्ष्य हासिल गर्न सम्भव छैन । यसका लागि निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, समुदाय, विकास साझेदारलगायत विकासका सरोकारवालाबिचमा साझेदारी हुनु जरुरी छ।

## ३. दिगो विकास लक्ष्यको अवधारणा :

पृथ्वीको धान्न सक्ने क्षमताको सीमाभित्र रहेर मानिसको जीवनमा समृद्धि हासिल गर्न र समाजमा शान्ति कायम गर्न विश्व समुदायले अवलम्बन गरेका विकासका विश्वव्यापी साझा खाका नै दिगो विकास लक्ष्य हुन् । दिगो विकास लक्ष्यका देहायका पाँच वटा स्तम्भ रहेका छन् : (क) पृथ्वी : पृथ्वीमा रहेका प्राकृतिक साधन स्रोत र वातावरण भावी पुस्ताका लागि पनि संरक्षण गर्ने, (ख) मानव : सबै प्रकारका गरिबी र भोकमरीको अन्त्य गर्ने र मर्यादा एवम् समानता कायम गर्ने, (ग) समृद्धि : प्रकृतिसँग सामाञ्जस्यता कायम गरी समृद्ध र समुन्नत जीवनको सुनिश्चितता गर्ने, (घ) शान्ति : शान्तिपूर्ण, समन्यायिक र समावेशी समाजको निर्माण गर्ने, (ङ) साझेदारी : सशक्त विश्वव्यापी साझेदारीद्वारा दिगो विकासका कार्यसूचीहरूको कार्यान्वयन गर्ने । दिगो विकास विश्वव्यापी रूपमा समृद्धिको सिर्जना, वितरण र दिगोपना हासिल गर्नेसँग जोडिएको विश्वव्यापी कार्यसूची पनि हो।

## ४. दिगो विकास लक्ष्यको कार्यदिशा :

- स्थानीय तहमा गुरुयोजना, आवधिक विकास योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्यको

आन्तरिकीकरण गरी नेपालले अन्तर्राष्ट्रिय स्तरमा जनाएका दिगो विकास लक्ष्यसम्बन्धी प्रतिबद्धता पूरा गर्न सहयोग पुऱ्याउनु,

- विहङ्गम राष्ट्रिय दृष्टिकोणलाई स्थानीय स्तरमा प्रतिबिम्बित गर्न गराउन तथा स्थानीय तहहरूबिच विकासका आयाम बारेको बुझाइ र विकास योजना व्यवस्थापनमा एकरूपता ल्याउन
- दिगो विकास लक्ष्य हासिल गर्ने महत्त्वपूर्ण अभिभारा स्थानीय तहमा रहेकोले दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्दै आवधिक योजना तर्जुमा गर्न

**५. स्थानीय तहको कार्यक्षेत्र तथा दिगो विकास लक्ष्य ः**

दिगो विकासका स्थानीय स्तरका लक्ष्यलाई स्थानीय तहको योजना तर्जुमाका विभिन्न विषयगत समितिअनुरूप समूहीकृत गर्नुपर्ने हुन्छ । स्थानीय तहमा रहेका आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण संरक्षण एवम् संस्थागत विकास र सुशासन समितिहरूको क्रियाशीलताले दिगो विकास लक्ष्यको स्थानीयकरण गर्न योगदान पुऱ्याउँछ । नेपालको संविधान २०७२ ले स्थानीय तहलाई विकासका यी पाँचै क्षेत्रमा प्रस्ट अधिकार तथा जिम्मेवारी प्रदान गरेको छ ।

स्थानीय तह विकास, राजनीतिक एकाइका अलावा एक सशक्त आर्थिक एकाइसमेत हुन् । संविधानले गाँउपालिका र नगरपालिकालाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लघु, घरेलु तथा साना उद्योगको दर्ता तथा नियमनसम्बन्धी र स्थानीय सङ्घ संस्था दर्ता, नियमन र परिचालनको जिम्मेवारी प्रदान गरेको छ । यी विषय दिगो विकास लक्ष्य- १ (शून्य गरिबी), लक्ष्य- २ (भोकमरीको अन्त्य), लक्ष्य- ८ (मर्यादित काम तथा आर्थिक वृद्धि) र लक्ष्य- १० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन् ।

सामाजिक विकासको क्षेत्रमा स्थानीय तहको क्षेत्राधिकारभित्र चारओटा प्रमुख क्षेत्र पर्दछन् । यसमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाइ, लैङ्गिक समानता तथा सामाजिक समावेशिता जस्ता पक्षहरू रहेका छन् । सामाजिक विकाससँग दिगो विकास लक्ष्यका चार वटा लक्ष्य, लक्ष्य- ३ (स्वस्थ जीवन), लक्ष्य- ४ (गुणस्तरीय शिक्षा), लक्ष्य- ५ (लैङ्गिक समानता) र लक्ष्य- ६ (स्वच्छ खानेपानी तथा सरसफाइ) सम्बन्धित छ ।

पालिकाको विकासमा भौतिक पूर्वाधार जस्तै स्थानीय सडक, यातायात, विद्युत, सहरी विकास र बस्ती विकास एक महत्त्वपूर्ण क्षेत्रको रूपमा रहेको छ । सोअनुसार पूर्वाधार विकासतर्फ दिगो विकास लक्ष्य- ९ (उद्योग, नवीनता एवम् पूर्वाधार), लक्ष्य- ११ (दिगो सहर तथा समुदाय) र लक्ष्य ७ (धान्न सक्ने र सफा ऊर्जा) पर्दछन् ।

दिगो विकासको चौथो आयाममा वातावरणीय दिगोपना पर्दछ । स्थानीय तहको कार्य क्षेत्रभित्र वातावरण संरक्षण तथा जैविक विविधता संरक्षण, जलाधार व्यवस्थापन, सिमसार, वन्यजन्तु, खानी तथा खनिज पदार्थ, फोहरमैला वातावरणीय दिगोपनाको सन्दर्भमा दिगो विकास लक्ष्य- १२ (दिगो उत्पादन तथा उपभोग तथा उत्पादनप्रति जवाफदेहिता), लक्ष्य- १३ (जलवायुसम्बन्धी कार्य), लक्ष्य- १४ (समुद्रमुनिको जीव) र लक्ष्य- १५ (जमिनमाथिको जीवन) जोडिएका छन् ।

दिगो विकास लक्ष्यले संस्थागत विकास र सुशासनलाई समेत विशेषः महत्व दिएको छ। दिगो विकास कार्यसूचीमा संस्थागत विकास तथा सुशासनसम्बन्धी विषयसमेत समावेश भएका छन् जुन विषय दिगो विकास लक्ष्य- १६ (शान्ति, न्याय, र सबल संस्था) र लक्ष्य- १७ (विश्वव्यापी साझेदारी) सँग प्रत्यक्ष जोडिएका विषय हुन्।

## ६. स्थानीय तहमा दिगो विकास लक्ष्यको आन्तरिकीकरणको आवश्यकता :

(क) स्थानीय तहमा हस्तान्तरित सार्वजनिक सेवाको महत्त्वपूर्ण जिम्मेवारी पूरा गर्न

(ख) स्रोतसाधनको पहिचान, परिचालन तथा विकेन्द्रीकरण गर्न

(ग) दिगो विकास लक्ष्य र आयमलाई स्थानीय परिवेशअनुसार प्राथमिकीकरण गर्न

(घ) स्थानीय खर्चको गुणस्तर र उत्पादकत्व वृद्धि गर्न

(ङ) जनसहभागिताको प्रवर्द्धन गर्न

(च) समावेशिताको सुनिश्चितता गर्न

(छ) विभिन्न तहका सरकारका योजनाहरूबिच समन्वय र सहकार्यलाई बढवा दिन

(ज) स्रोतको दोहोरोपन न्यूनीकरण गर्न

(झ) दिगो विकास लक्ष्य कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्न

## ७. निष्कर्ष :

मानिसको आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक, प्रशासनिक सबै क्षेत्रको समानुपातिक रूपमा विकास भएमा मात्र विकास मान्न सकिने परिस्थिति देखिएको हुनाले यी सबै क्षेत्रको उचित कदर गर्नुपर्दछ । दिगो विकास लक्ष्य र त्यसका आयामहरूअनुरूप स्थानीय तहले परिमाणात्मक लक्ष्य र सूचकहरू निर्धारण गरी सोको कार्यान्वयनमा प्रभावकारिता ल्याउनु अबको कार्यदिशा हुनुपर्दछ।

**सन्दर्भ सामग्रीहरू :**


१. सेन, अमर्त्य. (सन् १९९९). *डेभलभमेन्ट एज फ्रिडम,* अक्सफोर्ड युनिभर्सिटी।

२. *दिगो विकास लक्ष्य : स्थानियकरण स्रोत पुस्तिका,* राष्ट्रिय योजना आयोग, नेपाल।

३. लोप्चन, डि.एल. (२०७८). *दिगो विकास लक्ष्य : नेपालको कार्यदिशा।*


❑❑❑

# मकवानपुर जिल्लाको साहित्यिक इतिहास



-निमेष निखिल

**१. विषय प्रवेश**

मकवानपुर जिल्लामा साहित्य लेखनारम्भको कुरा गर्दा वि.स. २००० को आसपास पुग्न सकिन्छ। तत्कालीन मकवानपुरको सदरमुकाम भीमफेदी त्यसबेलाका हरेकखाले चहलपहलको केन्द्रका रूपमा रहेको थियो । विभिन्न खाले पत्रपत्रिका प्रकाशन तथा पुस्तकालय सञ्चालन गरेर भीमफेदीका केही सक्रिय युवाहरूले साहित्यिक सांस्कृतिक गतिविधिलाई अघि बढाउने काम गरेको देखिन्छ । यस्ता अगुवा साहित्य संस्कृतिकर्मीहरूमा गणेशलाल श्रेष्ठ, पुष्पनारायण मुल्मीलगायतको नाम लिन सकिन्छ (बराल, २०६२, पृ. २५)। बरालको शोधपत्रभन्दा अगाडि मकवनपुरे साहित्यको काल विभाजनसम्बन्धमा आधिकारिक रूपमा चर्चा गरिएको भेटिन्न । तथापि, समग्र नेपाली साहित्यको विकासक्रमसँग पनि मकवानपुर जिल्लाको साहित्यिक इतिहासको तारतम्य जोडिन पुगेको देखिन्न। विभिन्न खोज अनुसन्धानका आधारमा यस जिल्लाको साहित्यिक इतिहासलाई निम्नरूपमा कालविभाजन गरी अध्ययन गर्नु उपुक्त हुने देखिन्छः

प्राथमिक वा पृष्ठभूमि काल (वि.स. १९९८ अघि)

माध्यमिक वा विस्तार काल (वि.स. १९९९ - २०२५)

आधुनिक काल (वि.स. २०२५ - हालसम्म) (बराल, २०६२, पृ. २५)।

**१.१ प्राथमिक वा पृष्ठभूमि काल : (वि.स. २००० अघि)**

मकवानपुर जिल्लाको साहित्यिक इतिहासको नालीबेली पहिल्याउँदै जाँदा वि.स. १९९८ सालभन्दा अघिको आधिकारिक ऐतिह्य फेला पार्न गाह्रो छ। वि.स. १९९३ मा नेपाल प्रजा परिषद्को गठनपश्चात भीमफेदीमा लिथो मेसिन राखेर राजनीतिक पर्चा तथा पम्प्लेटहरू छाप्ने गरिएको र त्यहाँबाट काठमाडौँ उपत्यका तथा तराईतिर पठाउने गरिएको देखिन्छ । यसरी मकवानपुर जिल्लाले छापाको युग निकै अगाडि देखेको भए तापनि कलासाहित्यले त्यसको संसर्ग पाउन सकेको देखिन्न । तत्कालीन समयमा भीमफेदी-चिसापानीगढीहुँदै थानकोट-काठमाडौँ जोड्ने मूलबाटो भए तापनि कलासाहित्यको क्षेत्रमा यो भेग पछि पर्नु निश्चय नै दुःखको कुरा हो।

मकवानपुरे साहित्यिक इतिहासको प्राथमिक वा पृष्ठभूमिकाल लोकसाहित्यिक परम्परामै सीमित रहेको देखिन्छ । यस क्षेत्रमा खोजअनुसन्धान नहुनु र तत्सम्बन्धी प्रामाणिकता नपाइनुले पनि मकवानपुरे साहित्यको यो पाटो अन्धकारमै रहेको छ। यो आफैँमा एउटा छुट्टै खोज अनुसन्धानको विषय हुन सक्छ। यस अर्थमा मकवानपुर जिल्लाको साहित्यिक इतिहासको

प्राथमिक काल लेखनको आदिबीजभूमि निर्माण गर्नमै सीमित भएको देखिन्छ।

## १.२ माध्यमिक वा विस्तार काल : (वि.स. १९९९ - २०२५)

मकवानपुर जिल्लाको साहित्यिक इतिहासको माध्यमिक काल वा विस्तार काल भनेर वि.स. १९९९ देखि २०२५ सम्मको समयावधिलाई लिन सकिन्छ। यस कालमा मकवानपुरे साहित्यमा साहित्यिक लेखन प्रकाशनको परम्परा सुरू भएको देखिन्छ। राणा शासनको उत्कर्ष/अन्तिम चरणमा देखापरेको विद्रोही साहित्यचेतले साहित्यिक क्षेत्रमा ल्याएको गतिशीलताबाट मकवानपुरे साहित्य पनि अछुतो देखिदैन। खासगरी वि.स. २००० पछिका दिनमा मकवानपुरे कलासाहित्य-संस्कृतिको केन्द्र भीमफेदीबाट फाटफुट रूपमा साहित्यिक गतिविधिहरू सञ्चालन हुन लागेका देखिन्छन्।

वि.स. १९९९ सालमा भीमफेदी निवासी गणेशलाल श्रेष्ठको 'मेरा दुई पुष्पाञ्जली' गीत, गजल र भजनसङ्ग्रहका रूपमा प्रकाशन भएको देखिन्छ। डा. भवानीभक्त सिंह प्रकाशक रहेको यो कृति नै मकवानपुर जिल्लामा हालसम्म प्रकाशित कृतिमध्ये सबैभन्दा पुरानो कृति मान्न सकिन्छ। यसै पुस्तकलाई आधार मानेर मकवानपुरे साहित्यको माध्यमिक काल निर्धारण गर्न सकिन्छ। श्रेष्ठकै अन्य तीन वटा नेवारी भाषाका पुस्तकहरू पनि प्रकाशित छन्। वि.स. २००४ सालमा भीमफेदीमा भाषा पाठशाला (हाल महेन्द्र माध्यमिक विद्यालय) को स्थापना हुनुबाट पनि केही साहित्यिक सांस्कृतिक जागरण आएको देखिन्छ। २०११ सालमा खड्गबहादुर सिंहको 'विद्रोह' उपन्यास प्रकाशनमा आएको देखिन्छ। त्यसपछिको झन्डै एक दशकको समय साहित्यिक गतिविधिका हिसाबले शून्यप्रायः रहेको देखिन्छ। वि.स. २००९ सालमा ज्योति पुस्तकालय भीमफेदीको स्थापनाबाट सुषुप्तावस्थामा रहेको मकवानपुरे साहित्यले पुनः गति लिन थालेको देखिन्छ। त्यसै क्रममा २०१८ सालमा नव कला कुञ्ज हेटौँडाको स्थापनाबाट पनि मकवानपुरे काव्यसाहित्यमा थप ऊर्जा प्रदान भएको देखिन्छ। २०१९ सालमा राप्ती क्लब भैँसे र राप्ती पुस्तकालय भैँसेको स्थापनाले पनि साहित्यिक-सांस्कृतिक जागरणका क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएको देखिन्छ। यसै क्रममा राप्ती क्लब तथा राप्ती पुस्तकालयले तुल्सी थापाको सम्पादकत्वमा 'राप्ती' हस्तलिखित पत्रिका पनि प्रकाशन गरेको देखिन्छ। वि.स. २०१९-०२० सालतिर भीमफेदीस्थित तत्कालीन नेपाल फरेस्ट्री तालिम केन्द्र र हालको वन विज्ञान अध्ययन संस्थानले एकल रूपमा र महेन्द्र माध्यमिक विद्यालयसँग मिलेर विभिन्न नाटकहरू मञ्चन गर्नेगरेको पनि पाइन्छ। यस कार्यको प्रेरणा हेटौँडास्थित नव कला कुञ्जबाट मिलेको देखिन्छ। नव कला कुञ्जकै प्रभावबाट समानधर्मी प्रगति सांस्कृतिक मण्डल पनि यसै कालमा स्थापित भएको देखिन्छ।

खासगरी वि.स. २०१०-०१५ सालतिरको समयतिरबाट छिटफुट रूपमा भक्तबहादुर श्रेष्ठ, मोहन गुरूजू, शैलराज रञ्जित, केशव एल. श्रेष्ठ, देवप्रसाद श्रेष्ठ, कलानाथ अधिकारी, जनक भट्टराई, महेनमोहन झ्यातुलगायतका व्यक्तित्वहरूबाट मकवानपुर जिल्लामा साहित्यिक लेखनलाई अघि बढाइएको पाइन्छ (निखिल, २०७२, पृ. २६)। त्यसैगरी वि. सं २०१६ सालबाट रामचन्द्र आचार्य 'फुर्सती' पनि साहित्यिक लेखनमा क्रियाशील हुन थालेको देखिन्छ। यस क्रममा मकवानपुर जिल्लाको हटियाबाट नेवारी भाषाका

'गथु, 'चुली' जस्ता हस्तलिखित पत्रिकाहरूको प्रकाशनले पनि मकवानपुरे साहित्यको गोरेटो निर्माणमा अहम् भूमिका निर्वाह गरेका छन् । वि.स. २०१९ सालमा महेन्द्र मा. वि. भीमफेदीले कविता गोष्ठीको आयोजना गरेको देखिन्छ । २०२४ सालमा नामटारमा कालिका कला कुञ्जको स्थापनाले पनि जिल्लाको साहित्यिक सक्रियतामा बल पुऱ्याएको देखिन्छ ।

समग्रमा मकवानपुरे साहित्यको माध्यमिक कालले साहित्यक गोरेटो निर्माण गर्ने कार्य मात्र रेको देखिन्छ । २०२५ पछि भने मकवानपुरे साहित्यले निश्चित प्रवृत्तिलाई वरण गर्दै आधुनिकताको स्पष्ट सङ्केत दिएको देखिन्छ ।

**१.३ आधुनिक काल : (वि.स. २०२५-हालसम्म)**

मकवानपुरे साहित्यको आधुनिक काल वि.स. २०२५ बाट सुरू भएको देखिन्छ । मकवानपुरे साहित्यमा आधुनिकताको प्रवेश गराउनमा जिल्लाकै पहिलो हास्यव्यङ्ग्यप्रधान साहित्यिक पत्रिका 'अचार' (२०२५) को उल्लेखनीय भूमिका रहेको देखिन्छ । नीलमणि नेपाल, देवप्रसाद श्रेष्ठ, केशवालाल श्रेष्ठलगायतका संलग्नतामा प्रकाशित 'अचार' को पहिलो अङ्क लगभग ३५ पृष्ठको रहेको र तत्कालीन राज्यव्यवस्थाप्रति तीव्र व्यङ्ग्य प्रहार गर्ने प्रकृतिको 'गोरु ब्यायो' शीर्षकीय व्यङ्ग्यका कारण शासकीय वक्रदृष्टि पर्न गई यस पत्रिकाका सम्पूर्ण प्रतिहरू जफत गरिएको कारण अन्य अङ्कहरू प्रकाशित हुन सकेनन् (देवप्रसाद श्रेष्ठबाट प्राप्त जानकारी) । त्यसैगरी वि.स. २०२४ मै कालिका युवा क्लब, नामटारले साहित्य गोष्ठी आयोजना गरेको र नामटारबाटै रामचन्द्र आचार्य 'फुर्सती' को प्रबन्धकत्वमा 'नयाँ खबर' नामक हस्तलिखित समाचारमूलक साप्ताहिक पत्रिका ५/६ अङ्कसम्म प्रकाशन हुनुले पनि मकवानपुरे साहित्यलाई आधुनिकतातर्फ धकेलेका छन् ( रामचन्द्र आचार्य 'फुर्सती'बाट प्राप्त जानकारी) । यसै क्रममा राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डल मकवानपुरले वि. सं. २०२५ सालमा विनोद के.सी.को सम्पादकत्वमा 'मुना' सामयिक सङ्कलनको प्रकाशन गरेको देखिन्छ । जसमा कमल थापालगायतकाको पनि सहभागिता रहेको देखिन्छ । वि.स. २०२० तिरबाट तुल्सी थापा पनि मकवानपुरे साहित्यमा सक्रिय देखिएका छन् । कविता, गीत र नाटकमा कलम चलाउने थापाले वीरगन्जबाट लेखनको अभ्यास गरेको देखिन्छ । उनका विभिन्न रचनाहरू तत्कालीन समयका विभिन्न पत्रपत्रिकाहरूमा समेत प्रकाशित भएका छन् । त्यसैगरी २०२५/२०२६ सालतिर नव कला कुञ्जबाट प्रकाशित 'गीतकुञ्ज' गीतसङ्ग्रहले पनि मकवानपुर जिल्लाको साहित्यलाई आधुनिकीकरण गर्नमा प्रशस्त योगदान पुऱ्याएको छ । रामचन्द्र आचार्य फुर्सतीका अनुसार यो नै मकवानपुर जिल्लाको नेपाली भाषामा छापिएर प्रकाशित भएको पहिलो सम्पादित पत्रिका हो । यस गीतसङ्ग्रमा एकाउन्न वटा आधुनिक गीत, उन्नाईस वटा लोकल गीत र लोकल गीतका आधारमा तयार गरिएका गीत तथा १६ वटा राष्ट्रिय गीत, चिरायु गीत र स्वागत गीतसमेत गरी कूल १०६ वटा गीतहरू रहेका छन् । सङ्ग्रहमा सङ्कलित गीतका गीतकारहरूमा गिरिजाप्रसाद जोशी, हिरण्य भोजपुरे, नन्दरत्न स्थापित, आर. बी. लामा, डेण्टीजङ्ग शाह, केशरि खरेल, पुष्पनाथ शर्मा, धनसुन्दर, विश्वनाथ रेग्मी, बोर्को, बद्रिप्रसाद तिमल्सिना, मनसुवा घले, नन्द सुन्दर, गङ्गाराम बोकी, शुक्रराज शाक्य, गुणराज शाक्य, रत्नानन्द राजोपाध्याय,

शैलराज, चण्डिकाप्रसाद श्रेष्ठ, बद्रि बिरानो, नरहरिनन्दन खरेल, ध्रुव मानन्धर, वत्सगोपाल वैद्य, शैलराज रन्जितकार, विष्णुकुमार शाही, पुष्प मानन्धर, तुल्सी थापा, बिन्दु प्रधान, प्रेमकुमार शाही, इन्दिरा अधिकारी, किशोर सिंह, पृथु राणा, आदि रहेका छन् । नेपाली भाषालगायत नेवारी, तामाङ र भोजपुरी भाषाका केही गीतहरू सङ्कलित रहेको यो सङ्ग्रहले मकवानपुरे साहित्यलाई आधुनिकतातर्फ धकेल्न महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । २०२६ सालमा कवि तथा गीतकार भीम विरागको वीरगन्जबाट हेटौँडा आगमन र उनकै सम्पादकत्वमा 'नारायणी' साप्ताहिकको प्रकाशनारम्भले मकवानपुरे साहित्यलाई स्पष्ट गोरेटो प्रदान गरेको पाइन्छ ।

वि.स. २०२७ सालमा हिमाली साहित्य प्रकाशन नामटारको हेटौँडा शाखाले रामचन्द्र आचार्य फुर्सती' को प्रधान सम्पादकत्व र केदार न्यौपानेको व्यवस्थापनमा 'त्रिवेणी सङ्गम' सामयिक सङ्कलन प्रकाशन गरेको देखिन्छ । यस प्रकाशनसँग आनन्द मकवानपुरे तथा भोला सिवाकोटीसमेतको संलग्नता पाइन्छ । वि.स. २०३२ मा भीम विरागको 'तातो सुस्केरा' कवितासङ्ग्रह प्रकाशित भएपछि भने आधुनिक मकवानपुरे साहित्य परिपक्व अवस्थामा पुगेको स्पष्ट हुन्छ । मकवानपुरे साहित्यलाई आधुनिकता प्रदान गर्ने प्रारम्भिक चरणमा भक्तबहादुर श्रेष्ठ, मोहन गुरूजू, शैलराज रञ्जित, केशव एल. श्रेष्ठ, देवप्रसाद श्रेष्ठ, कलानाथ अधिकारी, जनक भट्टराई, रामचन्द्र आचार्य 'फुर्सदी' टङ्कनाथ पराजुलीलगायतका साहित्यिक व्यक्तित्वहरूको योगदानलाई पनि बिर्सन सकिन्न । पछिल्लो चरणमा आर. सी. रिजाल, नवराज शर्मा, कौशल पाण्डे, धर्मदत्त न्यौपाने, तुल्सी थापालगायतले पनि आधुनिक मकवानपुरे साहित्यलाई यथेष्ट मलजल गरेका छन् । त्यसैगरी तीसको दशकको उत्तरार्द्धबाट दीपक मुडभरी मित्र, आर. आर. चौलागाईं, चालीसको दशकबाट केशव श्रेष्ठ 'ज्योति', तुलसी घिमिरे, साम्ब ढकाल, इन्द्रजित शर्मा चौलागाईं, ओकिलराज गोर्खाली, हयग्रीव आचार्य, खेम बानियाँ, गोविन्द खड्का, रामहरि श्रेष्ठलगायतका साहित्यकारहरू नयाँनयाँ शैली र शिल्पसहित मकवानपुरे साहित्यमा देखा पर्दछन् । कुमार थापा, ईश्वर पाण्डे, हरि सिंखडा, मानसिंह 'बेगर', पागल विश्वास, विद्यासागर घिमिरे, रामचन्द्र खनालहरूले उपन्यास विधामा कलम चलाएर योगदान पुऱ्याएको देखिन्छ । आधुनिक मकवानपुरे साहित्यको विकासक्रमलाई अझ गहिरिएर बुझ्नका लागि विभिन्न निधाहरूको कालक्रमिक विकासक्रमलाई हेर्नु उपयुक्त हुन्छ ।

## २. मकवानपुर जिल्लाको विधागत साहित्यिकलेखनको स्थिति

मकवानपुर जिल्लाबाट साहित्यका प्रायः सबै विधाका कृतिहरू प्रकाशन भएका छन् । यस जिल्लाबाट प्रकाशित साहित्यिक कृतिहरूको विधागत स्थितिलाई निम्न उपशीर्षकमा प्रस्तुत गरिएको छ :

### २.१ उपन्यास

मकवानपुर जिल्लाबाट २०११ सालमा खड्गबहादुर सिंहको 'विद्रोह' उपन्यास प्रकाशन भएको देखिन्छ । खड्गबहादुर सिंह मकवानपुर जिल्लाका स्थायी बासिन्दा नभए तापनि राजनैतिक हिसाबले उनी केही समय यहाँ रहेको अवस्थामा उक्त कृति प्रकाशमा आएको देखिन्छ (तुल्सी थापाबाट प्राप्त जानकारी) । आधुनिकताका स्पष्ट सङ्केत यस कृतिमा पाइने भएकाले मकवानपुर

जिल्लाको उपन्यास विधाको आधुनिक काल वि.स. २०११ बाटै सुरु भएको देखिन्छ । त्यसपछिको अढाइ दशकको समयसम्म मकवानपुर जिल्लामा कुनै उपन्यास प्रकाशित भएका देखिँदैनन् र वि.स. २०३६ सालमा आर. सी. रिजाल 'खरानीभित्रको आगो' उपन्यास लिएर देखा पर्छन् । तत्कालीन राजनैतिक विषवस्तुमा आधारित यो उपन्यासले पनि मकवानपुर जिल्लाको उपन्यास विधामा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। त्यसपछि मालती (२०४३), जुनी बित्ला र ? (२०४५), विस्थापित रहरहरू (२०४७), जस्ता उपन्यासहरू लिएर मकवानपुरे साहित्यमा केशव श्रेष्ठ ज्योतिको आगमन भएको देखिन्छ । मौलिक सामाजिक विषयवस्तुमा आधारित उपन्यासहरू लेखेर मकवानपुरे उपन्यास साहित्यको विकासमा ज्योतिले केन्द्रीय भूमिका निर्वाह गरेको देखिन्छ। त्यसपछि वि.स. २०४४ सालमा 'यहाँ मिल्छन् कहाँ क्षितिज र धरा' उपन्यास लिएर उपन्यासकार ईश्वर 'अज्ञात' देखा परेका छन् भने वि.स. २०४७ मा उपन्यासकार विद्यासागरको 'म फेरि फर्कन्छु' उपन्यास प्रकाशमा आएको देखिन्छ । मकवानपुर जिल्लाबाट प्रकाशित अन्य उपन्यासहरू निम्नानुसार रहेका छन् :

| | |
|---|---|
| रामलाल (२०४९) | केदार न्यौपाने |
| नारी सङ्घर्ष (२०५०) | पागल विश्वास |
| फुटेको भाग्यबाट बगेको रगत (२०५५) | रामहरि श्रेष्ठ |
| बेचिएकी सुन्तली (लघुउपन्यास(२०५८) | राजेश थापा 'गरिब' |
| पर्खालवारि (लघुउपन्यास(२०६१) | राजेश थापा 'गरिब' |
| केवल सृजना अनि प्रेरणा (?) | कुमार थापा |
| मुलुकभित्र (?) | श्याम श्रेष्ठ |
| घाम अस्ताइसकेछ (?) | मानसिंह लामा 'बेगर' |
| मोड (?) | हरि सिंखडा |
| विजया (?) | रामचन्द्र खनाल |
| समर्पण (२०६४) | वैकुण्ठ ढकाल |
| उर्गेनको घोडा (२०६६) | युग पाठक |
| सपनाको समाधि (२०६७) | तारालाल श्रेष्ठ |
| स्याउली सिम्फोनी (२०६८) | रामकुमार एलन |
| पहेँलो फूल (२०७२) | रामचन्द्र खनाल |
| लभ एट पच्चीस (२०७४) | अनल गौतम |

यसरी सूचीगत हिसाबले मकवानपुर जिल्लामा उपन्यास लेख्नेहरूको सङ्ख्या एक दर्जनभन्दा बढी देखिए तापनि वर्तमानमा मकवानपुर जिल्लामा उपन्यासलेखनको अवस्था दयनीय देदिन्छ । मकवानपुर जिल्लामा नियमित रूपमा अघि बढ्न नसकेको विधा उपन्यास पनि हो ।

### २.२ कथा/लघुकथा

मकवानपुर जिल्लामा कथालेखनको आरम्भ छिटपुट रूपमा विक्रमीको दोस्रो दशकको आसपासबाट भएको देखिन्छ । तुल्सी थापा, नवराज शर्मा, भीम विरागलगायतका कथाकारहरू यसै समयबाट कथालेखनमा सक्रिय रहेका देखिन्छन् । कृति प्रकाशनका हिसाबले मकवानपुर जिल्लाबाट प्रकाशित पहिलो कथा कृति भीम विरागको 'आठ टुक्रे बादल' (कथासङ्ग्रह- २०२९) हो । त्यसैगरी तुल्सी थापा, खेम बानियाँ, केशव श्रेष्ठ ज्योति, रामहरि श्रेष्ठ आदिको पनि मकवानपुरे कथासाहित्यमा उल्लेखनीय योगदान रहेको देखिन्छ । रामहरि श्रेष्ठको 'ऊ गाउँ फर्कन चाहन्छ' कथासङ्ग्रह प्रकाशित भएको भए तापनि हाल यो कृति अप्राप्य रहेको छ । पछिल्लो चरणमा पुस्तकाकार कथाकृति लिएर देखा पर्ने कथाकार ऋषि के बी हुन् । उनको 'सिमात बकैया' (कथासङ्ग्रह-२०५७) प्रकाशित छ । त्यसैगरी यमनदेव उत्प्रेरकको 'यात्रा-आरम्भ' (वि.स. २०५९) र वैकुण्ठ ढकालको 'मान्छेको मोल' (वि.स. २०६२) मकवानपुर जिल्लामा प्रकाशित लघुकथासङ्ग्रहहरू हुन् । जिल्लाबाहिरबाट आएर कथा लेख्ने कथाकारहरू रमेशमोहन अधिकारी, सञ्जय साह, निमेष निखिल आदिको नाम पनि उल्लेख्य रहेको छ । पछिल्लो चरणमा विशेषतः लघुकथा विधामा राम्रैसँग पागिपरेका स्रष्टामा आर. आर. चौलागाईंको नाम लिन सकिन्छ । उनको 'विघटनको तयारीमा' लघुकथा सङ्ग्रह (२०६५) प्रकाशित छ । त्यसैगरी अर्का कथाकार मनोज ढुङ्गानाको 'म र काठमाडौँ' कथासङ्ग्रह (२०६९) पनि प्रकाशित छ । त्यस्तै नवराज शर्माको 'मट्याइलो सुगन्ध' केही कथा तथा केही संस्मरणहरूको संयुक्त सङ्ग्रहका रूपमा २०७१ सालमा प्रकाशन भएको देखिन्छ । त्यसैगरी तुल्सी थापाको 'फरक आकाश' कथासङ्ग्रह २०७२ सालमा प्रकाशित छ । त्यसैगरी कथाकार अनल गौतमको 'घाटघाटका कथा' (२०७२) पनि प्रकाशित छ । त्यसै गरी अप्सरा तिम्सिना लम्सालको 'अभ्यन्तर' कथा सङ्ग्रह (२०७२) जिल्लाबाट प्रकाशित एउटा प्रतिनिधि कथाकृति हो । जिल्लाका अन्य कथाकारहरूमा साम्ब ढकाल, ऋषिराम पोखरेल, उद्धव सापकोटा, वासुदेव खनाल, रोशन पराजुली, रामकुमार एलन, अरुण खतिवडा, एस. के. निधन, श्यामकुमार बानियाँ, बिर्खे अन्जान, दीपक गौतम आदि थुप्रैको नाम लिन सकिन्छ । लेखकीय प्रतिबद्धताको अभावले गर्दा वर्तमानसम्मको समग्र साहित्यिक परिदृश्यलाई हेर्दा मकवानपुर जिल्लामा फस्टाउन नसकेको विधा कथा विधा पनि हो भन्न सकिन्छ । मकवानपुर जिल्लाबाट प्रकाशित कथा सङ्ग्रहहरू निम्नानुसार रहेका छन् :

| | |
|---|---|
| 'आठ टुक्रे बादल' (२०२९) | भीम विराग |
| 'सिमात बकैया' (२०५७) | ऋषि के. बी. |

| | |
|---|---|
| 'मान्छेको मोल' (लघुकथा सङ्ग्रह २०६२) | वैकुण्ठ ढकाल |
| 'विघटनको तयारीमा' (लघुकथा सङ्ग्रह २०६५) | आर.आर. चौलागाईं |
| नीलिमा र गाढा अँध्यारो (२०६५) | अनमोल मणि |
| 'म र काठमाडौँ' (२०६९) | मनोज ढुङ्गाना |
| 'मट्याइलो सुगन्ध' (कथा / संस्मरण) | नवराज शर्मा |
| 'अभ्यन्तर' कथा सङ्ग्रह (२०७२) | अप्सरा तिम्सिना |
| १९ नम्बर (२०७४) | अनमोल मणि |
| खुसी (लघुकथा सङ्ग्रह २०७९) | किशन पौडेल |

### २.३ निबन्ध

मकवानपुर जिल्लामा निबन्धलेखनको सुरुवात वि.स. २०३० को दशकपछि भएको देखिन्छ । यहाँका उल्लेख्य निबन्धकारका रूपमा रामचन्द्र आचार्य 'फुर्सती', आर. सी. रिजाल, भीम विराग, रामहरि श्रेष्ठ, श्याम भारद्वाज आदिको नाम लिन सकिन्छ। रामचन्द्र आचार्य 'फुर्सती फेरि पनि कुर्णेश' (विविधसङ्ग्रह- २०३९) मकवानपुरे निबन्ध क्षेत्रको पहिलो प्रकाशित पुस्तक हो । त्यसपछि आचार्यका अन्य निबन्ध कृतिहरू प्रकाशमा आएका देखिँदैनन् । पछिल्लो समयमा संस्मरणात्मक निबन्धमा राम्रो कलम चलाउने स्रष्टामा श्यामकुमार बानियाँको नाम लिन सकिन्छ।

मकवानपुर जिल्लामा निबन्ध विधालाई प्रतिबद्ध ढङ्गले अघि बढाउन लागि परेका निबन्धकार आर. सी. रिजाल हुन् । हास्यव्यङ्ग्य निबन्धलेखनमा सिद्धहस्त रिजाललाई मकवानपुरका भैरव अर्याल भने पनि फरक पर्दैन । उनका 'कुकुरको पुच्छर' (वि.स. २०५७) र 'कण्ठलँगौटी' (वि.स. २०५९), 'हाकिमको खप्पर' (२०६३), 'फू फू फू' (२०७०), 'को वरिष्ठ ?' (२०७७) गरी पाँच वटा निबन्धसङ्ग्रहहरू प्रकाशित छन् । 'भोलारामको आत्मा' (२०६६) रिजालले हिन्दी तथा उर्दूका निबन्धहरूको अनुवाद गरेको कृति हो । रिजाललाई मकवानपुर जिल्लाका प्रतिनिधि व्यङ्ग्यकार मान्न सकिन्छ । यसबिचमा हयग्रीव आचार्यको 'जीवन, रङ्गमञ्च र भोगाइ' शीर्षकको कृति जसलाई समालोचक रमेश गोर्खालीले काव्यान्यास भन्नुभएको छ, २०५८ सालमा प्रकाशित छ । एक जना दिवङ्गत मित्रको सम्झनामा लेखिएका कार० यसलाई पनि निबन्धात्मक कृति मान्न सकिने देखिन्छ । त्यसैगरी पछिल्लो चरणमा श्याम भारद्वाज पनि व्यङ्ग्य निबन्धलेखनमा सक्रिय देखिएका छन् । उनको 'कहीँ नभएको जात्रा हाँडीगाउँमा' (वि.स. २०५८) र साम्देन बा र ज्योतिष बाजे (वि.स. २०६१) व्यङ्ग्यनिबन्ध सङ्ग्रहहरू प्रकाशित छन् । अर्का निबन्धकारका रूपमा भीम विरागको पनि नाम आउँछ । उनको संस्मरणात्मक निबन्ध कृति 'स्वरसम्राटको सम्झना' (वि.स. २०५७) प्रकाशित छ । अर्का निबन्धकार देवराज खरेलको 'स्मृतिका टिपोट' (वि. स. २०६८), जिन्दगीदेखि जिन्दगीसम्म (२०७८) निबन्ध सङ्ग्रह प्रकाशित छन् । पछिल्लो समय गुणात्मक चेतका साथ

हास्यव्यङ्ग्य निबन्ध लेख्नेमा राजकुमार लामिछानेको नाम आउँछ। उनका 'पुतलाको पावर' (२०७४), 'बुद्धिपुराण' (२०७८) निबन्ध सङ्ग्रहहरू प्रकाशित छन् ।यसैगरी निबन्ध तथा नियात्राकार रमेशमोहन अधिकारीका 'सम्झनाको सेरोफेरो (२०६३) र 'घुम्तीहरू छेलिएपछि' ( २०७४) र आफैँसँग (२०७८) निबन्धात्मक कृतिरू प्रकाशित छन् । अधिकारी पछिल्लो समय नियात्रा लेखनमा क्रीयाशील छन् । केशव श्रेष्ठ 'ज्योति' का 'बिसे नगर्चीको खोजी' (२०७१) र यसैको परिमार्जित रूप 'समृद्धिको बाटो' (२०७४) पनि प्रकाशित छ । उनकै अर्को निबन्धात्मक कृति 'शून्यबाट करोडपति' (२०७५) प्रकाशित भइसकेको छ । हाल काठमाडौँमा रहेका लेखक युग पाठकको 'माङ्गेना' (२०७४) अनुसन्धानात्मक निबन्ध कृति प्रकाशित छ । त्यसैगरी अरुणराज सुमार्गी र निर्मलकुमारको थापाको सहलेखनमा प्रकाशित 'अजेयराज सुमार्गी' (सन् २०१६)लाई पनि आत्मकथात्मक निबन्ध कृतिका रूपमा हेर्न सकिन्छ। जीवनीपरक निबन्ध कृतिका रूपमा डा. गणेश लामाको 'जीवनका उकाली ओराली' (२०७३/२०७८) प्रकाशित छ। निबन्धात्मक विविध कृतिका रूपमा माधव भण्डारी 'रश्मि' को 'स्मृतिबिम्बभित्र मीरा' (२०७३) प्रकाशित छ। नियात्रा निबन्धका रूपमा विष्णुप्रसाद गौतमको 'नेपालदेखि अमेरिकासम्म' (२०७७) निबन्धकृति प्रकाशित छ । त्यसै गरी स्तरीय हास्यव्यङ्ग्य लेख्ने अर्का नबिन्धकार गोविन्द पौडेलको 'गिलासवाद' (२०७८) निबन्धकृति प्रकाशित छ । व्यङ्ग्य निबन्धलेखनमै यादवप्रसाद शर्माको नाम पनि उल्लेख्य रहेको देखिन्छ भने आर. आर. चौलागाईं, नवराज शर्मा तथा साम्ब ढकालका केही निबन्धहरू पनि प्रकाशमा आएका देखिन्छन् । रामशरण पुडासैनी मकवानपुरमा निबन्ध लेखनको राम्रो सम्भावना बोकेका लेखक हुन् । यदाकदा समसामयिक तथा समीक्षत्मक निबन्धलेखनमा निमेष निखिल, बिर्खे अन्जान, रामकुमार एलन आदिले पनि कलम चलाउने गरेको देखिन्छ । खासगरी दैनिक तथा साप्ताहिक पत्रपकिाको प्रकाशन क्रम आरम्भ हुन थालेपछि राजनैतिक तथा समसामयिक विषयमा निबन्ध लेख्नेहरूको सङ्ख्या क्रमशः बढ्ने क्रममा रहेको देखिन्छ। राजनीतिक निबन्ध लेखनमा आनन्दराम पौडेल सक्रिय देखिन्छन्।

निष्कर्षमा छिटफुट रूपमा एकाध निबन्ध लेख्ने नामहरूको सूची लामै हुने भए तापनि मकवानपुरे निबन्ध लेखनको नेतृत्वकर्ता आर. सी रिजाल हुन् भन्ने कुरामा कुनै शङ्का गर्नुपर्दैन।

**२.४ नाटक**

नाटक साहित्यको प्राचीन विधा हो । पूर्वीय वाङ्मयका अध्यनन गर्दै जाँदा स्वयम् ब्रमाजीले पाँचौँ वेदका रूपमा शूद्र तथा नारीवर्गले समेत काव्यानन्द लिन पाऊन् भन्ने उद्देश्यले नाट्यवेद रचना गरेको भन्ने जानकारी पाइन्छ। पूर्व र पश्चिम दुवैतिर अत्यन्त प्राचीन र समृद्ध इतिहास बोकेको नाटक नेपाली साहित्यमा भने विक्रमीको उन्नाइसौँ शताब्दीको मध्यतिर भित्रिएको, बिसौँ शताब्दीको मध्यतिरबाट रङ्गमञ्चमा प्रवेश गरेको तथा बिसौँ शताब्दीकै उत्तरार्द्ध (वि. सं. १९८६) बाट आधुनिता प्राप्त गरेको विधा मानिन्छ।

मकवानपुर जिल्लामा नाटक र रङ्गमञ्चको इतिहास खोतल्दै जाँदा नेवारी संस्कृतिमा प्रचलित विभिन्न बाजागाजा सहितका नाचहरूलाई बिर्सनु हुँदैन । काठमाडौँ जोड्ने मूल नाका भीमफेदीमा नेवार समुदायकै बाहुल्य रहनु र

काठमाडौंसँग प्रत्यक्ष सम्पर्क रहनुले यहाँ नाटक लेखन तथा मञ्चनलाई प्रेरित गरेको अनुमान गर्न सकिन्छ । यस जिल्लाको उत्तरी भेगका पालुङ, टिस्टुङ, चित्लाङका नेवार समुदायमा प्रचलित विभिन्न सांस्कृतिक चाडपर्व तथा जात्राहरूमा प्रदर्शन गरिने अभिनेयात्मक आख्यानात्मक नृत्य तथा नाट्यहरूको निरन्तर प्रदर्शनबाट पनि नाटकलाई ठुलो प्रभाव र प्रेरणा प्राप्त भएको देखिन्छ।

ज्ञात रूपमा भने वि. सं. २०१९ सालमा राप्ती क्लब भैँसे र राप्ती पुस्तकालय भैँसेको स्थापनाले साहित्यिक सांस्कृतिक जागरणका क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएको देखिन्छ । नाटक लेखन तथा मञ्चनमा पनि यी संस्स्थाले अग्रणी भूमिका खेलेका छन् । राप्ती क्लब तथा राप्ती पुस्तकालयले तुल्सी थापाको सम्पादकत्वमा 'राप्ती' हस्तलिखित पत्रिका पनि प्रकाशन गरेको देखिन्छ । कृष्णजात्राको अवसरमा राप्ती क्लबले वि.स. २०२२/०२३ सालतिर विभिन्न धार्मिक नाटकहरू बर्सेनी मञ्चन गर्ने गरेको देखिन्छ । स्थानीय कलाकारहरूलाई प्रशिक्षण दिएर नाटक निर्देशनको अभिभारा सम्हाल्ने काम फज्जु मियाले गर्ने गरेको स्मरण साहित्यकार तुल्सी थापा बताउनुहुन्छ । उनी मुस्लिम समुदायको भए पनि हिन्दु धर्म संस्कृतिको राम्रो ज्ञान भएका कारण उनको निर्देशनमा 'राजा हरिश्चन्द्र', 'नलदमयन्ती' जस्ता हिन्दु धर्मग्रन्थमा आधारित नाटकहरू मञ्चन भएको पनि थापाको धारणा छ । उनी कुशल निर्देशक भएकै कारण उनीबाट निर्देशित नाटकमा अभिनय गर्न नवकलाकारहरूको घुइँचो नै लाग्ने गरेको बुझिन्छ। राप्ती क्लब भैँसेले तुल्सी थापाका 'उजडेको परिवार', 'मेचीकालीका सन्तान' र सेक्सपियरको 'द मर्चेन्ट अफ भेनिस'को अनुवादको पनि मञ्चन गरेको देखिन्छ । थापाको 'उजडेको परिवार' नाटक पुष्पराज शर्माको निर्देशनमा वि. सं. २०२३ सालमा एस. टी. आर. कलेज बिरगन्जमा र त्रिवि कान्ति होस्टलमा पनि मञ्चन गरिएको इतिहास पाइन्छ। प्रसिद्ध नाटककार विजय मल्लको 'बौलाहा काजीको सपना' पनि यसै क्लबले मञ्चन गरेको इतिहास पाइन्छ । आइतसिंह तामाङ, देवानसिंह लामाले झ्याउरे, तामाङ सेलो, मारुनी, झाँक्री नृत्य आदिका माध्यमबाट यहाँको नाटक तथा रङ्गमञ्चको विकास र विस्तारमा प्रत्यक्ष परोक्ष रूपमा पुगेको योगदानलाई पनि यस सन्दर्भमा बिर्सन सकिन्न।

मकवानपुरे साहित्यका उन्नयक मानिने गणेशलाल श्रेष्ठ आफैँ नाटककार र अभिनेता समेत थिए र उनले गाईजात्रा लगायत अन्य समयमा विभिन्न खालका प्रहसनात्मक नाट्य प्रस्तुति दिने गरेको परराष्ट्र मामिलाविद हिरण्यलाल श्रेष्ठ बताउनुहुन्छ । वि.सं. २०१९-०२० सालतिर भीमफेदीस्थित तत्कालीन नेपाल फरेस्ट्री तालिम केन्द्र र हालको वन विज्ञान अध्ययन संस्थानले एकल रूपमा र महेन्द्र माध्यमिक विद्यालयसँग मिलेर विभिन्न नाटकहरू मञ्चन गर्ने गरेको इतिहास पाइन्छ। यस कार्यको प्रेरणा हेटौँडास्थित नव कला कुञ्जबाट मिलेको देखिन्छ । नव कला कुञ्जकै प्रभावबाट समानधर्मी प्रगति सांस्कृतिक मण्डल पनि यसै कालमा स्थापित भएको देखिन्छ।

मकवानपुर जिल्लाको नाट्य साहित्यिक परम्परा पनि त्यति समृद्ध छैन । विभिन्न नाटककारहरूका नाटकको मञ्चन गर्ने क्रम भीमफेदीमा वि. सं २०१० पछिबाटै सुरु भएको चर्चा पाइए तापनि लेखन परम्पराको विकास भने २०३० पछि मात्र भएको देखिन्छ। फाटफुट नाटक लेख्ने पुराना नाटककारहरूमा तुल्सी थापाको नाम

लिन सकिन्छ भने नाटक विधाको पहिलो प्रकाशित कृति चाहिँ किरण उप्रेतीका नामबाट (वि.स. २०३५) सालमा प्रकाशित नाटककार केदार न्यौपानेको 'बुहारी' नाटक हो । त्यसै गरी वासु न्यौपानेको 'विविध' नाटक/एकाङ्की सङ्कलन पनि प्रकाशमा आएको देखिन्छ । त्यस्तै माधव पोखरेलको 'आकाङ्क्षाको चिता' नाटक प्रकाशित छ । पछिल्लो चरणको उत्कृष्ट र प्रयोगमूलक नाटकका रूपमा नाटककार तुल्सी थापाको 'अमरसिंहको खोजीमा अमरसिंह नाटक' प्रकाशित भएको देखिन्छ। उनका अन्य केही नाटकहरू पनि अप्रकाशित अवस्थामा रहेका देखिन्छन् । फटफुट रूपमा नाटक/एकाङ्की लेख्ने अन्य नाटककारहरूमा केशव श्रेष्ठ ज्योति, बाबुराम दहाल, साम्ब ढकाल, आर. सी. रिजाल आदिको आदिको नाम लिन सकिन्छ। बौद्धिक सचेतताका दृष्टिले हेर्दा तुल्सी थापा जिल्लाका प्रतिनिधि नाटककारका रूपमा देखिन्छन् । सिनेमा तथा टेलिभिजनको आक्रमणबाट परास्त जस्तै नाटक विधा पनि मकवानपुर जिल्लामा फस्टाउन नसकेको विधा हो।

मकवानपुर जिल्लामा नाटक र रङ्गमञ्चको चर्चा गर्दा एउटा छुटाउनै नहुने संस्था तङ्ग सांस्कृतिक परिषद् (२०५१) हो। यस संस्थाले आफ्नो स्थापना कालदेखि नै विभिन्न सडक नाटक तथा नाटकहरू मञ्चन गर्दै आएको छ। संस्थाद्वारा मञ्चित केही चर्चित र लोकप्रिय सडक नाटकहरूमा 'गुरुजी र अन्तरे', 'जुँगे हवलदार', 'बाबुको बिहे', 'कुरो बुझ्यो रामहरिले', धर्मेन्दरके बेटबा' (भोजपुरी), 'झङ्गरु मङ्गरु' लगायत थुप्रै रहेका छन् । तरङ्गले 'अनिकालको यात्रा' (२०६४), 'अमरसिंहको खोजीमा अमरसिंह नाटक' (२०६८), 'मान्छे बन्ने रहर' (२०७१) जस्ता स्टेज नाटकहरू मञ्चन गरेको छ भने मण्डलाको 'चरणलदास चोर' र 'माइला डट कम' तथा आरोहण गुरुकुलको 'ताराबाजी लै लै' नाटक पनि हेटौँडामा मञ्चन गरिएको छ (उज्ज्वल शर्मा भण्डारीबाट प्राप्त जानकारी) । परिषद्ले अभिनय कलाको विकासका लागि विगतमा एकल अभिनय प्रतियोगिता पनि सञ्चालन गरेको देखिन्छ। तरङ्ग साँस्कृतिक परिषद्सँग सम्बद्ध रहेर विगतदेखि वर्तमानसम्म अभिनय गर्ने केही प्रमुख कलाकारहरूमा आशाकाजी श्रेष्ठ, कुमार शाह, रिता लामा शाह, भोलाराज सापकोटा, स्व. लोकप्रसाद ढकाल, लक्ष्मण केसी, दीपज्योति थापा, राम थोकर, प्रलय चौलागाई, लक्ष्मण थोकर, माधवलनल श्रेष्ठ, माधव गौतम, रन्जिता शर्मा, दीपमाला परियार, चिरञ्जीवी भट्टराइ, अजित भट्टराई लगायत उल्लेख्य रहेका छन्।

मकवानपुरे नाटकको विकास र विस्तारमा शृङ्खला नाट्य समूहको योगदानलाई पनि बिर्सन सकिन्न । यस संस्थाले पनि विशेषतः सडक नाटकका क्षेत्रमा उल्लेख्य कामहरू गरेको छ। वि. सं. २०५० मा स्थापित यस संस्थाले विभिन्न समयमा गरेका केही चर्चित र लोकप्रिय सडक नाटकहरूमा 'नेपनिको पाँच ए', 'वन साङ्लो', 'लोखर्के', 'इमली', 'अ, अ र आहरू', 'सङ्गदोष', 'दोषी को ?', 'एउटा अर्को सहिद दिवस' (तुल्सी थापा), 'अच्छा लेकिन', 'अधुरो मिलन', 'भाग्यमानी' आदि उल्लेख्य रहेका छन् । संस्थाले नाट्यप्रधान पत्रिका 'आरोह' का पाँच अङ्कहरू समेत प्रकाशित गरेको छ। यस संस्थासँग सम्बद्ध रहेर अभिनय गर्ने केही प्रमुख कलाकारहरूमा वासु न्यौपाने, किरण पौडेल, कविता श्रेष्ठ, इन्द्रजित शर्मा चौलागाईँ, कल्पना बिक, सन्जु परियार, राजन न्यौपाने, घनश्याम ढुङ्गाना, प्रभा थापा, सरिता कोइराला, प्रमिला लामिछाने, ओम प्रकाश तिवारी,

दीपेन्द्र श्रेष्ठ, शान्ता लामा लगायत रहेका छन् । संथाको नेतृत्वदायी भूमिकामा वासु न्यौपाने, विमल घिमिरे, मुरारि रैला लगायतको विशेष योगदान रहेको छ।

तरङ्ग सांस्कृतिक परिषद् र नेपाल प्रज्ञा प्रतिष्ठानको संयुक्त आयोजनामा सम्पन्न बहुभाषिक नाट्य महोत्सव (२०६८) ले पनि मकवानपुरे नाटक र रङ्गमञ्चको विकासमा सहयोग पुऱ्याएको देखिन्छ । यस महोत्सवमा नेपाली लगायत विभिन्न भाषाका थुप्रै नाटकहरू मञ्चन गरिएका थिए । यसबाट समग्र जिल्लाको नाटक तथा रङ्गमञ्चको विकास र विस्तारमा महत्त्वपूर्ण योगदान पुगेको तथ्यलाई नकार्न सकिन्न।

मकवानपुर जिल्लाको नाट्यसाहित्यिक परम्परा पनि त्यति समृद्ध छैन । विभिन्न नाटककारहरूका नाटकको मञ्चन गर्ने क्रम भीमफेदीमा वि. सं २०१० पछिबाटै सुरु भएको चर्चा पाइए तापनि लेखन परम्पराको विकास भने २०३० पछि मात्र भएको देखिन्छ। फाटफुट नाटक लेख्ने पुराना नाटककारहरूमा तुल्सी थापाको नाम लिन सकिन्छ भने नाटक विधाको पहिलो प्रकाशित कृति चाहिँ किरण उप्रेतीका नामबाट (वि.स. २०३५) सालमा प्रकाशित नाटककार केदार न्यौपानेको 'बुहारी' नाटक हो । त्यसैगरी वासु न्यौपानेको 'विविध' नाटक/एकाङ्की सङ्कलन पनि प्रकाशमा आएको खेखिन्छ भने मकवानपुरको मात्र नभएर देशकै एक उत्कृष्ट र प्रयोगमूलक नाटकका रूपमा नाटककार तुल्सी थापाको 'अमरसिंहको खोजीमा अमरसिंह नाटक' (२०५८) प्रकाशित भएको देखिन्छ । उनका अन्य केही नाटकहरू पनि अप्रकाशित अवस्थामा रहेका देखिन्छन् । नाटककार माधव पोखरेलका 'आकाङ्क्षाको चिता' (२०६९) र ऐनाभित्रको आकाश (नाटक) २०७८ नाटक प्रकाशित छन् । अरुण खतिवडाको 'ज्वाला' (२०७९) मकवानपुर जिल्लाबाट हालसम्म प्रकाशित पछिल्लो नाटक हो । फाटफुट रूपमा नाटक/एकाङ्की लेख्ने अन्य नाटककारहरूमा केशव श्रेष्ठ 'ज्योति', बाबुराम दहाल, साम्ब ढकाल आदिको नाम लिन सकिन्छ। बौद्धिक सचेतताका दृष्टिले हेर्दा तुल्सी थापा जिल्लाका प्रतिनिधि नाटककारका रूपमा देखिन्छन् । सिनेमा तथा टेलिभिजनको आक्रमणबाट परास्तजस्तै नाटक विधा पनि मकवानपुर जिल्लामा फस्टाउन नसकेको विधा हो।

**२.५ समीक्षा/समालोचना**

मकवानपुर जिल्लामा समीक्षा/समालोचना लेखनको परम्परा पनि त्यति विकसित देखिन्न । छिटफुट रूपमा चालीसको दशकपछि केही समीक्षात्मक लेख-रचनाहरू लेख्ने परम्पराको विकास हुन थालेको मकवानपुर जिल्लामा रामचन्द्र आचार्य फुर्सतीले यस क्षेत्रमा कलम चलाएको पाइन्छ। हालै हयग्रीव आचार्यको 'कलानाथ अधिकारी : व्यक्ति र कृति' समालोचनात्मक कृति २०७४ मा प्रकाशित छ । त्यसैगरी पछिल्लो चरणमा बिर्खे अन्जान पनि समीक्षा लेखनमा सक्रियतापूर्वक देखापरेका छन् उनको समालोचना सङ्ग्रह 'शल्यक्रिया' २०७४ प्रकाशित छ । त्यसैगरी डा. तारालाल श्रेष्ठको 'शक्ति स्रष्टा सबाल्र्टन' (२०६८) र 'बल्झिरहने अतीत अल्झिरहने वर्तमान' (२०७१) पनि अनुसन्धानात्मक समालोचनाका कृतिहरू हुन् । गिरिजा अधिकारीको 'मकवानपुरको पत्रकारिता' (२०७६) पनि समीक्षात्मक कृतिका रूपमा देखा परेको छ । जिल्लाबाहिरबाट आएर यस क्षेत्रमा कलम चलाउनेहरूमा रमेश गोर्खाली, रमेशमोहन

अधिकारी, सञ्जय साह आदिको नाम उल्लेख्य देखिन्छ भने बाहिरबाटै आएर हालसम्म पनि यस क्षेत्रमा निरन्तर कलम चलाउनेमा निमेष निखिलको नाम उल्लेख गर्न सकिन्छ । निखिलले 'मकवानपुरका कवि र कविता' विषयमा स्नातकोत्तर शोध गरेका छन् । त्यसैगरी नवराज शर्मा पनि मकवानपुरे समीक्षा/समालोचना क्षेत्रका एक उल्लेखनीय नाम हो । पछिल्लो चरणमा साम्ब ढकाल पनि यस क्षेत्रमा कलम चलाउन थालेका छन् । त्यसैगरी उद्धव सापकोटा, नारायण चापागाईं, दीपक गौतम आदि पनि आशलाग्दो रूपमा यस क्षेत्रमा देखा परेका छन् । युवा पुस्तामा सुवास खनाल, दीपक गौतम आदिले पनि समीक्षात्मक लेखनमा कलम चलाउन थालेका छन् । पछिल्लो समयमा अत्यन्त सटीक ढङ्गले वस्तुपरक समालोचना लेख्ने समालोचकका रूपमा घनश्याम घिमिरेलाई लिन सकिन्छ । मकवानपुर जिल्लामा उल्लेख्य रूपमा अघि बढ्न नसकेको विधा समीक्षा/समालोचना पनि हो ।

### २.६ कविता/काव्य

मकवानपुर जिल्लामा सर्वाधिक विकसित विधाका रूपमा कविताकाव्यलाई लिन सकिन्छ । वि. सं. १९९९ सालमा प्रकाशित गणेशलाल श्रेष्ठको गीत, गजल र भजनको सङ्ग्रह 'मेरा दुई पुष्पाञ्जली'बाट आरम्भ भएको मकवानपुरे काव्यसाहित्यको परम्परामा थुप्रै कविहरू जोडिन आइपुगेका छन् । काव्यकवितासँगै सम्बन्धित नेपाली भाषमा प्रकाशित अर्को कृति 'गीत-कुञ्ज' हो । नव कलाकुञ्जद्वारा प्रकाशित प्रस्तुत कृतिमा विभिन्न प्रकृतिका १ सय ६ वटा गीतहरू प्रकाशित छन् । कवितासङ्ग्रहका रूपमा प्रकाशित पहिलो कृति कवि भीम विरागको 'तातो सुस्केरा' (कवितासङ्गह- २०३२) हो । त्यसैगरी रामचन्द्र आचार्य 'फुर्सती'को 'तीन खोले दोभान' (गीतसङ्ग्रह- २०३४), ठाकुरनाथ शर्माको 'प्रभाकर' (शोककाव्य- २०३७), आर. आर. चौलागाईंका 'सामन्तीलाई चिठी' (कवितासङग्रह- २०३७) 'नौलो बिहानी' (कवितासङग्रह- २०३७), प्रेम लामाको 'तुहेर जन्मन्छन मान्छेहरू' (कवितासङ्ग्रह-२०४०), भीम विरागको अतृप्त स्पर्श (गीतसङ्ग्रह- २०४३), आर. आर. चौलागाईंको 'जिउँदा मानिसहरू' (कवितासङग्रह- २०४३) आदि कवितासङ्ग्रहहरूको पनि मकवानपुरे काव्यसाहित्यको इतिहास निर्माणमा उल्लेख्य भूमिका रहेको छ । सयमक्रममा यस जिल्लाबाट निस्केका काव्यकवितासँग सम्बधित कृतिहरूको सूची निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**कविता सङ्ग्रहहरू**

| | |
|---|---|
| बन्धनभित्रका अभिव्यक्तिहरू (२०४६) | सहलेखन |
| आदिम यात्रा (२०५१) | तीर्थदेवी सिलवाल |
| खोज्दै जाँदा तिमीलाई (२०५३) | सहलेखन |
| मेरो अन्तर्मनले भन्छ (२०५३) | ऋषि के. बी |
| सबैका लागि (२०५४) | टङ्कनाथ पराजुली |
| भीम विरागका कविता (२०५४) | भीम विराग |

| | |
|---|---|
| खुकुरी र मान्छे (२०५५) | हयग्रीव आचार्य |
| तुवाँलोभित्र र तुवाँलोबाहिर (२०५५) | आर. आर. चौलागाई |
| उद्गार (२०५५) | ऋषि के. बी. |
| चौथो प्रहर (२०५५) | केशव श्रेष्ठ ज्योति |
| मन्त्री पुराण (२०५६) | गणेशकुमार पौडेल |
| अतीतलाई फर्केर हेर्दा (२०५६) | गणेशकमार पौडेल |
| कविता लेख्नु निरर्थक हुन्छ (२०५६) | आर. आर. चौलागाईं |
| बुद्ध  पुनः एक पटक जन्म लेऊ (२०५७) | राम बर्तौला 'आँसु' |
| कलिलो घाम (२०५७) | अनुप पुडासैनी |
| मान्छेहरू अजङको यात्रामा (२०५८) | साम्ब ढकाल |
| एक निमेष अनन्तको (मसिना कविता २०५८) | तुल्सी थापा |
| लड्गडो सोख (२०५९) | ज्ञानवीर क्षत्री |
| आस्था रोपेर मनका गराहरूमा (२०६१) | आर. आर. चौलागाईं |
| उत्सव अनिश्चित वेदनाको (२०६१) | पुण्यशिला |
| अक्षरका जुलुसहरू (२०६२) | गिरिजा अधिकारी |
| अतृप्त खण्डहर (२०६३) | सहलेखन |
| कालखण्ड (२०६३) | आनन्दराम पौडेल |
| मनहरूको परिसर (२०६५) | निमेष निखिल |
| आत्मध्वनि (२०६५) | देवराज खरेल |
| तमसोत्सव (२०६६) | साम्ब ढकाल |
| इतिहास र लाल झा (२०६७) | गिरिजा अधिकारी |
| सुँगुरको महिमा (२०६७) | गणेशकुमार पौडेल |
| देश कोरिरहेको म (२०६८) | दीपक खड्का |
| शब्दझर्ना (२०६८) | यमुनाप्रसाद गौली |
| किनाराका आवाजहरू (२०६९) | अप्सरा तिम्सिना |
| समय सङ्गीत (२०६९) | आशिष सुवेदी |
| रित्तिएको गाउँ (२०७०) | माधव पोखरेल |
| सम्झनाका डोबहरू (२०७०) | पण्डित अञ्जु दहाल |

| | |
|---|---|
| उमेरको नदी (२०७०) | निमेष निखिल |
| विचारको उल्टो नदी (२०७१) | सुवास खनाल |
| हल्ला (२०७१) | छवि अनित्य |
| शोकगीतको पोस्टमार्टम (२०७१) | निमेष निखिल |
| एस्ट्रेमा कविता (२०७२) | जेनन नेपाल |
| पच्चीस प्रतिवाद (२०७२) | गिरिजा अधिकारी |
| अवसान सपना (२०७२) | बिर्खे अञ्जान |
| म त एक्लै (२०७२) | उद्धव बिडारी |
| कौवालाई बेल (२०७२) | राजन ढकाल |
| तीन टुक्रा (२०७३) | उद्धव बिडारी |
| नसमेटिएका तरङ्ग (२०७३) | पूर्णकला घिमिरे |
| असीम पर्खाइहरू (२०७३) | आर. आर. चौलागाईं |
| केही अस्पष्ट रेखाहरू (२०७४) | दीपक मुडभरी 'मित्र' |
| कल्याण कविता (कविता- २०७५) | ख्यालप्रसाद बोलखे |
| फूलको विद्रोह (२०७५) | अनिता न्यौपाने |
| अखण्ड आलाप (२०७५) | मुक्तान थेबा |
| गुराँस र युद्ध (२०७५) | रमेशमोहन अधिकारी |
| न्यायको सौन्दर्य (२०७६) | देवराज तिवारी |
| राष्ट्र उद्गार (२०७६) | राम बतौला 'आँसु' |
| सपनाका अवयव (२०७७) | सुवास खनाल |
| मैले जिउन जानिनँ (२०७८) | मीनप्रसाद लामिछाने |
| जिल खाइरहेको एक्काइसौँ शताब्दी (२०७८) | शान्ति प्रियवन्दना |
| अभिमन्यु नयाँ भूमिकामा (२०७८) | ऋषि के. बी. |
| तुइनको बाटो (२०७९) | छवि अनित्य |
| मानचित्रमा देश (२०७९) | मसान उपासक |
| कोरिएका रेखाहरू (२०७९) | ऋत्विक के. बी. |
| अभियुक्त समय (२०७९) | समर्पण न्यौपाने |

**गजल सङ्ग्रहहरू**

| | |
|---|---|
| सिर्जनाका हातहरू (२०५८) | पालुङ्गे चरो |
| बिथोलिएको मन (२०६१) | बबी थापा |
| समयको छाया (२०६४) | इन्द्रजित शर्मा चौलागाईं |
| पत्थरको मान्छे (२०६६) | विमला कार्की |
| स्पन्दन (गजल सङ्ग्रह) २०६६ | ऋषि के. बी. |
| दबिएका स्वरहरू (२०६७) | राम बर्तौला 'आँसु' |
| रगतले लेखिएको इतिहास (गजल नाटक) २०६७ | ऋषि के. बी. |
| पलपलको मूल्य (२०६८) | विश्वनाथ सञ्जेल |
| आगमन (२०६९) | विनिता कार्की |
| घाम नभएको आकाश (२०६९) | विमला कार्की |
| सम्झना बिर्सना (२०६९) | राम कार्की |
| भावलहर (२०६९) | कुमार स्याङ्बो |
| भावहरूका सन्दर्भ (२०७०) | देवराज तिवारी |
| पढ्पछि थाहा पाउँछौ (२०७०) | अनिष न्यौपाने 'भावना' |
| सम्बन्ध (२०७१) | सुरेन्द्र कार्की 'निषाद' |
| फर्कियौ किनारबाट (२०७८) | विश्वनाथ सञ्जेल |
| कहर (२०७७) | किशन पौडेल |
| अक्षर आराधना (२०७९) | मसान उपासक |

**गीत सङ्ग्रह**

| | |
|---|---|
| दुःखेको इन्द्रेणी (२०२५) | भीम विराग |
| अतृप्त स्पर्श (२०४३) | भीम विराग |
| यात्राका गीतहरू (२०५३) | आर. आर. चौलागाईं |
| तिर्खाएको बादल (२०५८) | तुलाराम थापा |
| समर्पण (गीतसङ्ग्रह- २०७०) | मञ्जु दहाल खराल 'मञ्जुश्री' |
| मुटु र गीतहरू (२०७०) | पुरुषोत्तम आचार्य |
| फूलका कुरा जूनका कुरा (२०७१) | तुलसी घिमिरे |

**खण्डकाव्य / काव्य**

| | |
|---|---|
| अज्ञात प्रारम्भ (खण्डकाव्य- २०५६) | भीम विराग |
| प्रतीक्षा (खण्डकाव्य- २०५६) | श्यामकुमार बानियाँ |
| उडान : बुद्ध होइन युद्ध (लघुकाव्य- २०५८) | ऋषि के. बी. |
| वार्ता (गीतिकाव्य-२०६२) | गणेशकुमार पौडेल |
| अतीतको आँगनीमा (स्मृतिकाव्य- २०६३) | श्यामकुमार बानियाँ |
| प्रकृति सार (काव्य- २०६८) | यमुनाप्रसाद गौली |

**मुक्तक सङ्ग्रह**

| | |
|---|---|
| प्रतिनिधिसभास्तोत्रम् २०६० | गणेशकुमार पौडेल |
| भोको मझेरी (२०६८) | पुरुषोत्तम आचार्य |
| प्रेमका पाइला ( २०७०) | देवराज खरेल |
| मनको आँखा (२०७३) | अनिष न्यौपाने 'भावना' |
| अतीतको आँगनी (२०७५) | डी. बी. बर्तौला |
| क्षितिज यात्रा (२०७५) | विश्वनाथ सञ्जेल |
| विसङ्गत वर्तमान (२०७७) | दीपक गौतम |
| पसिनाको आभा (२०७८) | डी. बी. बर्तौला |
| कठघरामा देश (२०७९) | बिर्खे अन्जान |

**महाकाव्य**

| | |
|---|---|
| देवका पनि देव भ्रष्टेश्वर महादेव (पाल्सी महाकाव्य- २०५८) | गणेशकुमार पौडेल |
| मोहभङ्ग (गीता महाकाव्य- २०५९) | भीम विराग |
| आत्म सलिल (२०७६) | मुना अर्याल |
| त्रिसत्य (२०७६) | चेतप्रसाद पौडेल |

**अन्य**

| | |
|---|---|
| चास्सचुस्स (हाइकु, छोक, मुक्तकहरू- २०५२) | सहलेखन |
| भीम विरागका गीत गजल (२०५७) | भीम विराग |
| शुभप्रभात (हाइकुसङ्ग्रह- २०६५) | अनल गौतम |
| त्रिसत्य (२०७४) | चेतप्रसाद पौडेल |

**व्यक्तिकेन्द्रित कृतिहरू**

| | |
|---|---|
| खेम बानियाँ : सिर्जना र सम्झनाहरूमा (२०६१) | स. साम्ब ढकाल/रामचन्द्र भण्डारी |
| व्यक्तित्वका आयामहरूमा तुल्सी थापा (२०७९) | स. निमेष निखिल |

जिल्लाको साहित्यिक उन्नयन तथा विकासमा विभिन्न सङ्घसंस्थाहरूले प्रकाशन गरेका स्मारिका, स्थानीय समाचारपत्रहरू, स्थानीय रेडियो तथा टेलिभिजनको भूमिकालाई पनि बिर्सन सकिन्न । त्यसै गरी जिल्लाबाट निरन्तर रूपमा प्रकाशन भइरहेका दुई साहित्यिक त्रैमासिकहरू 'अक्षय अक्षर' (स. आर.सी. रिजाल) र 'हाम्रो मातृभूमि' (स. देवराज खरेल)को भूमिकालाई पनि बिर्सन सकिन्न । बेलाबखत विभिन्न साहित्यिक संस्थाहरूले प्रकाशन गर्ने मुखपत्रहरू 'सौरभ' (साहित्य सङ्गम मकवानपुर), प्रलेस (प्रलेस मकवानपु)ले पनि जिल्लाको साहित्यिक उन्नयनमा उल्लेख्य योगदान पुऱ्याएका छन् । यीबाहेक बेला बेलामा प्रकाशन भएका र हाल बन्द रहेका पत्रपत्रिकाहरूलाई पनि यस क्रममा स्मरण गर्न सकिन्छ ।

काव्यकविताका पुस्तकहरूको लामो सूचीको अध्ययन गर्दा के देखिन्छ भने मकवानपुर जिल्लामा सर्वाधिक विकसित विधा कविता नै हो । चाहे लेखनमा होस् या कृति प्रकाशनमा यहाँ काव्यसाहित्य नै अरु विधाभन्दा अगाडि रहेको छ । त्यसैले मकवानपुरे साहित्यको नेतृत्व कविता विधाले गरेको छ भन्न सकिन्छ । विगतदेखि वर्तमानसम्मको मकवानपुरे काव्यसाहित्यको इतिहासलाई हेर्दा कवि भीम विराग, आर. आर. चौलागाईं, साम्ब ढकाल, केशव श्रेष्ठ 'ज्योति', निमेष निखि, तुल्सी थापा, तुल्सी घिमिरेलगायतले यहाँको काव्यिक नेतृत्व गरेको देखिन्छ । भीम विरागका गीत, गजल, फुटकर कविता, खण्डकाव्यदेखि महाकाव्यसम्मका कृतिहरू प्रकाशन भएबाट उनको यस जिल्लाका विशिष्ट काव्यिक योगदान रहेको कुरा स्पष्ट हुन्छ ।

भीम विरागकै परम्परामा रहेर कविता लेख्ने पहिलो पुस्ताका कविहरूमा कवि टंकनाथ पराजुली, ठाकुरनाथ शर्मा, आदिको नाम पनि उल्लेख्य रहेको छ । पछिल्लो चरणमा प्रगतिवादी भावधारासहित मकवानपुरे काव्य साहित्यमा देखापरेका सशक्त कविहरूमा आर. आर. चौलागाईं, तीर्थदेवी सिलवाल, नवराज शर्मा, केशव श्रेष्ठ ज्योति आदिको नाम लिन सकिन्छ । लेखन तथा प्रकाशन र साधनागत निरन्तरका दृष्टिले आर आर चौलागाईंलाई यस धाराका उल्लेखनीय कवि मान्न सकिन्छ । पछिल्लो समयमै देखापरेका सचेत र बौद्धिक कवि साम्ब ढकाल हुन् । काव्यसाहित्यका पछिल्ला मूल्यमान्यतालाई आत्मसात गरेर कविता लेख्ने उनका कवितामा मान्छे जीवनका जटिलताहरूको कलात्मक प्रस्तुतीकरण पाइन्छ ।

वर्तमान सयममा काव्यसाधनामा सक्रिय रहेका केही नामहरूमा आर. आर. चौलागाईं, तुल्सी थापा, साम्ब ढकाल, निमेष निखिल, तीर्थदेवी सिलवाल, गणेशकुमार पौडेल, तुलसी घिमिरे, हयग्रीव आचार्य, श्यामकुमार बानियाँ, देवराज खरेल, बबी थापा, दीपक गौतम, सुवास

खनाल, छवि अनित्य, उमेश तिमल्सिना, अनिता न्यौपाने, शान्ति प्रियवन्दना, अप्सरा तिम्सिना, भावना सापकोटा, सानोबाबु खनाल, उमाकान्त आचार्य, पुरुषोत्तम आचार्य, प्रमोद अधिकारी, पुष्प पराग, एस.के. निधन, देवराज तिवारी, विशाल अधिकारी 'आशुतोष', केशव समर्पण लगायत थुप्रै नामहरू अघि सार्न सकिन्छ । त्यस्तै साहित्यको ग्रामीण जागरणमा रमेशमोहन अधिकारी, उद्धव सापकोटा, जनार्दन खनाल आदिको योगदान पनि अविस्मरणीय छ ।

यसरी विभिन्न विधाहरूका पुस्तकहरूका साथै विभिन्न पत्रपत्रिकाहरूको प्रकाशन, विभिन्न सङ्घसंस्थाको स्थापना, पुरस्कारहरूको स्थापना आदिले पनि मकवानपुरे साहित्यको विकास र विस्तारमा उल्लेखनीय योगदान पुऱ्याएका छन् ।

**३ उपसंहार**

मकवानपुर जिल्लाको साहित्यिक विकास र विस्तारमा जिल्लाभित्र स्थापना भएका विभिन्न सङ्घसंस्था, पत्रपत्रिकाको प्रकाशन, पुस्कारहरूको स्थापना आदिले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको तथ्यलाई बिर्सन सकिन्न । यिनका अतिरिक्त विभिन्न सामाजिक, सांस्कृतिक सङ्घसंस्थाहरू, विद्यालयहरू, क्लबहरू, पुस्तकालय आदिले प्रकाशन गर्ने स्मारिका, समाचारमूलक दैनिक तथा साप्ताहिक पत्रपत्रिका आदिले पनि कुनै न कुनै रूपमा साहित्यलाई स्थान दिएकै देखिन्छन् ।

त्यसैगरी विभिन्न साहित्यिक तथा गैरसाहित्यिक सङ्घसंस्थाहरूले बेलाबेलामा आयोजना गर्ने साहित्य गोष्ठीहरूले पनि जिल्लाको साहित्यिक विकास, विस्तार र प्रतिभा प्रोत्साहनमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । यसरी सबै क्षेत्रको माया पाएर मकवानपुरे साहित्य झ्याँङ्गिदै र मौलाउँदै गएको देखिन्छ ।

यस्ता विविध साहित्यिक पुरस्कार, सम्मान, साहित्यिक सङ्घसंस्थाहरूले गरेका साहित्यिक कार्यक्रमहरूबाट मकवानपुरे साहित्यले यथोचित ढङ्गले विकसित र विस्तारित हुने अवसर पाएको छ । विविध साहित्यिक विधाहरूको लेखन र विस्तारमा विभिन्न सङ्घसंस्थाहरूबाट आयोजना हुने विधागत गोष्ठीहरू र विभिन्न विधाका लागि दिइने पुरस्कारहरूको अहम् भूमिका रहेको देखिन्छ । राज्यपक्षबाट मकवानपुरे साहित्यको विकास र विस्तारका लागि खासै उल्लेख्य केही नभए तापनि यहाँका कलासाहित्यप्रेमी जनसमूहले यस क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउँदै आएका छन् ।

विभिन्न समयक्रममा मकवानपुरे काव्यसाहित्यमा देखापरेका प्रमुख कवि सर्जकहरूबाहेकका अन्य नामहरूमा ए.के. गिरी, जगन्नाथ ढकाल, पीताम्बर ज्ञवाली, शङ्करबहादुर रोक्का, बच्चुराम सुवेदी, वासु सुवेदी 'वियोगी, दीपेन्द्र रेग्मी, मधुसुदन कार्की, चन्द्रकुमार 'झापाली, तीर्थराज तीर्थ, विमला न्यौपाने, रा. प्र. बन्जारा, भरतप्रसाद फुँयल, गणेशकुमार श्रेष्ठ, नारायणप्रसाद दहाल, प्रवीण बिडारी, शम्भु तामाङ, बि.के. सामसिंह ऐर, शारदा शर्मा, दुर्गारमण प्याकुरेल, अम्बिका पुडासैनी, धनबहादुर मोक्तान, वासुदेव न्यौपाने, सुन्दरराज शाक्य 'बे.पो.', आसिक केशव श्रेष्ठ, उषा बास्कोटा, ज्ञानेन्द्र पराजुली, देवकी ढकाल, तुलसा बस्नेत, चन्द्रशेखर पाख्रिन, प्रवीण

'प्यासी', माधव अधिकारी, तुलसी लामिछाने 'दुखी', कृष्णहरि अधिकारी, मनोज महत, ओकिलराज गोर्खाली, वेदप्रसाद गौडेल, सुजित तिमल्सिना, आर.आर. उप्रेती, ठाकुरप्रसाद पण्डित, बलराम लामिछाने, सहदेव आचार्य, नरेश बास्कोटा, करूणा महत 'मुस्कान' यदुनाथ बन्जारा, श्रीप्रसाद उपाध्याय, अलकबहादुर बानियाँ, विनोदकुमार पुडासैनी, लोकनाथ बिडारी, विष्णुप्रसाद फँयल, वियोगी एम. बी. बानियाँ, जितेन्द्रराज पाठक, सीता गिरी 'अन्जान, चेतप्रसाद पौडेल, बी. गुरूङ, नवराज कोइराला, चुनु निराश, आर. बानियाँ, गङ्गा ऐर, ए. बी. डङ्गोल 'प्रितम' रविशङ्कर मुड्भरी, अर्जुन ढुङ्गेल, अर्पण पराजुली, आर.पी. लोहनी, कुमार तिमल्सिना, कृष्णदेव रिमाल, के.एल. जोशी, केदार न्यौपाने, केशव रसाइली, गोविन्दराम ढकाल, चाँदनी हमाल 'तारा, चुनु बानियाँ, चेतनाथ खतिवडा, चेतप्रसाद पौडेल, छविलाल श्रेष्ठ (छवि अनित्य), जनार्दन खनाल, तारालाल श्रेष्ठ, तुलसी गिरी, तुलसीराम बानियाँ, दिनेश न्यौपाने, दिनेश श्रेष्ठ, दीपक अधिकारी, दीपेन्द्र रेग्मी, देवराज रिमाल, धनकुमारी सुनार, धरणी भट्टराई, ध्रुवप्रसाद भट्टराई, नानीमाया विष्ट, पी. काफ्ले, पुष्कल श्रेष्ठ, पुस मास्के, वसन्त बिडारी, वसुन्धरा बिडारी, विकास खतिवडा, विनोद आरोही, विरोध खतिवडा, विश्वरमण न्यौपाने, विष्णु ओभा, शान्तलाल नेवाः, शान्ति प्रियवन्दना, सम्राट तुम्बाहाङ्फे, सानुभाइ विश्वकर्मा, सुभाषचन्द्र भीमफेदिया, सूर्यचन्द्र न्यौपाने, सूर्यमणि सुवेदी, सूर्यमान रञ्जित, सूर्य शर्मा, हिरण्यलाल श्रेष्ठ, क्षितिजचन्द्र पौडेल, क्षितिजराज बैद्य, प्रमिला विडारी, प्रवीण विडारी, बद्रिप्रसाद खतिवडा, दिनेशकुमार श्रेष्ठ, ढुण्डिराज अधिकारी, चुडामणि ओली, स्वयम्भूराज शाक्य, भरतराज पोखरेल, रामचन्द्र खनाल, नारायणप्रसाद कुइकेल 'सरिफ', शालिग्राम तिवारी, इन्द्रकला, आर.के.एस. रसिक, ताराप्रसाद लामिछाने, रामकृष्ण अधिकारी, नवलपुरे केदार, मनोहर शर्मा 'अन्धकार', लक्ष्मण बर्तौला, रेखा गौतम, बलराम ढुङ्गेल, असीम विवश, रेणुका चौलागाईँ, विचारी महर्जन, सुप्रिया प्यासी, मीनप्रसाद लामिछाने, अच्युत वाग्ले, कृष्ण न्यौपाने 'दी जङ्गली', के.पी. न्यौपाने 'मधुप', उद्धवप्रसाद उप्रेती, भारती पोखरेल, धरणीधर शर्मा कोइराला, तुलसीप्रसाद शर्मा, मोहन भुल्का, मोहनप्रसाद खनाल, वि.प्र. घिमिरे, धरणी भट्टराई, वासुदेव आत्रेय, पुरूषोत्तम रिजाल 'हृदयकवि', आनन्दराम पौडेल, प्रदीपकेशर लामिछाने 'सहारा', प्रह्लाद लामिछाने 'श्रमिक', सी.एम. रेग्मी, चिनु लामा 'उजाड', कृष्णप्रसाद सुवेदी, अनिता सुमार्गी, कृष्णप्रसाद लुइँटेल, के.पी. आत्रेय, चिमकाजी 'चिरश्मी", बद्रीप्रसाद अर्याल, परशुराम थापा, अभागी किसान 'अन्जान', अर्चना भण्डारी, टि. एन. ढकाल, म. बिडारी, पद्मनाथ पौडेल, पवन आलोक, बी. सुवेदी, तेजराज पाण्डे, प्रमेन्द्र महर्जन, रामहरि शर्मा चौलागाईं, माधवप्रसाद भण्डारी, भीमप्रसाद भट्टराई, केशव रसाइली, शान्तलाल नेवाः, राधेश्याम, विश्वनाथ रेग्मी, कलानाथ अधिकारी, बिर्खे अन्जान, भानुभक्त विष्ट, दीपक खड्का, भीमप्रसाद दुलाल, भृगुराम श्रेष्ठ, मनोहरि पौडेल, मानसिं बेगर, मीन तामाङ, मृदुला शर्मा, मोदनाथ पोखरेल, यज्ञलाल श्रेष्ठ, रणध्वज

कन्दङ्वा, रमेश चौलागाई, रमेश राना, रवीन्द्रकुमार भट्टराई, राजकुमार चौधरी, रामनारायण बिडारी, रामबाब' थापा, रामहरि शर्मा चौलागाई, रामहरि शर्मा, ढकाल, रामहरि श्रेष्ठ, रामेश्वर राना, रूपचन्द्र विष्ट, लक्ष्मण बानियाँ, लक्ष्मीदेव घिमिरे, लाल श्रेष्ठ, विदुर गौतम, ज्ञानहरि घिमिरे, बाबुराम खतिवडा आदिको नाम लिन सकिन्छ।

मकवानपुरे साहित्यको कुरा गर्दा श्यामप्रसाद शर्मा (वि.स. १९८६-२०७४)लाई बिर्सन सकिन्न। मकवानपुरमा जन्मेका शर्माका 'तँ तिमी तपाई हजुर', 'बहिनीलाई चिठी', 'थुनुवाको डायरी'लगयत चार दर्जभन्दा बढी पुस्तकहरू प्रकाशित छन्। त्यसैगरी निर्मलकुमार आचार्यका 'मनको ओखती', 'संस्कृतिको सेरोफेरो', 'प्रथम नेपाली महिला' जस्ता पुस्तकहरू प्रकाशित छन्। मकवानपुरमै जन्मेर हाल अन्यत्र रहेका साहित्यकारहरूमा बिना थिङ, सङ्गीता थापालगायत धेरै रहेका छन्।

यसरी मकवानपुरे सहित्यको विगतदेखि वर्तमानसम्म हेर्दा थुप्रैथुप्रै सर्जकहरूले मकवानपुरे साहित्यको उठान र विस्तारमा उल्लेखनीय भूमिका निर्वाह गरेको देखिन्छ। माथि उल्लेखित नामहरूमध्ये कतिपय नामहरू विगतदेखि आजसम्म पनि अहर्निश साधनारत छन् भने धेरैजसो समयक्रममा हराइसकेका छन्। मकवानपुरे साहित्यको पछिल्लो समयसम्म सक्रिय रहेका केही कविनामहरूमा आर. आर. चौलागाईं, साम्ब ढकाल, तुल्सी थापा, तुलसी घिमिरे, आर. सी. रिजाल, निमेष निखिल, देवराज खरेल, हयग्रीव आचार्य, विश्वनाथ सञ्जृल, मसान उपासक, आनन्दराम पौडेल, पद्मराज लामिछाने 'गगन', रामशरण पुडासैनी, श्यामकुमार बानियाँ, गिरिजा अधिकारी, अर्जुन सुवेदी 'क्षितिज', दीपक गौतम, सुवास खनाल, उमेश तिमल्सिना, चिरञ्जीवी लामिछाने, देवराज लामिछाने, देवराज तिवारी, केशव समर्पण, विशाल अधिकारी 'आशुतोष', किशन पौडेल, डी.बी. बतौला, सानु खनाल, हरि पौडेल, सुवास सजल, विधान स्पर्श, गोकर्ण लामा, आदिको नाम उल्लेख्य रहेको छ। त्यसैगरी हगग्रीव आचार्य, विष्णु गौतम, श्रीराम पाण्डे, जितेन्द्र नेपाल, माधवप्रसाद भण्डारी, भीमप्रसाद भट्टराई, दुर्गा नमुना, राम अविकास, अरुणराज सुमार्गी, आदिले पनि पछिल्लो समयमा आफ्नो साहित्य यात्रालाई निरन्तरता दिँदै आएका छन्। त्यस्तै नारी हस्ताक्षरतर्फ मुना अर्याल, पूर्णकला घिमिरे, अप्सरा तिम्सिना, शान्ति प्रियवन्दना, प्रतिमा पाठक, अनिता न्यौपाने, भावना सापकोटा, अमृता नेपाल, विमला कार्की, विनिता कार्की, सुभद्रा हुमागाईँ, मनु रेग्मी आशा, आदिको नाम अघि सार्न सकिन्छ। हेमन्त ढुङ्गेल, मनोज पोखरेल, रामहरि शर्मा चौलागाईं, सन्जित श्रेष्ठ, सम्प्रस पौडेल, गोपिनी गौतम, अर्चना दहाल, मुस्कान तिमल्सिना, मिलन बन्जारा, रमेश बन्जारा, गौतम भद्रध्वज, मञ्जु खराल, सुन्दर कार्की आदि पनि मकवानपुरको साहित्यमा सक्रिय नामहरू हुन्। यस्तै मकवानपुरे साहित्यको विकास र विस्तारमा 'अक्षय अक्षर, 'हाम्रो मातृभूमि', 'लोकभावना' आदि साहित्यिक पत्रपत्रिकाको योगदानलाई पनि बिर्सन सकिन्न। यसरी मकवानपुरे साहित्यसिर्जनाको परम्परा अत्यन्त समृद्ध, सम्पन्न र चर्चायोग्य रहेको देखिन्छ। समग्र नेपाली साहित्यको

परिचर्चा गर्दा मकवानपुर जिल्लाले पनि त्यसमा राम्रो प्रतिनिधित्व गर्नसक्ने देखिन्छ।

मकवानपुरे साहित्यमा पछिल्लो समय किशोर पुस्ताको उपस्थिति उल्लेखनीय रूपमा बढेको छ । साहित्यकार दीपक गौतमले कोरोनाकालबाट सञ्चालन गरेको बालबालिका-केन्द्रित साहित्यिक प्रशिक्षण अभियान तथा नवसर्जक साहित्य चौतारीको स्थाापनाबाट यस जिल्लाले पनि अत्यन्त राम्रा बाल तथा किशोर सर्जकहरूलाई प्रकाशमा ल्याएको छ । समर्पण न्यौपाने र ऋत्विक के. बी.का कविता सङ्ग्रह हालै प्रकाशित भएका छन् । यहाँ हुने साहित्यिक कार्यक्रमहरूमा नवपुस्ताको उपस्थिति उलेख्य रूपमा देखा पर्न थालेको छ। स्वस्तिका दहाल, स्वस्तिका बानियाँ, प्रसिदिका लम्साल, प्रसन्ना चौलागाईं, रोशनी चौलागाईं, कृतिका लौडारी, उषाकिरण अधिकारी, उज्ज्वल बराल, इलिशा पराजुली, प्रभास घिमिरे, सुविज्ञा सुवेदी, रियाज कार्की आदि थुप्रै नामहरू यस क्रममा लिन सकिने केही नामहरू हुन्।

*पुनश्च : इतिहास लेखन निरन्तर चलिरहने प्रक्रिया भएकाले यसको परिष्कार तथा परिमार्जनमा यहाँहरू सबैको सल्लाह र सुझाव सदैव अपेक्षित छ।*

nimeshnikhil@gmail.com

9855030333

## सन्दर्भ सूची

उज्ज्वल शर्मा भण्डारीसँगको कुराकानी।

तुल्सी थापासँगको कुराकानी।

देवप्रसाद श्रेष्ठसँगको कुराकानी।

निखिल, निमेष (२०७२). मकवानपुरको साहित्यिक परिदृश्यमा नाटक र रङ्गमञ्च. *मारुनी.* अङ्क १५. पृ. २६. चितवन : नारायणी कला मन्दिर।

बराल, खिलप्रसाद (२०६२). *मकवानपुरका कवि र कविता.* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). कीर्तिपुर : नेपाली केन्द्रीय विभाग. त्रिभुवन विश्वविद्यालय।

रामचन्द्र आचार्यसँगको कुराकानी।

❒❒❒

उपमहानगरपालिकाद्वारा १० हजार लिटर पानी निःशुल्क

# हेटौंडामा खानेपानीको विगत र वर्तमान अवस्था



**-प्रताप विष्ट**

*अध्यक्ष, हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड*

हेटौंडा उपमहानगरपालिकाको बिच भाग भएर राप्ती र कर्रा खोला बग्ने गर्छ । त्यति मात्र होइन कुखुरेनी र सामरी खोला पनि उपमहानगरपालिकामा नै पर्छ । हेटौंडामा खोलाकै कारणले पानीको समस्या छैन । तर ठिक ढङ्गले व्यवस्थापन गर्न नसक्दा हेटौंडा उपमहानगरपालिकाका मुख्य सहरका बासिन्दा नै विगत लामो समयदेखि पिउने पानीको समस्याबाट पिरोलिँदै आएका थिए । अहिले ती समस्याहरू हल हुँदै गएका छन् ।

हेटौंडा २०११ सालदेखि गुल्जार बन्दै आएको हो । २०११ सालको बाढीले धोर्सिङ, र भैंसेका बस्तीहरू क्षतिग्रस्त बनाएपछि क्रमशः हेटौंडा मानवीय बसोबासका दृष्टिले सहरीकृत बन्दै गयो । त्यस बेला यहाँका बासिन्दाहरू हेटौंडा उपमहानगरपालिका- १ का स्थानीयवासीले निर्माण गरेको कुवाको पानीबाट आफ्नो तिर्खा मेटने गर्थे । हेटौंडाको बस्ती विस्तार भएसँगै हेटौंडा उपमहानगरपालिका– २ त्रिभुवन राजपथस्थित तिरतिरे धाराबाट पाइपको माध्यमेले पानीको व्यवस्थापन गरिएको थियो ।

हेटौंडा बजारीकरणतर्फ लम्कँदै गएपछि पिउने पानीको आवश्यकता पनि बढ्दै गयो । स्वर्गलोकको कुवा र तिरतिरे धाराको पानीबाट यहाँका बासिन्दाको माग पूर्ति नहुने भएपछि हेटौंडा खानेपानी विभागबाट २०२४ सालमा हेटौंडा– २ हरिकुञ्जमा ५ लाख ४६ हजार लिटर क्षमताको ट्याङ्की निर्माण गरी ७ किलोमिटर टाढा तत्कालीन भैंसे गाँउ पञ्चायत– ७ बुङदलबाट ८ इन्च सि.आई. पाइपको माध्यमबाट पानी ल्याएर हेटौंडाबासीहरूलाई पानी खुवाउने कार्यको सुरुवात गरिएको थियो । बुङदलबाट अहिले पनि त्यही पाइपमा पानी ल्याइएको छ । हरिकुञ्जकै ट्याङ्कीमा पानी सङ्कलन गरेर बजारमा वितरण गरिएको छ । ५५ वर्षअघि बुङदलस्थित ओडारबाट ल्याइएको पानी अहिले पनि शुद्ध र स्वच्छ छ । योबिचमा हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले बुङदलस्थित खानेपानीको मुहानको संरक्षणका साथै मर्मतसम्भारको कार्य गर्दै आएको छ ।

२०४० सालसम्म करिब १३०० धारा जडान गरी खानेपानी विभागबाट पानीको आपूर्ति गर्दै आएको थियो । त्यससपछि पानीको उत्पादन र आपूर्ति सेवाको व्यवस्थापन परिवर्तन भई खानेपानी तथा ढल निकास संस्थानबाट पानीको सङ्कलन र वितरण कार्य सुरु गरियो । हेटौंडाको विकास सँगसँगै २०४३ सालमा हरीकुञ्जमै ५ लाख लिटर क्षमताको ट्याङ्की निर्माण, कार्यालय भवन, र हेटौंडा ४ कर्रामा २ वटा वेल निर्माण गरिएको थियो । २०४६ सालको राजनीतिक परिवर्तनपश्चात् खानेपानी तथा ढल निकास संस्थानको नाम परिवर्तन गरेर नेपाल खानेपानी संस्थान नामकरण गरियो । उक्त संस्थानले हेटौंडाका उपभोक्ताहरूलाई

खानेपानीको सेवा दिँदै आएको थियो । सेवा क्षेत्र विस्तार गर्ने क्रममा २०५० सालमा हेटौँडा– ८ कमाने र २०५८ सालमा हेटौँडा ९ लामसुरेका बासिन्दाहरूले सञ्चालन गरेको खानेपानी सेवा प्रणाली यस संस्थानमा हस्तान्तरण भई सेवा सुचारु गरियो । हेटौँडा उपमहानगरपालिकामा जनसङ्ख्या वृद्धि, क्षेत्र विस्तार, बसाइँसराइ आदिबाट खानेपानीको मागमा अत्यधिक रूपमा वृद्धि हुँदै गयो । तर, खानेपानी संस्थानले उपभोक्ताहरूको खानेपानीको माग पूर्ति गर्न सकेन । सुख्खायाम लागेपछि नयाँ धारा जडानमा रोक लगाउने र संस्थानका जिम्मेवार कर्मचारीहरू उपभोक्ताहरूको घेराउ र दबाबबाट बच्नका लागि कार्यालयमा नबस्ने लगायत कार्यहरू गर्दै आएका थिए । संस्थानबाट उपभोक्ताहरूको मागअनुसार खानेपानी उत्पादन र वितरण हुन नसकी पानीको समस्या विकराल बन्दै गयो । खानेपानीको समस्यालाई समाधान गर्न तत्कालीन हेटौँडा नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरूले खानेपानीको समस्या समाधानका लागि एसियाली विकास बैङ्कको ऋण तथा अनुदान सहयोगमा रु. १९ करोड १४ लाख ७४ हजार बराबरको आयोजना सम्पन्न भयो । एसियाली विकास बैङ्कको सुझाव र सल्लाहअनुसार सरकारले खानेपानी व्यवस्थापन बोर्ड गठन गर्न ऐननियमहरू तर्जुमा गऱ्यो ।

खानेपानी व्यवस्थापन बोर्ड ऐन २०६३ को दफा ३ ले दिएको अधिकारअनुसार हेटौँडा खानेपानी व्यवस्थापन बोर्डको गठन भयो । नेपाल सरकारको निर्णयबमोजिम नेपाल खानेपानी संस्थान हेटौँडा शाखा विधिवत् रूपमा २०७० जेठ ८ गतेका दिन हेटौँडा खानेपानी व्यवस्थापन बोर्डमा हस्तान्तरण भयो । उक्त समयदेखि नै बोर्डले विधिवत् रूपमा हेटौँडा नगरक्षेत्रको खानेपानी वितरण प्रणाली सञ्चालन गर्दै आएको छ ।

**उपमहानगरपालिकाद्वारा १० हजार लिटरको पानी महसुल निःशुल्क**

हेटौँडा उपमहानगरपालिकाकी मेयर मीनाकुमारी लामा र उपमेयर राजेशकुमार बानियाँलगायतको टिम उपमहानगरपालिकामा निर्वाचित भएपछि १० हजार लिटर खानेपानीको महसुल नगरपालिकाले निःशुल्क गराएको छ । यसरी खानेपानी महसुल निःशुल्क गराएको मुलुकमा नै यो पहिलो उपमहानगरपालिका हो । नगरवासीप्रतिको जिम्मेवारी वहन गर्दै उपमहानगरपालिकाले न्यूनतम पानी महसुल निःशुल्क गराएको हो । नगरभित्र छरिएर रहेका खानेपानी उपभोक्ता समितिमा आबद्ध नगरवासीलाई हेटौँडा खानेपानी व्यवस्थापन बोर्डमा आबद्ध हुन पनि उपमहानगरपालिकाले आह्वान गर्दै आएको छ। हेटौँडा खानेपानी व्यवस्थापन बोर्ड १० हजार लिटर पानी न्यूनत्तम महसुल ८५ रूपैयाँ लिदै आएको छ। उक्त महसुल रकम विगत भदौ महिनादेखि उपमहानगरपालिकाले बोर्डलाई अनुदानको रूपमा रकम उपलब्ध गराउँदै आएको छ। हेटौँडा खानेपानी व्यवस्थापन बोर्डले नगरभित्र रहेका सानाठुला सबै उपभोक्ता समितिहरूलाई बोर्डमा आबद्ध हुन अनुरोध गर्दै आएको छ । खानेपानी उपभोक्ता समितिहरू पनि बोर्डमा आबद्ध हुने क्रम जारी छ।

**हालको खानेपानी व्यवस्थापन बोर्डको अवस्थाः**

नेपाल खानेपानी संस्थानबाट ८५३७ धारा मार्फत ६० लाख लिटर पानी प्रतिदिन उत्पादन र वितरण कार्य गर्दै आइरहेकोमा हाल यस बोर्डबाट १ करोड ८२ लाख लिटर पानी थप गरी हाल बोर्डले २२६७४ धारामार्फत प्रतिदिन १ करोड ८२ लाख लिटर पानी उत्पादन तथा वितरण कार्य गर्दै आइरहेको छ। मुलुकमा नै खानेपानी सेवा प्रदायक संस्थाहरूमध्ये यस बोर्डले सबैभन्दा सस्तो र

न्यूनतम महसुल दर १० हजार लिटर बरारबर ८५ रूपैयाँ त्यसपछि प्रति हजार लिटरको २५ रूपैयाँ थप शुल्कमा पानी वितरण कार्य गर्दै आइरहेको छ।

खानेपानी संस्थान बोर्डमा हस्तान्तरण भएपश्चात् २१ वटा डिप ट्यूबवेल र ५ वटा सम्मवेल निर्माण कार्य सम्पन्न गरेर पानी उत्पादन गरी दैनिक सरदर ६ देखि ७ घन्टासम्म पानी वितरण गरिरहेको छ। विगतको तुलनामा खानेपानीमा सुधार आएको उपभोक्ताहरूकै मुखबाट अहिलेसम्म सुन्न सकिन्छ।

बोर्डले पानी महसुल सङ्कलन समय वृद्धि गरी कार्यालय बन्द हुने समयभन्दा १ घन्टा अगाडिसम्म रकम बुझिलिने र शनिबार बिदाको दिनमा पनि बिहान ७ बजे देखि ११ बजेसम्म महसुल बुझ्ने र सार्वजनिक बिदाका दिनमा पनि मेन तथा शाखा पाइपलाइन आलोपालो गरी मर्मत कार्य गर्ने गरेको छ । खानेपानी व्यवस्थापन बोर्डले आरूनै कार्यालयमा खानेपानीको परिक्षण गर्न ल्याब स्थापना गरेको छ भने स्तनपान कक्ष पनि राखेको छ । यो स्तनपान कक्ष कार्यालयहरूमा स्थापना गरेको मकवानपुरकै पहिलो हो । त्यति मात्र हैन खानेपानी व्यवस्थापन बोर्डले आफ्ना गतिविधिहरू वर्षको कम्तीमा २ पटक पत्रकार सम्मेलन गरेर सार्वजनिक गर्ने गरेको छ। कार्यालयको प्रवेशद्वारमा नै डिजिटल बोर्ड राखेर आफ्ना मासिक गतिविधिहरू सार्वजनिक गर्दै आएको छ।

**बोर्डको भावी कार्यक्रम**

हेटौंडा उपमहानगरपालिकाको संरक्षण र निर्देशनमा सञ्चालन हुँदै आएको उक्त बोर्डले उपमहानगरको १ नम्बर वडादेखि १९ वडामा बसोबास गर्ने बासिन्दालाई सस्तो र सुलभ दरमा स्वच्छ खानेपानी उपलब्ध गराउने जिम्मेवारी पनि लिएको छ । उपमहानगरपालिका भए पनि हेटौंडा नगरकै कतिपय क्षेत्रमा रहेका बासिन्दाले हालसम्म पनि स्वच्छ पिउने पानी पाएका छैनन् । उनीहरूलाई बोर्डकै मातहतमा ल्याएर स्वच्छ सफा र हेटौंडा उपमहानगरपालिकाले उपलब्ध गराएको निःशुल्क पानी खुवाउनका लागि खानेपानी व्यवस्थापन बोर्ड क्रियाशील रहँदै आएको छ । खानेपानी बोर्डमा आबद्ध गराउनका लागि हेटौंडा उपमहानगरपालिकाका मेयर, उपमेयरलगायत वडाध्यक्षसहितका जनप्रतिनिधिहरू सक्रिय रहँदै आएका छन् । खानेपानी व्यवस्थापन बोर्ड ९, ११, १४, १५, १६ नम्वर वडामा सङ्घीय सरकारसँग मिलेर सहलगानीमा करिब ५० करोडको लगानीम खानेपानीको काम गर्नका लागि टेन्डर गर्ने अवस्थामा पुगेको छ । प्रदेश सरकारको लगानीमा विभिन्न स्थानमा पाइप लाइनका कार्यहरू हुँदै छन् । त्यसको पनि टेन्डर गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको छ । हेटौंडाका मुख्य बजारका बासिन्दालाई बजारमा रहेका सार्वजनिक धारामा मुख लगाएर नै सिधै पानी पिउने स्वच्छ पानीको व्यवस्था गर्न उपमहानगरपालिकाको पहलमा बोर्डले आफ्ना प्रयासहरू अगाडि बढाइरहेको छ ।

सिमसारहरू मासिँदै गएका, जङ्गलमा रहेका प्राकृतिक पोखरीहरू पुरिँदै गएका लगायत मानवीय गतिविधिका कारण जलवायुमा परिवर्तन भइरहेको छ । त्यसको प्रभाव खानेपानी क्षेत्रमा पनि परेको छ। बर्सेनी डिप बोरिङ सतह घट्दै गइरहेको छ भने अर्कोतिर उपमहानगरपालिका क्षेत्रमा रहेका खोलानाला सुक्दै गएका छन् । पानीको भण्डारको रूपमा रहेको चुरे क्षेत्र मानवीय गतिविधिका कारण मासिँदै गएको छ । जसले गर्दा खानेपानीका मुहानहरूमा समस्या देखा पर्दै आएको छ । खानेपानी व्यवस्थापन बोर्ड, वन कार्यालय र उपमहानगरपालिकाको संयुक्त प्रयासमा रिचार्ज पोखरीहरू निर्माण गर्नुपर्ने देखिन्छ । रिचार्ज पोखरीहरू निर्माण गर्ने प्रयत्न गरिरहँदा पनि सफल

हुन सकिएको छैन । हेटौँडा उपमहाननगरपालिकाका केही वडाका विकट क्षेत्रमा स्वच्छ पानी पुऱ्याउन कठिनाइहरू सिर्जना भएका छन् । हेटौँडा उपमहानगरपालिकाका जनप्रतिनिधीहरूको अगुवाइमा यस कार्यलाई अघि बढाउनुपर्ने देखिन्छ ।

**विगत र वर्तमानको अवस्था**

| सि.नं. | विवरण | नेपाल खानेपानी संस्थान | हेटौँडा खानेपानी व्यवस्थापन बोर्ड | कैफियत |
|---|---|---|---|---|
| १ | दैनिक सरदर पानी उत्पादन MLD | ६० लाख लिटर | १ करोड ८२ लाख लिटर | सरदर |
| २ | चुहावट | ३५ प्रतिशत | ११.८० प्रतिशत | सरदर |
| ३ | धारा सङ्ख्या | ८५३७ | २२६३७ | थपीएका धारा १४१०० |
| ४ | मासिक बिलिङ | १५ लाख | ९८ लाख | सरदर |
| ५ | मासिक पानी महसुल सङ्कलन सरदर | १६ लाख ५० हजार | १ करोड | सरदर |
| ६ | डिप ट्यूबवेल सङ्ख्या | ३ थान | २४ थान | |
| ७ | सम्मबेल | ३ वटा (१ वटा प्रयोमा नरहेको) | ७ वटा | |
| ८ | पानी वितरण समय सरदर | ३ देखि ४ घन्टा | ७ देखी ८ घन्टा | |
| ९ | जेनेरेटर | २ थान | ७ थान | |
| १० | कुल पाइपलाइन | १२० कि.मि. | ४०३ कि.मि. | |
| ११ | पानी ट्याङ्की सङ्ख्या | ५ वटा | १६ वटा | |
| १२ | भण्डारण क्षमता | १६०० घ.मि. | ५६०० घ.मि. | |
| १३ | कर्मचारी सङ्ख्या | ५५ जना | ८२ जना | |
| १४ | सरदर बिलिङ रकम प्रतिधारा | १७५.७० | ४२६।१० | सरदर |
| १५ | सरदर सङ्कलन रकम प्रतिधारा | १९३.२७ | ४१८।३८ | सरदर |
| १६ | सेवा पुऱ्याइएका वडाहरू | २, ४, ५, ६, ८, ९, १० | २, ४, ५, ६, ७, ८, ९, १०, १४, १५, १६, १७, १९, | |

- ✓ सफा रहौँ स्वस्थ बनौँ ।
- ✓ हाम्रो स्वास्थ्य हाम्रै हातमा छ।
- ✓ सफा पानी पिऔँ, स्वस्थ बनौँ ।
- ✓ पानी र सरसफाइ सभ्यताको जननी हो ।
- ✓ खान खानुअघि साबुनपानीले राम्ररी हात धोऔँ ।
- ✓ थोपा थोपा पानीको सदुपयोग गरौँ ।

❑❑❑

# हेटौंडा औद्योगिक क्षेत्र : विगतदेखि वर्तमानसम्म



-बद्रीनाथ शर्मा
वरिष्ट उपाध्यक्ष, उद्योग सङ्घ मकवानपुर

असङ्गठित रूपमा उद्योग स्थापनाको परम्परा रहे तापनि आधुनिक उद्योग विकासको प्रारम्भ भने १८ औँ शताब्दीको मध्यदेखि अर्थात् सन् १७५० देखि १८५० को अवधिबाट भएको मानिन्छ । उक्त अवधिमा औद्योगिक उत्पादनका साथ साथै कृषि, खनिज, पूर्वाधार, यातायात र प्रविधिको क्षेत्रमा पनि व्यापक परिवर्तन आयो, जसलाई प्रथम औद्योगिक क्रान्तिको रूपमा लिइन्छ । विज्ञान र प्रविधि अन्वेषणको विकासले मानिसको पाखुराबाट हुँदै र गर्दै आएका कामहरू मेसिनबाट हुन थाले । परिमाणस्वरूप यसले सामाजिक, आर्थिक तथा सांस्कृतिक क्षेत्रमा समेत सकारात्मक परिर्वतनहरू देखिए । विज्ञान र प्रविधिमा भएको विकासले सन् १८५० देखि १९०० सम्म आइपुग्दा औद्योगिक विकासमा उल्लेखनीय प्रगतिको आभास महसुस गरियो । १९ औँ शताब्दीको अन्तसम्म आइपुग्दा थोमस एल्वा एडिसनले विद्युत् आविष्कार गरेपछि त धमाधम विद्युतीय मेसिनहरू बन्न थालेसँगै ठुला ठुला उद्योगहरू स्थापना र स्वचालित मेसिनहरूको अविष्कारले आधुनिक उद्योग स्थापनाको लहर सुरु भयो । उद्योग र कलकारखानाको युग सुरु भएसँगै यसलाई व्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यक पर्ने पूर्वाधार र सुविधाहरूको एकै स्थानबाट उपलब्धता होस् भनेर नै औद्योगिक क्षेत्रको परिकल्पना गरियो । यसले औद्योगिक क्रान्तिमा झन् ठुलो योगदान पुग्न गयो । औद्योगिक पूर्वाधारमा भएको विकासले उद्योगी व्यवसायीहरूले प्राकृतिक स्रोत र संसाधन, आधुनिक विज्ञान र प्रविधिको संयोजनबाट ठुलो परिमाणमा वस्तु उत्पादन गर्न सफल भए र उत्पादित आफ्ना वस्तुहरू विश्व बजारमा पुऱ्याउन र आफ्नो देशलाई औद्योगिकीकरणको बाटोमा उन्मुख गराउन सक्षम भए ।

## नेपालमा उद्योग विकासको क्रम :

उहिलेको भारत देशमाथि बेलायतले शासन गर्न थालेसँगै इस्ट इन्डिया कम्पनीमार्फत भारतका मुख्य मुख्य सहरहरूमा औद्योगिक विकासका लागि आवश्यक भौतिक पूर्वाधारहरूको विकासको आवश्यकता महसुस गरी उद्योगधन्दाको विकास गर्न थालेको पाइन्छ । यसैको प्रभावमा नेपालमा पनि उद्योग क्षेत्र खोल्नुपर्ने अवधारणा जन्मेको पाइन्छ । जसको परिणाम नेपालको पूर्वी तराई विराटनगरबाट उद्योग कलकारखाना खोल्ने सोचको विकास भएको मानिन्छ । वि.सं. १९८७ मा प्रथम सार्वजनिक संस्थानको रूपमा उद्योग परिषद्को स्थापना भएसँगै औद्यौगिक क्षेत्रलाई संस्थागत विकास गर्ने प्रक्रिया प्रारम्भ भएको मानिन्छ । जब कि घरेलु तथा कुटीर उद्योगका रूपमा लिच्छवी तथा मल्लकालमै उद्योगको स्थापना भई सञ्चालनमा आइसकेका थिए तर राणाकालमा

उद्योगहरू त्यति व्यवस्थित रूपमा स्थापना हुनसकेको देखिँदैन । उद्योगको विकासका लागि उद्योग परिषद् स्थापनापश्चात् कृषिक्षेत्रतर्फ विकास गर्ने कृषि परिषद्, खानीक्षेत्रतर्फ विकास गर्ने खानी अड्डा, नेपाली लत्ताकपडा विकास गर्ने लत्ताकपडा अड्डा, घरेलु सामानको विकास गर्ने घरेलु प्रचार अड्डा र इलम प्रचार अड्डा जस्ता विभिन्न नाम दिएर सरकारी क्षेत्रमा संस्थाहरू स्थापना भए । ससाना रूपमा छरिएर रहेका व्यावसायीलाई सङ्गठित गरी जीविकोपार्जनको माध्यम बनाउन र त्यसलाई व्यवस्थित गर्ने उद्देश्यले वि. सं. १९९३ सालमा तत्कालीन नेपाल सरकारले कम्पनी कानुन प्रचलनमा ल्यायो । यो कानुन ल्याएपछि वि.सं १९९३ सालमा विराटनगरमा विराटनगर जुट मिल लि. स्थापना गरियो । वि.सं. २००३ मा रघुपति जुट मिल, वि.सं. २००३ मै मोरङ सुगर मिल, वि.सं. २०१३ मा औद्योगिक विकास केन्द्र तथा वि. सं. २०१६ मा नेपाल औद्योगिक विकास निगम जस्ता आधुनिक तथा ठुला उद्योग तथा त्यससँग सम्बद्ध संस्थाहरू स्थापना गरी मुलुकमा औद्योगिकीकरणको जग बसाल्ने कामको सुरुवात भयो । वि.सं. २०१६ सालपछि मात्र औद्योगिक पूर्वाधारको अवधारणासहित व्यवस्थित औद्योगिक क्षेत्र निर्माण र विकास गर्ने कामको थालनी भएको पाइन्छ ।

नेपाल औद्यौगिक क्षेत्र विकासको इतिहास त्यति लामो नभए तापनि औद्योगिक गतिविधि र क्रियाकलापका माध्यमले क्षेत्रीय आधारमा देशको सन्तुलित विकास गर्ने मूल धेयका साथ न्यून पूँजी, स्थानीय स्रोत र साधन एवं सिपलाई उद्योग धन्दातर्फ आकर्षित गर्ने उद्देश्यले सरकारको अग्रसरतामा छरिएर रहेका निजी क्षेत्रलाई व्यावसायिक रूपले उद्योग क्षेत्रमा लगानी आकर्षित गरी मुलुकमा औद्योगिक विकासको वातावरण सिर्जना गरी उद्योगका लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधारहरू जमिन, बिजुली, पानी, बाटो, ढल जस्ता सुविधाहरू एकीकृत गरी व्यवस्थित सेवा उपलब्ध गराउने उद्देश्यका साथ संस्थागत रूपमा उद्योग प्रवर्द्धन गर्ने नेपाल सरकारको अनुरोधमा नेपाल सरकार र अमेरिकी सहयोग नियोग (USAID) को संयुक्त प्रयासमा वि. सं. २०१६ सालमा बालाजु औद्योगिक क्षेत्रको स्थापना भएको थियो । त्यस लगत्तै अमेरिकी सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा हेटौँडामा २८१९ रोपनी क्षेत्रफल जग्गा अधिग्रहण गरी उक्त जग्गामा हेटौँडा औद्योगिक क्षेत्र स्थापना गरी वि. सं. २०२० मङ्सिर २० गते देखि सञ्चालनमा आएको थियो । तदुपपरान्त बालाजु तथा हेटौँडा औद्योगिक क्षेत्रको प्रवर्द्धन, व्यवस्थापन र सञ्चालन नेपाल औद्योगिक विकास निगमको माध्यमबाट नै हुँदै आएको थियो ।

हेटौँडा औद्योगिक क्षेत्रको स्थापना कालदेखि आजसम्म आइपुग्दा यसको भौतिक अवस्था यस प्रकारको रहेको पाइन्छ ः

स्थापना : वि. सं. २०२० मङ्सिर २० गते
जग्गाको क्षेत्रफल : ३२२८ रोपनी, अर्थात् २४२ बिगाहा ८ कठ्ठा २.८४ धुर तदनुसार १६४.१९ हेक्टर
विकसित जग्गा : २८०१.५२ रोपनी
अविकसित जग्गा तथा ग्रिन बेल्ट : ४२६.४८ रोपनी
भाडामा दिएको जग्गा : २१७८ रोपनी
खाली जग्गा : २६.९२ रोपनी
युटिलिटि सेवाले ओगटेको जग्गा क्षेत्र : ९९७ रोपनी

माथि उल्लेखित जग्गाको क्षेत्रफललाई आधार मानेर निर्माण गरिएको औद्योगिक पूर्वाधारमा विभिन्न प्रकृतिका उद्योगहरू स्थापना भए ।

त्यसताका स्थापना भएका केही उद्योगहरू नेपालभरि चर्चित रहे।

हेटौँडा खाद्य उद्योग, नेपाल ह्युम पाइप म्यानुफ्याक्चरिङ प्रा.लि., नेपाल वनस्पति घ्यु उद्योग लि. (२०३३), नेमो पार्केट कम्पनी प्रा.लि., नेपाल ब्रुअरी प्रा.लि. (२०२९), हेटौँडा इन्जिनियरिङ वर्क्स प्रा. लि., महाशक्ति सोप एन्ड केमिकल इ. प्रा. लि., हेटौँडा दुग्ध वितरण आयोजना, हेटौँडा कपडा उद्योग लि. (२०३५), हेटौँडा छाला उद्योग लि. जस्ता उद्योगहरू स्थापना भई सञ्चालनमा आउन थालिसकेका थिए। जसमध्ये वि. सं.२०२० सालदेखि वि.सं. २०५७ सालसम्मको यात्रा पार गर्दा औद्योगिक क्षेत्रभित्र स्थापना भई सञ्चालनमा आएका धेरैजसो उद्योगहरू बन्द पनि हुन पुगे । यद्यपि माथि उल्लेखित धेरै उद्योगहरू हाल पनि सञ्चालनमा रहेका छन् । नेपालको पहिलो ब्रुअरी (नेपाल ब्रुअरी प्रा. लि. जसको नाम र सेयरधनी परिर्वतनपछि युनाईटेड बेभरेज प्रा.लि.) ले आफ्नो उत्पादन भारतमा समेत निर्यात गर्न थालिसकेको थियो । यी उद्योगहरूको स्थापनासँगै हेटौँडा औद्योगिक क्षेत्रले देशकै औद्योगिक इतिहासमा महत्त्वपूर्ण स्थान ओगट्न सफल भएको थियो। यस औद्योगिक क्षेत्रमा स्थापित उद्योगहरूले जिल्लामा रोजगारी मात्र सिर्जना गरेनन् यातायात व्यवसायको स्थापना र विकासमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । यहाँ सञ्चालित यातायात क्षेत्रले महत्त्वपूर्ण व्यावसायिक पहिचान स्थापित गर्न सफल भैसकेका छन् । ज्यादै दुखद कुरा के हो भने हेटौँडा कपडा उद्योग लि. सञ्चालनको अवस्थामा रहँदासम्म करिब ११ सय जनाले रोजगारी पाउँदै आएकोमा २०५७ सालमा बन्द हुन पुग्यो। त्यसैगरी २०६४ सालमा नेपाल वनस्पति ध्यु उद्योग लि. बन्द हुँदा पुनः ११७ जनाले रोजगारी गुमाउन पुगे।

वि. सं. २०४७ सालमा मुलुकमा प्रजातन्त्रको पुनःबहालीको घोषणासँगै देशले उदार आर्थिक नीतिको अवलम्बन गर्दा औद्योगिक क्षेत्रमा विदेशी लगानी भित्रिने लहर सुरु भयो । फलस्वरूप नेपालमा बहुराष्ट्रिय कम्पनीको प्रवेश सुरु हुन थाल्यो । हाल देशमा सञ्चालित बहुराष्ट्रिय उद्योगहरू यसै बेलादेखि नेपाल प्रवेश गरेका हुन् । जसमध्ये एसियन पेन्ट्स, नेपाल बर्जर पेन्ट्स, कोडाक प्रा.लि., कोलगेट पाल्मोलिभ प्रा.लि. र पछिल्लो समयमा आर.एम. केमिकल प्रा.लि. र एन्टारटिक बिस्कुट जस्ता उद्योगहरू हेटौँडा औद्योगिक क्षेत्रभित्र स्थापना भएका हुन् । कोडाक कम्पनी बन्द भएपछि त्यस उद्योगको ठाउँमा सी.एस.आई. नेपाल भित्रिएको छ । कोल्गेट पाल्मोलिम बन्द हुँदा त्यससँगै सम्बन्धित ३, ४ वटा सहायक उद्योगहरू बन्द हुन पुगे । परिणामस्वरूप धेरै नेपाली दाजुभाइ र दिदीबहिनीहरूले रोजगारी गुमाउन विवश भए।

**वर्तमान अवस्था**

उद्योग मैत्री नीति र संरक्षणको अभावमा पनि हेटौँडा औद्योगिक क्षेत्रभित्र जम्माजम्मी १४५ उद्योगहरू स्थापना भएकोमा हाल सञ्चालनमा रहेका उद्योगहरूको सङ्ख्या ११४ छन् भने निर्माणाधीन उद्योगहरूको सङ्ख्या ११ रहेका छन् । बन्द उद्योगहरूको सङ्ख्या २० छन् । उद्योग तथा निजी क्षेत्रमैत्री नीति निर्माण कमजोर हुँदा केही ठुला उद्योगहरू (कोलगेट पाल्मोलिभ) ट्याक्स होलिडे मनाएर छिमेकी देश भारत स्थानान्तरित भइसके भने केही उद्योगहरू आफ्नो सम्पत्ति बिक्री गरी उद्योग क्षेत्रबाट बाहिरिए । हेटौँडा औद्योगिक क्षेत्रमा सञ्चालित उद्योगहरूमा निजी क्षेत्रको लगानी रु. ५५० करोडमाथि रहेको छ । जब कि सरकारी क्षेत्रको लगानी करिब ९० करोडदेखि १००

करोडको हाराहारीमा छ । यसै गरी हेटौँडा औद्योगिक क्षेत्रमा सञ्चालित उद्योगहरूले हाल प्रत्यक्ष रूपमा करिब ५,००० देखि ५,५०० को सङ्ख्यामा रोजगारी सिर्जना गर्न सफल भएका छन् । अप्रत्यक्ष रूपमा दसौँ हजार जनालाई रोजगार दिई बेरोजगारी घटाउने दिशामा उल्लेखनीय योगदान पुऱ्याएका छन् । हेटौँडा औद्योगिक क्षेत्रभित्र सञ्चालित उद्योगहरूबाट सरकारले हरेक वर्ष अनुमानित १३ देखि १४ अरबसम्म राजस्व आर्जन गर्ने गरेको छ । यति मात्र नभएर हेटौँडा औद्योगिक क्षेत्रभित्र सञ्चालित उद्योगहरूले अरु सहायक उद्योग र व्यवसायको लागि उपयुक्त अवसर सिर्जना गरी धेरैका लागि स्वरोजगार तथा उद्यमशील बन्न पनि प्रेरणादायक बन्ने गरेका छन् । मकवानपुर जिल्ला एउटा औद्योगिक जिल्लाको रूपमा चिनिने भए तापनि जुन किसिमको उद्योगको स्थापना र विकासले गति लिनुपर्दथ्यो, त्यो हुन सकिरहेको छैन । वातावरणीय हिसाब र भौगोलिक अवस्था एवं सीमानाका नजिक रहेकोले कच्चा पदार्थ आयात र उत्पादित वस्तु निर्यातको लागि पायक पर्ने र देशको मध्य भाग तथा केन्द्रीय राजधानीनजिक रहनुले पनि उद्योगको स्थापना र विकासका लागि उपयुक्त क्षेत्र मानिन्छ । यिनै कुरालाई मध्यनजर गरेर नै होला नयाँ औद्योगिक क्षेत्र निर्माण गर्न यस क्षेत्रमा ठुला आकारमा औद्योगिक क्षेत्र स्थापना र निर्माण गर्ने उद्देश्यसहित २०० बिगाहा क्षेत्रफल भएको हेटौँडाको **मयूरधापमा २०७७ फागुन १४ गते मयूरधाप औद्योगिक क्षेत्रको शिलान्यास** गरिएको छ । १०, १५ र २० रोपनीमा वर्गीकृत गरी उद्योगलाई जमिन बहालमा दिने उद्देश्यले ६२ प्लटहरूमा विभाजन गरिएको छ र उक्त क्षेत्रमा कम्तीमा ६२ उद्योगहरू सञ्चालनमा आउन सक्ने र करिब ४५०० जनाले रोजगारी पाउने र जसबाट सरकारले अनुमानित वार्षिक दश अरब हाराहारीमा राजस्व पाउने अवस्था छ । तर सरकारकै आफ्नो अन्तर विभागीय समन्वय नहुँदा मयुरधाप औद्योगिक क्षेत्रमा उद्योग स्थापना गर्ने अवस्था बन्न सकेको छैन । यदि मयुरधाप औद्योगिक क्षेत्रमा शिलान्यास भएसँगै तत्काल उद्योग स्थापना हुन सकेको भए मकवानपुरको औद्योगिक जिल्लाको रूपमा छुट्टै पहिचान बनिसकेको हुन्थ्यो । मयूरधाप औद्योगिक क्षेत्र सञ्चालन नहुँदाको अवस्थामा पनि कूल ग्रार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान १४.२९ प्रतिशत रहेको पाइन्छ भने सञ्चालनको अवस्थामा उद्योगको योगदान निश्चय नै अधिक हुने थियो । यदि उद्योगलाई देश विकासको मेरुदण्ड र आर्थिक समुन्नति र समृद्धिको प्रमुख आधारशिला हो भन्ने मान्यतालाई आत्मसात गरी स्वदेशी उद्यमशीलतालाई प्राथमिकतामा राखेर औद्योगिक विकासको निम्ति दूरदर्शी एवं दीर्घकालीन स्पष्ट धारणासहितको लक्ष्य र समन्वयात्मक योजनाका साथ उद्योगमैत्री औद्योगिक नीति र लगानी नीतिलाई प्राथमिकताका साथ कार्यान्वयनमा लैजाने हो भने देशले छोटो समयको अन्तरालमै काँचुली फेर्न सक्दछ । अन्यथा आर्थिक समृद्धि भन्ने कुरा नारा र भाषणमा मात्र सीमित भई आम नेपालीका लागि दिवास्वप्न बाहेक अरु केही हुन सक्दैन । बाह्य पुँजी एवं लगानीको नाममा ठुला उद्योगहरूलाई मात्र प्राथमिकतामा राखेर स्थापना अनुमति दिइने हो भने नेपाली जनताको निक्षेपबाट स्थापित नेपालका बैङ्क तथा वित्तीय संस्थाहरूको भविष्य धरापमा पर्न सक्ने छ । त्यस्ता उद्योगपति वा लगानीकर्ताहरूले नेपाललाई दिएर जाने भन्दा धेरै लिएर जाने गरेका छन् । निहित व्यक्तिगत स्वार्थका लागि नेपालका उच्च प्रशासनिक अधिकारी तथा वित्तीय संस्था, सेलिब्रेटी उद्योगपति व्यवसायीहरूसित नेपाल र नेपालीहरूको

हितविपरीत ज्यादै नरम तथा उदार हुने गरेका छन् तर स्वदेशी लगानीकर्ताहरूप्रति अत्यन्त कठोर र अनुदार देखिन्छन् । देशलाई आर्थिक समस्या पर्दा त्यस्ता लगानीकर्ताहरू पुँजीसहित पलायन हुँदैनन् भन्ने के ग्यारेन्टी छ ? किनकि १०–१२ वर्ष पहिले हेटौँडा औद्योगिक क्षेत्रबाट सम्पत्ति बिक्री गरी छिमेकी देश भारत स्थानान्तरित भै सकेका छन् भने केहीले नेपालका वाणिज्य बैङ्कहरूलाई धुलो चटाएर पलायन भएको उदाहरण पनि हामी सबै सामु छ। बाह्य पुँजी एवं लगानीमा आधारित ठुला उद्योग र सीमित सेलिब्रेटीहरूले सञ्चालन गर्ने उद्योगको साटो स्वदेशी पुँजीमा आधारित स्थानीय उद्योगी व्यवसायीहरूलाई पनि ठुला उद्योगहरूलाई सरह बिनाधितो वा प्रोजेक्टको आधारमा ऋण लगानी नीति नेपाल सरकार तथा बैङ्क एवं वित्तीय संस्थाहरूले एकल मापडण्ड बनाएर उपलब्ध गराउनुपर्दछ । स्वदेशी उद्योगको विकासबाट मात्र देशको विकास हुने कुरामा दुई मत छैन । तसर्थ स्वदेशी उत्पादनलाई आयातित उत्पादनसँग प्रतिस्पर्धी बनाउन सरकारले स्वदेशी उद्योगहरूको संरक्षण र संवर्द्धनार्थ नयाँ उद्योग संरक्षण नीति निर्माण गरी स्वदेशी उत्पादनलाई प्राथमिकता दिनु आजको अवश्यकता हो।

एकातिर औद्योगिक क्रान्तिमा ठुलो फड्को मारिसकेका आजका ठुला विकसित मुलुकहरूले पनि बाह्य पुँजी र लगानीलाई औद्योगिक विकासमा उपयोग र प्रयोगको माध्यम बनाएर अर्थिक विकासको दिशामा अग्रणी देखिन्छन् भने अर्कोतिर स्वदेशी पुँजीमा आधारित उद्यमी व्यवसायीहरू संलग्न उद्योगहरूद्वारा उत्पादित सामानहरूलाई संरक्षण र संवर्द्धन गर्न वैदेशिक वस्तु तथा सामानसँग प्रतिस्पर्धा गर्नुपर्ने बाध्यता मुक्त छुट्टै संरक्षण नीति अख्तियार गरेको पाइन्छ । माथि उल्लिखित तथ्य एवं वास्तविकतालाई मध्यनजर गर्दै नेपालले आफ्नो धरातलीय यथार्थतालाई गहनताका साथ प्रस्तुत सन्दर्भमा विचार र विश्लेषण गर्नु जरुरी छ।

अन्तमा नेपाली जनताले विदेशमा ज्यादै मिहिनेत र पसिना बगाएर कमाएको रेमिट्यान्स र नेपाली जनताले तिर्ने कर एवं राजस्व आम्दानी मात्रले देशको अर्थतन्त्र बलियो हुँदैन। सानो जनसङ्ख्या र रणनीतिक भौगोलिक अवस्था रहेको नेपालले आर्थिक होडमा पहिलो स्थानको लागि प्रतिस्पर्धी भारत र चिनको बिचमा अवस्थित भएर पनि आर्थिक लाभको अवसर लिन सकिरहेको छैन । तसर्थ यी दुई ठुला देशको बिचमा रहेर नेपालले नेपाली माटो र अवस्था सुहाउँदो केकस्ता वस्तु उत्पादन गर्ने र निर्यात गर्ने जस्ता विषयमा कार्ययोजना बनाएर अघि बढ्नुपर्ने विषयमा संवद्ध निकायले छिटो पाइला चाल्नु वाञ्छनीय हुने छ।

❑❑❑

# सहभागितामूलक योजना पद्धतिको आलोकमा हेटौँडाको दूरदृष्टि, लक्ष्य, आयोजना कार्यक्रमः एक समीक्षा



**-बि. के. महर्जन**
कार्यकारी निर्देशक : गभर्नेन्स एन्ड डिजाइन सोलुसन् GDS(Nepal

## पृष्ठभूमिः

सहरी विकाससम्बन्धी तथ्याङ्कका आधारमा नेपाल सहरीकरणको गति अत्यधिक तीव्र रहेका देशहरूको सूचीमा पर्दछ तर योजनाबद्ध तथा व्यवस्थित सहरीकरणको हिसाबले अत्यन्तै अव्यवस्थित र अस्तव्यस्त देशको सूचीमा पनि अगाडि रहेको छ । यसको मूल कारण नेपालका सहरहरू सहरीकरणका आधारभूत मान्यताहरू जस्तै भूउपयोग (Land Use), व्यवस्थित संरचना निर्माणका लागि भवन इजाजत प्रणाली (Building Permit System) खानेपानी, ढल, सडक, विद्युत्, सञ्चार, स्वास्थ्य तथा शिक्षा जस्ता आधारभूत सहरी सेवा सुविधाहरूको उत्पादन, वितरण तथा व्यवस्थापनसम्बन्धी मापदण्डको विकास र कार्यान्वयन हुननसक्नुलाई लिन सकिन्छ । यसै गरी स्थानीय तहले आफ्नो विशिष्टीकृत परिवेशमा आर्थिक, सामाजिक, पूर्वाधार, वन, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत तथा सुशासन जस्ता विकासका संवाहक क्षेत्रका लागि २० देखि २५ वर्षको दीर्घकालीन सोच वा दीर्घलक्ष्य (Long Term Vision), आवधिक लक्ष्य (Goal), विषय क्षेत्रगत उद्देश्य तथा रणनीति (Thematic Sectoral Objectives and Strategies) विकास, बहुक्षेत्रगत लगानी खाका (Multi-Sector Investment Plan) को आधारमा विषयक्षेत्रगत आयोजना तथा कार्यक्रमहरू तर्जुमा गरी वार्षिक नीति, कार्यक्रम र बजेटमार्फत कार्यान्वयन र प्रभाव तह (Impact), असर तह (Outcome) र उपलब्धि तह (Output) को नतिजा प्राप्त भयो भएन भन्ने कुरा यकिन गर्न अनुगमन, समीक्षा तथा मूल्याङ्कन र निष्कर्षको आधारमा पुनः योजना तर्जुमा र कार्यान्वयन चक्रमा प्रमुख सरोकारवालाहरूको अर्थपूर्ण सहभागिता जस्ता आधारभूत पक्षहरूको परिपालनामा अधिकार प्राप्त निकाय वा अधिकारीहरूको उदासीनता नै प्रमुख कारण रहँदै आएको छ ।

## हेटौँडा र योजनाबद्ध विकासको थालनी

सन् १९५६ मा त्रिभुवन राजपथको निर्माणसँगै सन् १९६३ मा हेटौँडा औद्योगिक क्षेत्रको स्थापनापश्चात् श्रमबजारका लागि आकर्षक केन्द्रको रूपमा विकास भएको हेटौँडाले सन् १९६९ अर्थात् २०२६ सालमा नगरको रूपमा आकार ग्रहण गरेको देखिन्छ । नगर घोषणाको करिब १ दशक औद्योगिक विकासले गति लिएको

भए तापनि अन्य आर्थिक तथा सामाजिक पूर्वाधार तथा सेवा क्षेत्रको विकास भने सन् १९८२ मा हेटौँडालाई जिल्ला सदरमुकाम घोषणा गरेपश्चात् यातायात तथा व्यवसाय क्षेत्रको रूपमा विकासले गति लिएको पाइन्छ। लोकतन्त्रको स्थापना र सन् १९९२ को पहिलो स्थानीय निर्वाचनपछि पूर्वाधार संरचनाहरूको द्रुत विकास, सहरी आधारभूत सेवाका लागि सेवा व्यवसायको विस्तार र बहुराष्ट्रिय निगमहरूको आगमनले हेटौँडा प्रतिस्पर्धात्मक अर्थतन्त्रमा प्रवेश गरेको पाइन्छ। तत्कालीन परिवेशमा निर्वाचित राजनीतिक नेतृत्व नभएको विषम परिस्थितिका बिच पनि सर्वदलीय सहमति र सरोकारवालाहरूको सहभागितामा बृहत्तर हेटौँडा (Greater Hetauda) को अवधारणालाई आत्मसात गरी हेटौँडाले पहिलो पटक **स्वच्छ, सृजनशील, समृद्ध औद्योगिक हेटौँडा**को २५ वर्षको दूरदृष्टि (Long Term Vision), आवधिक लक्ष्य (Goal), विषय क्षेत्रगत उद्देश्य तथा रणनीति निर्माण, बहुक्षेत्रगत लगानी खाका (Multi(Sector Investment Plan), विषय क्षेत्रगत आयोजना तथा कार्यक्रमसहितको पहिलो पञ्च वर्षिय आवधिक योजना (२०६९/२०७४) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको थियो।

उक्त योजनाले गरेको परिकल्पना र बृहत्तर हेटौँडासहित उपमहानगरपालिका बनाउने लक्ष्यअनुसार २०७१ मा आसपास सीमा जोडिएका हर्नामाडी, हटिया, चुरियामाई, पदमपोखरी, बसामाडी क्षेत्रसमेत समायोजना गरी १९ वडासहितको हेटौँडा उपमहानगरपालिका घोषणा गर्न सफल भएको थियो। १० वर्षे शसन्त्र सघर्ष, २०६२।०६३ को जनआन्दोलनको परिणामस्वरूप संविधानसभाबाट पारित भई कार्यान्वयनमा आएको २०७२ को सङ्घीय गणतान्त्रिक संविधान र सोको आधारमा भएको राज्यको पुनःसंरचनापश्चात् स्थापना भएका ७५३ स्थानीय तहमध्ये तत्कालीन ३ नम्बर प्रदेशअन्तर्गत एक मात्र उपमहानगरपालिकाको रूपमा हालको १९ वडाको प्रशासकीय विभाजनसहित गठन भएको हेटौँडा अस्तित्वमा आएको हो। देशले अवलम्बन गरेको प्रादेशिक संरचनाको नयाँ अभ्यासको क्रममा साबिक ३ नम्बर प्रदेशलाई वाग्मती प्रदेशको रूपमा नामकरण र हेटौँडालाई प्रदेश राजधानी घोषणा हुनु हेटौँडाको लागि अर्को महत्त्वपूर्ण रणनीतिक उपलब्धिका रूपमा लिन सकिन्छ। यसर्थ बृहत्तर हेटौँडाको अवधारणाअनुसार क्षेत्रविस्तार र प्रदेश राजधानी घोषणासँगै हेटौँडाले प्रादेशिक राजधानीको हैसियतमा विद्यमान चुनौतीहरूको सामना गर्ने सार्मथ्यसहित रणनीतिक सम्भावनाको भरपूर उपयोगमार्फत समुन्नत सामाजिक चेतनासहित आधारभूत तथा अत्याधुनिक पूर्वाधारको विकास, सोको जगमा द्रुत आर्थिक विकासका लागि दूरगामी पहलहरू अगाडि बढाउनु अपरिहार्य छ।

### स्थानीय तहको योजना तर्जुमा पद्धति र नीतिगत व्यवस्था

स्थानीय सरकार सञ्चालनका लागि कार्यान्वयनमा आएको सङ्घीय कानुन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ को व्यवस्था अनुसार

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि **आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना** बनाई लागु गर्नुपर्ने,
- योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, र समयसीमासँग अनुकूल हुनेगरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूल, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनुपर्ने,
- योजना बनाउँदा आर्थिक विकास, गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुट्ने, स्वयम्सेवा परिचालन गर्न सकिने र लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सिपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दिगो विकास, वातावरणीय संरक्षण तथा प्रर्वद्धनमा सहयोग पुग्ने, भाषिक तथा सांस्कृतिक पक्षको जर्गेना र सामाजिक सदभाव तथा एकता अभिवृद्धिमा सघाउ पुग्ने ।
- योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजना तथा कार्यक्रमहरूको सूचीसमेत तयार गर्नु पर्ने जस्ता प्रावधान रहेको छ ।

यसका साथै राष्ट्रिय योजना आयोगबाट जारी भएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५ (नमुना), नेपाल नगरपालिका सङ्घबाट जारी गरिएको नगरपालिकाको योजना तर्जुमा दिग्दर्शन २०७६ (नमुना) लगायत अन्य कानुनी तथा नीतिगत व्यवस्थाहरूले नगरपालिकाको योजना तर्जुमा पद्धतिलाई दिशानिर्देश गरिरहेको छ । दिग्दर्शन तथा नीतिगत व्यवस्थाहरूले सङ्घीय वा राष्ट्रिय आवधिक योजना, प्रादेशिक आवधिक योजना र स्थानीय तहको आवधिक योजनाको तहगत आवधिक योजनाको व्यवस्था गरिएको छ । अवधिको हिसाबले दीर्घकालीन (२० देखि २५ वर्ष), मध्यमकालीन (५ देखि ७ वर्ष) र अल्पकालीन वा वार्षिक योजनाको रूपमा परिभाषित गरिएको छ । योजना तर्जुमा गर्दा दीर्घकालीन सोच वा दूरदृष्टि (Long Term Vision), आवधिक योजना (Periodic Plan), मध्यकालीन खर्च संरचना (Medium Term Expenditure Framework MTEF) र वार्षिक नीति, कार्यक्रम र बजेटबिच अन्तरसम्बन्धित हुनुपर्ने बाध्यात्मक व्यवस्था गरिएको छ । यसै गरी नगरपालिकाको योजना तर्जुमाका आधार, अवलम्बन गर्नुपर्ने विधि तथा पद्धति सम्बन्धमा समेत स्पष्ट गरेको छ भने योजना तर्जुमाका हरेक

चरणमा स्थानीय राजनीतिक दल, सङ्घ, प्रदेश तथा नगरपालिकाका चिर्वाचित प्रतिनिधि, पदाधिकारी तथा कर्मचारी, संस्थागत क्षेत्र, नागरिक समाज, महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, उत्पीडित, सीमान्तकृत, पछाडि पारिएका वर्ग, उद्योगी व्यवसायी तथा सञ्चारकर्मीसमेतको अर्थपूर्ण सहभागिता हुनुपर्ने कुरामा जोड दिइएको छ।

**'समृद्ध नेपाल र सुखी नेपाल'को राष्ट्रिय लक्ष्य र २०२१ सम्मको मार्गचित्र**

१५ औँ योजनाको आधारपत्र अनुसार 'समृद्ध नेपाल र सुखी नेपाल' को राष्ट्रिय लक्ष्य र २०२१ सम्मको मार्गचित्रका लागि तीन चरणको विकास मार्गचित्र तय गरिएको छ। जस अनुसार-

- **पहिलो चरणः** १५ औँ योजना अवधि (२०७६।०७७ देखि २०८०।०८१) लाई समृद्धि र सुखको आधार निर्माणको चरण र नेपाललाई अल्प विकसित राष्ट्रबाट विकासशील राष्ट्रको हैहियतमा स्तरवृद्धि गर्ने चरण,
- **दोस्रो चरणः** १६ औँ र १७ औँ योजना अवधि (२०८१।०८२ देखि २०९०।०९१) सम्ममा १५ औँ योजनाले निर्माण गरेका समृद्धि र सुखका सूचकहरूमा तीव्र प्रगति हासिल गर्ने चरण । यस अवधिमा आर्थिक समृद्धि र सुखका आधारहरूको मजबुत जगमा तीव्र र उच्च आर्थिक वृद्धि, आर्थिक वृद्धिसँगै प्राप्त उपलब्धिहरूको न्यायपूर्ण वितरणसहित नेपाललाई उच्च मध्यम आय भएको राष्ट्रको रूपमा स्तरोन्नतितर्फ उन्मुख हुने चरण,
- **तेस्रो चरणः** १८ औँ र १९ औँ योजना अवधि (२०९१।०९२ देखि २०२१) सम्ममा समृद्धि र सुखका सूचकहरूमा सन्तुलनसहित दिगोपना हासिल गर्ने चरण । यस अवधिमा दुई अङ्कको औषत आर्थिक वृद्धिदरसहितको सामाजिक न्यायसहित आत्मनिर्भर अर्थतन्त्र, उपलब्ध स्रोत साधनको अधिकतम परिचालन एवम् समन्यायिक वितरणद्वारा आर्थिक असमानता न्यून गरी उच्च आयस्तर भएको समृद्ध राष्ट्र र सुखी नेपालको लक्ष्य हासिल गर्ने चरण।

**'समृद्ध नेपाल र सुखी नेपाल'** को दीर्घलक्ष्य प्राप्तिका लागि **समृद्धि**तर्फ सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तरआबद्धता, मानव पुँजी निर्माण र सम्भावनाको पूर्ण उपयोग, उच्च र दिगो उत्पादन र उत्पादकत्व, उच्च र समतामूलक आय गरी ४ लक्ष्य र **सुख**तर्फ परिष्कृत र मर्यादित जीवन, सुरक्षित, सभ्य र न्यायपूर्ण समाज, स्वस्थ्य र सन्तुलित पर्यावरण, सुशासन, सवल लोकतन्त्र, राष्ट्रिय एकता, सुरक्षा र सम्मान गरी ६ वटा लक्ष्य निर्धारण गरिएको छ।

**हेटौँडाको विकासका लागि आधारभूत पक्ष र तयारीः**

वर्तमान हेटौँडाको भूउपयोगको अवस्था हेर्दा कूल २६१.५८ वर्ग कि.मि. क्षेत्रफलमध्ये करिब ३४.७ प्रतिशत भूभाग वनजङ्गल, ६.६ प्रतिशत भूभाग नदी तथा जलाधार क्षेत्र, करिब ५४.५ प्रतिशत आवादी र ४.२ प्रतिशत जमिन संरचनाहरूले ढाकिसकेको अवस्था छ। २०६८ मा कायम रहेको

१,५२,८७५ जनसङ्ख्या २०७८ को जनगणणाको प्रारम्भिक नतिजाअनुसार हेटौँडाको जनसङ्ख्या १,९५,९५१, घरधुरी ३९,४२५ र परिवार सङ्ख्या ४७,०२७ पुगेको छ ।  हालको वार्षिक वृद्धिदर २.८१ को आधारमा आगामी १० वर्षमा २ लाख ५१ हजार र ५० वर्षमा हेटौँडाको जनसङ्ख्या करिब ५ लाखको हाराहारीमा पुग्ने अनुमान गरिएको छ जसका लागि करिब १ लाख एकाई आवास आवश्यकता  पर्ने छ। जनसङ्ख्या वृद्धिको यो अनुमान र खाद्य सम्प्रभुतालाई मध्यनजर गर्दा कूल आबाद जमिनको ३२ प्रतिशत जमिन खाद्य तथा अन्य उत्पादनका लागि छुट्याउने हो भने बाँकी २० प्रतिशत जमिनभित्र सबै नागरिकहरूलाई आवासलगायत आधारभूत तथा अत्याधुनिक सहरी सेवा सुविधा उपलब्ध गराउनुपर्ने चुनौती छ।

साबिकका स्थानीय निकायका रूपमा क्रियाशील हेटौँडा नगरपालिका सङ्घीय संविधानको कार्यान्वयनसँगै व्यवस्थापिका, कार्यपालिका र सीमित न्यायपालिकासहित स्थानीय सरकारको संवैधानिक हैसियतमा २०७४ मा सम्पन्न स्थानीय तहको पहिलो निर्वाचनपश्चात् गठन भएको हेटौँडा उपमहानगरपालिका नेतृत्वले पहिलो पञ्चवर्षिय योजना (२०६९।२०७४) ले आत्मसात गरेको उपलब्धि, असर र प्रभाव तहको नतिजाहरूको वस्तुनिष्ठ समीक्षा गरी सञ्चालित ठुला आयोजनाहरूको प्रभाव मूल्याङ्कन समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय लक्ष्य, १५ औं योजनाको आधारपत्र, स्वच्छ, सुखी र समुन्नत प्रदेशको प्रादेशिक लक्ष्य र दिगो विकास लक्ष्य (Sustainable Development Goal SDG) को पृष्ठभूमिमा साबिकको हेटौँडा नगरपालिकाले तय गरेको **स्वच्छ, सृजनशील, समृद्ध औद्योगिक हेटौँडा**को दूरदृष्टिलाई वाग्मती प्रदेशको एक मात्र उपमहानगर तथा राजधानी सहरको भावनालाई आत्मसात हुने गरी सबै राजनीतिक शक्ति, सरोकारवालाहरूसमेतको अर्थपूर्ण सहभागितामा समसामयिक समीक्षा र नयाँ गन्तव्यसहित दोस्रो पञ्चवर्षीय योजना (०७५।०७६ देखि ०७९।०८०) तर्जुमा गरी आवधिक लक्ष्य, क्षेत्रगत उद्देश्य, रणनीति तथा कार्यक्रम बजेटसहित कार्यान्वयन गरिसक्नुपर्ने थियो तर त्यसो हुन सकेको अवस्था छैन । यसर्थ २०७९ वैशाखमा सम्पन्न दोस्रो स्थानीय निर्वाचनबाट निर्वाचित नेतृत्वलाई आफ्नो कार्यकालका लागि सहभागितामूलक योजना तर्जुमा पद्धतिको अवलम्बन गरी दोस्रो पञ्चवर्षीय योजना (०७९।०८० देखि ०८३।०८४) तर्जुमा गरी कार्यान्वयन गर्ने सुनौलो अवसर प्राप्त भएको छ । यो कामलाई कुनै विलम्ब नगरी अगाडि बढाउनु आजको आवश्यकता हो।

कुनै पनि सरकारको योजनाले मूलतः **जनता र भूगोल** लाई समेट्नुपर्ने हुन्छ । भूगोलको सीमा प्रायः स्थिर हुने गर्दछ भने जनता गतिशील हुने गर्दछन् । विकास भनेको हालको **राम्रो अवस्थाबाट अझ राम्रो अवस्था**(Good to better condition) मा पुऱ्याउनुलाई मानिन्छ भने जनता र भूगोलको सकारात्मक परिवर्तनबाट समृद्धि (People– Place – Prosperity) प्राप्त हुने विश्वास गरिन्छ जुन (Vision - Decision – Action) बाट मात्र सम्भव बनाउन सकिन्छ । विकास कार्यलाई **चेतना, तयारी, उद्यम र सुखी**

(Awareness - Readiness - Business – Happiness) जस्ता चरणबाट गुज्रने गर्दछ । यसका लागि सामाजिक क्षेत्रले चेतना तथा मानव विकासमा योगदान गर्दछ र विकासका लागि जनतालाई तयारी चरणमा प्रवेश गराउँछ । पूर्वाधार विकासले जीवनयापनलाई सहज बनाउन मद्दत गर्दछ भने आर्थिक विकासले जनतालाई उत्पादन, उत्पादकत्व, व्यवसायिक र उद्यमशील बनाई आय तथा रोजगारीको अवसर सृजना गरी जीवनस्तरमा सुधार भई अन्ततोगत्वा सुखी र समृद्धिको चरणमा पुऱ्याउने गर्दछ । विकास कार्यमा मूलतः **विकास पाउने जनता** (Demand side or People), **विकास दिने वा विकास ल्याइदिने सरकार तथा संस्थागत क्षेत्र** (Supply Side or Govt/Corporate Sector/ Institutional Sector), **विकासका सहयोगीहरू तथा दातृ निकायहरू** (Development Partners) र **विकास गतिविधि निगरानी गर्नेहरू** (Observers/ Surveillances institutions) जस्ता चार क्षेत्रका सरोकारवालाहरू प्रत्यक्ष सरोकारवाला मानिएको छ ।

हेटौँडा उपमहानगरपालिकाको वर्तमान परिवेशको वस्तुस्थिति विश्लेषण गर्दा जनताको चेतनास्तर, भूगोल विकासका साझेदारहरू हेटौँडाको विकासको लागि तयारीको अवस्था (Readiness for Development) मा रहेको अवस्था वा चरण मान्न सकिन्छ । यो तयारीलाई अव उत्पादन तथा उत्पादकत्व वृद्धि, आय तथा रोजगारीको अवसरको सृजनाका लागि सिप, उद्यमशीलता, व्यवसाय (Business for Prosperity) मार्फत जीवनस्तरमा सुधार र समृद्धि (Happiness) तर्फको यात्रामा अगाडि बढाउनु आजको आवश्यकता हो । यसर्थ **समृद्ध नेपाल र सुखी नेपाल**को विकास मार्गचित्रको लक्ष्य प्राप्तिमा हेटौँडा उपमहानगरपालिकाका तर्फबाट पनि महत्त्वपूर्ण भूमिका खेल्नका लागि राष्ट्रिय र प्रादेशिक आवधिक योजनाको लक्ष्य, रणनीति, परिमाणात्मक लक्ष्य, स्रोत परिचालनको अवस्था समेतलाई मध्यनजर गरी हेटौँडाको वि.सं. २०२१ सम्मको लागि दूरदृष्टिको आधारमा समष्टिगत तथा परिमाणात्मक लक्ष्य (Impact Level Results) निर्धारण, आर्थिक, सामाजिक, पूर्वाधार, वन, वातावरण तथा विपद् व्यवस्थापन, सुशासन तथा संस्थागत विकास क्षेत्रको उद्देश्य (Outcome Level Results) निर्धारण गरी सोही अनुसारको रणनीतिसहित **दोस्रो पञ्चवर्षीय योजना (०७९।०८० देखि ०८३।०८४)** तर्जुमा गरी कार्यान्वयन गर्न विलम्ब गर्नुहुँदैन । यसै गरी उपमहानगरपालिकबाट सञ्चालन गरिने आयोजना तथा कार्यक्रमहरूलाई समुदायस्तर (वडा तह), पालिकास्तर (उपमहानगर तह) र अन्तरपालिका वा अन्तर प्रदेशस्तर (प्रादेशिक वा राष्ट्रिय तह) गरी तीन वर्गमा वर्गीकरण गरी आयोजना बैङ्क (Project Bank), हाल अभ्यासमा रहेको सात चरणको योजना तर्जुमा पद्धतिलाई वडा वा समुदायस्तरको साना आयोजना तथा कार्यक्रममा मात्र सीमित गर्ने नीतिगत व्यवस्था गरिनु पर्दछ । यसै गरी पमहानगरपालिकास्तर र प्रादेशिक तथा राष्ट्रियस्तरका ठुला तथा नगर गौरवका आयोजना (Projects of Hetauda Pride) वा

रूपान्तरकारी आयोजना कार्यक्रम (Transformative projects of Hetauda) जस्ता आयोजना तथा कार्यक्रमहरूलाई राष्ट्रिय योजना आयोगको परियोजना बैङ्क निर्देशिका २०७९ अनुसार परियोजना अवधारणा विकास (Project Concept Note PCN), पूर्वसम्भाव्यता अध्ययन (Pre-Feasibility PFS), सम्भाव्यता अध्ययत (Feasibility Study FS) पश्चात् आर्थिक, सामाजिक र दिगो विकास लक्ष्यसँग सम्बन्धित र प्राथमिकता प्राप्त आयोजनाहरूको मात्र विस्तृत परियोजना विकास इन्जिनियरिङ डिजाइन (Detail Project Study with Engineering Design Report DPR) तयार गरी कार्यान्वयन गर्नु आवश्यक छ। यसै गरी क्षेत्रीय रणनीतिक साझेदारीका लागि अन्तरपालिका साझेदारी (Inter-Municipal Cooperation for Regional Partnerships) को अवधारणा अनुसार आसपासका अन्य स्थानीय तहसँग साझा हितका क्षेत्रमा संयुक्त लगानी, सहकार्य र साझेदारी मोडेलमा आयोजनाहरूको विकास र कार्यान्वयन गर्नु आवश्यक छ।

अन्तमा हेटौँडा उपमहानगरपालिकाले आगामी २५ वर्षको दूरदृष्टि, पाँच वर्षको आवधिक लक्ष्य, लक्ष्य परिणाम निर्धारण, उद्देश्य निर्धारण, रणनीति विकास र नगर गौरवका आयोजना वा नगर रूपान्तरकारी आयोजना तथा कार्यक्रम विकास, स्रोत परिचालन तथा समन्यायिक वितरण जस्ता प्रक्रिया एक राजनीतिक प्रक्रिया भएको हुँदा प्रत्येक चरणमा सबै राजनीतिक दललगायत सबै सरोकारवालाहरूको अर्थपूर्ण सहभागिता अनिवार्य सर्त बनाउनु आवश्यक छ।

२१ माघ २०७९

थप जिज्ञासाको लागि
maharjanbk65@gmail.com

**सन्दर्भ सामाग्रीः**

१. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५
२. नगरपालिकाको योजना तर्जुमा दिग्दर्शन २०७६
३. १५ औं योजनाको आधारपत्र
४. राष्ट्रिय योजना आयोगबाट जारी गरिएको आयोजना बैङ्कसम्बन्धी एकीकृत दिग्दर्शन २०७९
५. यसअघि लेखकद्धारा लिखित तथा प्रकाशित हेटौँडासम्बन्धी सामाग्रीहरू।

❑❑❑

# हेटौंडा नगर : भूगोल र जनसाङ्ख्यिकी



-भानुभक्त थपलिया

**ऐतिहासिक पृष्ठभूमि**

महाभारतकालीन किंवदन्तीअनुसार पाण्डवहरू वनबासको क्रममा आमा कुन्तीको सहमतिमा भीमले राक्षस हिडिम्बासित बिहे गरेपछि हिडिम्बाको कोखबाट जन्मेको पुत्र घटोत्कच र हिडिम्बाको वासस्थान यसै स्थानमा भएको नाताले उनीहरूकै नामबाट यस ठाउँको नाम हेटौंडा रहेको भन्ने जनविश्वास छ । साथै भुटनदेवी मन्दिर पनि हेटौंडाको नामकरण अर्थात् महाभारतकालीन किंवदन्तीसँग जोडिएको विषय हो । यसको स्थापना कसबाट कहिले भयो भन्ने यकिन तथ्य नपाइए तापनि मन्दिरसँग जोडिएका केही प्रसङ्गहरूका आधारमा हेटौंडाको इतिहासको अनुमान लगाउन सकिन्छ । एक भनाइअनुसार, हिडिम्बाले नरबली चढाउने देवीको मन्दिर यही हो जहाँ १४ वर्षको वनवासको समयमा भीमलाई घटोत्कचले नरबली दिनका लागि लिएर जान्छन् । त्यही बेलामा नै हिडिम्बा र भीमको दोस्रो भेट हुन्छ र हिडिम्बाले घटोत्कच भीमको पुत्र भएको रहस्य बताएकोले नरबली नदिएको भन्ने भनाइ छ । महाभारतकालीन समय भनेको आजभन्दा करिब ५००० वर्ष पहिलेको समय भएकोले यो स्थान मानव वसोबासको हिसाबले धेरै पुरानो ठाउँ मानिन्छ । यो क्षेत्र पहिले सेनराज्यभित्र पर्दथ्यो । मकवानपुरगढी सेनहरूले नै बनाएका हुन् । उक्त गढीमा सिक्रीले बाँधिएको वंशगोपालको मूर्ति र हटिया राजदेवीमा भएको राजदेवीको मन्दिरबिच सम्बन्ध देखिन्छ । सेनहरूले नै राजदेवी मन्दिरको स्थापना गरेका थिए । अहिलेको हटिया हर्ना क्षेत्र सेनहरूको पालामा खेतीपाती हुने ठाउँ थियो । यस आधारमा भन्नु पर्दा हेटौंडाको पूर्वी भेगमा आजभन्दा करिब ४०० वर्षअघि देखि मानव बसोबास थियो भन्न सकिन्छ । सोबाहेक अन्यत्र घना जङ्गल थियो । त्यही जङ्गलका आडमा अङ्ग्रेज सेना शिखरकटेरीसम्म पुगेको कुरा नेपालको इतिहासमा उल्लेखित छ । मकवानपुरगढीभन्दा केही तल पश्चिम तर्फको भागमा रहेको शिखरकटेरीमा नेपाली सेना र अङ्ग्रेज सेनाबिच सुगौली सन्धिअघि भीषण युद्ध भएको थियो जुन युद्धमा नेपाली सेनाले विजय प्राप्त गरेको थियो । हेटौंडाको मुख्य बजार क्षेत्रको मानव बसोबासको सुरूवात पुरानो मकवानपुर रोडको पश्चिम छेउमा रहेको पिपलबोट (हाल पिपलबोट ढलिसकेको) र हालको सानोपोखरा चोकको आसपासमा केही घर पसलबाट सुरू भएको हो ।

काशी र काठमाडौंको सम्बन्ध पुरानो हो । काठमाडौंका मानिसहरू धार्मिक, व्यापारिक र राजनीतिक कारणले काशी जाने र काशीतिरबाट धार्मिक, व्यापारिक र राजनीतिक कारणले काठमाडौं जाने बाटो अहिलेको हेटौंडा भएर नै जान्थ्यो । यही क्रममा काशीबास जान लागेका

नेपालका एक रानीको मृत्यु हेटौँडामा भएको थियो भन्ने कुरा इतिहासमा उल्लेख भएको पाइन्छ । करिब १०० वर्ष पुरानो नेपालकै पहिलो सुरुङ मार्ग हेटौँडाको चुरेमा रहेको छ। बाटोमा पर्ने देउराली वा डाँडाको टुप्पो वा त्यसको आसपासमा फूलपाती र ढुङ्गा चढाउने नेपालको पुरानो चलन हो । यही चलनले चुरियामाई मन्दिरको स्थापना चुरेमा हुन पुगेको हो। भुटनदेवी र राजदेवीपछि सम्भवतः बढी चल्तीमा रहेको यो नै तेस्रो पुरानो मन्दिर हो । 'नेपाल महात्म्य' नामक धार्मिक ग्रन्थमा वर्णित कुष्माण्ड सरोवर र हेटौँडाको कर्रा नदी (पुरानो नाम कर्णावती), राप्ती नदी (पुरानो नाम रत्नावती) र कुखरेनीको सङ्गमस्थल दुरूस्त रहेको पाइएकोले त्यस स्थानमा अहिले कुष्माण्ड सरोवर त्रिवेणीधामको निर्माण गरिएको छ जुन स्थान हेटौँडाको धार्मिक सांस्कृतिक इतिहासको पछिल्लो समयको एक महत्वपूर्ण स्थानको रूपमा चिनिएको छ ।

हेटौँडाको पूर्वी भागमा सेनकालीन समयदेखि नै बस्ती र खेतीपाती थियो भन्ने कुरा माथि उल्लेख भैसकेको छ। आजभन्दा करिब ६० वर्ष पहिले 'सहर बनाउन योग्य' क्षेत्रको रूपमा टोनी हेगनले पहिचान गरेको हेटौँडाको मध्य र पश्चिम क्षेत्रमा बस्तीको विकास मूलतः दनुवार र तामाङ समुदायले वन फँडानी गरेर बसाएपछि सुरू भएको हो। वि. सं. २०११ सालमा गएको बाढी पहिरोबाट जिल्लाका धोर्सिङलगायतका क्षेत्रबाट विस्थापित भएकाहरूले यस स्थललाई आफ्नो बासस्थान बनाएपछि बस्ती विकासले गति लिएको थियो । वि. सं.२०१३ सालमा त्रिभुवन राजपथ बन्न थालेपछि हेटौँडामा बसाइँसराइको गति झन् बढ्यो । वि. सं. २०१८ सालमा पूर्वपश्चिम राजमार्गको निर्माण सुरू भएपछि र बनिसकेपछि पूर्वपश्चिम र तराई र पहाडलाई जोड्ने एक सम्बन्ध सेतुको रूपमा हेटौँडाको विकास हुन थाल्यो जसको प्रभावले यहाँ द्रुतगतिमा मानव बस्ती, उद्योग र व्यापारको विकास हुन थाल्यो। दि टिम्बर कर्पोरेसन अफ नेपाल र हेटौँडा औद्योगिक क्षेत्रको स्थापना हुनुले पनि हेटौँडाको विकासलाई थप सहयोग पुगेको थियो। वि. सं. २०३९ सालमा मकवानपुर जिल्लाको सदरमुकाम भीमफेदीबाट हेटौँडामा सरेपछि यो ठाउँमा बसाइँसराइ, व्यापार र विकासले अझ तीव्रता पायो।

वि. सं. २०२६ साल मङ्सिरमा हेटौँडालाई तत्कालीन सरकारले नगर पञ्चायतको घोषणा गरेपछि साबिकको गाउँ पञ्चायतले नगरको रूपमा मान्यता पाएपछि क्रमशः सहरीकरणतर्फ उन्मुख भएको देखिन्छ। वि. सं. २०४८ सालमा नगरपालिका घोषणा भएपछि स्थानीय जनप्रतिनिधिहरू मार्फत विकासले गति लिएको हो भन्न सकिन्छ। नेपाल सरकारले मिति २०७१।१।२१ र २०७१।८।१६ मा गरेको निर्णयअनुसार साबिकका छिमेकी गाबिसहरू (चुरियामाई, पदमपोखरी, हटिया, हर्नामाडी र बसामाडी) यस नगरमा गाभिएपश्चात् नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित स्थानीय तह (नगर कार्यपालिकाको कार्यालय) हेटौंडा उपमहानगरपालिका २०७३।११।२७ गतेबाट विधिवत् रूपमा प्रारम्भ भयो । हाल हेटौँडा उपमहानगरपालिका ८५ डिग्री ५३ मिनेट २७ सेकेन्डदेखि ८५ डिग्री ११ मिनेट २४ सेकेन्ड देशान्तर र २८ डिग्री ३२ मिनेट ३१ सेकेन्डदेखि २७ डिग्री १९ मिनेट ५८ सेकेन्ड अक्षांशसम्म फैलिएको छ । हेटौँडा समुद्री सतहदेखि ३६०-१८०० मिटर उचाइमा रहेको छ। भौगोलिक, जातिगत र भाषागत विविधता भएको वाग्मती प्रदेशको राजधानी सहर हेटौँडा उपमहानगरपालिका

देशको मध्य भागमा भएको कारणले गर्दा आधुनिक सहरी विकासतर्फ लम्कँदै गरेको छ।

**क्षेत्रफल, सिमाना र वडा विभाजन**

हेटौंडा उपमहानगरपालिकाको कुल क्षेत्रफल २६१.५८ वर्ग कि.मि. रहेको छ । उपमहानगर-पालिकाको पूर्वमा बकैया गाउँपालिका, पश्चिममा मनहरी र राक्सिराङ गाउँपालिकाहरू, उत्तरमा मकवानपुरगढी, भीमफेदी र कैलाश गाउँपालिकाहरू रहेका छन् । दक्षिणतर्फ मधेश प्रदेश अन्तर्गतको बारा जिल्लाको उत्तरी सिमाना पर्दछ । यस उपमहानगरपालिकालाई १९ वडामा विभाजन गरिएको छ । उपमहानगरपालिकाले २०७७ आषाढमा गरेको घरधुरी सर्वेक्षणअनुसार यस उपमहानगरपालिकाको कुल जनसङ्ख्या १,९६,७४१ र घरधुरी सङ्ख्या ३७१२१ रहेको छ। त्यसैगरी २०७८ को राष्ट्रिय जनगणनाको प्रारम्भिक नतिजाअनुसार यस उपमहानगरपालिकाको जनसङ्ख्या १,९५,९५१ (महिला ९८६२७, पुरुष ९७,३२४) रहेको छ । त्यसैगरी घर सङ्ख्या ३९,४२५ र परिवार सङ्ख्या ४७०२७ रहेको छ।

**उपमहानगरपालिकाले सञ्चालन गरेको घरधुरी सर्वेक्षणअनुसार वडागत जनसङ्ख्या विवरण :**

| वडा नं. | वडाको क्षेत्रफल (वर्ग कि.मी.) | घर सङ्ख्या | परिवार सङ्ख्या | पुरुष | महिला | जम्मा जनसङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | १४.८६ | १३४९ | १४१४ | ३६९५ | ३८०० | ७४९५ |
| २ | २.३३ | १०८६ | १७४१ | ४५४९ | ४६७८ | ९२२७ |
| ३ | १५.५६ | २७२६ | १६८० | ४३९० | ४५१४ | ८९०४ |
| ४ | १.६८ | २५६० | ३५१२ | ९१७६ | ९४३७ | १८६१४ |
| ५ | ६.०७ | २९४० | ३४३३ | ८९७० | ९२२५ | १८१९५ |
| ६ | ८.५४ | १२३० | १४०२ | ३६६३ | ३७६७ | ७४३० |
| ७ | ३.८५ | ११०६ | १२०७ | ३१५४ | ३२४३ | ६३९७ |
| ८ | ५.७६ | १९१४ | २०८१ | ५४३७ | ५५९२ | ११०२९ |
| ९ | ३.८६ | १८५८ | २२३३ | ५८३५ | ६००० | ११८३५ |
| १० | २.४ | १२१० | १४४५ | ३७७६ | ३८८३ | ७६५९ |
| ११ | ९.६६ | २१८२ | २५२० | ६५८५ | ६७७१ | १३३५६ |
| १२ | १६.१४ | १९४७ | २०७४ | ५४१९ | ५५७३ | १०९९२ |
| १३ | २१.४१ | १७७३ | १९३७ | ५०६१ | ५२०५ | १०२६६ |
| १४ | १६.३२ | १६४१ | १६६९ | ४३६१ | ४४८५ | ८८४६ |
| १५ | १८.७७ | १८९० | १९७६ | ५१६३ | ५३१० | १०४७३ |
| १६ | १८.९५ | १४५१ | १५७८ | ४१२३ | ४२४० | ८३६३ |
| १७ | १५.०२ | १६९६ | १७७३ | ४६३३ | ४७६४ | ९३९७ |
| १८ | ३३.३६ | २३७४ | १६०५ | ४१९४ | ४३१३ | ८५०७ |
| १९ | ४७.०४ | १७७६ | १८४१ | ४८१० | ४९४७ | ९७५७ |
| **जम्मा** | २६१.५८ | ३४७०९ | ३७१२१ | ९६९९४ | ९९७४७ | १९६७४१ |

### भूबनोट तथा जलवायु

हेटौँडा भित्री मधेसमा रहेको एक उपमहानगरपालिका हो जसको दक्षिणी भूभाग चुरे क्षेत्रसम्म पर्दछ। यसको पडाही भूभाग वडा नं. १ र १९ मा रहेको उत्तर पश्चिम क्षेत्रमा पर्दछ भने अन्य भाग प्रायः समथर छ । समथर जमिन र मलिलो माटो भएका कारण यहाँको धेरैजसो भूभाग खेतीयोग्य छ । यहाँको हावापानी समशीतोष्ण किसिमको छ । तराईको तुलनामा चिसो हुनु र पहाडको तुलनामा न्यानो हुनुले यहाँ गर्मी र जाडो दुबै मौसम तुलनात्मक रूपमा सहज छ। प्रायः हावा चलिरहने भएकोले सामान्यतः मौसम सफा रहने र वार्षिक औषत २१०० मिलिमिटर वर्षा हुने गर्दछ।

### प्रमुख नदी नालाहरू

राप्ती र कर्रा नदी यहाँका प्रमुख नदीहरू हुन् । राप्ती नदी उत्तरबाट दक्षिण हुँदै पश्चिमतर्फ बग्दछ भने कर्रा नदी नगरको बिच भागबाट पूर्वबाट पश्चिमतर्फ बग्दै कुष्माण्ड सरोवर नजिक राप्ती नदीमा मिसिन्छ । चुरेबाट निस्केका उत्तरवाहिनी नदीको रूपमा चिनिएको कुखरेनी र चकरी खोला, शक्तिखोला पनि यहाँका अन्य महत्वपूर्ण खोलाहरू हुन् । त्यसैगरी, चुरेबाट निस्केर उत्तर तर्फ बर्सातमा बग्ने खहरेहरू रहेका छन् ।

### स्थानीय प्रमुख चाडपर्व, मेला र जात्राहरू

यस क्षेत्रमा मनाइने प्रमुख चाडपर्वहरूमा दसैं, तिहार, तीज, फागु पूर्णिमा, शिवरात्रि, जनै पूर्णिमा, ईद, क्रिसमस, तमु ल्होसार, सोनम ल्होसार, छठ, रामनवमी, माघी पर्व आदि रहेका छन् । मेला तथा जात्राहरूमा कुष्माण्ड मेला, बाला चतुर्दशी, गाईजात्रा, श्रीकृष्ण जन्माष्टमी आदि रहेका छन् ।

### मुख्य मुख्य धार्मिक तथा पर्यटकीय स्थलहरू

यस नगरमा सय वर्ष पुरानो दक्षिण एसियाको पहिलो ऐतिहासिक चुरे सुरुङसहितको चुरिया क्षेत्र, चुरियामाई मन्दिर, गुम्बा डाँडाको अन्तराष्ट्रिय मूर्ति पार्क, जुरेथुम पर्यटकीय पार्क, पुण्यक्षेत्र, सहिद स्मारक, कुष्माण्ड  सरोवर त्रिवेणी धाम, पाथिभरा मन्दिर, वनस्खण्डी, भुटनदेवी, गुफाथान, गोरक्षेश्वर, दक्षिणकाली, शक्तेश्वर, रुद्रेश्वर, ज्याङ छोपलिङ पोताला गुम्बा बौद्ध  दर्शन केन्द्र, गुप्तेश्वर, शान्ति स्मृति पार्क, मनकामना मन्दिर, सन्सारीमाई मन्दिर, नागस्वती स्मृति पार्क, राजदेवी मन्दिर र मनमोहन भ्युटावर, कृष्णप्रणामी मन्दिर, भैरव मन्दिर, लक्ष्मीनारायण मन्दिर, जामे मस्जिद आदि रहेका छन् ।

### सहरीकरणको अवस्था

यस उपमहानगरपालिकाका वडाहरूलाई विकास तथा भौगोलिक विशेषताका आधारमा विभाजन गर्दा सहरी, अर्धसहरी तथा ग्रामीण प्रकृतिका गरी ३ समूहमा विभाजन गर्न सकिन्छ। वडा नं. २, ४, ५ र १० सहरी वडामा पर्दछन् । वडा नं. १, ३, ६, ७, ८, ९, र ११ अर्धसहरी वडामा पर्दछन् । वडा नं. १ को केही भाग सहरी क्षेत्रभित्र पर्दछ। बाँकी रहेका १२, १३, १४, १५, १६, १७ र १८ नं. वडा ग्रामीण प्रकृतिका हुन् । ग्रामीण प्रकृतिका वडाहरू भनिए तापनि यी वडाहरू सम्पूर्ण रूपमा ग्रामीण वडाहरू भने होइनन् । वडा नं. १५ र १६ भित्र पर्ने चुरेको जङ्गलभित्र रहेका केही बस्ती र वडा नं. १९ को उत्तरी भागमा रहेका बस्तीहरू पूर्ण रूपमा ग्रामीण प्रकृतिका छन् ।

❏❏❏

# समतामूलक, समावेशी विकासका लागि सामाजिक परिचालनको अपरिहार्यता

(सन्दर्भ : हेटौँडा उपमहानगरपालिका)



-भीमप्रसाद तिमल्सिना

विकास एक निरन्तर, स्वभाविक एवम् मानव इच्छित समाजको सकारात्मक परिवर्तनको प्रक्रिया हो । प्रत्येक मानव समाजमा सबै कालखण्डमा विकासको प्रक्रिया कुनै न कुनै रूपबाट चलेकै हुन्छ । विकास के हो ? विकास कसका लागि ? र विकास कसरी ? भन्ने प्रश्नमा केन्द्रित रहेर समयसापेक्ष रूपबाट विकासप्रतिको बुझाइ र परिभाषामा प्रशस्त परिवर्तन आएको देखिन्छ । विकासका लागि राज्य वा सरकारबाट अघि सारिएका विकासका ढाँचा, नीति, रणनीति तथा कार्यक्रमले पारेको प्रभावको समीक्षाकै आधारमा विकासप्रतिको परिभाषा र विकासको अवस्था मापन गर्ने सूचकहरूसमेत फरक फरक हुँदै आएका देखिन्छन् । विकासले सिङ्गो समाजको संरचनागत परिवर्तन गर्न नसकेको र समाजभित्र आर्थिक सामाजिक असमानता बढ्दै गएको सन्दर्भ र विश्वस्तरमा अधिकारमुखी अवधारणा विकास हुन थालेपश्चात् बिस्तारै संसारका सबै समाजमा विकास मानिसको अधिकार हो भन्ने मान्यता स्थापित हुँदै जाने सन्दर्भमा समतामूलक र समावेशी विकासको मान्यता स्थापित भएको र सन् १९९० को दशकदेखि विकासको साधन र साध्य नै मानवलाई मान्न थालिएको र मानव विकासको अवधारणा व्यापक बन्न पुगेको देखिन्छ । वर्तमान समयमा बुझिने विकासको परिभाषाले विकासको सामाजिक तथा मानवीय पक्षलाई बढी महत्त्व दिन्छ । मानवको क्षमता र दक्षता बढाएर जनतालाई विकासको उपभोक्ता मात्र होइन विकासको कर्ता मान्दछ । विकास जनताको आवश्यकता माग र समस्यामा आधारित हुनुपर्ने र योजना तर्जुमादेखि विकासका सबै चरण र प्रक्रियामा जनताको अर्थपूर्ण सहभागितालाई बढी जोड दिन्छ । विकासबाट वञ्चितिमा परेका तथा पारिएका सीमान्तकृत वर्ग र समुदायलाई केन्द्र भागमा राखी उनीहरूकै सहभागिता र क्रियाशिलतामा विकास अघि बढाउनुपर्ने मान्यतामा जोड दिन्छ ।

समुदाय तहमा विपन्नतामा बाँचिरहेका विकासबाट पाखा परेका तथा पारिएका वर्ग तथा समुदायको क्षमता विकास र सशक्तीकरण नहुँदासम्म विकासको प्रक्रियामा त्यस्ता वर्गको सहभागिता केवल नाम मात्रको हुन्छ । योजना तर्जुमा प्रक्रियामा त्यस्ता वर्गको पहुँच खासै नरहने र केवल नाम मात्रको सहभागिताले उनीहरूको अवस्थामा विकास प्रक्रियाले खासै प्रत्यक्ष सकारात्मक नतिजा दिन सक्दैन । लैङ्गिकता, जातजाति, अपाङ्गता जस्ता लक्षित समुदायका नाममा समुदायका अगुवाहरूले लाभ लिने र वञ्चितिमा परेकाको अवस्था सदा उस्तै हुने अवस्था रहन्छ । यस अवस्थामा सुधार ल्याउन र कमजोर वर्गमा विकासको अवसर र पहुँच स्थापित गर्दै विकासलाई समावेशी एवं समतामूलक बनाउन सामाजिक

परिचालन जरुरी हुन्छ । सामाजिक परिचालनलाई विकाससँग अनतरसम्बन्धित गरेर जोड्ने अवधारणा सन् १९९० को दशकबाट सुरुवात भएको र विभिन्न दातृ संस्थाको सहयोगमा नेपाललगायत संसारका विकासोन्मुख मुलुकहरूमा यस अवधारणाबमोजिम समुदायका गरिब विपन्नलाई सङ्गठित गर्दै सशक्तीकरणका कार्यक्रममा जोड दिएको पाइन्छ । सामाजिक परिचालन भन्ने शब्द सन् १९८५ मा American Journal of Sociology मा प्रकाशित भएको थियो । सामाजिक परिचालन भनेको समाजका सबैखाले (महिला, पुरुष, दलित, जनजाति, अपाङ्ग आदि) को जीवनमा सकारात्मक तथा गुणात्मक परिवर्तन ल्याउन प्रस्ट लक्ष्य निर्धारण गरी पीडित जनसमूह वा समुदायको अगुवाइमा स्थानीयदेखि राष्ट्रिय तहसम्मका नीति निर्माता, नेतृत्व वर्ग आदि जस्ता सबैखाले मानिसलाई ध्यानाकर्षण गर्ने, संलग्न गर्ने र उक्त लक्ष्य प्राप्तिमा परिचालन गर्ने योजनाबद्ध प्रक्रिया हो । सामाजिक परिचालन बहुआयामिक प्रकृतिको हुन्छ । यसको माध्यमबाट समाजका कमजोर वर्ग, पिछडिएका जातजाति, लिङ्ग तथा आम गरिबहरूलाई सशक्तीकरणको माध्यमबाट समाजमा परिवर्तन ल्याउने, समुदाय र संस्थागत विकास, अस्तित्वमा परिवर्तन, समाजका विविध द्वन्द्वलाई घटाउने र उत्पादन तथा वितरणमा सहजता ल्याई दिगो विकासलाई स्थिरता प्रदान गर्ने कार्य सामाजिक परिचालनबाट मात्र सम्भव छ भन्ने मान्यता स्थापित भएको पाइन्छ । नेपाल मानव विकास प्रतिवेदन, २००४ मा विकासमा सामाजिक परिचालनको महत्त्वलाई दर्साउँदै भनिएको छ Social mobilization reduces poverty because it is based on the premise that the poor are willing and able to carry out a number of functions themselves to improve their situations, given encouragement to form their own organization for promoting their development through their own efforts and participating actively in decision making that enhances their livelihood.

नेपालमा सामाजिक परिचालनलाई बढवा दिनेगरी सञ्चालित विभिन्न कार्यक्रम मध्ये राष्ट्रसङ्घीय विकास कार्यक्रम (United Nations Development Program – UNDP) को सहयोगमा तत्कालीन हेटौँडा नगरपालिकालगायत मुलुकका १२ वटा नगरपालिकाहरू र ३१ वटा ग्रामीण बजार केन्द्रहरूमा सन् १९९७ देखि सञ्चालित गाँउ नगर साझेदारी विकास कार्यक्रम (Rural Urban Partnership Program– RUPP) ले स्थानीय निकायहरूमा सामाजिक परिचालनका लागि टोल विकास संस्थाको अवधारणा अघि सारेको देखिन्छ । गाँउ नगर अन्तरसम्बन्ध विकासका माध्यमबाट उद्यमशीलता प्रवर्धन गर्दै गरिबी न्यूनीकरण गर्ने उद्देश्यअनुरूप यो कार्यक्रम तत्कालीन हेटौँडा नगरपालिका र नगरसँग जोडिएका तथा निकट ग्रामीण बजार केन्द्रहरू भीमफेदी, मकवानपुरगढी र हाँडिखोलासमेतलाई कार्यक्षेत्र बनाई सञ्चालन गरिएको थियो । तत्पश्चात् टोल विकास संस्थालाई सामाजिक परिचालनको एक महत्त्वपूर्ण औजारको रूपमा स्वीकार गरी संस्था गठन तथा परिचालनको कार्यलाई प्राथमिकताका साथ अघि बढाइएको छ । निश्चित चार किल्लाभित्र बसोबास गर्ने घरपरिवारलाई समेटी भौगोलिक क्षेत्रका आधारमा गठन हुने टोल विकास संस्थाका माध्यमबाट टोलक्षेत्रभित्रका परिवारहरूमा सद्भाव र हार्दिकता विकास गरी परस्पर पारिवारिक सम्बन्ध विकास हुने, टोल क्षेत्रभित्रका समस्या स्थानीय स्रोत

परिचालन गरी सामूहिक प्रयत्नबाट समाधान गर्ने, टोल क्षेत्रभित्र विद्यमान विभेद र विकृति विसङ्गति हटाउने, बचत सङ्कलन तथा परिचालनका माध्यमबाट उत्पादनमूलक कार्य अघि बढाउने, टोलबस्ती तहमा सरसफाइलगायत विभिन्न सुधारात्मक अभियानहरू सञ्चालन गर्ने, वडास्तरीय योजना तर्जुमा प्रक्रियामा टोलबस्ती तहको योजना सहभागितामूलक किसिमबाट छनोट गर्ने, टोल क्षेत्रभित्र बसोबास रहेका कमजोर र विपन्न परिवारलाई आधारभूत विकासको पहुँचमा लैजान सहजीकरण गर्ने, योजना कार्यान्वयन र गुणस्तर कायममा सक्रियता देखाउने, वडा समितिको सहयोगी अङ्गको रूपमा रहने, विकासका प्रत्येक चरणमा जनताको प्रतिनिधित्व गर्ने, आफ्नो टोलबस्तीलाई उत्कृष्ट नमुनालायक बनाउन सङ्गठित प्रयास गर्ने, टोल तहका हरप्रकारका साझा समस्या समाधान गर्न तत्परता देखाउने जस्ता सकारात्मक भूमिका अघि बढाइएको पाइन्छ । हेटौँडा उपमहानगरपालिकामा हालसम्म ३५४ वटा टोल विकास संस्थाहरू गठन भई क्रियाशील रहेका र उक्त टोल विकास संस्थाहरूमा नगर क्षेत्रका कुल २९११५ घरधुरी समेटिएको छ । वडागत रूपमा टोल विकास संस्था तथा समेटिएका घरधुरी सङ्ख्याको विवरण देहाय बमोजिम रहेको छ ः

| वडा नं. | टोल विकास सङ्ख्या | समेटिएको घरधुरी सङ्ख्या |
|---|---|---|
| १ | १० | ९०२ |
| २ | २० | १३०४ |
| ३ | १५ | १४७३ |
| ४ | २८ | २३९३ |
| ५ | २९ | १८५५ |
| ६ | २३ | ११८२ |
| ७ | १४ | ८०७ |
| ८ | १८ | १७३० |
| ९ | २४ | १७३३ |
| १० | १२ | ५६८ |
| ११ | २३ | १६०७ |
| १२ | २७ | २८८७ |
| १३ | २६ | २३३० |
| १४ | १९ | १६१९ |
| १५ | १९ | २०४९ |
| १६ | ९ | ७८३ |
| १७ | ८ | ७७४ |
| १८ | १३ | १०९२ |
| १९ | १७ | २०२७ |
| जम्मा | ३४५ | २९११५ |

विकास प्रक्रियामा भिन्न आवश्यकता भएका फरक फरक समुदायको सहभागिता सुनिश्चित गर्न सकेमा मात्र विकासका बहुआयामिक पक्षको सन्तुलित रूपमा सुधार हुँदै जान्छ । सबै वर्ग र समुदायले विकास प्रक्रियाबाट प्रत्यक्ष लाभ पाएको महसुस गर्दछन् । विकासको न्यायोचित वितरणले सामाजिक सद्भाव बढ्न जान्छ । यस यथार्थतालाई महसुस गरी हेटौँडा उपमहानगरपालिकाले टोल विकास संस्था परिचालनसँगै अन्य वर्ग तथा समुदायको सङ्गठित सहभागिता सुनिश्चित गर्न विभिन्न सञ्जाल निर्माण गरी आवश्यक सशक्तीकरणसहित परिचालन गर्दै आइरहेको छ । वडास्तरमा विभिन्न क्षेत्र समेटी १६ देखि २४ वर्ष उमेर समूहका युवाहरूको वडा स्तरीय युवा क्लब गठन गरी युवा वर्गलाई विकृति विसङ्गतिमुक्त

सामाजिक सद्भावयुक्त समाज निर्माण र विकासको प्रक्रियामा जोड्ने प्रयास अघि बढाएको छ । त्यसैगरी प्रत्येक वडामा अवसर र पहुँचबाट वञ्चित विपन्न वर्गका महिलाहरूलाई सङ्गठित गरी महिला जागरण समूह निर्माणपश्चात् क्षमता विकास गरी सामाजिक रूपान्तरण र विकासको प्रक्रियामा परिचालन गरिएको छ । समूहको प्रभावकारी परिचालनका लागि नगरस्तरीय सञ्जाल निर्माण गरिएको छ । बाल समूह गठन र सञ्जाल निर्माणको प्रक्रिया अघि बढाएको छ। नगरस्तरीय दलित, जनजाति, अपाङ्गता, जेष्ठ नागरिकका समन्वय समितिहरू निर्माण गरी योजना तर्जुमा तथा विकासका विभिन्न चरणहरूमा उक्त वर्गको सहभागिता सुनिश्चित गरिएको छ। समन्वय समिति तथा सञ्जालहरूको संस्थागत विकासका लागि क्षमता विकास एवं सशक्तीकरणका कार्यक्रमहरू मागका आधारमा वार्षिक कार्यक्रममा समावेश गरी सञ्चालन गर्ने गरिएको छ । यसरी विकासमा वञ्चितिमा परेका तथा पारिएका सबैखाले वर्ग र समुदायलाई सामाजिक परिचालनका माध्यमबाट विकासको मूल प्रवाहमा समेट्दै सन्तुलित, समावेशी र समतामूलक विकासतर्फ हेटौँडा उपमहानगरपालिका अघि बढेको छ।

❒❒❒

## हेटौँडा उपमहानगरपालिकाको अत्यन्त जरुरी सूचना।

नेपालको कानुनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बालविवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानुनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौँ।

| **मुलुकी अपराध संहिता २०७४** | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बिस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १७३)। | तीन वर्षसम्म कैद र तिस हजार रुपैयाँसम्म जरिवाना हुने छ। |
| विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मन्जुरीलाई मन्जुरी मानिने छैन। | |



# हेटौँडामा पत्रकारिताः विगत र वर्तमान

-राममणि दाहाल

समाज परिवर्तनका विभिन्न पक्षहरूमध्येको एक पत्रकारिता क्षेत्र पनि हो । नेपाल र विश्वको सन्दर्भमा समेत पत्रकारिता क्षेत्रले आर्थिक, सामाजिक र राजनीतिक परिवर्तनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । लोकतन्त्रमा अभिव्यक्ति स्वतन्त्रताजत्तिकै प्रेस स्वतन्त्रलाई मानिन्छ । यसले पनि पत्रकारिता क्षेत्रको महत्त्व कति छ भन्ने स्पष्ट हुन्छ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताबिनाको लोकतन्त्रको परिकल्पनासमेत गर्न सकिँदैन, त्यसैले पनि पत्रकारितालाई चौथो अङ्ग भनिन्छ र मानिन्छ ।

पछिल्लो समयमा भएको प्रविधिको विकासले पत्रकारिता क्षेत्रमा विकाससँगै नागरिकको सूचना र समाचारमाथिको पहुँच बढ्दै गएको छ । विगतमा कुनै घटना, परिघटना, सरकार र समाजका निर्णयहरू जानकारी पाउन साता दिन वा केही समय कुर्नुपर्नेमा अहिले सूचना र प्रविधिको विकासले क्षणभरमा नै विश्वभर पुग्छ र जानकारी पाउन सकिन्छ । सूचना र प्रविधिको विकासले विश्व नै गाउँमा परिणत हुँदै गएको छ ।

विश्वको पत्रकारिताको इतिहास लामो भए पनि नेपालको पत्रकारिता क्षेत्रको इतिहास धेरै लामो छैन भने हेटौँडाको पत्रकारिताको विकास क्रम वि. सं. २०२० पछि सुरु भएको पाइन्छ । छापा पत्रकारिताबाट सुरु भएको पत्रकारिता रेडियो, टिभीहुँदै अनलाइन पत्रकारितासम्म आइपुग्दा त्यसको प्रत्यक्ष प्रभाव र लाभ हेटौँडा र मकवानपुरको पत्रकारिताले समेत पाएको छ ।

पत्रकारिताको प्रारम्भमा दिनमा अक्षरहरू टिपेर पृष्ठ बनाएर श्यामश्वेत पत्रिका छपाइ गर्नुपर्ने कष्टकर अवस्था थियो । अहिले नेपालको छापा पत्रकारिताको विकास अत्याधुनिक प्रविधिमा प्रवेश गरेको छ । अहिले कम्प्युटरमा टाइप, डिजाइन र सेटिङसँगै कम्पुटरबाट सिधै अत्याधुनिक अफसेट प्रेसबाट आफू अनुकूलको रङ्ग र आकारमा पत्रिका छाप्न सक्ने अवस्थामा पुगेको छ ।

नेपालमा पहिलो पटक प्रकाशन भएको 'सुधासागर' साहित्यिक पत्रिकाबाट नेपालको पत्रिकारिताको इतिहास सुरु भएको पाइन्छ । 'सुधासागर' वि. सं. १९५५ मा र त्यसपछि वि. सं. १९५८ वैशाख २४ गतेबाट 'गोरखापत्र'को प्रकासन सुरु भएको थियो । साप्ताहिक रूपमा प्रकाशन सुरु भएको 'गोरखापत्र' २०१७ सालमा दैनिक रूपमा प्रकाशन हुन थालेकोमा निरन्तर प्रकाशित छ ।

हेटौँडा र मकवानपुरको सन्दर्भमा भन्नु पर्दा पत्रकारिताको विकासमा साहित्यिक पत्रकारिताको योगदानसमेत स्मरणीय र महत्त्वपूर्ण रहेको छ ।

मकवानपुरको पत्रकारिताको इतिहास खोजी गर्ने क्रम जारी रहे पनि वि. सं. २०१८ सालदेखि केही वर्ष 'गथुँ' नामको हस्तलिखित पत्रिका देवप्रसाद श्रेष्ठ र महेनमोहन झ्यातुसहित मिलेर सार्वजनिक

स्थानमा टाँस गरेको देखिन्छ। यस्तै वि. सं. १०१९ सालमा हस्तलिखित साहित्यिक पत्रिका प्रकाशित भएको तथ्य छ । साहित्यकार तुल्सी थापाको सम्पादनमा राप्ती क्लब भैँसेले 'राप्ती' नामक साहित्यिक पत्रिका प्रकाशन गरेको अभिलेख पाइन्छ। २०२८ सालमा रामचन्द्र आचार्य 'फुर्सदी' ले 'त्रिवेणी सङ्गम' प्रकाशन सुरु गरे पनि केही अङ्कपछि निरन्तरता पाउन सकेन।

पञ्चायतकालमा पत्रकारिता सहज नभएकाले पनि फस्टाउन नसकेको पाइन्छ र २०४६ को जनआन्दोलनपछि भने हेटौँडाको पत्रकारिताले छलाङ नै मारेको थियो भन्दा अन्यथा नहोला।

पञ्चायतकालमा जस्तै २०६१ माघ १९ गतेको शाही घोषणापछि हेटौँडा र समग्रमा नेपालकै पत्रकारिता र सञ्चारमाध्यम सङ्कुचनमा परेको थियो । मकवानपुरे सञ्चारकर्मीहरू र सञ्चार माध्यमहरूले समेत शाही घोषणापछिको निरङ्कुशताको मार खेप्नु परेको थियो । २०६२/०६३ को आन्दोलनको उपलब्धि र २०७२ को संविधानमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका अधिकार सुनिश्चित भएसँगै पत्रकारिता सहज भएको छ। यद्यपि राज्य र गैरराज्य पक्षबाट हुने धम्की, धरपकड, हत्यासँगै विभिन्न बहानामा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई सङ्कुचित गर्ने प्रयास रोकिएको छैन र खबरदारी निरन्तर आवश्यक छ।

यस्तै मकवानपुरको पत्रकारिताको इतिहासलाई नियाल्दा वि.सं. २०२१/२२ सालताका देवप्रसाद श्रेष्ठसहितकाले नेपाल भाषामा 'चुली' नामक हस्तलिखित पत्रिका प्रकाशित गरेको अभिलेख छ। त्यसपछि २०२२ सालदेखि करिब तीन वर्षसम्म हेटौँडाबाट भीम विराग र जनक भट्टराई सम्पादक रहेको 'नारायणी' साप्ताहिक प्रकाशित भएको थियो। तर, यो पत्रिका मकवानपुरमा दर्ता भएको थिएन। मकवानपुरमा पत्रिका दर्ता गरी प्रकाशन सुरु गर्ने श्रेय भने कमल थापालाई नै जान्छ। थापा सम्पादक र प्रकाशक भई २०३७ साल मङ्सिर १२ गते दर्ता भएको साप्ताहिक 'विश्लेषण'को दर्ता नं. १ रहेको जिल्ला प्रशासन कार्यालय मकवानपुरको अभिलेखमा छ। यो पत्रिकाको हाल प्रकाशन बन्द रहेको छ । साप्ताहिक 'विश्लेषण'पछि मकवानपुरको पूर्वसदरमुकाम भीमफेदीबाट राष्ट्रिय समाचार समितिको संवाददातामा कार्यरत न्हुच्छेमान श्रेष्ठले २०३९ साल असोजमा साप्ताहिक 'उज्यालो' दर्ता गरी प्रकाशित गर्नुभएको थियो । २०३५ सालबाट राससमा कार्यरत श्रेष्ठले दर्ता गराउनुभएको साप्ताहिक पत्रिका २०४२ साल पुस ७ गतेको सञ्चार मन्त्रालयको पत्रबमोजिम निलम्बनमा परेको थियो।

त्यसपछि २०४० साल पुसमा केशवलाल श्रेष्ठ र दीपकलाल श्रेष्ठ प्रकाशक/सम्पादक भएर 'कुराकानी' साप्ताहिक दर्ता भएर लामो समयसम्म प्रकाशन भएकोमा हाल बन्द भएको छ।

त्यसपछि हेटौँडामा 'प्रयास', 'उद्‌गार', 'साप्ताहिक खबर', 'मजदुर संसार', 'सत्प्रयास' र 'जनमुखी' पत्रिका दर्ता भई प्रकाशित भएको प्रशासनको अभिलेखमा देखिन्छ।

२०४६ सालको जनआन्दोलनपछि भने हेटौँडा र मकवानपुरमा सञ्चारमध्यको सङ्ख्या ह्वात्तै बढेसँगै पत्रकारिताप्रति आकर्षण र पत्रकारको सङ्ख्या बढेको तथ्याङ्क छ। पत्रिका, रेडियो र टिभी दर्ता र प्रकाशन र प्रशारणको क्रम रोकिएको छैन। वि.सं. २०४६ सम्म जिल्ला प्रशासन कार्यालय मकवानपुरमा दर्ता भएका पत्रिको सङ्ख्या एक दजर्न पनि नरहेकोमा २०४६ पछिको २० वर्षको अवधि अर्थात् २०६६ चैत मसान्तसम्ममा हेटौँडामा

दर्ता भएका पत्रिकाको सङ्ख्या ९२ पुगेको थियो । २०७८ चैत २१ गते 'खोजीमेली' दैनिक दर्ता भएपछि थप पत्रिका दर्ता भएको देखिँदैन ।

त्यसपछि २०७९ माघको तेस्रो सातासम्म जिल्ला प्रशासन कार्यालय मकवानपुरमा कुनै पत्रिका दर्ता भएको पाइँदैन । यो दैनिक विभिन्न कारणले दर्तामा सीमित बनेको छ । हेटौँडाबाट शिवप्रसाद चौलागाई प्रकाशक र सम्पादक रहेको 'खोजीमेली' दैनिकको १४८ दर्ता नम्बर रहेको छ । यसअघि २०७८ चैत १२ मा राजबाबु पहाडीले 'मकवानपुर मन्थन' त्रैमासिक दर्ता गर्नुभएको थियो । दर्ता नं. १४७ रहेको 'मकवानपुर मन्थन' त्रैमासिक साहित्यिक पत्रिका यो लेख तयार पार्दा अर्थात् २०७९ माघको तेस्रो सातासम्म कुनै अङ्क प्रकाशित भएको अभिलेख छैन । जिल्ला प्रशासन कार्यालयमा दर्ता भएर नेपाल भाषा, तामाङ, चेपाङ र अङ्ग्रेजी भाषामा समेत पत्रिका प्रकाशन भएको अभिलेख छ ।

### *विद्युतीय सञ्चार माध्यम*

मकवानपुरमा २०४६ पछि विद्युतीय सञ्चार माध्यमले फड्को मारेको पाइन्छ । यद्यपि २०४५ सालमा नै नेपाल टेलिभिजनले हेटौँडामा प्रशारण उपकेन्द्र स्थापना गरेको थियो । मकवानपुरको टेलिभिजन पत्रकारिताको चर्चा गर्दा नेपाल टेलिभिजनका मकवानपुर समाचारदाता महेन्द्र श्रेष्ठको नाम स्मरण गर्नै पर्ने हुन्छ ।

यस्तै हेटौँडामा केवल टिभीहरूसमेत सञ्चालनमा आएका छन् । हेटौँडाबाट टिम टिभी सञ्चालनमा रहेको छ भने पछिल्लो समय नेसनल गोल्ड टिभी सञ्चालनमा आएको छ । सुरुवाती चरणमा हेटौँडा सञ्चालन गरिएको वाग्मती टिभी हाल काठमाडौँबाट सञ्चालन भईरहेको छ ।

यसैगरी हेटौँडामा देशकै पहिलो व्यावसायिक एफएम मनकामना एफएम २०५७ सालमा स्थापना भएको थियो । मकवानपुरको पत्रकारितामा महत्त्वपूर्ण योगदान रहेको उक्त एफएम सञ्चालनको चार वर्ष पुग्दा नपुग्दै बन्द हुन पुग्यो । मनकामना एफएम बन्द भएपछि नेसनल एफएम सञ्चालनमा आए पनि निरन्तरता पाउन सकेन । रेडियोको बारेमा भन्दै गर्दा मकवानपुरको उत्तरी क्षेत्रमा स्थापना भएको सामुदायिक रेडियो पालुङको नाम छुटाउन सकिँदैन । रेडियो पालुङ पछि दामन-पालुङ क्षेत्रमा प्रतिध्वनि एफएमलगायतका रेडियो एफएम थपिए र केही समयको अन्तरालमा बन्दसमेत भए ।

त्यसो त पालुङमा नै २०५२ सालताका अडियो टावर स्थापना भएको इतिहास छ । हेटौँडामा नै २०६३ सालमा स्थापना भएको हेटौँडा एफएम, २०६४ सालमा स्थापना भएको रेडियो थाहा सञ्चार, २०६६ सालमा स्थापना भएको रेडियो मकवानपुर अहिले पनि प्रशारणमा छन् । त्यपछिका वर्षबाट रेडियो निकास, शक्ति एफएम, रेडियो आकाशगङ्गा, रेडियो सरोवर, अनमोल, रेडियो सन्देश र रेडियो बुलेटिन सञ्चालनमा आएको छन् ।

### *अनलाइनप्रति आकर्षण बढ्दो*

पछिल्लो समय सूचना र प्रविधिमा भएको विकास, कोभिड १९ र आर्थिक मन्दीलगायतका कारणले हेटौँडामा छापा माध्यममा भन्दा अनलाइन पत्रिकाप्रतिको आकर्षण बढ्दो छ ।

हेटौँडामा अनलाइन पत्रिकाको चर्चा गर्दा पहिलो व्यावसायिक अनलाइन पत्रिका 'नेपाल संवाद' भएको देखिन्छ । केही वर्ष सञ्चालन भएको 'नेपाल संवाद' हाल विविध कारणले सञ्चालनमा रहेको छैन । हेटौँडा र मकवानपुरबाट तीन दर्जनको हाराहारीमा अनलाइन पत्रिका सञ्चालनमा रहेका

छन् भने सङ्घीय राजधानीबाट सञ्चालित अनलाइन पत्रिकामा काम गर्नेहरूको सङ्ख्या उल्लेख्य नै छ । हात हातमा मोबाइलका कारण पढ्न, सुन्न र हेर्न सहज भएकोले पनि अनलाइन पत्रकारिताप्रति नागरिकको पहुँच सहज भएको छ र अनलाइन पत्रकारिताप्रतिको आकर्षण बढ्दो छ । नागरिकले आफूले खोजेको र आवश्यक सामग्री एउटामा नभए अर्को अनलाइनमा पाउँछन्, तत्काल प्रतिक्रिया दिन सक्छन् तत्कालै सच्याउने वा कुनै पनि घटनाको शृङ्खलाबद्ध रूपमा सूचना र समाचार सामग्री प्रकाशन गर्न सकिन्छ, त्यसैले पनि अनलाइन पत्रिकाप्रति अभिरुचि बढ्दो । तर, कतिपय अनलाइन पत्रिकाका कारण विश्वसनीयताप्रति प्रश्नसमेत उठ्ने गरेको छ । अनलाइन पत्रकारिताप्रति आकर्षण बढ्दै गए पनि बजार र विज्ञापनको सीमितता र दक्ष जनशक्तिको समस्या छापा माध्यममा जस्तै छ। जनशक्ति अभाव र स्रोतको सीमितताका कारण हेटौँडालगायतका स्थानबाट सञ्चालित अनलाइन पत्रिकामा पाठकले अपेक्षा गरेअनुसारको समाचार प्रकाशन गर्न नसकेको देखिन्छ।

हेटौँडाबाट प्रकाशित कतिपय छापा माध्यमले अनलाइन संस्करणसमेत सञ्चालन गर्दै आएका छन् । हेटौँडाबाट हाल 'हेटौँडा सन्देश', 'समृद्ध समाज', 'साझा कुरा', 'प्रदेश', 'थाहा सन्देश' गरी पाँच वटा दैनिक पत्रिका प्रकाशनमा छन् । साथै सीमित सङ्ख्यामा साहित्यिक र साप्ताहिक पत्रिका प्रकाशित हुँदै आएका छन्।

यस्तै हेटौँडाको पत्रकारितामा महिला पत्रकारको उपस्थिति उल्लेखनीय रहेको पाइन्छ । २०५५ सालमा मृदुला शर्मा सम्पादक रहेर 'नवकोरस' साप्ताहिक प्रकाशन सुरु भएको थियो । तर पत्रिकाले लामो समय निरन्तरता पाउन सकेन । मकवानपुरमा रेडियो एफएम र टिभी स्थापना गर्ने लहर चलेसँगै महिला पत्रकारको सङ्ख्या बढेको हो।

हेटौँडाका सञ्चारमाध्यममा काम गर्नेदेखि मूलधारमा सञ्चारमाध्यममा काम गर्ने महिला पत्रकारहरूको अहिले पनि राम्रै स्थान छ।

### *पत्रकारिताका चुनौती*

२०४६ को परिवर्तनपछि हेटौँडा र समग्रमा मकवानपुरको पत्रकारिता क्षेत्रले फड्को मारेको देखिन्छ। यो क्रमले २०६२/०६३ को ऐतिहासिक जनआन्दोलन हुँदै त्यसको एक दशकसम्म निरन्तरता पायो।

२०७२ को भूकम्पपछिको वर्षहरूमा नेपाली पत्रकारिताको विकास जुन गतिबाट हुनुपर्ने हो त्यसमा सन्तोष गर्ने अवस्था छैन र यसबाट हेटौँडा र मकवानपुरको पत्रकारितासमेत अछुतो रहने । अझ पछिल्लो समय कोभिड-१९ देशको पर्यटन, उद्योग व्यापारलगायतका क्षेत्रसँगै पत्रकारिता क्षेत्रको विकासका लागि समेत चुनौती बन्यो । कोभिड-१९ र त्यसपछि विश्वव्यापी रूपमा देखिएको आर्थिक मन्दीले प्रत्रकारिता क्षेत्रसमेत राम्रैसँग प्रभावित बनेको छ।

कोभिड-१९ र त्यसले अर्थतन्त्रमा पारेको प्रभावका कारण कयौँ छापा र विद्युतीय सञ्चार माध्यम बन्द भए । आर्थिक गतिविधि घट्न गएपछि विज्ञापन अभावमा चलेको छापा माध्यमले पत्रिकाको पेज घटाएका छन् त रेडियो, टिभीले प्रशारण समय र कार्यक्रमहरू कटौती गर्दा पत्रकार पलायन हुन बाध्य भए, जसको प्रत्यक्ष प्रभाव हेटौँडा र मकवानपुरलाई कार्यक्षेत्र बनाएर काम गर्दै आएका सञ्चारकर्मीहरू पत्रकारिताको विकल्प खोज्न बाध्य भएका छन् । कतिपय रोजगारी र सुरक्षित भविष्यका लागि विदेशिनसमेत बाध्य भएका छन् । २०४६ पछिका

वर्षमा हेटौँडा र मकवानपुरमा स्थापना भएका कतिपय रेडियो एफएम आर्थिक र व्यवस्थापकीय चुनौतीको सामाना गर्न नसक्दा बन्द भएको तितो यथार्थ हाम्रो सामु छ । यस्तै दर्ता भएर प्रकाशनमा आएका पत्रिकाहरू केही अङ्क प्रकाशित भएर बन्द भएका छन् । जिल्ला प्रशासन कार्यालय मकवानपुरमा दर्ता भएका साहित्यिक, साप्ताहिक, अर्धसाप्ताहिक, पाक्षिक र मासिकमध्ये भूकम्प र कोभिड-१९ पछि सीमित सङ्ख्यामा मात्र हेटौँडाबाट प्रकाशित छन् । छापा र रेडियो-टिभीभन्दा अनलाइन पत्रिका सञ्चालनमा सहज भएका कारण पछिल्लो समयमा अनलाइन पत्रिकाप्रति आकर्षण बढ्दो छ । हेटौँडाबाटै अहिले झन्डै तीन दर्जनको सङ्ख्यामा अनलाइन पत्रिका सञ्चालनमा छन् । तर ती अनलाइन पत्रिकाको विज्ञापन र काम गर्ने दक्ष जनशक्तिको समस्या छापा र रेडियो-टिभीको भन्दा फरक छैन । नेपाली पत्रिकारिता क्षेत्रमा सशस्त्र सङ्घर्ष र भूकम्पपछिका वर्षबाट दक्ष जनशक्ति पलायन हुने क्रम सुरु भएकोमा कोभिड-१९ पछि अझ डरलाग्दो हुँदै पत्रकारिता गर्ने दक्ष जनशक्तिको अभाव देखिएको मात्र होइन पत्रकारितामा आउन चाहने नयाँ दक्ष जनशक्तिको अभाव खड्कदै गएको छ र यसबाट हेटौँडा र मकवानपुरको पत्रकारिता क्षेत्रमा प्रत्यक्ष प्रभाव पुगेको छ ।

यो समस्या सङ्घीय राजधानी बाहिरका हेटौँडालगायतका क्षेत्रमा अझ बढी देखिन्छ । पत्रकारिता लिएर अध्ययन गर्नेहरू अधिकांशको पत्रकारिताप्रति आकर्षण घट्दो छ र यो खोजीको विषय हो । पत्रकारिता क्षेत्रमा भौतिक, आर्थिकसँगै पेशागत सुरक्षा अभावका कारण पनि आकर्षण घट्दो छ यो समग्रमा पत्रकारिता क्षेत्रको चुनौती हो । यसको मूल कारण श्रमजीवी पत्रकार ऐनको प्रभावकारी कार्यान्वयनको अभाव नै हो । पत्रकारिता क्षेत्रको विकासमा तीन तहको सरकारको चासो, समन्वय, सहकार्य र सहयोग पर्याप्त नभएका कारण पनि हेटौँडालगायतका क्षेत्रको पत्रकारिता क्षेत्रको अपेक्षाकृत रूपमा संस्थागत विकास हुन सकेको छैन । यसमा सञ्चार उद्यममा संलग्नहरू पनि त्यति नै जिम्मेवार छन् । देखासिकी, लहड र प्रतिशोधले सञ्चार संस्था स्थापना गर्दा र सञ्चार क्षेत्रमा आउँदा पनि टिक्न केही समस्या भएको छ । त्यसो त पछिल्लो समय स्वरोजगारमूलक र साना लगानीका मात्र होइन ठुला लगानीका सञ्चारमाध्यमसमेत पछिल्लो समय आर्थिक सङ्कटसँगै दक्ष जनशक्ति अभावको सामना गर्दै छन् ।

हेटौँडामा पत्रकारिताको विकासमा पत्रकारिता शिक्षाको महत्त्वपूर्ण योगदान रहेको छ । नेपालमा नै पहिलो पटक हेटौँडाको आधुनिक राष्ट्रिय माध्यामिक विद्यालयमा माध्यामिक विद्यालय स्तरमा पत्रकारिताको अध्यापन सुरु भएको हो । त्यसपछिका वर्षमा हेटौँडा स्कुल अफ मेनेजमेन्ट, मकवानपुर बहुमुखी क्याम्पस हुँदै प्रगति मावि, त्रिभुवन, वंशगोपाल, निर्मल र सिद्धार्थ माविमा पत्रकारिता विषयको पढाइ भएको थियो । पत्रकारिता विषयको अध्यापनसँगै पत्रकारिता क्षेत्रको विकास र आकर्षण बढेकोमा पछिल्लो समय यो क्रमले निरन्तरता पाउन सकेन । पछिल्लो समय पत्रकारितामा आकर्षण घटेको पुष्टि विगतमा पत्रकारिता अध्ययापन हुने अधिकांश शैक्षिक संस्थामा पत्रकारिता विषयको पढाइ बन्द हुनुले समेत गर्दछ ।

मकवानपुर क्याम्पसमा कक्षा ११ र १२ तथा स्नातक तहमा पत्रकारिताको अध्यापन हुन्छ । बाँकी सबै शैक्षिक संस्था पत्रकारिता विषयमा अध्यापन गराउन छाडेका छन् । तथापि हेटौँडामा पत्रकारिता बढेका र हेटौँडालाई कार्यक्षेत्र बनाएर पत्रकारिता

गरेका कतिपय अहिले पनि काठमाडौँलगायतका स्थानमा सञ्चारमाध्यममा राम्रै प्रभाव र पहुँच राख्ने अवस्थामा छन् । मकवानपुरको पत्रकारिताको विकासका विभिन्न आयामहरूमाथि चर्चा गर्दै गर्दा हेटौँडा उपमहानगरपालिकालगायतका स्थानीय तहहरूले पत्रकारिताको विकासमा गरेको सहयोग र नेपाल पत्रकार महासंघको भूमिकालाई विर्सनु हुँदैन । हेटौँडा उपमहानगरपालिकाले पत्रकार महासङ्घको संस्थागत विकाससँगै पत्रकार पेन्सन कोष स्थापना, पत्रकार उपचार कोष, पत्रकार दुर्घटना बिमालगायतमा महत्त्वपूर्ण सहयोग गर्दै आएको छ । साथै उपमहहानगरपालिकाले हेटौँडालाई कार्यक्षेत्र बनाएर क्रियाशील पत्रकारहरूलाई सम्मान गर्ने क्रमलाई समेत निरन्तरता दिँदै आएको पाइन्छ। साथै मकवानपुरको पत्रकारिताको विकासमा नेपाल पत्रकार महासङ्घको भूमिका र जिम्मेवारी महत्त्वपूर्ण रहँदै आएको छ। पत्रकार महासङ्घ मकवानपुर शाखामा हाल १६४ सदस्य आबद्ध छन् । मकवानपुरमा पत्रकारिताको संस्थागत विकास र इतिहासमा न्हुच्छेमान श्रेष्ठको नाम सदा स्मरणीय रहने छ । श्रेष्ठ संस्थापक अध्यक्ष भएर पत्रकार महासङ्घ मकवानपुरको स्थापना भएको थियो । २०४४ सालमा स्थापना भएको संस्थापक कार्यसमितिको उपाध्यक्षमा वनमाली सुवेदी, सचिव गोविन्द खड्का, सहसचिव कृष्णराम परियार, सदस्यहरू महेन्द्र श्रेष्ठ, धर्मकृष्ण प्रजापति, किरणबाबु न्यौपाने र खेम बानियाँ रहनुभएको थियो । संस्थापक कार्यसमिति र त्यसपछिका कार्यसमितिहरूले हेटौँडासहित मकवानपुरको पत्रकारिता क्षेत्रको विकाससँगै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका लागि निर्वाह गरेको ऐतिहासिक जिम्मेवारी स्मरणयोग्य रहेको छ।

*(नेपाल पत्रकार महासङ्घ मकवानपुर शाखाका पूर्व अध्यक्ष दाहाल लामो समयदेखि गोरखापत्र दैनिकमा कार्यरत हुनुहुन्छ।)*

**सन्दर्भ सामग्रीः**


१) जिल्ला प्रशासन कार्यालय मकवानपुरको अभिलेख।

२) नेपाल पत्रकार महासङ्घ मकवानपुरद्वारा प्रकाशित हाम्रो पत्रकारिता स्मारिका।

३) मकवानपुरको पत्रकारिता सक्रिय व्यक्तित्वहरूसँगको कुराकानी।

४) पत्रकारितासम्बन्धी विभिन्न समयमा प्रकाशित लेख रचनाहरू।


❒❒❒

# न्यायिक समितिको अवधारणा



-लक्ष्मण मैनाली

**विषय प्रवेश :**

कानुनी राज्यको अवधारणालाई संवैधानिक शासन व्यवस्थाको आधारस्तम्भको रूपमा स्वीकार गरिन्छ। पक्षहरूबिचको विवाद समाधान गर्ने प्रमुख संस्थाको रूपमा औपचारिक अदालत नै स्थापना गरिएको हुन्छ। तर पनि जनताको न्याय समक्षको पहुँचलाई अझै सरल, सुगम र प्रभावकारी बनाउन वैकल्पिक उपायको खोजी गर्नुपरेको छ। परिवार, समाज र समुदायबिचको छलफलबाट समाधान हुनपर्ने विवाद स्थानीय तहबाट नै समाधान हुनु उपयुक्त ठानिएको छ। जनताले आफ्नै घरदैलोमा न्याय पाएको अनुभूति हुनुपर्दछ। आर्थिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिक कारणबाट पछाडि परेका व्यक्तिहरू न्यायको पहुचबाट टाढा रहनुहुँदैन।

संविधान र कानुनले नागरिकलाई प्रदान गरेको अधिकार प्रभावकारी रूपमा कार्यान्वयन हुने वातावरण तयार गर्नुपर्दछ। परम्परागत रूपमा समाजमा कायम रहेका न्यायिक अभ्यासलाई संस्थागत रूप दिनु आवश्यक थियो। संविधान निर्माताले जनप्रतिनिधिहरूको सृजनशील प्रतिभाको व्यापक प्रयोगबाट स्थानीय तहमा न्यायिक अभ्यासलाई संस्थागत गर्न चाहेको छ। कानुनी राज्यको अवधारणा सुदृढीकरणमा स्थानीय नेतृत्वको इमान्दारी पूर्ण, निस्पक्ष एवं सक्रिय भूमिकाको अपेक्षा गरिएको छ।

**ऐतिहासिक पृष्ठभूमि :**

नेपालको शासन प्रणाली एकात्मक हुँदा पनि हाल यस गाउँपालिकाभित्र पर्ने विभिन्न गाउँबस्ती टोलहरूमा अहिलेकै स्थानीय तहको सरकारसँग मिल्दोजुल्दो प्रकृतिको संरचना थिए। खरिद समिदि, गाउँ समिति, वन समिति जस्ता नामले चिनिने संरचनाले समाज व्यवस्थापनका लागि शासन र न्यायको भूमिका निर्वाह गर्थे। भद्रभलादमी र पञ्चभलादमीमार्फत पीडितलाई न्याय दिलाई मेलमिलापको माध्ययमबाट न्याय सम्पादन गरिन्थ्यो। यसप्रकार स्थानीयस्तरमा न्याय सम्पादन अभ्यास स्थानीय तह गठन भएपछि एकै पटक आएको होइन। नेपालकै सन्दर्भमा भन्ने हो भने स्थानीयस्तरमा न्यायिक अधिकारसम्बन्धी पृष्ठभूमि केलाउँदा स्थानीय शासनको विकासक्रम र संवैधानिक विकासक्रमको पृष्ठभूमिबाट प्रस्तुत गर्न सकिन्छ।

**(क) स्थानीय शासनको विकासक्रम र न्यायिक अधिकार :**

(अ) गोपाल वंश : इतिहासका अनुसार नेपालमा आजभन्दा करिब ३००० वर्षपहिले गोपाल वंश ५२५ वर्ष शासन गरेका थिए। त्यति बेला स्थानीय स्तरमा जेठाबाठाले गाउँ टोलमा थिति बसाल्ने, पारिवारिक विवाद मिलाउने र गाउँ टोलमा नेतृत्वदायी भूमिका निर्वाह गर्दथे भन्ने पाइन्छ।

(आ) महिषपाल वंश : गोपाल वंशपछि महिषपाल वंशले करिब १०० वर्ष शासन गरे भन्ने इतिहासविद्को कथन छ । त्यस बेलाको शासन व्यवस्थाबारे स्पष्टता नपाइएकोले गाउँघरमा सम्पत्तिसम्बन्धी तथा पारिवारिक विवाद वा केही आपसी झगडा मिलाउन स्थानीय ज्येष्ठहरूको भूमिका रहन्थ्यो भन्ने ऐतिहासिक श्रुति पाइन्छ ।

(इ) किराँत काल : झन्डै २००० वर्ष शासन गरेको भनिएको किराँत कालमा केन्द्रीय शासन र स्थानीय शासनको अवधारणा विकास भएको पाइन्छ । स्थानीय तहलाई थुम र पाञ्चाली दुई तहमा विभाजन गरिएको थियो । गाउँगाउँमा एक एकवटा बिचारी र मुखिया छानी उसले नियाँनिसाप गर्ने, दाजुभाइको मुद्दा पान्तम्याङ (हाकिम)ले छिन्ने व्यवस्था मुन्धुममा गरिएको थियो । ठुला दण्डसजाय दिने अधिकार राजालाई र स्थानीय कर सङ्कलन, कुलो, झैझगडा मिलाउने जिम्मेवारी पाञ्चालीलाई दिइएको पाइन्छ ।

(ई) लिच्छवी काल : लिच्छवी कालमा सबैभन्दा तल्लो तहको शासन व्यवस्थाको रूपमा ग्राम शासन थियो । ग्राम शासनलाई पनि द्रङ, तल र ग्राम गरी तीन तहमा विभाजन गरिएको थियो । त्यस बेला स्थानीय न्याय सम्पादन गर्न पाञ्चाली नामक पाँच जना स्थानीय भलादमीहरूको सभा थियो । जसको मुख्य काम आफ्नो इलाकाभित्रको झगडा छिनोफानो गर्ने, जनताको हितका लगि कुलो पानीको व्यवस्था गर्ने, पाटीपौवा बनाउने र संरक्षण गर्ने थियो । पाञ्चालीले छिन्न नसकेको मुद्दा मात्र मात्र अन्तिम निर्णयका लागि माथिल्लो तहमा जाने व्यवस्था थियो ।

(उ) मल्ल काल : मल्लकालमा सानातिना झैझगता तथा विवादहरू पञ्चहरूले नै मिलाउँथे । पञ्चायतले निर्णय दिन नसके वा दिइएको निर्णयमा चित्त नबुझे राजाकहाँ उजुर गर्न पाउने व्यवस्था थियो । स्थानीय प्रशासन इकाइलाई भुक्ति, विषय र ग्राम गरी तीन समूहमा विभाजन गरिएको थियो । ग्राम प्रशासन हेर्ने जिम्मा पाँच जनाको समूह भएको पञ्चकचहरीको प्रमुखलाई पञ्च थकाली भनिन्थ्यो । यसले न्यायपालिका र कार्यपालिकासम्बन्धी दुबै काम हेर्ने गर्दथ्यो । स्थानीय प्रशासनको कार्य कर सङ्कलन, बाटो, कुलो, कुवा, धारा, पाटी, पौवा, मन्दिर निर्माण र स्थानीय झैझगडा मेलमिलाप गराउनु थियो ।

(ऊ) शाहकाल : पहिला पहिला सबै मुद्दा मामिलाको सुनुवाई केन्द्रमै हुने गरेकाले यो प्रथा बढी खर्चिलो र समय लाग्ने ठहर गरी राजा द्रव्य शाहले सानातिना मुद्दा ग्रामीणस्तरमै पञ्चहरूले छिन्न सक्ने व्यवस्था मिलाएका थिए । यसप्रकार शाहकालमा पनि मल्लकालको पञ्चायत/पञ्चकचहरीले निरन्तरता पाएको देखिन्छ । तल्लो तहका मुद्दा थानी, मुखिया, कचहरीले हेरी फैसला दिन्थे । फैसलामा चित्त नबुझेमा बिचारी र धर्माधिकारी रहेको अदालतमा र त्यसमा पनि न्याय नपाएमा स्थानीय प्रशासनको कचहरी र गौंडाबाट न्याय दिइन्थ्यो । त्यसमा पनि चित्त नबुझेमा राजासमक्ष उजुरी गर्न पाउने व्यवस्था थियो र राजा स्वयंले राजसभामार्फत न्याय दिन्थे ।

(ऋ) राणाकाल : राणाकालमा शासनको केन्द्रीकरणले प्राचीन कालको पञ्चायत पाञ्चाली लोप भयो । यद्यपि देशको प्रशासन केन्द्रबाट मात्र सञ्चालन गर्न सम्भव नभएकाले स्थानीय स्तरमा प्रशासन सञ्चालन गर्न पहाड बन्दोवस्त गोश्वारा, बन्दोवस्त गोश्वारा, पाठशाला बन्दोवस्त अड्डा, माल अड्डा, ठाना जस्ता विकेन्द्रीकृत एकाईहरू गठन गरिएका थिए । स्थानीय प्रशासनमा द्वारे, उमराओ, नौसिन्दा, चौधरी, नाइके, मुखिया, अमाली, थरी, जेठाबुढा, फौजदार जस्ता पदहरू राखिएका थिए ।

यसप्रकार नेपालमा राज्य व्यवस्थाको प्रारम्भसँगै स्थानीय शासन व्यवस्थित हुँदै आएको र स्थानीय मामिला सम्बन्धमा जिम्मेवार हुँदै आएको भन्न सकिन्छ ।

**(ख) संवैधानिक विकासक्रम र न्यायिक अधिकार**

नेपालमा संवैधानिक विकासक्रमको पृष्ठभूमिबाट हेर्दा स्थानीयस्तरको न्यायसम्पादनको संस्थागत, कानुनी तथा संरचनागत व्यवस्था भएको पाइन्छ । नेपालको पहिलो जारी संविधान नेपाल सरकार वैधानिक कानुन, २००४ देखि हाल कार्यान्वयनमा रहेको नेपालको संविधानसम्म आइपुग्दासम्म भएको स्थानीयस्तरको न्यायिक अधिकारसम्बन्धी व्यवस्थालाई देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छ :

(अ) **नेपाल सरकार वैधानिक कानुन, २००४ :** स्थानीयस्तरमा न्याय सम्पादनको संस्थागत व्यवस्था नेपाल सरकार वैधानिक कानुन, २००४ को धारा ४८ मा उल्लेख भएको पाइन्छ जसमा 'इन्साफ शीघ्र र सुलभ हिसाबसँग दिइने प्रवन्ध हुने छ । सुरुका देवानी र फौजदारी मुद्दाहरू ऐन र नियमले तोकिने बन्देज र रेखदेखमा रही ग्राम पञ्चायतहरूले गर्ने छन्' भन्ने उल्लेख भएको पाइन्छ ।

(आ) **नेपालको अन्तरिम शासन विधान,** २००७ को धारा ६ मा ग्राम पञ्चायतको व्यवस्था गरी ग्राम पञ्चायतलाई स्थानीय शासन संस्थाको रूपमा मान्यता दिई आवश्यक अधिकार दिने व्यवस्था गरेको पाइन्छ ।

(इ) **नेपाल अधिराज्यको संविधान,** २०१५ मा स्थानीय शासनसम्बन्धी कुनै पनि संस्थागत व्यवस्था भएको पाइँदैन ।

(ई) **नेपालको संविधान,** २०१९ को भाग ८ धारा ३० र ३१ मा गाउँ पञ्चायत र नगरपञ्चायतको व्यवस्था गरियो । जसमा गाउँ र नगर पञ्चायतको काम, कर्तव्य र अधिकार कानुनद्वारा व्यवस्थित हुने उल्लेख गरिएको थियो । यसमा भएका समय समयका सुधार र संशोधनबाट स्थानीय तहमा गाउँ र नगर पञ्चायतलाई स्थानीयस्तरका कुलो, पैनी, बाँध, साँध सिमाना, लेनदेन, कुटपिट आदि मुद्दाहरूको सुनुवाई गर्ने अधिकार दिएको पाइन्छ ।

(उ) **नेपाल अधिराज्यको संविधान, २०४७ :** नेपालमा प्रजातन्त्रको पुनस्थापनापश्चात् जारी भएको नेपाल अधिराज्यको संविधान, २०४७ मा विकेन्द्रीकरण र स्थानीय निकायसम्बन्धी अवधारणालाई आत्मसात गरिएको थियो । साथै, स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ३३ र १०१ मा न्याय निरूपणसम्बन्धी व्यवस्था गरिएको भए पनि राजपत्रमा सूचना प्रकाशित नहुँदा कार्यान्वयन हुन सकेन ।

(ऊ) **नेपालको अन्तरिम संविधान,** २०६३ को धारा १३९ (१) मा स्थानीयस्तरदेखि नै जनताको सार्वभौमसत्ताको प्रयोग गर्न अनुकूलको वातावरण बनाई लोकतन्त्रको स्थानीयस्तरदेखि नै संस्थागत विकास, अधिकार निक्षेपण र विकेन्द्रीकरणको आधारमा स्थानीय स्वायतत्त शासनका व्यवस्था गरेको पाइन्छ।

(ऋ) **नेपालको संविधान** : २०७२ असोज ३ गते जारी नेपालको संविधानको धारा २१७ मा न्यायिक समितिको व्यवस्था गरेको छ । संविधानतः न्यायिक समितिले स्थानीयस्तरका विवाद तथा मुद्दाहरूलाई सुरु कारबाही गरी मेलमिलापको माध्ययमबाट निरूपण गर्न सक्ने व्यवस्था गरेको छ।

**नेपालको संविधानमा भएका व्यवस्थाहरू**

२०७२ साल आश्विन २ गते जारी भएको नेपालको संविधानमा लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह हुने गरी धारा ५६ मा उल्लेख गरिएको छ। जसले स्थानीय तहलाई स्थानीय सरकारको रूपमा स्थापित गर्दै स्थानीय तहको एकल अधिकारको सूची संविधानको अनुसूची-८ मा र सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची अनुसूची-९ मा व्यवस्था गरेको छ । अनुसुची ८ र ९ मा उल्लेख गरिएको अधिकारक्षेत्रको प्रयोग गाउँपालिका तथा नगरपालिकाले संविधान र कानुनबमोजिम गर्ने व्यवस्था संविधानको धारा ५७ को उपधारा (४) मा व्यवस्था गरेको छ। नेपालको संविधानको भाग ४ धारा ५१ को खण्ड (ट) न्याय र दण्ड व्यवस्थासम्बन्धी राज्यको नीतिमा न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने र सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप, मध्यस्थता जस्ता वैकल्पिक उपायहरू अवलम्वन गर्ने नीति लिएको छ।

त्यसै गरी संविधानको धारा १२७ को उपधारा (१) मा नेपालमा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत गरी तीन तहका अदालत रहने व्यवस्था छ । सोही धाराको उपधारा (२) मा स्थानीयस्तरमा न्यायिक निकाय वा विवाद समाधानका लागि वैकल्पिक उपाय अवलम्बन गर्न अन्य निकाय गठन गर्न सकिने व्यवस्था गरेबमोजिम नेपालको संविधानको धारा २१७ मा कानुनबमोजिम विवाद निरूपण गर्न प्रत्येक गाउँपालिका र नगरपालिकामा एक न्यायिक समिति रहने छ भन्ने व्यवस्था गरेको छ।

**न्यायिक समिति गठनको व्यवस्था**

नेपालको संविधानको धारा २१७ मा कानुनबमोजिम आफ्नो अधिकारक्षेत्रभित्रका विवाद निरूपण गर्न प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने छ र उक्त न्यायिक समितिमा गाउँसभा र नगरसभाले आफूमध्येबाट निर्वाचित गरेका २ जना सदस्य रहने व्यवस्था गरी न्यायिक समितिको संवैधानिक रूपमा नै व्यवस्था गरेको छ।

**स्थानीय तहमा न्यायिक अधिकारको महत्व**

- नेपालको संविधानले राज्यशक्तिको बाँडफाँट सङ्घ, प्रदेश र स्थानीय तहमा भएको,
- विधायिकी, कार्यकारिणी अधिकारका अतिरिक्त कानुनबमोजिम स्थानीयस्तरका विवाद निरूपण स्थानीयस्तरमा नै गर्न,

- न्यायमा जनताको पहुँच बढाउन,
- विवाद निरूपणलाई सरल र सहज प्रक्रियाबाट समाधान गर्न,
- न्यायिक निर्णयमा जित जितको अवस्था सुनिश्चित गर्दै न्यायप्रतिको सन्तुष्टि अभिवृद्धि गर्न,
- प्रक्रियागत न्यायिक झन्झटलाई कम गर्न,
- मेलमिलापमूलक पद्धति र प्रक्रिया स्थानीयस्तरमा नै संस्थागत गर्न,
- सामाजिक सद्भाव, मेलमिलाप, शान्ति र अमन चयनमा अभिवृद्धि गर्न,
- विवाद लिएर अदालत धाउँदा हुने आर्थिक व्ययभार, अनुत्पादक खर्च, दुःख, हैरानी कम गर्न,
- स्थानीयस्तरबाट विवाद निरूपण भएमा न्याय प्रक्रिया सुलभ र सहज हुने,
- स्थानीयस्तरमा प्रचलनमा रहेका जातिगत सामाजिक सांस्कृतिक प्रथाहरू जस्तै बडघर (थारु), मुखिया (थकाली), गुठी प्रथा (नेवार) आदी सामुदायिक प्रचलनमा रहेका व्यावहारिक अनुभव र अभ्यासलाई मर्यादा गर्दै न्यायका विश्वव्यापी मान्यताअनुकूल अभ्यास गर्न मौका मिल्ने,
- स्थानीयस्तरमा नै निर्वाचित प्रतिनिधिको प्रयास र रोहबरमा हुने मध्यस्थता र मेलमिलापको माध्यमबाट आपरी समझदारीमा विवाद निरूपण हुँदा सामाजिक एवं पारिवारिक सम्बन्ध सुदृढ हुने,
- न्यायिक निर्णय कार्यान्वयन प्रभावकारी हुने ।

**न्यायिक समितिको अधिकार क्षेत्र**

नेपालको संविधानको धारा २१७ बमोजिम गठन हुने स्थानीय न्यायिक समितिको कार्यक्षेत्र र कार्य प्रक्रियालाई थप व्यवस्थित गर्ने सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले थप स्पष्ट रूपमा व्याख्या गरेको छ । सो ऐनले न्यायिक समितिको अधिकार अन्तर्गत दफा ४७ को उपदफा (१) मा समितिलाई विवादको निरूपण गर्ने अधिकार र दफा ४७ को उपदफा (२) मा मेलमिलाप गराउने अधिकार देहायबमोजिम प्रदान गरेको देखिन्छ ः

**समितिलाई देहायका विवादको निरूपण गर्ने अधिकार हुने** ः (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७(१) मा भएको व्यवस्था)

(क) आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग,
(ख) अर्काको बाली नोक्सानी गरेको,
(ग) चरन, घाँस, दाउरा,
(घ) ज्याला मजुरी नदिएको,
(ङ) घरपालुवा पशुपक्षी हराएको वा पाएको,
(च) जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,
(छ) नाबालक छोरा छोरी वा पतिपत्नीलाई इज्जत आमदअनुसार खान लाउन वा शिक्षादीक्षा नदिएको
(ज) वार्षिक पच्चिस लाख रूपैयाँसम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा,
(झ) अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको,
(ञ) आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको,
(ट) सँधियारको जग्गातर्फ झ्याल राखी घर बनाउनु पर्दा कानुनबमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको,

(ठ) कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रूपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्यष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुऱ्याएको,

(ड) सङ्घीय वा प्रदेश कानुनले स्थानीय तहबाट निरूपण हुने भनी तोकेका अन्य विवाद।

**समितिलाई देहायका विवादहरूमा मेलमिलापका माध्यमबाट विवादको निरूपण गर्ने अधिकार हुने :** (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७(२) मा भएको व्यवस्था)

(क) सरकारी, सार्वजनिक वा सामुदायिकबाहेक एकाको हकको जग्गा अर्कोले चापी, मिची वा घुसाई खाएको,

(ख) सरकारी, सार्वजनिक वा सामुदायिकबाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको,

(ग) पतिपत्नीबिचको सम्बन्धविच्छेद,

(घ) अङ्गभङ्गबाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट,

(ङ) गाली बेइज्जती,

(च) लुटपिट,

(छ) पशुपक्षी छाडा छाडेको वा पशुपक्षी राख्दा वा पाल्दा लापरबाही गरी अरुलाई असर पारेको,

(ज) अरुको आवासमा अनधिकृत प्रवेश गरेको,

(झ) अर्काको हकभोगमा रहेको जग्गा आबाद वा भोग चलन गरेको,

(ञ) ध्वनि प्रदूषण गरी वा फोहोरमैला फ्याँकी छिमेकीलाई असर पुऱ्याएको,

(ट) प्रचलित कानुनबमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद।

**नोट :** मेलमिलापबाट मात्र निरूपण हुने विवादको सम्बन्धमा पक्षले चाहेमा सिधै अदालतमा मुद्दा दायर गर्न बाधा नपर्ने व्यवस्था रहेको छ।

**न्यायिक अधिकार क्षेत्रको प्रयोग :** समितिको अधिकार क्षेत्रको प्रयोग सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४८ मा देहाय बमोजिमको व्यवस्था गरेको पाइन्छ :

(१) न्यायिक समितिको अधिकारक्षेत्रको प्रयोग न्यायिक समितिको संयोजक र सदस्यहरूले सामूहिक रूपले गर्ने छन् र बहुमतको राय न्यायिक समितिको निर्णय मानिने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि न्यायिक समितिको संयोजक र अर्को एक जना सदस्यको उपस्थिति भएमा विवादको कारबाही र किनारा गर्न सकिने छ।

(३) न्यायिक समितिको संयोजकबाहेक अरु दुई जना सदस्यको उपस्थिति भएमा विवादको किनारा गर्न बाहेक अरु कारबाही गर्न सकिने छ।

(४) कुनै कारणले संयोजकको पद रिक्त भएमा न्यायिक समितिमा रहेका अन्य दुई जना सदस्यको सर्वसम्मतिमा विवादको कारबाही र किनारा गर्न सकिने छ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विवादको सम्बन्धमा न्यायिक समितिको संयोजक वा कुनै

सदस्यको निजी सरोकार वा स्वार्थ गासिएको वा त्यस्तो संयोजक वा सदस्यको नाताभित्रका व्यक्ति विवादको पक्ष भएमा निजबाट सो विवादको कारबाही र किनारा हुन सक्ने छैन।

(६) उपदफा (५) बमोजिम कुनै संयोजक वा सदस्यले हेर्न नमिल्ने विवादको हकमा त्यस्तो संयोजक वा सदस्यबाहेकका अन्य सदस्यले विवादको कारबाही र किनारा गर्न सक्ने छन्। संयोजक र सबै सदस्यले त्यस्तो विवादको कारबाही र किनारा गर्न नमिल्ने भएमा सम्बन्धित सभाले तीन जना सदस्यलाई सो विवादको मात्र कारबाही र किनारा गर्ने गरी तोक्नु पर्ने छ।

(७) उपदफा (६) बमोजिमको विवादको कारबाही र किनारा गर्दा तीन जना सदस्यमध्येको जेष्ठ सदस्यले न्यायिक समितिको संयोजक भई काम गर्ने छ।

**न्याय सम्पादन प्रक्रिया :** त्यसैगरी न्याय सम्पादन प्रक्रियाको सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ मा देहायबमोजिमको व्यवस्था रहेको छ :

(१) न्यायिक समितिले आफूसमक्ष पेस भएको विवादको निवेदन दर्ता गरी दर्ताको निस्सा सम्बन्धित पक्षलाई उपलब्ध गराउनु पर्ने छ।

(२) न्यायिक समितिले आफूसमक्ष पेस भएको विवादको निवेदनको कारबाही र किनारा गर्दा सम्भव भएसम्म मेलमिलाप गर्न प्रोत्साहित गरी दुबै पक्षको सहमतिमा मिलापत्र गराउनु पर्ने छ। पक्षहरूबिच मिलापत्र हुन नसकेमा दफा ४७ को उपदफा (१) मा उल्लिखित विवादमा न्यायिक समितिले कानुनबमोजिम विवादको कारबाही र किनारा गर्नु पर्ने छ।

(३) उपदफा (२) बमोजिम मिलापत्र गराउँदा न्यायिक समितिले आफूले सूचीकृत गरेको मेलमिलापकर्ताबाट गराउनु पर्ने छ।

(४) न्यायिक समितिले दफा ४७ को उपदफा (२) मा उल्लिखित विवादमा प्रतिवादी उपस्थित भएको मितिले तीन महिनाभित्र मेलमिलापको माध्यमबाट टुङ्ग्याउनु पर्ने छ। सो अवधिभित्र मेलमिलाप हुन नसकेमा सोही व्यहोरा उल्लेख गरी पक्षलाई अदालत जान सुनाई विवाद र सोसँग सम्बन्धित मिसिल कागज र प्रमाण समेत सम्बन्धित अदालतमा पठाइदिनु पर्ने छ।

(५) उपदफा (४) बमोजिम पक्ष हाजिर हुन आएमा सम्बन्धित अदालतले प्रचलित कानुनबमोजिम सो मुद्दाको कारबाही र किनारा गर्नु पर्ने छ।

(६) न्यायिक समितिले आफूसमक्ष परेको विवादमा वादीले प्रतिवादीको नाममा कुनै बैङ्क, कम्पनी, वित्तीय संस्था वा अन्य कुनै निकायमा रहेको खाता, निक्षेप वा प्रतिवादीले पाउने कुनै रकम यथास्थितिमा राखी कसैलाई भुक्तानी नगर्न नगराउन वा प्रतिवादीको हकभोगको कुनै अचल सम्पत्ति कसैलाई कुनै पनि व्यहोराले हक हस्तान्तरण गर्नबाट रोक्का गर्नको लागि निवेदन दिएकोमा न्यायिक समितिले प्रारम्भिक जाँचबुझबाट सोबमोजिम गर्न उपयुक्त देखेमा अवधि तोकी रोक्काको

लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने छ र त्यसरी लेखी पठाएकोमा सो बमोजिम रोक्का गरी त्यसको जानकारी न्यायिक समितिलाई दिनु पर्ने छ।

(७) उपदफा (६) बमोजिम रोक्का भएकोमा प्रतिवादीले त्यस्तो रोक्का फुकुवा गर्नको लागि न्यायिक समिति समक्ष निवेदन दिएमा सो समितिले त्यस्तो निवेदनबमोजिम रोक्का फुकुवा गर्न मनासिब देखेमा रोक्का फुकुवाको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने छ र त्यसरी लेखी पठाएकोमा सोबमोजिम रोक्का फुकुवा गरी त्यसको जानकारी न्यायिक समितिलाई दिनु पर्ने छ।

(८) दफा ४७ बमोजिम न्यायिक समितिले अधिकारक्षेत्र प्रयोग गर्दा पतिपत्नीबिचको वा जेष्ठ नागरिकको संरक्षणसम्बन्धी विवादमा पीडित, निजको नाबालक सन्तान वा निजसँग आश्रित अन्य कुनै व्यक्तिको हितको लागि सम्बन्धित पक्षलाई देहायको अन्तरिम संरक्षणात्मक आदेश समेत दिन सक्ने छ :

(क) पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,

(ख) पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उपचार गराउन,

(ग) पीडितलाई अलग रूपमा बसोबासको प्रबन्ध गर्नु पर्ने देखिएमा सोको व्यवस्था गर्न र त्यसरी अलग बस्दा निजको भरणपोषणको लागि उचित व्यवस्था गर्न,

(घ) पीडितलाई गालीगलौज गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने कार्य नगर्न, नगराउन,

(ङ) पीडितको हित र सुरक्षाको लागि अन्य आवश्यक र उपयुक्त कुरा गर्न वा गराउन

(९) दफा ४७ बमोजिमको कुनै विवाद सम्बन्धमा न्यायिक समितिमा कुनै निवेदन परेकोमा प्रचलित कानुनमा मुद्दा हेर्ने निकायसमक्ष प्रतिवादी उपस्थित हुनु पर्ने म्याद किटिएको भए सोही म्यादभित्र र म्याद किटिएको नभएमा बाटाको म्यादबाहेक पन्ध्र दिनभित्र प्रतिवादी आफै वा आफ्नो वारेसमार्फत लिखित व्यहोरा सहित न्यायिक समिति समक्ष उपस्थित हुनु पर्ने छ।

(१०) दफा ४७ बमोजिमको विवादमा न्यायिक समितिले मेलमिलाप गराउने प्रयोजनको लागि प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गर्न सक्ने छ।

(११) कुनै वडामा एकभन्दा बढी मेलमिलाप केन्द्र भएमा न्यायिक समितिले विवादको पक्षहरूले रोजेको वा सो विषयमा पक्षहरूबिच सहमति नभएमा सो वडाको कुनै मेलमिलाप केन्द्रमा मेलमिलापद्वारा विवाद समाधानको लागि पठाउन सक्ने छ।

(१२) न्यायिक समितिले विवादको निवेदनमा कारबाही र किनारा गर्दा निवेदनको दर्ता, त्यस्तो विवादको आवश्यक जाँचबुझ तथा

कारबाही, म्याद तामेली, पक्षहरू उपस्थित गराउने तथा मिलापत्र गराउने प्रक्रिया, विवादको किनारा गर्नु पर्ने अवधि, लगत कट्टा गर्ने लगायतका विवादको निरूपणसम्बन्धी अन्य कार्यविधि स्थानीय कानुनबमोजिम हुने छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५० मा न्यायिक समितिबाट विवादको अन्तिम निर्णय भएको मितिले ३५ दिनभित्र सम्बन्धित पक्षलाई निर्णयको प्रमाणित प्रतिलिपि उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ। त्यसैगरी दफा ५१ मा न्यायिक समितिबाट भएको निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णयको जानकारी पाएको मितिले ३५ दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्ने व्यवस्था छ। सोही ऐनको दफा ५२ मा कुनै विवादमा न्यायिक समितिबाट भएको मिलापत्र वा निर्णयको कार्यपालिकाबाट तत्काल कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ। त्यसैगरी न्यायिक समितिबाट भएका मिलापत्र र निर्णयका कागजात, प्रमाण र लिखतको अभिलेख गाउँपालिका वा नगरपालिकाले सुरक्षित रूपमा राख्नु पर्ने, न्यायिक समितिले आफूले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुखमार्फत सम्बन्धित सभामा पेस गर्नुपर्ने व्यवस्था ऐनको दफा ५३ ले गरेको छ।

**हेटौँडा उपमहानगपालिकाबाट न्यायिक समितिको अभ्यास :**

नेपालको संविधान जारी भएपश्चात् नेपाल पूर्णरूपमा सङ्घीय राष्ट्रको रूपमा घोषणा भई सङ्घीयता कार्यान्वयन गर्ने क्रममा २०७४ साल वैशाख ३१ गते भएको पहिलो स्थानीय तहको निर्वाचनपछि सम्पूर्ण स्थानीय तहहरूले न्यायिक समितिको अभ्यास गरेको पाइन्छ। सोही सन्दर्भमा हेटौँडा उपमहानगपालिकाबाट पनि न्यायिक समितिको अभ्यास गर्ने क्रममा २०७४ साल वैशाख ३१ गते भएको स्थानीय तहको निर्वाचनपश्चात् नगर उपप्रमुख पदमा निर्वाचित भई आउनु भएका श्री मीनाकुमारी लामज्यूको संयोजकत्वमा नगरसभा सदस्यद्वय श्री बेगम बराल र श्री इन्द्रप्रसाद नेपाल सदस्य हुनु भई न्यायिक समिति सञ्चालन भएको थियो । हेटौँडा उपमहानगरपालिकाले न्यायिक समितिको काम कारबाहीलाई व्यवस्थित गर्न न्यायिक समितिमा गरिने उजुरी दर्ता, दरपीठ, म्याद तामेली, तारेख र प्रतिवाद सम्बन्धी व्यवस्थालाई समेटेर हेटौँडा उपमहानगरपालिका न्यायिक समिति कार्यविधि ऐन, २०७४ स्वीकृत गरी कार्यान्वयनमा ल्याई न्यायिक समितिलाई अझ परिस्कृत र व्यवस्थित ढङ्गबाट सञ्चालन गर्दै आएको थियो । हेटौँडा उपमहानगरपालिकाको न्यायिक समितिले पहिलो पाँच वर्षे कार्यकाल सुखद किसिमबाट अन्त्य गरेको छ।

सङ्घीयता कार्यान्वयनको क्रममा स्थानीय तहको दोस्रो पाँच वर्षे कार्यकालको लागि २०७९ साल वैशाख ३० गते भएको स्थानीय तहको चुनाव पश्चात यस हेटौँडा उपमहानगरपालिकाको नगर उपप्रमुख पदमा निर्वाचित भई आउनु भएका श्री राजेश बानियाँज्यूलाई न्यायिक समितको संयोजकको रूपमा पाएको छ । जसको सदस्यहरूमा नगरसभा सदस्यद्वय श्री ज्ञानबहादुर थापा मगर र सन्तुमाया पाख्रिन रहनु भएको छ। यस न्यायिक समितिले हाल अविछिन्न रूपमा कार्य गर्दै आइरहेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र हेटौँडा उपमहानगरपालिका न्यायिक समिति कार्यविधि ऐन, २०७४ को अधीनमा रही न्यायिक समितिबाट

सम्पादन भएका न्यायिक गतिविधि तथा अन्य प्रवर्द्धनात्मक कार्यक्रमहरूलाई सङ्क्षेपमा उल्लेख गर्न खोजिएको छ :

(१) ८७ जना सूचीकृत मेलमिलापकर्ताहरूलाई ८ वटा मेलमिलाप केन्द्रहरूमा कार्यक्षेत्र विभाजन गरी विवादका पक्षहरूलाई स्थानीयताअनुसार सहज रूपमा नजिकका केन्द्रबाट समुदाय तहको विवाद मेलमिलापका माध्यमबाट समाधान गर्ने प्रयत्न गरिएको छ।

(२) जनप्रतिनिधि र कर्मचारीहरूलाई नयाँ मुलुकी देवानी तथा फौजदारी संहिता र न्यायिक समितिको अधिकार क्षेत्र एवम् प्रक्रियाको बारेमा अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको छ।

(३) स्थानीय एफ.एम. रेडियोबाट नियमित रूपमा न्यायिक डबली नामक रेडियो कार्यक्रम प्रसारण गरी न्यायिक समितिका गतिविधि र उपलब्धिबारे आम नगरबासीका बिचमा सम्प्रेषण गरिँदै आइएको छ।

(४) सूचीकृत मेलमिलापकर्ताको ज्ञान र सिपलाई थप परिस्कृत एवम् अद्यावधिक गर्ने उद्देश्यले सबै क्रियाशील मेलमिलापकर्ताहरूलाई पुनर्ताजगी तालिम सञ्चालन गरिएको छ।

(५) उपमहानगरपालिकाका १९ वटै वडाका वडा जनप्रतिनिधि, टोल विकास संस्था, सहकारी संस्था, राजनैतिक दल, आमा समूह, वन समितिमा आबद्ध व्यक्तिहरूलगायत सामाजिक क्षेत्रका अगुवाहरूका लागि मुलुकी देवानी फौजदारी संहिता र न्यायिक समितिको अधिकार क्षेत्र एवं प्रक्रियाका बारेमा एक दिवसीय अनुशिक्षण कार्यक्रम सम्बन्धित वडा वडामा गई सम्पन्न गरिएको छ । जसमा सबै वडाहरूमा गरेर करिब १२०० जनाको सहभागिता रहेको थियो।

(६) राजनैतिक दल, गै.स.स., उद्योग वाणिज्य सङ्घ, अन्तरपार्टी महिला सञ्जाल, पत्रकार, टो.वि.सं., मानव अधिकार तथा महिला हिंसा विरुद्धको सञ्जालका प्रतिनिधिहरूको सहभागितमा मुलुकी देवागी फौजदारी संहिता र न्यायिक समितिको अधिकार क्षेत्र एवम् प्रक्रियाका बारेमा एक दिवसीय नगरस्तरीय अनुशिक्षण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

(७) अन्य स्थानीय तहमा भैरहेको न्यायिक समितिको अभ्यासको बारेमा जानकारी आदानप्रदान गर्ने उद्देश्यले न्यायिक समितिका पदाधिकारी, मेलमिलापकर्ता र कर्मचारी सम्मिलित टोलीबाट वार्षिक रूपमा अवलोकन भ्रमण कार्यक्रम सम्पन्न भएको छ भने यस आर्थिक वर्षमा पनि सो कार्यक्रमलाई निरन्तरता दिइएको छ।

(८) नयाँ मेलमिलापकर्ता तयार पार्ने उद्देश्यबाट ८ दिने मेलमिलापसम्बन्धी आधारभूत तालिम सम्पन्न भएको छ । जसमा ३५ जनाले तालिम पूरा गरेका छन् र यस वर्ष पनि नयाँ मेलमिलापकर्ता तयार पार्ने उद्देश्यले बजेट विनियोजन गरिएको छ।

(९) न्यायिक समितिको डकुमेन्ट्री निर्माण र न्यायिक समितिको बारेमा सन्देशमूलक जानकारी समेटी भित्तेपात्रो प्रकाशन गरिएको छ।

(१०) न्यायिक समितिको सन्देशमूलक जानकारी समेटिएको कपी छपाइ गरिएको छ । साथै न्यायिक दर्पण नामक स्मारिका प्रकाशन गरिएको छ।

**न्यायिक समितिको सबल पक्ष :**

- सदियौँदेखि एकताबद्ध समाजको संरचना भएकाले मुद्दामा हारजितभन्दा पनि मेलमिलापबाटै समस्या समाधान गर्ने चाहना दुबै पक्षबाट देखिने गरेको,
- मेलमिलाप समितिको कार्यसम्पादनका लागि आवश्यक ऐन, कानुन, फर्म, फर्म्याटको व्यवस्था भएको,
- समितिको प्रयासबाट विवादको निकास निस्कन्छ भन्ने विश्वास र अपेक्षा बढ्दै गएको कारण विवादहरू आउने क्रम बढेको,
- न्यायिक समितिप्रति स्थानीय स्तरमा क्रियाशील संस्थाहरू र सरोकारवाला निकायहरू सहयोगी र सकारात्मक रहेको ।

**न्यायिक समितिको चुनौती :**

- न्याय सम्पादनका क्रममा कानुनी ज्ञान र प्राविधिक ज्ञानको कमी हुने भएकाले वस्तुनिष्ठ निर्णय गर्नु,
- यथेष्ट प्रमाणको मूल्याङ्न गरी न्यायिक फैसला गर्नु,
- चुनावबाट आएका जनप्रतिनिधि इजलासमा हुने भएकाले राजनीतिक पूर्वाग्रहबिना निर्णय हुन्छ भन्ने विश्वास दिलाउनु,
- निर्वाचित प्रतिनिधिहरूसँग अपेक्षा बढी भएकोले समितिको अधिकार क्षेत्रभन्दा बाहिरका विषयका विवादहरू पनि समितिमा आउने गरेका,

**निष्कर्ष :**

नेपालको संविधानले तीनै तहका सरकारले राज्यशक्तिको प्रयोग गर्ने गरी भएको व्यवस्था गरेअनुरूप धारा २१७ ले स्थानीय स्तरमा विवाद तथा न्याय निरूपणका लागि गाउँपालिका तथा नगरपालिकामा तीन सदस्यीय न्यायिक समिति रहने व्यवस्था गरेको छ । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य नीति तथा कानुनबमोजिम न्यायिक समितिबाट न्यायिक निरूपण गर्दा विवाद समाधानका वैकल्पिक उपायहरू अवलम्बन गर्दै जित जितको अवस्थामा पुर्‍याएर मेलमिलापको माध्ययमबाट गरी सरकारप्रति जनताको विश्वास दिलाउने कार्य समेत न्यायिक समितिले गर्दछ ।

हेटौंडा उपमहानगरपालिकामा संविधान र कानुनमा भएको व्यवस्थाबमोजिम न्यायिक समिति गठन भई कार्यसम्पादन गर्ने सन्दर्भमा न्यायिक समितिको मूल मर्मबमोजिम मेलमिलापको माध्ययमबाट न्यायिक निरूपण गर्न आवश्यक पर्ने मेलमिलापकर्ता र उनीहरूको क्षमता विकास, न्यायिक समितिप्रति स्थानीयको विश्वास र न्यायिक समितिको सचिवालयको संस्थागत सक्षमतामा जोड दिनुपर्ने आवश्यकता देखिएको छ । आगामी दिनमा स्थानीय तहमा हुने न्यायिक कार्य सम्पादनलाई अझ प्रभावकारी बनाउन न्यायिक समितिको क्षमता अभिवृद्धि तालिम, वैज्ञानिक अभिलेखीकरण तथा व्यवस्थापन जस्ता पक्षको पर्याप्त व्यवस्था हुन सकेमा न्यायिक कार्यसम्पादनमा थप गुणस्तर आउने अपेक्षा गर्न सकिन्छ ।

**सुझाव :**

न्यायपूर्ण र सबैले अपनत्व गर्ने खालको समाज निर्माण गर्नु सरकारको नैतिक दायित्व हुन जान्छ । आफ्ना हकअधिकारहरूको निर्वाध प्रयोग गरी सम्मानपूर्वक बाँच्न पाउनु व्यक्ति/नागरिकको मानव अधिकारको विषय समेत हो । सोही कुरालाई प्रवर्धन गर्ने गरी नजिकको सरकारले न्यायिक निरूपण गर्ने प्रकृतिको संयन्त्र न्यायिक समितिको संरचना स्थानीय तहमा संविधानले नै व्यवस्था

गरेको छ । न्यायिक समिति प्रभावकारी भएन भने उल्लिखित उद्देश्य पूर्ति हुन नसक्ने भएकाले न्यायिक समितिको सञ्चालन तथा व्यवस्थापन प्रभावकारी हुनु आवश्यक हुन्छ । न्यायिक समितिको प्रभावकारिताका लागि देहाय बमोजिमका सुझावहरू पेस गरिएको छ :

- न्याय निरूपणका लागि मिसिल अध्ययन तथा मामिला विश्लेषणका लागि न्यायिक समितिका पदाधिकारीहरूको न्याय सम्पादनसम्बन्धी पर्याप्त ज्ञान, सिप आवश्यक पर्ने भएकाले सोसम्बन्धी तालिम तथा प्रशिक्षणको व्यवस्था मिलाउने,
- वडा कार्यालयमा स्थापित मेलमिलाप केन्द्रको प्रभावकारी व्यवस्थापन गरी मेलमिलापकर्ताहरूलाई बेला बेलामा पुनर्ताजगी तालिम प्रदान गर्ने,
- सङ्घीय तथा प्रदेश तहबाट बेलाबखतमा उपमहानगरपालिका तथा वडाका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई न्याय कानुनसम्बन्धी प्रशिक्षण दिने,
- न्यायिक समितिको सचिवालयमा प्रशासन योजना तथा अनुगमन शाखाभन्दा बाहिरकै कानुनसम्बन्धी कर्मचारीको व्यवस्था गरी बेला बेलामा कानुनसम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने,
- न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरूलाई अन्य पालिकाका न्यायिक समिति तथा न्यायिक निकायमा अध्ययन, अवलोकन भ्रमण तथा अनुभव आदानप्रदानसम्बन्धी कार्यक्रम व्यवस्था गर्ने,
- विशेष प्रकृतिका मुद्दामा छलफल गर्न खुला इजलास,बन्द इजलासको व्यवस्था गर्ने ।

धन्यवाद !

❑❑❑


## हेटौँडा उपमहानगरपालिकाको अनुरोध

हेटौँडा उपमहानगरपालिका क्षेत्रमा खुल्ला रूपमा फोहर जलाउने जस्ता कार्यहरूले वायु प्रदूषण वृद्धि हुने तथा जनस्वास्थ्यमा समेत प्रतिकूल असर गर्ने हुँदा यस्ता कार्यहरूलाई प्रतिबन्ध लागइएको जानकारी गराइन्छ । साथै यस्ता कार्यहरू कहिँकतै, कसैले गरे-गराएमा **'हेटौँडा उपमहानगरपालिका वातावरण तथा प्राकृतकि स्रोत संरक्षण ऐन, २०७७'** बमोजिम कारवाही हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



# बालमैत्री स्थानीय शासन : व्यवस्था, अवसर र चुनौती

-विष्णुकुमारी लामिछाने

**बालमैत्री स्थानीय शासनसम्बन्धी व्यवस्था**

बालअधिकारको विषयमा नेपालले अन्तर्राष्ट्रिय समुदायमा गरेका प्रतिबद्धता पूरा गर्न तथा बालअधिकार प्रवर्धन गर्न जारी कानुनहरूको प्रभावकारी कार्यान्वयनको लागि समेत बालमैत्री स्थानीय शासन निकै महत्त्वपूर्ण अवधारणा मानिन्छ । यसले स्थानीय तहमा बालबालिकासम्बन्धी नीति, ऐन, कार्यविधि, निर्देशिकालगायतका कानुन तर्जुमा, कार्यक्रमसहित बजेट विनियोजन, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन गर्ने संस्थागत परिपाटीको विकास गराउँछ। स्थानीय तहले बालमैत्री स्थानीय शासन अभियान सञ्चालन गर्दा स्थानीय व्यक्ति, परिवार, टोल विकास संस्था, विद्यालय, स्वास्थ्य संस्था, स्थानीय सङ्घसंस्था तथा वडाहरू सबैलाई बालअधिकारप्रति संवेदनशील बन्न उत्प्रेरित गर्दै बालमैत्री बोली, व्यवहार र आचरणप्रति जिम्मेवार बनाउँदै लैजान्छ।

नेपाल सरकारले सबै स्थानीय तहलाई वि. सं. २०८७ सम्ममा बालमैत्री बनाउने लक्ष्य लिएको छ। स्थानीय तहको आवधिक तथा वार्षिक योजनामा बालअधिकारका सबालहरूलाई प्राथमिकता दिने, समुचित विकासको लागि आवश्यक पर्ने सबै सेवा, सुविधाहरूमा हरेक बालबालिकाको पहुँच सुनिश्चत गराउने, स्थानीय तहमा बालबालिकासँग सम्बन्धित नीति, योजना र कानुन तर्जुमा गर्दा बालबालिकाको सहभागिता गराउने, स्थानीय तहमा निर्माण हुने सबै भौतिक पूर्वाधारहरू बालमैत्री बनाउने तथा बालबालिकाको हितविरुद्ध हुने सबै प्रकारका हिंसाहरूको उन्मूलन गर्ने उद्देश्य बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ को रहेको छ। यस निर्देशिकामा बालमैत्री स्थानीय शासनका लागि तय गरिएका बाल बचाउका १४ सूचक, बाल संरक्षणका १० सूचक, बाल विकासका ६ सूचक र बाल सहभागिताका ६ सूचक गरी सेवा प्रवाहसम्बन्धी सूचक ३६ वटा र संस्थागत विकासका १५ सूचक गरी जम्मा ५१ वटा सूचकहरू उल्लेख गरिएको छ।

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकाले तोकेका न्यूनतम सूचकहरूका साथै स्थानीय तहले थप गरेका अतिरिक्त सूचकहरू समेत हासिल गर्ने, स्थानीय तहमा बालमैत्री शासन कार्यान्वयन गर्ने र बालमैत्री वडा, गाँउपालिका वा नगरपालिका घोषणा गर्ने प्रक्रियामा सहजीकरण गर्ने प्रयोजनको लागि बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ जारी भएको छ ।यसले बालमैत्री स्थानीय शासन अवलम्बन गरेका स्थानीय तहहरूलाई अवलम्बन गर्ने तरिका, कार्यान्वयन एवं बालमैत्री पालिका तथा वडा घोषणा गर्ने विधि तथा प्रक्रिया, विभिन्न तहबाट हुने अनुगमनका सूचक र प्रक्रिया साथै प्रतिवेदन तयार गर्न सघाउ पुऱ्याउँछ ।

बालमैत्री स्थानीय शासनका पूर्वतयारी चरण, तयारी चरण, नीति तथा योजना तर्जुमा र कार्यान्वयनको चरण, अनुगमन मूल्याङ्कन र प्रतिवेदनको चरण र बालमैत्री वडा / गाँउपालिका / नगरपालिका घोषणा र दिगोपनाको चरण गरी ५ चरणमा सङ्ख्यात्मक विवरण तयार गरी जिल्ला समन्वय समिति र प्रदेशलाई पठाई अनुगमनको लागि अनुरोध गर्न सकिने व्यवस्था उल्लेख छ।

सूचकहरू पूरा गर्न स्थानीय तहमा प्रमुख/अध्यक्षको अध्यक्षतामा बालमैत्री स्थानीय शासन नगर/गाँउ समिति, प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा कार्यान्वयन सहजीकरण समिति तथा बालमैत्री स्थानीय शासन वडा समिति गठन गरी क्रियाशिल रूपमा काम गर्नुपर्दछ।स्थानीय तहका महाशाखा शाखा पनि उत्तिकै जिम्मेवार भएर लाग्नुपर्ने हुन्छ ।त्यसैगरी व्यक्ति, परिवार, टोल विकास संस्था लगायत सामुदायिक संस्था, विद्यालय, स्वास्थ्य संस्था, सञ्चार माध्यम लगायत सबैको महत्त्वपूर्ण भूमिका रहन्छ । यसरी चौतर्फी प्रयासबाट मात्र हाम्रो समाजमा बालअधिकारको प्रवर्धन गर्दै बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा र यसको दिगोपनामा सघाउ पुग्दछ।

बालमैत्री स्थानीय शासन अवलम्बन गर्दा टोल तथा विद्यालयस्तरबाटै बाल समूह गठन गरी वडा तथा पालिकास्तरमा बाल समूह सञ्जाल गठन गरिन्छ । यसले बालबालिकाका क्षमता विकास र बालसहभागितामा सघाउ पुऱ्याउँछ । उपयुक्त सहजीकरण हुन सकेमा स्थानीय स्तरमा भएका समस्या पहिचान र तिनीहरूको निराकरणमा बालबालिका सक्रिय भएर लाग्दछन् । स्थानीय तहमा नीति नियम तर्जुमादेखि योजना तर्जुमामा, विद्यालय व्यवस्थापन समितिदेखि स्वास्थ्य व्यवस्थापन समितिमा बालबालिकाको पहुँच अभिवृद्धि भई बालसरोकारको विषयमा आवाज उठाउन अभ्यास गर्दै सिक्ने वातावरणको सिर्जना हुन्छ । जसको सरोकार उसैको संलग्नता भने भैँ शासकीय अभ्यासमा बालबालिकाको संलग्नताले उनीहरूको क्षमता विकाससँगै समस्या वा कमजोरीको पहिचान र समाधानमा समेत टेवा पुग्दछ।

बालबालिका भविष्यका कर्णदार मात्र होइनन्, वर्तमानका साझेदार पनि हुन् । विद्यालय र टोलमा गठन हुने बाल समूहमा उनीहरूलाई सचेत गराउने, जिम्मेवार बनाउने र क्षमतावान बनाउने अतिरिक्त क्रियाकलापहरू सञ्चालनको व्यवस्था मिलाउनुपर्ने हुन्छ । समय समयमा बालबालिकासँग सम्बन्धित स्थानीय समस्याहरू के के हुन्, समस्याका कारणहरू के के हुन् र न्यूनीकरणका लागि कसले के गर्न सकिन्छ भन्ने सन्दर्भमा बाल समूहसँग अभिभावक संस्थाहरूले अन्तरक्रिया गर्न सकिन्छ। त्यसैगरी बाल समूहहरूलाई सामूहिक सरसफाई, वृक्षारोपण, सिकाइ आदानप्रदान कार्यक्रम, हानिकारक अभ्यासविरुद्ध सचेतना, बाल प्रतिभा प्रस्फुटन कार्यक्रम जस्ता कार्यक्रमको आयोजना गर्न लगाई आवश्यक सहजीकरण गरिदिन सकिन्छ । यसले उनीहरू स्वयंमा चेतना जागृत गराउनुका साथै सक्षम र जिम्मेवार नागरिक बन्न उत्प्रेरित गर्ने वातावरण प्रदान गर्दछ।

**बालमैत्री स्थानीय शासनको महत्त्व**

बालमैत्री स्थानीय शासन बालअधिकारको प्रवर्धन गरी संविधानबमोजिम स्थानीय तहमा बालबालिकाका सबालहरूलाई शासकीय पद्धतिमा मूलप्रवाहीकरण गर्न ल्याइएको अवधारणा हो । यसप्रकारको शासनले बालबालिकाका आवश्यकता र अवस्थाको मध्यनजर गर्दै बालबालिकालाई दक्ष, क्षमतावान् एवं योग्य नागरिक बनाउन अवसर प्रदान

गर्नुका साथै विचारको कदर गर्ने वातावरण सिर्जना गर्दछ, लगानीका आधारको रूपमा बालबालिकालाई लिन्छ । बालमैत्री स्थानीय शासनको महत्त्व यसप्रकार रहेको छ :

- बालबालिकाको सर्वाङ्गीण विकास गर्न
- योग्य, दक्ष र सक्षम भावी पुस्ता तयार गर्न
- बालबालिकासम्बन्धी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा मुलुकले गरेका प्रतिबद्धता पूरा गर्न
- बालहितको सबालमा नीतिगत, संस्थागत र प्रक्रियागत प्रयासहरू गर्न
- स्थानीय आवश्यकताको मौलिक ढङ्गले सम्बोधन गर्न
- सामाजिक तथा सामुदायिक परिचालनबाट अपनत्वबोध मार्फत दिगोपना ल्याउन
- एकद्वार प्रणालीमार्फत बालबालिकाको क्षेत्रमा लगानी अभिवृद्धि गर्न
- समावेशीकरणलाई उच्चतम रूपमा सम्बोधन गर्न
- बालबालिकालाई हरेक स्थानमा मैत्रीपूर्ण व्यवहार गर्न
- पूर्ण रूपमा बालअधिकार प्रवर्धन गर्न आदि ।

**बालमैत्री स्थानीय शासन सञ्चालन गर्नको लागि अवसर**

बालअधिकारको संरक्षण, संवर्धन र सम्मान गर्न राज्यका तर्फबाट गरिने समष्टिगत पद्धति र परिपाटीलाई बालमैत्री बनाउने सोच बालमैत्री शासनअन्तर्गत पर्दछ । राज्यले सामाजिक विकासको पाटोमा पनि उल्लेख्य लगानी गरेको हुँदा बालमैत्री स्थानीय शासनका लागि थुप्रै आधारहरू तय भइरहेका छन् । बालमैत्री स्थानीय शासन सञ्चालनका लागि केही अवसरहरू निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- बालबालिकाका हक मौलिक हकको रूपमा संवैधानिक मान्यता पाउनु
- स्वास्थ्य क्षेत्रका अधिकांश सूचकहरूमा सुधार हुनु
- बालक र बालिकाहरू दुबैको शिक्षामा उल्लेख्य सहभागिता रहनु
- अधिकार र स्रोत साधनको पूर्ण निक्षेपण भएको हुँदा स्थानीय तहहरूले बालमैत्री अभियानलाई तीव्रता दिन सक्नु
- बालबालिकाको अधिकार प्रवर्धनमा विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय गैससहरूले उल्लेख्य लगानी गर्नु
- बालबालिका खोजतलास समन्वय केन्द्रको निःशुल्क टेलिफोन सेवा सञ्चालनमा रहनु
- सडक बालबालिकाको उद्दार, राहत, मनोविमर्श, पारिवारिक पुनर्मिलन र पुनस्थापनाको लागि बाल हेल्पलाइन सञ्चालनमा हुनु
- स्थानीय स्तरमा रहेका बालबालिकाका समस्याहरू पहिचान गर्न स्थानीय तह सक्षम हुनु एवं सोहीबमोजिमका सचेतनामूलक कार्यक्रमहरू सञ्चालन भैरहनु आदि ।

**चुनौतीहरू**

बालमैत्री स्थानीय शासन अवलम्बन गर्न अभियान सञ्चालन गर्ने, नीति योजना कार्यक्रम बनाई कार्यान्वयन गर्ने, सूचकहरू पूरा गरी घोषणा गर्ने र निरन्तरता प्रदान गर्नुपर्ने हुन्छ । सबै सूचकहरू

एकैपटक पूरा गरेर घोषणा गरे तापनि त्यो सधैँका लागि पर्याप्त नहुन सक्छ । त्यसैले अवलम्बन र घोषणापश्चात् दिगोपनाको लागि निरन्तरता दिइरहनुपर्ने हुन्छ । यस सम्बन्धमा देखिएका केही **चुनौतीहरू :**

- बालमैत्री स्थानीय शासन पद्धतिबारे स्थानीय तहको नेतृत्वलाई बोध गराउनु
- विभिन्न अवस्था र परिस्थितिका बालबालिकालाई उनीहरूका आधारभूत हकअधिकार उपभोग गर्न सहजता तुल्याउनु
- ऐन, रणनीति एवं कार्यान्वयन कार्यविधिमा उल्लेख भएबमोजिमका सबै संस्थागत संरचनाहरूलाई सक्रिय बनाउनु
- बालमैत्री स्थानीय शासन सञ्चालनमा गैसस, निजी क्षेत्र एवं विकास साझेदारको भूमिका विस्तार गर्नु
- सबै स्थानीय तहले बालमैत्री स्थानीय शासन अवलम्बन गरी बालअधिकार सुनिश्चित गर्नु
- बालबालिका उपर हुने हिंसा, भेदभाव, बेचबिखन, एवं परम्परागत हानिकारक अभ्यासलाई पूर्ण रूपमा नियन्त्रण गर्नु
- समुदायमा आधारित बालसंरक्षण प्रणाली र बालमैत्री स्थानीय शासन पद्धतिलाई पूर्ण रूपमा व्यवहारमा उतार्नु
- श्रममा या कठिन परिस्थितिमा रहेका बालबालिकाहरूको लागि दीर्घकालीन रूपमा पुनर्स्थापना गर्नु ।

**गर्नुपर्ने थप प्रयासहरू**

नेपालमा बालबालिकाको हकहितसम्बन्धी संवैधानिक तथा कानुनी प्रावधानहरू रहे तापनि यसको कार्यन्वयनको पक्ष अपेक्षाकृत रूपमा अगाडि बढ्न सकेको छैन । अझै पनि बालबालिकाहरू श्रमिकको रूपमा होटल, रेस्टुँरा र व्यक्तिको घरमा रहुनु, दुर्गम तथा विपन्न, सीमान्तकीकृत समुदायका बालबालिकाहरू शिक्षा र स्वास्थ्यको पहुँचबाट टाढा रहनुपर्ने अवस्था विद्यमान छ । संविधानले आधारभूत र प्राथमिक शिक्षा सबैलाई उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको भए पनि विद्यालय गएकै बालबालिकाहरूमा कक्षा छाड्ने समस्या पनि रहेको छ । गैरनेपाली समुदायका बालबालिकाको संरक्षण एवं शिक्षामा पहुँच पुग्न सकेको छैन ।

बालबालिकाहरू यौनजन्य दुर्व्यवहार, घरेलु तथा मानसिक यातनालगायत खराब साथीसङ्गतका कारण घर छोडी भाग्ने गर्दछन् । बेपत्ता बालबालिकाको सङ्ख्या बढ्दै गइरहेको छ । भूकम्प, पहिरो, डुबानलगायत प्राकृतिक प्रकोपबाट सबैभन्दा बढी बालबालिका पीडित हुन्छन् । झुट्टा विवरण बनाएर आफ्ना छोराछोरीलाई बाबुआमा/अभिभावकले बालगृहमा राख्ने प्रयास गर्दछन् । यसै कारण घरदेखि सार्वजनिक सबै क्रियाकलापमा बालमैत्री व्यवहारका लागि बालमैत्री शासनलाई संस्थागत गर्दै लैजानु पर्ने आवश्यक छ । जसका लागि थप निम्न प्रयासहरू गर्नुपर्दछ :

- नेतृत्वदायी भूमिकामा रहेको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले शसक्त रूपमा नेतृत्व वहन गर्ने, स्थानीय तहलाई बालमैत्री अभियान सञ्चालनमा उत्प्रेरित गर्ने, स्थानीय तहमा कार्यरत कर्मचारीको क्षमता विकास गर्ने ।
- बालमैत्री स्थानीय शासन राष्ट्रिय समिति र बालमैत्री स्थानीय शासन प्रादेशिक

समिति क्रियाशील भइ स्थानीय तहको बालमैत्री स्थानीय शासन नगर/गाँउ समितिसँग समन्वय गर्ने, सल्लाह सुझाव प्रदान गर्ने साथै सम्पादित कार्यको अनुगमन गर्ने ।

- सम्बन्धित जिल्लाअन्तर्गतका स्थानीय तहहरूलाई बालमैत्री अभियानलाई प्राथमिकताका साथ अगाडि बढाउन एवं अनुगमन मूल्याङ्कन गर्ने कार्यमा जिल्ला समन्वय समितिलाई जिम्मेवार बनाउने ।
- बालमैत्री स्थानीय शासनको पूर्ण अवलम्बन गर्नका लागि स्थानीय जनप्रतिनिधिहरूलाई जिम्मेवार र जवाफदेही बनाउने ।
- कार्यान्वयनको जिम्मेवारी मुख्यगरी स्थानीय तहमा हुने भएको हुँदा स्थानीय तहमा पर्याप्त जनशक्ति व्यवस्थापन आवश्यक हुनुका साथै भैरहेका जनशक्तिको क्षमता अभिवृद्धि गरिनुपर्ने ।
- बालमैत्री स्थानीय तह घोषणा गरेपश्चात् पनि निरन्तरता र दिगोपनका लागि स्थानीय तह बढी जिम्मेवार हुनुपर्ने ।
- अभिभावकविहीन बेवारिसे र अत्यन्तै कठिन परिस्थितिमा रहेका बालबालिकाको लागि राज्यबाट पुनस्थापना गरी उचित हेरचाह र विकासको व्यवस्था मिलाउनुपर्ने ।
- अरुकै संरक्षणमा रहेका अभिभावकविहीन बालबालिकाका लागि निःशुल्क शिक्षा र स्वास्थ्यको व्यवस्था राज्यले गर्नुपर्ने ।
- अभिभावकको उचित संरक्षणको अभावमा बालबालिकाले अनेकन कष्ट, दुःख झेल्नुपरेको हुँदा बालबालिकाप्रति अभिभावकलाई बढी जिम्मेवार बनाउने ।
- बिद्यालय सिकाइको ज्ञानकेन्द्र भएको हुँदा शिक्षकवर्गबाट बालमैत्री आचरणको पूर्ण परिपालना हुनुपर्ने ।
- बालबालिकाका लागि पुनस्थापनाको अन्तिम विकल्पको रूपमा मात्र बालगृहलाई लिइने भएको हुँदा बालगृहको सङ्ख्या कम गरी थप व्यवस्थित गर्दै सरकारले पनि अपनत्व लिनुपर्ने ।

**अन्त्यमा**

बालबालिका लगानीका आधार हुन् । भावी समाज सभ्य, सुसंस्कृत एवं जिम्मेवार बनाउनका लागि अहिले नै सम्पूर्ण बालबालिकाको चौतर्फी विकासमा जोड दिनुपर्दछ । तीनै तहका सरकारले भौतिक विकासमा बढी जोड दिँदै पूर्वाधार विकास अर्थात आँखाले देख्न सकिने संरचनाको विकास निर्माण गर्दै आएका छन् त्योभन्दा बढी संवेदनशील र महत्त्वपूर्ण क्षेत्र सामाजिक विकासमा लगानी गर्नुपर्ने देखिन्छ । जबसम्म मानवीय विकासको गति बढ्दैन तबसम्म भौतिक संरचनाको विकासले दिने प्रतिफल गुणस्तरीय हुन सक्दैन । यसर्थ सबै सरकार र सरोकारवाला पक्षको साझा बुझाइ निर्माण गर्दै भावी पुस्ताको विकासमा एकसाथ लाग्नुपर्ने हुन्छ ।

स्थानीय तहअनुसार बालबालिकाका समस्याहरू केही फरक हुन सक्दछन् । यद्यपि बाल संरक्षणमा बाल विवाह, बालश्रम, लागूपदार्थ दुर्व्यसनमा लागेका बालबालिका र अभिभावकविहीन बालबालिकाको पाटो साझा चुनौतीको रूपमा देखिएको छ । सुधारको विकल्प सुधार नै हो भने झैँ सामाजिक रूपमा रहेका यस्ता विकृति, विसङ्गति र समस्या हटाउन पालिकाहरू योजनाबद्ध तरिकाले अग्रसर हुनै पर्दछ । पालिकासँग पर्याप्त मात्रामा बजेट नहुन पनि सक्छ,

यसका लागि विकासका साझेदार गैसस, निजी क्षेत्र तथा अन्य निकायसँग सहकार्य गर्न सकिन्छ। यसरी सन् १९८९ नोभेम्बर २० मा संयुक्त राष्ट्रसङ्घबाट पारित भएको अन्तर्राष्ट्रिय बालअधिकार महासन्धिको मूल मर्मअनुरूप तय गरिएका बालअधिकारका ४ क्षेत्र र संस्थागत विकास समेतका ५१ सूचकमा आधारित भई हरेक स्थानीय तहले उपलब्धि हासिल गर्न सक्ने हो भने समग्र बालबालिकाको उज्वल भविष्यसँगै नेपाली समाजको समेत रूपान्तरण हुने देखिन्छ।

जय बालबालिका।

**सन्दर्भ सामाग्री**


नेपालको संविधान, नेपाल सरकार, कानुन किताब व्यवस्था समिति।

बालबालिकासम्बन्धी ऐन, २०७५, नेपाल सरकार, कानुन किताब व्यवस्था समिति।

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौँ।

बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७९, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौँ।


❑❑❑

## आदणीय सबै नगरबासीहरूमा जानकारीका लागि अनुरोध ।

उपर्युक्त सम्बन्धमा नेपालको संविधान भाग - ३ मौलिक हकको धारा ३९ अन्तर्गत बालबालिकाको हकको व्यवस्था भएको र 'स्थानीय सरकार संचालन ऐन, २०७४' र 'बालबालिका सम्बन्धी ऐन, २०७५' समेतलाई कार्यान्वयन गर्न गराउनका लागि हेटौंडा उपमहानगरपालिका तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोरकिशोरीहरूले विवाह गरे गराएमा दुबै पक्ष कानुन बमोजिम दण्डनीय हुने हुँदा अरूलाई समेत सचेत गराई कानुनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं । साथै बालबालिकालाई निकृष्ट प्रकारको श्रम (जस्तैः मोटर ग्यारेज, होटेल, गिट्टी, बालुवा, सहचालक आदि) मा नलगाउन, १४ वर्षमुनिका बालबालिकालाई कुनै पनि श्रममा नलगाउन, सुर्तीजन्य पदार्थको खरिद बिक्री गर्ने कार्यमा बालबालिकालाई प्रयोग नगर्नु हुन र विद्यालयमा भर्ना गराई नियमित रूपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनुहुन हार्दिक अनुरोध छ । नगरभित्र माथि उल्लेखित कानुन विरुद्धका कार्यहरू भए वा गरे गराएमा कानुनबमोजिम हुने व्यहोरा पनि जानकारी गराइन्छ ।

# वन र वातावरण : नागरिक दायित्व



-विष्णुप्रसाद आचार्य

**पृष्ठभूमि :**

भौगोलिक हिसाबले हामी विश्वको मध्यम देशका रूपमा गणना भए पनि (एसियाको २५ औँ सानो र विश्वको ९५ औँ देश) जैविक विविधताको हिसाबले अन्य ठुला देशको तुलनामा धनी देशमा एसियाको ११ औँ र विश्वको २५ औँ धनी) मा पर्छौँ जुन प्रकृतिले दिएको अद्‌भुत देन हो । नयाँ नयाँ प्रजाति पत्ता लाग्ने र केही हराउने प्रकृतिको नियमानुसार भइरहन्छ तर भएका स्रोतको उचित संरक्षण र व्यवस्थापन हामीले गरिरहनुपर्ने हुन्छ । देशको कुल भूभागको ४४.७४ % वन क्षेत्र र २३.३९% संरक्षित क्षेत्र आफैमा अद्‌भुत संयोग हो।

वाग्मती प्रदेशको राजधानी हेटौँडा रहेको मकवानपुर जिल्लाले ९ वटा छिमेकी जिल्लालाई छुन्छ । ९ वटा जिल्लाको सिमानालाई छुनु भनेको त्यहाको भूगोललाई मात्र स्पर्श गर्नु होइन यो भनेको ९ वटा जिल्लाको वन वातावरण अनि जैविक विविधतालाई पनि स्पर्श गर्नु हो । यस हिसाबमा हामी मकवानपुरे भाग्यमानी पनि हौँ । किनकि तल्लो भेगमा बारा र चुरेको वनक्षेत्र अनि माथिल्लो भेगमा काठमाडौँ ललितपुरको वनक्षेत्र जहाँ फुलचोकी अनि चन्द्रागिरिको हावापानी भूगोलको मिश्रण छ त्यसलाई छुन्छ । FRA (Forest Resource Assessment) को पछिल्लो तथ्याङ्कअनुसार जिल्लाको कुल क्षेत्रफल २,४३,६४२ हेक्टर मध्ये वनक्षेत्रले १,६४,६११ हेक्टर (६७.५६%) भूभाग ओगट्नु भएको आफैमा ठुलो उपलब्धि हो र यो देशको औषतभन्दा अधिक हो।

हाम्रो हेटौँडा मकवानपुरको मात्र नभई वाग्मती प्रदेशको राजधानीसमेत हुनाले यहाको वन वातवरणको बारेमा हामीलगायत अन्यलाई चासो हुनु स्वाभाविक हो । FRA को तथ्याङ्कअनुसार हेटौँडाको कुल भूभाग २६०.८४ व.कि.मि मध्ये १२५.९३ व. कि.मि.क्षेत्र (४८.२८%) वन क्षेत्रले ओगटेको छ। नगरपालिकाभित्रका विभिन्न वार्डमा वनको असमान वितरण रहेको छ जुन स्वाभाविक देखिन्छ । हेटौँडा उपमहानगर बन्ने क्रममा थप भएका साविकको चुरियामाई, पदमपोखरी (हालको वार्ड नम्बर १२ , १३ र १४ ), बसामाडी गाविस (हालको वार्ड नम्बर ३ र १९) मा तुलनात्मक रूपमा घना वनक्षेत्र देखिन्छ भने हेटौँडाको मुख्य बजार र सघन घनत्व रहेको वार्ड नम्बर २, ४, ५, १० रहेको क्षेत्र र औधोगिक क्षेत्र रहेका वार्ड नम्बर ८, ७ र ९ मा कम वनक्षेत्र रहेको छ । तीव्रतम गतिले भइरहेको सहरीकरण, बढिरहेको औद्योगिकीकरण, नयाँ बस्ती विस्तारको क्रममा हुँदै गइरहेको जग्गा प्लटिङ र अतिक्रमणले गर्दा वनक्षेत्र क्रमशः खुम्चिँदो अवस्थामा पुगेको छ । यद्यपि भएका वनक्षेत्रको सन्तोषजनक व्यवस्थापन देखिन्छ

। बाँकी वार्डमा वनको अवस्था मध्यम रहेको छ। हेटौँडामा लामो समयदेखि यहाँको वनक्षेत्रलाई स्थानीय जनताद्वारा सामुदायिक वनको रूपमा व्यवस्थापन हुँदै आएको छ । हामीसँग प्राप्त तथ्याङ्कअनुसार यहाँको सामुदायिक वनको क्षेत्र निम्नानुसार रहेको छ :

| सि. नं | कार्यालय | सा.वन | क्षेत्रफल (हे) | घरधुरी | उपभोक्ता | क.वन | क्षेत्रफल (हे) | घरधुरी |
|---|---|---|---|---|---|---|---|---|
| १ | डि.व.का. मकवानपुर | ३१ | ७,७२७.५ | १०,७०९ | ६२,३८५ | १५ | ७४.७७ | ९० |
| २ | डि.व.का. राप्ती, मकवानपुर | १८ | ४,३९१.४ | ४,७४१ | २५,३८६ | २ | ५.०० | १० |
| ३ | पर्सा रा.नि. | १४ | २,७८३.९ | ४,५०९ | २५,९८४ | २३ | ९५.६८ | १२५ |
| | जम्मा | ६३ | १४,९०३.० | १९,९५९ | १,१३,७५५ | ४० | १७५.४५ | २२५ |

***स्रोतः*** *डि.व.का. मकवानपुर, राप्ती र पर्सा रा.नि. को अनुगमन पुस्तिका, २०७८।*

*(एउटा पालिकाभित्र ६३ वटा सामुदायिक वन (करिब १५ हजार हेक्टर) हुनु भनेको अपार सम्भावनाको स्रोत हो । स्थानीय सासन सञ्चालन ऐन २०७४ र वन ऐन २०७६ ले पालिकलाई सामुदायिक वनको क्षेत्रमा थुप्रै सम्भावनाको ढोका खोलिदिएको छ। हेटौँडाले यसको न्यायोचित सदुपयोग गरोस् । र आफ्नो सबलता महसुस गरोस् ।)*

**वनस्पति/वन्यजन्तुः**

हेटौँडा उपमहानगरपालिकाभित्रका सबै प्रकारका वन र वनस्पतिको छुट्टै र व्यवस्थित अध्ययन छैन । अहिलेसम्म वनस्पति कार्यालय र वन कार्यालयसँग भएको तथ्याङ्कको आधार नै मूल स्रोत हो । हेटौँडाको मूल भाग पूर्वदेखि पश्चिम फैलिएको र अधिकांश भाग भित्रि मधेश एवम् चुरेक्षेत्र पर्ने हुनाले यहाँको वनस्पतिमा यही क्षेत्रमा हुने प्रजातिको बाहुल्यता छ । मूलतः बहुमूल्य प्रजाति मानिने साल, खयर, अस्ना, सिसौ, सल्लो, चिउरी, छतिवन, दारलगायत छन् भने सतिसाल र विजयसालको उपस्थिति (रोपण) पनि रहेको छ । जडीबुटीतर्फ सर्पगन्धा, कुरिलो, गुर्जो, अमला, हर्रो, बर्रो, तेजपात आदि मुख्य रहेका छन् ।

वनस्पति जस्तै वन्यजन्तुको पनि छुट्टै अध्ययन छैन तर तराई भेगमा पाइने अधिकांश वन्यजन्तु यहाँ पाइन्छन् । भुटनदेवी मन्दिर र हे न पा १, ४, १० को क्षेत्रमा बाँदर आतङ्कले अत्यास पारेको छ। फरेस्ट्री क्याम्पस वरिपरिको क्षेत्रमा चित्तलको राम्रो उपस्थिति छ तर भुस्याहा कुकुरले चित्तल मार्ने क्रमले नया समस्या सिर्जना गरेको छ। यी दुईवटै समस्यालाई पालिका, वन कार्यालय र अन्यको समन्वयमा समाधान गर्नुपर्ने छ। यहाँको महत्त्वपूर्ण प्रजातिका सालक (कालो र तामे) को राम्रो उपस्थिति छ। छिमेकी राष्ट्रिय निकुञ्जबाट आउने पाटेबाघ, गैडा र जङ्गली हात्तीले बेला बेलामा अस्थायी आश्रयको रूपमा हेटौँडा वरिपरिको जङ्गललाइ बनाए पनि हेटौडाको स्थायी जनावर यी होइनन् ।

**चरामा धनी :**

हेटौँडा वरिपरि कति प्रकारको चरा पाइन्छ भनेर ठुलो अध्ययन भएको छैन तर वाइल्डलाइफ फोटोग्राफर दृष्टान्त बिडारीले वन तथा वातावरण मन्त्रालय वाग्मती प्रदेशको सहकार्यमा राप्ती नदी वरिपरिको स्थान र आफ्नो स्वअध्ययन र खोजीको क्रममा २०७९ सम्म गरेको अधययन र अप्रकाशित

तथ्याङ्कअनुसार हेटौँडा आसपासका क्षेत्रमा २९० प्रजातिका चरा रेकर्ड भएको जनाएका छन् । यो उल्लेख्य सङ्ख्या र उत्साहजनक अवस्था हो । यसलाई आधार मानेर थप अध्ययन गर्ने हो भने हामीले अहिलेसम्म याद नगरिएको कुरा हेटौँडालाई एउटा चरा गन्तव्यको (Bird Watching Destination Point) रूपमा विकास गर्न सकिन्छ । उनका अनुसार हिउँदे आगन्तुक चरा प्रजाति २६ रहेका छन् । यी मध्ये मुख्य खोयाहाँस (Bar headed goose), मणितुण्डक (Goosanger), बेल्चाठुँडे हाँस (Northen Shoveler), सिन्दुरे हाँस (Eurassian Wegio), सुइरोपुछ्रे (Northern Pintail), डुबुल्की चरा (Little Grebe) आदि छन् ।

यसै गरी पानिहाँस (Waterfowls) २० प्रजातिका छन । हिउँदे आगन्तुक चरामध्ये विश्वव्यापी रूपमा नै सङ्कटमा परेको Globally Threatened species गोमायु महाचिल (steppe Eagle), कैलो टाउके हाँस (Common Pochard) पनि हेटौँडामा आगन्तुक चराको रूपमा रहेका छन् । यसै गरी सङ्कटको नजिक रहेको मानिएको हिमाली गिद्ध (Himalayan Griffon Vulture), संरक्षित पन्छी कालो गरूड (Black Stork), तिलहरी चरा (Ibisbill) पनि यहाँको हिउँदमा आउने गरेको पाइएको छ । लामटाङ उपत्यकाबाट कालो जुरेबाज (Black Baza), लोभीपापी गरूड (Asian wollyneck), ठुलो छिरबिरे माटिकोरे (Crested Kingfisher), लामठुँडे (Long –billed plover), राजपुत्रिका (Long billed Pipit) आदि रहेका छन् ।

हेटौँडा वरिपरिको चरा अध्ययन एवं हेर्नको लागि माछाप्लानको पोखरी, वन विज्ञान क्याम्पसको जङ्गल, राप्ती र कर्रा खोला, रानी सामुदायिक वनलगायत छन् । यसका लागि बर्ड वाचिङ रुटको खोजी गर्नु पर्ने र नक्साङ्कनसहित रुटको तय गर्नुपर्ने देखिन्छ तर नदीको तीव्र दोहन, क्रसर उद्योग, ढुङ्गा, गिट्टी, बालुवाको अत्यधिक सङ्कलन, माछाका लागि विषादीको प्रयोग, चराको मुख्य आहारा माछा मान्छेले खाइदिने आदिले नदीमा आधारित चरा तीव्र सङ्कटमा छन् । यसमा विस्तृत अध्ययन गर्नुपर्ने छ ।

**हाम्रो सम्पत्ति एवं दायित्व :**

प्रकृतिले दिएको, राजनीतिक अवस्थाले अनुकूल बनाएको अनि हाम्रो मेहनतले आफ्नो छुट्टै प्रतिष्ठा बनाएको हेटौँडामा प्रकृति क्षेत्रमा गर्नुपर्ने संरक्षणका काम धेरै छन् । यीमध्ये कयौँ काम उल्लेख्य रूपमा भएका छन, कतिपय काम प्रारम्भिक अवस्थामा छन् भने केही कामको सुरुवात शून्यबाट नै गर्नुपर्ने देखिन्छ तर जति हुनुपर्ने ती सबै नभए पनि हामी सन्तोषजनक अवस्थामा छौँ र यसलाई अझ बुलन्द बनाउँदै जानु पर्ने छ ।

- **हरित शहरस :** हेटौँडा नेपालको हरित सहरको नमुनामध्ये एक हो । यहाँबाट प्रारम्भ भएको हरित नगर अभियानलाई अन्य पालिकाले अनुसरण गरेका छन् जुन हामी सबैले गौरव मान्नुपर्दछ । प्रारम्भमा हेटौँडा बजारको मुख्य भागमा र क्रमशः पछि अन्यत्र बाटोछेउमा रोपेका र संरक्षण गरिएको रुखबिरुवाले हेटौँडाको स्वरूप नै बदलिएको छ । यद्यपि यीमध्ये केही बाटो विस्तारका क्रममा नासिने सम्भावना भए तापनि आगामी दिनको लागि एउटा नमुना सिकाइ हुनसक्दछ । साथै हेटौँडाभित्र रहेको सहिद स्मारक, पाथिभरा (भैरव डाँडा), वनस्खण्डी क्षेत्र, सिसौघारीलाई सहरी वनको रूपमा पनि विकास गर्न सकिन्छ ।

यी क्षेत्रलाई थप पूर्वाधारसहितको विविध काममा वन कार्यालय, सामुदायिक वन र अन्य साझेदार संस्थाको सहकार्यमा अगाडि बढाउन सकिन्छ।

- **एक घर, १० गमला** : हेटौंडामा तीव्रतम सहरीकरण हुँदै गएको छ । बजार क्षेत्रमा अधिकांश घरवालासँग थोरै जग्गा मात्र हुनु स्वाभाविक हो तर जग्गा कम भए पनि 'एक घर, १० गमलासहितको बिरुवा रोपण' अभियान चलाउन सकिन्छ। यसमा अनुकूल भएमा कौसी तरकारी, कौसी बगैँचा बनाउने नगर पालिकाले केही फूलका बिरुवा सुलभ मूल्यमा उपलब्ध गराउने र हरेक वर्ष गर्दै गएमा आगामी केही वर्षमा हामी उत्कृष्ट फूलैफूलको सहरमा हुने छौँ । नगरपालिकाले घरजग्गाको नक्सा पास गर्दा अन्य सिफारिसमा यसलाई अनिवार्य रूपमा लागु गराउन सक्छ।
- **आफ्नै नर्सरी, आफ्नै प्राविधिक** : नगरपालिका क्षेत्रमा सौन्दर्यकरण गर्दा फूल एवं फलका बिरुवा उत्पादनको लागि अरुमा भर पर्नुको साटो आफैले नगर केन्द्रित गरेर कम्तीमा २ वटा नर्सरी स्थापना गर्ने हो भने सुलभ मूल्यमा बिरुवा उत्पादन र सहज वितरण गर्न सकिन्छ। साथै अन्य वनका काममा संयोजनको लागि समेत हुने गरी एक जना वन प्राविधिक (स्नातक) राख्न सकिन्छ।
- **एक वार्ड कम्तीमा १ पार्क** : बढिरहेको सहरीकरणलाई ध्यान दिँदै पालिकाले थुप्रै पार्क निर्माण गर्न सुरु गर्नुपर्ने देखिन्छ। सौभाग्यवश हामीसँग नगरवरिपरि सामुदायिक वन, केही पार्क छन् तर कालान्तरमा यी अपुग हुने छन् तसर्थ जङ्गलको घनत्व कम भएका क्षेत्रमा वनको प्राकृतिक स्वरूप नबिगारीकन प्राकृतिक वनलाई विभिन्न पार्क, बगैँचाको रूपमा विकास गर्नुपर्ने देखिन्छ। केही स्थानमा एकै प्रजातिको मात्र बगैँचा जस्तै गुलाफ पार्क, कमल पार्क, गोदावरी पार्क र यहाँ हुन सक्ने अन्य महत्वपूर्ण प्रजाति र केही स्थानमा मिश्रित पार्क बनाउन सकिन्छ।
- **स्वास्थको लागि हाइकिङ** : पछिल्लो पटक युवा, वृद्धमाझ हाइकिङ गर्ने रुचि, चाहनामा निकै वृद्धि भएको देखिन्छ। जनसङ्ख्याको वृद्धिसँगै, स्वास्थ्यको सचेतना र हिँड्नेडुल्ने बानीको विकाससँगसँगै प्रभात र साँयकालीन भ्रमण निकै लोकप्रिय छ । हामीसँग हेटौँडावरिपर यसको ठुलो सुबिधा उपलब्ध छ जुन कुरा नेपालका सबै सहरमा सहज उपलब्ध छैन। हेटौँडा बजार - मनकामना क्षेत्र - गढी, चौघडा - मनकामना, चौघडा - गढी, वनस्खण्डी मन्दिर वरिपरिको क्षेत्र, पाथिभरा क्षेत्र (भैरवडाँडा-डाङडुङे-पुण्यक्षेत्र समेटेर) हेटौँडा - सामरीपूल, राप्तीनदीको वरिपरीर वृन्दावन जोड्ने खण्ड, राप्ती र कर्रा खोलाको हरित करिडोर हेटौँडा वरिपरिका लागि अत्यन्त उपयुक्त र फलदायी हाइकिङ क्षेत्र हुन्। यसमा अन्य थुप्रै क्षेत्र थप्न सकिन्छ। यी क्षेत्रलाई नक्साङ्कनसमेत गर्ने र होटल व्यवसायीसँग सहकार्य गर्ने गराउने हो भने यहाँ हुने आवासिय गोष्ठीमा आगन्तुकलाई यी स्थानको भ्रमण गराउन सकिन्छ र हेटौँडाको व्यापार व्यवसाय प्रवर्धनको लागि यो एउटा महत्त्वपूर्ण थप पुँजी हुन सक्छ। हेटौँडा बजारभन्दा केही पर रहेका थुप्रै यस्ता क्षेत्र छन् जहाँ वरिपरिका विभिन्न स्थानलाई साना साना (२-३ घन्टाको) हाइकिङका रुटको रूपमा विस्तार गर्न सकिन्छ । वरिपरिका डाँडालाई दृश्यावलोकनका हिसाबले सानासाना गोल घर, विश्रामगृह (अमिल्दो भ्यु टावर होइन)

चिया/कफी हाउसको रूपमा विकास गर्न सकिन्छ।

- **चुरेको समस्या होइन समाधान खोजौं** : हेटौंडाको अधिकांश भाग चुरे तथा भित्री मधेशले ओगटेको छ । यसको प्रस्ट सङ्केत भनेको भूगर्भिक हिसाबले यो अत्यन्त कमजोर र संवेदनशील छ। बर्सातमा मात्र सक्रिय रहने दर्जनौं खहरे खोलाले हेटौंडाको सौन्दर्य नराम्रोसँग क्षतविक्षत पारेको देखिन्छ। हामीले मनकामना डाँडा वा भैरव डाँडाबाट हेर्ने हो भने वा यो क्षेत्रबाट जाने हवाई यात्राबाट हेर्‍यौं भने यो हाम्रो हेटौंडा हो र ? भन्ने अवस्था देखिन्छ। दर्जनौं खहरेहरू दक्षिणबाट उत्तरतर्फ आएका देखिन्छन् जसले ठुलो भूक्षय, रुखबिरुवाको नोक्सानी र कैयौं अवस्थामा मानवीय क्षति पुर्‍याएको छ । यो अत्यन्त चिन्ताको विषय हो। यसलाई हामीले बेलैमा सम्बोधन नगर्ने हो भने कालान्तरमा यो हाम्रो ठुलो सङ्कट हुने छ । यहाँ बाँस, अम्रिसो, भेटिभर जस्ता प्रजाति रोपण र अन्य हरित तटबन्धनका काम गर्न सकिन्छ जसले खहरे नियन्त्रणको साथै हरित बेल्टको काम गर्ने छ र केही वर्षमा क्रमशः यो एक गन्तव्य हुन सक्छ। यसको लागि नगरपालिको मात्र स्रोत पर्याप्त हुँदैन जसको लागि विभिन्न सरकारी तथा गैरसरकारी निकायसँग समन्वय गर्नुपर्ने देखिन्छ।

- **पानी नै हो हाम्रो जिन्दगानी** : चुरेको समस्यामा हामीले कालान्तरमा बेहोर्नु पर्ने अत्यन्त गम्भीर चुनौती भनेको प्राकृतिक अवस्थामा पानीको व्यवस्थापन हो जसलाई हामीले अहिलेसम्म ध्यान दिएका छैनौं । हामीले वरिपरि रहेका राप्ती, कर्रा, सामरी, कुख्रेनी खोलाको पानि देखेर ढुक्क छौं तर वातावरणीय सङ्कट, दिनदिनै घटिरहेको पानीको मात्रा र जमिनमुनिको घट्दो पानीको सतह, बढिरहेको जनसङ्ख्या र बढिरहेको पानीको खपत, निर्माणाधीन व्यापारिक प्रतिष्ठान एवं व्यापारिक हब, वाग्मतीको केन्द्र, हेटौंडा औद्योगिक क्षेत्र र नयाँ बन्दै गरेको औधोगिक क्षेत्रको कारणले ठुलो मात्रामा पानीको खपत हुने देखिन्छ । यसका लागि प्राकृतिक रूपमा पानीको पुनर्भरण गर्न सामुदायिक वन र सार्वजनिक क्षेत्रमा दर्जनौं रिचार्ज पोखरी बनाउनुपर्ने देखिन्छ । यसका लागि वन कार्यालय, कुलेखानी जलाधार कार्यालय, भूसंरक्षण कार्यालय, सामुदायिक वनसँग समन्वय गर्ने मात्र हो भने पनि ठुलो उपलब्धि हुन सक्छ।

- **प्राकृतिक म्युजियम, जीवित पार्क**ः हेटौंडालाई ठुलो प्राकृतिक म्युजियमको रूपमा विकास गर्न सकिन्छ। वन क्याम्पसमा रहेको प्राकृतिक म्युजियम देशको ठुलो म्युजियम बन्न सकछ। यसमा पालिकाले क्याम्पससँग सहकार्य गरेर एक गन्तव्य बनाउन सक्छ । यसैगरी सङ्घीय/प्रदेश सरकारको समन्वयमा नजिक रहेको कुनै सामुदायिक वनको व्यवस्थापनमा जुलोजीकल पार्क (Zoological Park) निर्माण गरेर प्रदेश राजधानीको लागि एउटा ठुलो सम्पत्तिको रूपमा विकास गर्न सकिन्छ। यसलाई पार्कमा मात्र सीमित नराखी एउटा अध्ययन केन्द्रको (फरेस्ट्री क्याम्पसलाई समेत मध्यनजर राखेर) रूपमा समेत विकास गर्न सकिन्छ। वृन्दावनमा रहेको वनस्पति उद्यानमा केही लगानी गर्ने हो भने यो उद्यान देशको प्रमुख आकर्षण केन्द्र बन्न सक्छ।

- **गन्तव्य सालक** : मकवानपुरको आफ्नो कुनै जनावरको पहिचान छैन । यद्यपि हामीसँग

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ ले संरक्षित वन्यजन्तुको रूपमा सूचीकृत गरेको 'किसानको साथी' र 'प्रकृतिको मित्र'को रूपमा परिचय बनाएको सालकको (Pangolin) राम्रो उपस्थिति थियो र अहिले पनि छ। नेपालमा पाइने २ प्रकारका सालक तामे सालक (Indian Pangolin) र कालो सालक (Chinese Pangolin) मध्ये हामीसँग दुईवटा नै छन् र हेटौँडा वरिपरिको सामुदायिक वनमा यसको राम्रो उपस्थिति छ। चुच्चेखोला, न्युरेनी, रानी, सामुदायिक वनमा केही अध्ययन भए तापनि अन्यत्र राम्रो अध्ययन हुन पाएको छैन। वन कार्यालयको प्रारम्भिक अध्ययनले सुन्दर सामुदायिक वनदेखि पूर्व, हर्नामाडी क्षेत्रका सामुदायिक वन, पर्सा राष्ट्रिय निकुन्जका मध्यवर्ती सामुदायिक वन र वार्ड नम्बर १९ र ११ का सामुदायिक वनमा राम्रो उपस्थिति देखिएको छ। सालकलाई मकवानपुरको गौरव प्राणीको रूपमा घोषणा गर्न माहोल बनाउने र हेटौँडालाई सालकको अध्ययन, अवलोकन गन्तव्य बिन्दुको रूपमा विकास गर्ने, पालिकामा र वार्ड कार्यालयमा अनि यहाँका होटलहरूमा सालकको पार्क बनाउने, प्रचार प्रसार गर्ने जसले सालकमा आधारित टुरिजमको रूपमा समेत विकास गर्न सकिन्छ। साथै हस्तकलाबाट निर्मित सालकका साना मर्तिहरूलाई मकवानपुरको उपहारको रूपमा दिन सुरु गर्नु पर्छ। र सुरुवात हेटौँडाले गरोस।

- **दार प्रवर्धनः** मकवानपुरको परिचयको रूपमा स्थापित दार र त्यसको ठेकी अब सामान्य ज्ञानमा मात्र सीमित हुने अवस्थामा आइपुगेको छ। यसको प्रवर्धनको लागि वन कार्यालय, सामुदायिक वन, घरेलु कार्यालय र स्थानीय हस्तकला निर्मातासँग समन्वय गरेर यसलाई पुनः स्थापित गर्नु पर्ने देखिन्छ र यहाँ आउने पाहुनालाई उपहार दिँदा दारको ठेकी दिने व्यवस्थाको लागि पहल गर्नुपर्ने देखिन्छ। पालिकाले आफ्नो गौरवको रूपमा केही क्षेत्रमा रोपण गरेर स्थानीय समूहलाई व्यवस्थापनमा सरिक गराउन सक्दछ।
- **संरक्षण शिक्षा** : हेटौँडाभित्रका सम्पूर्ण विद्यालयमा पालिका, वन कार्यालय, शिक्षा कार्यालय, सामुदायिक वन र अन्य सङ्घसंस्थाको सहकार्यमा इको क्लबको गठन, पुस्तक, ब्रोसर प्रकाशन, प्रसारण, वातावरणका काममा विद्यार्थीको परिचालन आदि गर्न सकिन्छ। यसका अलावा इको क्लबका नानिबाबुको अग्रसरतामा 'एक विद्यालय एक इको बगैँचा'को निर्माणमा पालिकाले आंशिक अनुदान दिने र विद्यलयसँगको सहकार्यमा क्रमशः हरित विद्यालयाको स्थापनामा मद्दद गर्ने जसले सानैबाट हाम्रा बालबालिका संरक्षणको काममा लाग्न सकुन्। यसमा हामीले बुझ्नुपर्ने मुख्य कुरा भनेको हाम्रा बालबालिकाले वन र वातावरणको बारेमा जान्न बुझ्न पाउनु उनीहरूको पहिलो हक/अधिकार हो भन्ने तथ्य स्विकार्नुपर्दछ।
- **दक्ष वन प्राविधिकको सदुपयोग** : हेटौँडामा २ वटा फरेस्ट्री क्याम्पस (त्रिभुवन विश्वविद्यालय एवम् कृषि तथा वन विश्वविद्यालय अन्तर्गत) छन्, जुन नेपालको दुर्लभ संयोग हो। यहाँ बि.एस्सी., एम.एस्सी.को पढाइ हुँदै आएकोमा केही वर्षदेखि विद्यावारिधि तहको पढाइ पनि प्रारम्भ भएको छ। त्यो जनशक्तिको सदुपयोग यहाँको वातावरणको क्षेत्रमा गर्न सकिन्छ।
- **वातावरण मैत्री होटल तथा व्यवसाय** : हेटौँडाको ठुला तथा साना होटलमा अनिवार्य रूपमा सानो भएपनि बगैँचा वा कौसी बगैँचाको रूपमा निर्माण गर्न पहल गर्ने, यथासम्भव वातावरण मैत्री बनाउने,

उनीहरूलाई अभिप्रेरणा दिने । स्थानीय प्रजातिको बोन्साई बिरुवा तयार गर्ने रोपण गर्ने गराउने । साथै पालिकाभित्रका हरेक कारखानाले हरित पार्क निर्माण, बिरुवा रोपण, संरक्षण अनिवार्य बनाउने ।

- **यात्रुको लागि सुलभ पार्क** : लामो यात्राको क्रममा हेटौंडा करिब मध्ये भागमा पर्दछ तर यात्राको क्रममा देशभरि नै हेर्दा यात्रुलाई केन्द्रित गरेर कुनै पनि विश्राम गृह, सुलभ एवं सफा शौचालयको अभाव देखिन्छ । हेटौंडाले यसलाई नेपालकै नमुनाको रूपमा विकास गर्न सक्छ । यसको केही काम चनौटा सामुदयिक वन हेटौंडा १९ मा हेटौंडा नगरपालिका, वन कार्यालयको सहकार्य र सामुदायिक वनको व्यवस्थापनमा काम प्रारम्भ भइसकेको छ । यसलाई छिटो पूर्णता दिने र अन्यत्र उपयुक्त स्थानमा निर्माण गर्ने जसले हामी पालिका एवम् वन कार्यालय जनताप्रतिको उत्तरदायित्वमा पनि अगाडि छौं भन्ने कुराको सन्देश जान्छ । यो देशकै अनुकरणीय काम हुन सक्छ ।
- **वातावरण मैत्री कानुन र पूर्वाधारको निर्माण** : धेरैजसो पालिका र वन कार्यालयबिच कटुताको अवस्था छ । यसमा पालिकाले विकास निर्माणको काममा जबर्जस्ती गर्ने, वनले रोक्ने अनि एउटा सरकारी निकाय विकास विरोधिको ट्याग भिर्ने र अर्को निकाय वन / वातावरण विरोधीको रूपमा चित्रित हुने, लोकहँसाइको काम हुने देखिएको छ । यसमा आफ्नै कानुन निर्माण गर्ने, आवस्यक समन्वय गर्ने र वातावरण मैत्री विकासको अवधारणालाई अवलम्बन गर्ने हो भने हामी हेटौंडालाई एउटा नेपालकै नमुना नगरको रूपमा विकास गर्न सक्ने छौं । यसको मौका हाम्रो पालिकालाई छ ।
- **अरु धेरै छन्** : यो छोटो लेखमा सबै कुरा भन्न सम्भव छैन, धेरै काम भएका छन् जो उचित प्रचारप्रसारको अभावमा छेलिएका छन् र थुप्रै अन्य विषय छन् जसलाई हाम्रो नजरले मात्र देख्न र पहिचान गर्न सकेको छैन, त्यसको खोजी गर्ने र योजना बनाएर काम प्रारम्भ गर्ने ।

**चुनौती :**

चुनौती धेरै छन् । यहा मात्र होइन देशभरिका वन कार्यालय र पालिकाको समस्या करिब उस्तै छन् । यहाँ नाम लेखेर अर्थ पनि छैन । कतिपय चुनौती समाधान गर्न सकिने छन् भने कतिपय हाम्रो मेहनतले मात्र समाधान हुने सम्भावना नै छैन तसर्थ चुनौती छ भनेर काम थालनी गर्न अलमल नगरौं । जति सकिन्छ, जहाँबाट सकिन्छ त्यहाँबाट सुरु गरिहालौं । कामको सन्दर्भमा चुनौती क्रमशः पन्छाउँदै जाने हो । अनि यो लेखको मुख्य आशय कसरी हाम्रो हेटौंडालाई वातावरणीय हिसाबले उत्कृष्ट गन्तव्य बनाउन सकिन्छ भन्ने हो तसर्थ म यहाँ चुनौतीलाई देखाउन चाहन्नँ । केवल अवसरहरूको खोजी गरौं र प्रतिकूलताको बिचमा अनुकूलताको खोजी गरौं । अवसरको सदुपयोगसँगै चुनौती पन्छाउँदै जाऊँ भन्ने हो ।

**साझेदारी :**

अहिलेको अवस्थामा एउटा समस्या गम्भीर रूपले देखा परेको छ । राम्रा कामको जस आफू लिने र अपजस जति सबै अरुको टाउकोमा हाल्ने जसले एक अर्कालाई दोष थुपार्ने र अन्त्यमा काम नहुने र संयोजनको अभावले कयौं राम्रा र सकारात्मक कामको समेत सबैले लाभ लिन पाएका छैनन् । यी र यस्ता विषयबाट सधैंका लागि छुटकारा पाउन, उन्नत परिणाम प्राप्त गर्न अधिकतम् संयोजन र अपनत्वको ग्रहण हो । वातावरणका समस्या कसैले पनि एकल ढङ्गले समाधान गर्न सक्दैन किनकि यसको प्रकृति नै एक अर्कासँग जेलिएको हुन्छ ।

तसर्थ यो सबालमा अधिकभन्दा अधिक साझेदारलाई सहभागी गराउने र वहाँहरूलाई अपनत्व ग्रहण गराउन सक्ने हो भने यसले छिट्टै मूर्त रूप लिन्छ। यसका लागि सबैभन्दा ठुलो साझेदार, उपभोक्ता, प्रयोगकर्ता जे भने पनि यहाँका स्थानीय जनता नै हुन् तसर्थ नगरपालिकाले यहाँका टोल विकास संस्था (जो वास्तवमा नै अत्यन्त सक्रिय छन्) लाई कैयौँ काममा जिम्मेवारी दिने र सहकार्यको माहोल मिलाउने गर्नुपर्छ । यसैगरी यहाँको वन कार्यालय, भूसंरक्षण कार्यालय, वनस्पति कार्यालय, यहाँका सामुदायिक वन, कबुलियती वन समूह, विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्था जो वातावरणको क्षेत्रमा कार्यरत छन् यसका अलवा नजिकै रहेको २ वटा वन विज्ञान अध्ययन संस्थानमा प्रचुर जनशक्ति छ वहाँहरूसँग सहकार्य गर्न सकिन्छ र असल परिणाम प्राप्त गर्न सकिन्छ। विद्यालयमा गठित इको क्लब एक महत्त्वपूर्ण साझेदार हुन् सक्छ। यसैगरी यहाँको होटल व्यवसायी सङ्घ, पर्यटनको क्षेत्रमा कार्यरत सङ्घसंस्था, हाइकर्स, ट्रेकर्ससँग सहकार्य गर्ने गराउने। नगरपालिकामा रहेको वातावरण शाखाले र नियुक्त हुने वन प्राविधिकले यसको संयोजन गर्न सक्ने छ । अन्य सङ्घसंस्थालाई क्रमशः आवश्कयताको आधारमा थप गर्दै जान सकिन्छ।

**अन्त्यमा :**

धेरैजसो अवस्थामा हामीले वनलाई वातावरणको मुद्दामा मात्र केन्द्रित गर्‍यौँ र अहिले पनि त्यो मनस्थितिबाट माथि उठ्न सकेका छैनौँ तर यथार्थमा वन जोगाउनु भनेको रुखबिरुवा, वन्यजन्तु, वातावरण जोगाउनु मात्र होइन इतिहास जोगाउनु, संस्कृति जोगाउनु, सभ्यता जोगाउनु र समृद्धि पनि जोगाउनु हो भन्ने कुरालाई हेटौँडाले स्थापित गर्न सक्छ । हामी वाग्मती प्रदेशको राजधानीवासीको नाताले मात्र होइन नेपालका कयौँ राजीनितिक एवं सामजिक आन्दोलनमा अग्रणी भूमिका खेलेकोमा गौरव गर्दछौँ। यहाँका स्थापित खेल क्षेत्र, साहित्य, कला, संस्कृतिमा गौरव पनि गर्छौं, गर्नु पनि पर्छ तर एउटा छुटेको पाटो संरक्षणको पाटो छ अब यसलाई हामीले हाम्रो सहकार्यमा मूर्त रूप दिनु पर्ने छ। यसो गर्न सकेमा हामी हेटौँडा बासीको नाममा एउटा थप उपाधि हासिल हुने छ, देशको पूर्ण वातावरणप्रेमी नगर / सहर बनाउने। हामी यो अवसरको सँघारमा छौँ। यदि हामीले बेलैमा यी विषयलाई उठान गरेनौँ र कार्यान्वयन गरेनौँ भने निःसन्देह हामी आलोचनाका पात्र मात्र हुने छैनौँ कैयौँ वातावरणीय समस्याको सिकार समेत हुने छौँ।

*लेखक : हेटौँडा ८ निवासी, हाल डिभिजन वन कार्यालय राप्ती, मकवानपुरमा डिभिजनल वन अधिकृतको रूपमा कार्यरत हुनुहुन्छ।*

**सन्दर्भ सामग्रीः**


- Bindari, Drishtant2078 :STUDY AND PHOTOGRAPHY OF AVIAN LIVES FOR THE ENHANCEMENT OF BIRD WATCHING TOURISM AROUND RAPTI VALLEY OF CHITWAN AND MAKAWANPUR DISTRICT" AN UNPUBLISHED REPORT SUBMITTED TO MOITFEBAGAMATI PROVINCE.
- FRA REPORT 2015. CENTRAL RESEARCH AND FOREST TRAINING CENTRE, BABARMAHAL, KATHAMNDU .
- डिभिजन वन कार्यालय मकवानपुर को आ.व. २०७७/७८ को वार्षिक अनुगमन पुस्तिका
- डिभिजन वन कार्यालय राप्ती, मकवानपुरको आ.व. २०७७/७८ वार्षिक अनुगमन पुस्तिका
- पर्सा राष्ट्रिय निकुन्जको आ.व. २०७७/७८ को बार्षिक अनुगमन पुस्तिका


❒❒❒

# उपमहानगरपालिकालाई सिपयुक्त जनशक्ति उत्पादन र विदेशबाट फर्किएकालाई पुर्नस्थापना कार्यक्रम ल्याउने अवसर



-होम कार्की

म मुलुककै सबैभन्दा ठुलो हेटौंडा औद्योगिक क्षेत्रसँग जोडिएको गाउँमा बस्छु । सानैदेखि औद्योगिक क्षेत्रमा हुर्किएकोले योभित्रको उतारचढाव प्रत्यक्ष देख्न पाइरहेको छु । मुलुकमै धेरै रोजगारी दिने हेटौंडा कपडा उद्योग यहीँ भित्र थियो । बहुर्राष्ट्रिय कम्पनी कोल्गेट, कोडाक कम्पनी यहीँ भित्र थिए । एउटा समय यस्तो थियो कि औद्योगिक क्षेत्रका बाटोमा सधैँ मेला लागेको जस्तो हुन्थ्यो । ड्युटी आउनेजानेहरू, सडकका दाँयाबाँया भेटिने चिया खाजा पसलहरू, कच्चा पर्दाथ लिएर लावालस्करमा बसेका गाडीहरूले छुट्टै रौनक देखिन्थ्यो । यी भिडहरू बिस्तारै पतालिँदै गए । यहाँ काम खोज्न आउनेहरू हराउँदै गए । अहिले उद्योगहरू त छन् तर पहिला जस्तो ठुलो सङ्ख्यामा रोजगार दिन सक्ने हैसियतका छैनन् । जे जति उद्योगहरू छन्, उनीहरू जसोतसो बाँचिरहेका छन् ।

हेटौंडासहित नेपालमा वार्षिक ५ लाख युवा जनशक्ति भित्रिने गरेका छन् । उनीहरूलाई आन्तरिक रोजगारभित्र नै अडाउन सकिने वातावरण बनेको छैन । आन्तरिक रोजगारीमा उपलब्ध जनशक्ति नहुँदा युवा जनशक्तिका लागि वैदेशिक रोजगारी बाध्यतामूलक बनिरहेको छ । वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको सबैभन्दा बढी हिस्सा १८ देखि २४ वर्ष उमेरका युवाहरू रहेका छन् । कोभिडअघिसम्म वैदेशिक रोजगारीमा जाने युवा श्रमिकहरूको हिस्सा ३६ प्रतिशत रहेको थियो । ४० वर्ष उमेरभन्दा माथिका श्रमिकहरूको हिस्सा दुवै वर्षहरूमा निकै न्यून रहेको थियो । पछिल्लो ५ वर्षको मात्रै तथ्याङ्क हेर्दा मकवानपुरबाट वार्षिक रूपमा १० हजार जना वैदेशिक रोजगारीमा गइरहेको भेटिन्छ । वैदेशिक रोजगार विभागका अनुसार आर्थिक वर्ष ०१७/१८ मा ४६ सय १२ पुरुष र १२ सय ७५ महिला गएका थिए । आर्थिक वर्ष १८/१९ मा ३ हजार १७ पुरुष र १ हजार ६९ जना महिला गए । आर्थिक वर्ष १९/२० मा चार हजार ५ सय ७१ पुरुष र एक हजार ३ सय ८३ जना महिला गए । कोभिडको समयमा भने घट्यो । कोभिडको सङ्क्रमणले सताइरहेको आर्थिक वर्ष २०/२१ मा २६ सय ७१ जना पुरुष र ५ सय ७२ महिला गए । गत आर्थिक वर्ष २१/२२ मा ५ हजार ५ सय ८७ जना पुरुष र एक हजार ४ सय ७३ जना महिला गए । यति नै सङ्ख्यामा श्रम स्वीकृति नलिई जानेहरू पनि छन् । खासगरी युरोप जानेहरू श्रमस्वीकृतिबिना उडिरहेका छन् ।

वैदेशिक रोजगारमा महिला जाने जिल्लामा मकवानपुर १० नम्बरमा पर्छ । एक दशकअगाडिसम्म मकवानपुर महिला बेचबिखनको उच्च जोखिममा रहेको जिल्ला पर्दथ्यो । शिक्षाको पहुँचमा नपुगेका महिलाहरूलाई भारत पुऱ्याइन्थ्यो । अहिले भने वैधानिक माध्यमबाट खाडी तथा

मलेसियाका औपचारिक क्षेत्रमा काम गर्न जानेहरूको सङ्ख्या बढिरहेको भेटिन्छ । यसरी खाडी तथा मलेसियामा पुग्नेहरूको रोजगारी विविधतायुक्त देखिन्छ । खाडीमा व्यवसाय गर्नेहरू पनि भेटिन्छन् । अहिलेको घरपरिवार खाडी तथा मलेसियामा कमाएकाहरूबाट पठाएको रेमिट्यान्सबाट नै चलिरहेको छ । नेपालको जीवनस्तर सर्वेक्षण अनुसार तराईमा प्रत्येक ३ परिवारमा २ र पहाड तथा हिमालमा प्रत्येक २ परिवारमा १ ले विप्रेषण प्राप्त गर्ने गरेको देखाएको छ । यसरी हेर्दा नेपालका घरधुरी मध्ये ५५.८ प्रतिशत घरधुरीले विप्रेषण प्राप्त गर्ने गर्दछन् । यो तथ्याङ्क हेटौडासँग पनि नजिक हो । नेपालको गरिबीको दरलाई तल झार्ने विभिन्न कारणमध्ये विप्रेषणलाई एउटा प्रमुख कारणका रूपमा हेरिएको छ ।

श्रम जनशक्ति व्यवस्थापनको हिसाबले हेर्दा हेटौँडा उपमहानगरपालिका दोहोरो दबाबमा छ । एकातर्फ यहाँ रहेको जनशक्तिलाई सिपयुक्त बनाउनु छ । स्थानीय बजारलाई आवश्यक पर्ने जनशक्ति उपलब्ध गराउनु छ भने अर्कातर्फ वैदेशिक रोजगारबाट फर्किएका युवालाई पुनर्एकीकरण गरेर यही नै व्यवस्थापन गर्नुपर्ने अवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७५ ले वैदेशिक रोजगार सम्बन्धमा स्थानीय सरकारलाई अधिकार तथा जिम्मेवारी प्रदान गरेको छ । जसअनुसार तथ्याङ्क सङ्कलन, सूचना प्रवाह र तालिम एवं स्वदेश फर्कने श्रमिकको पुनर्स्थापना गरी तीन समूहमा वर्गीकरण गरिएको छ ।

**तथ्याङ्क**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा तोकिएको ग्रामीण र सहरी प्रोफाइल तयारी कार्यविधि, २०७४ अनुसार गाउँ /नगरपालिका प्रोफाइल तयार गरेको छ । जसमा वैदेशिक रोजगारीमा संलग्न श्रमिकहरू र उनीहरूबाट आर्जित विप्रेषणको बारेमा पनि समेटिएको छ । केही गाउँपालिका तथा नगरपालिकाहरूले अलग्गै वैदेशिक रोजगारी प्रोफाइल पनि तयार गरेका छन् । जसमा आआफ्नो क्षेत्रबाट वैदेशिक रोजगारीमा जानेको विवरण, तालिमप्राप्त श्रमिकको विवरण, वैदेशिक रोजगारीको कारणले सिर्जित सामाजिक लागतको विषयलाई सम्बोधन गरिएको छ । यस्ता जानकारीमूलक सामग्रीहरू नीति निर्माण गर्न तथा आप्रवासी परिवारहरू लक्षित कार्यक्रमहरू सञ्चालन गर्न उपयोगी हुने अपेक्षा गरिएको छ । तर सङ्कलित सूचना र तथ्याङ्कहरूलाई परस्परमा तुलनायोग्य बनाउन र प्रदेश तथा राष्ट्रिय स्तरमा समरूप तथ्याङ्क एकीकृत गर्न सकिने बनाउन स्थानीय तहमा प्रयुक्त आधार अङ्कहरूको स्तरीकरण, फाराम तथा सूचना सङ्कलन विधिमा विशेष ध्यान दिनुपर्छ । त्यसैगरी प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत व्यवस्था गरिएको रोजगार व्यवस्थापन सूचना प्रणालीको माध्यमबाट बेरोजगार जनसङ्ख्याको तथ्याङ्क सङ्कलन गर्न प्रारम्भ गरिएको छ । विदेश जाने र स्वदेश फर्कने श्रमिकको तथ्याङ्क सङ्कलन गर्न हाल सञ्चालनमा रहेका एकै प्रकारका सूचना प्रणालीलाई सहकार्यात्मक बनाउन सकिन्छ ।

**सूचना प्रवाह**

रोजगार सेवा केन्द्रको व्यवस्थापन तथा सञ्चालन स्थानीय सरकारको कार्यक्षेत्रभित्र पर्दछ । रोजगारी सिर्जना तथा व्यवस्थापनमा सहजीकरण गर्ने उद्देश्यले ७५३ वटै स्थानीय तहहरूमा रोजगार संयोजक नियुक्त गरी सेवा प्रवाह भैरहेको छ । केही स्थानीय तहहरूले वैदेशिक रोजगारीलाई सुरक्षित,

मर्यादित र व्यवस्थित गर्ने उद्देश्यले सामाजिक अभियन्ताहरूसँगको सहकार्यमा आप्रवासन स्रोत/सूचना केन्द्र मार्फत सूचना तथा आवश्यक सेवा प्रवाह पनि गर्दै आएका छन् । आन्तरिक तथा वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूबाट रोजगारीको भावी योजनाबारे निर्णय लिनुपूर्वको अवस्थादेखि स्वदेश फिर्ती भएपछिसम्मका अधिकांश विषयहरू अन्तरसम्बन्धित छन् । यो तथ्यलाई दृष्टिगत गरेर आप्रवासी स्रोत/सूचना केन्द्रहरू तथा रोजगार सेवा केन्द्रहरूबिचको सुदृढ समन्वय र एकीकरणका लागि अन्तरआबद्धता तथा सहकार्यलाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।

## सिपमूलक तालिम

सरकारले सिप विकासलाई उच्च प्राथमिकतामा राखेको छ । प्रतिस्पर्धात्मक क्षमतासहितका सिपमूलक जनशक्ति विकास गरी वैदेशिक रोजगारीका लाभलाई अधिकतम बनाउनु आवश्यक छ । हेटौँडाका उद्योगहरूले स्थानीय स्तरमा दक्ष जनशक्ति पाइरहेका छैनन् । यहाँका कामदारले रोजगारी पाइरहेका छैनन् । यो खडाललाई पुर्ने जिम्मेवारी यस उपमहानगरपालिका नै हो । उपमहानगरपालिकाले वैदेशिक रोजगार बोर्ड र राष्ट्रिय सिप परीक्षण बोर्डको समन्वयमा वैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरूको निःशुल्क रूपमा सिप परीक्षण हुने व्यवस्था मिलाउनुपर्छ । प्रदेशमा मताहातमा हेटौँडा- ८ कमानेमा रहेको सिप विकास केन्द्रसँग पनि समन्वय गर्न सकिने अवसर छ । वैदेशिक रोजगार बोर्डले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र राष्ट्रिय सिप परीक्षण समितिसँगको सहकार्यमा वार्षिक १५ हजार जनालाई १३ प्रकारका क्षेत्रहरूमा निःशुल्क तालिम प्रदान गर्ने लक्ष्य राखेको छ । सिपमूलक तालिम वैदेशिक र आन्तरिक रोजगारी दुबैका लागि प्राथमिकताको विषय हो । स्थानीय तहले तालिम लिन इच्छुक व्यक्तिलाई सहज रूपमा तालिम लिन सक्ने गरी पर्याप्त स्रोतको सुनिश्चितता गर्नु पर्दछ । वैदेशिक रोजगारीमा जान इच्छुक श्रमिकलाई लक्षित गरी प्रदान गरिने तालिम गन्तव्य मुलुकका रोजगारदाताबाट मान्यता प्राप्त हुनसके श्रमिकको लागि अझ लाभदायी हुन्छ । स्थानीय तहमा अन्तर्राष्ट्रिय स्तरको सिपमूलक तालिम प्रदान गर्ने संस्थाहरूको संस्थागत क्षमता विकास नभएसम्म वा वैदेशिक रोजगारीको लागि उपयुक्त तालिम उपलब्ध नभएको खण्डमा गाउँपालिका वा नगरपालिका तथा आप्रवासी स्रोत केन्द्र/रोजगार सेवा केन्द्रहरूले इच्छुक प्रशिक्षार्थीलाई उपयुक्त सङ्घीय वा प्रादेशिक तालिम केन्द्रमा सिफारिस पनि गर्न सक्ने छन् ।

श्रमिकहरूमा पर्याप्त जानकारीको अभाव तथा अन्तरनिकाय समन्वयको कमीले गर्दा सिप विकास र त्यसको व्यवस्थापन चुनौतीपूर्ण नै रहन्छ । श्रम आप्रवासन सन्दर्भमा भने श्रम उत्पत्ति र गन्तव्य मुलुकबिचको सिप विकासमा सहकार्यको कमीले यसमा थप जटिलता रहेको छ ।

## स्वदेश फर्कने श्रमिकको पुनर्स्थापना

श्रम आप्रवासन अस्थायी प्रकृतिको छ । जस्तो : सन् २०१८/१९ मा ९५ प्रतिशतभन्दा बढी श्रमिकको करार सम्झौता २ वर्षको थियो । श्रमिकहरू पटक पटक दोहोऱ्याएर वैदेशिक रोजगारीमा गए पनि काम गर्ने उमेरमा नै नेपाल फर्किने हुनाले वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरूको लागि विस्तृत आर्थिक र सामाजिक पुनर्एकीकरण रणनीतिको आवश्यकता देखिन्छ । स्वदेश फर्किएका श्रमिकहरूमध्ये ७५ प्रतिशतभन्दा बढी अनौपचारिक क्षेत्रमा संलग्न रहेका देखिन्छन् । भारतबाट फर्किएका मध्ये ८६ प्रतिशत

अनौपचारिक क्षेत्रमा संलग्न रहेका छन् भने अन्य मुलुकहरूबाट फर्कने श्रमिकको हकमा ३१ प्रतिशत मात्र अनौपचारिक क्षेत्रमा संलग्न रहेको पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरू उच्चतम रोजगारीको क्षेत्रहरू मध्ये निर्माण व्यवसाय (२८.४ प्रतिशत), कृषि, वन र मत्स्यपालन व्यवसाय (२० प्रतिशत), थोक र खुद्रा व्यापार, मोटर तथा मोटर साइकलको मर्मत व्यवसाय (१४ प्रतिशत) मा संलग्न रहेको देखिन्छ। केही स्थानीय तहहरूले स्वदेश फर्किएका श्रमिकहरूका लागि आफ्नो तवरबाट पुनर्स्थापनासम्बन्धी केही लघु कार्यक्रम सञ्चालन गरेको पाइए तापनि वैदेशिक रोजगारीबाट स्वदेश फर्केका श्रमिकको पुनर्स्थापनाका लागि भने उल्लेखनीय कार्य अझै सुरु हुन सकेको छैन । हेटौँडा उपमहानगरपालिकाले वैदेशिक रोजगार बोर्डसँग समन्वय गरी पुनर्एकीकरण सम्बन्धी योजना तयार गर्नुपर्ने आवश्यकता देखिएको छ । यस उपमहानगरपालिकाले वैदेशिक रोजगारबाट स्वदेश फर्केर उद्यमशील क्रियाकलापमा संलग्न उत्कृष्ट उद्यमीलाई सम्मान गर्ने कार्यक्रम ल्याइनु पर्छ।

*(कान्तिपुर दैनिकसँग आबद्ध कार्की श्रम तथा आप्रवासन क्षेत्रमा कार्यरत छन् । खाडीमा स्थलगत रिपोटिङ गरेका कार्कीको आप्रवासनसँग सम्बन्धीत लेखिएको सनैया पुस्तक प्रकासित छ।)*

**स्थानीय सरकार सञ्चालन ऐन, २०७५ ले वैदेशिक रोजगार सम्बन्धमा स्थानीय सरकारलाई अधिकार :**

| तथ्याङ्क सङ्कलन | सूचना प्रवाह र तालिम | स्वदेश फर्कने श्रमिकको पुनर्स्थापना |
|---|---|---|
| रोजगार तथा बेरोजगार श्रम शक्तिको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणाली स्थापना, | रोजगार सूचना केन्द्रहरूको सञ्चालन र व्यवस्थापन, | स्वदेश फिर्ता भएका श्रमिकको सामाजिक पुनर्स्थापना, |
| स्थानीय तहमा उपलब्ध घरेलु श्रमिक तथा विदेशी श्रमिकको सूचना सङ्कलन तथा व्यवस्थापन, | वैदेशिक रोजगारीमा जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता तथा सिपविकास तालिम संचालन, | वैदेशिक रोजगारीको क्रममा सिकेका ज्ञान, सिप र उद्यमशीलताको स्वदेशमा प्रयोग, |
| विभिन्न विषय र क्षेत्रका विज्ञहरूको तथ्याङ्क सङ्कलन र व्यवस्थापन, | | |
| सुरक्षित वैदेशिक रोजगार, वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकको सूचना र तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन, | | |
| बेरोजगार जनसङ्ख्याको अभिलेख व्यवस्थापनसँग सम्बन्धित अन्य क्रियाकलापहरू | | |

# हेटौँडा नगरको शैक्षिक अवस्था, अवसर र सम्भावना

देवप्रसाद श्रेष्ठ र बद्रीबहादुर पाठक

## १. भूमिका

शिक्षा विकासको प्रक्रिया समय, स्थान, अवस्था र शिक्षाक्षेत्रमा सेवा गर्ने व्यक्तिहरूको सक्रियतामा निरन्तर अगाडि बढिरहन्छ। हाम्रो परम्परागत शिक्षा घरपरिवारबाट सुरु भई गुरूकुल हुँदै समयक्रममा औपचारिक प्रणालीमा आएको हो । विभिन्न स्थानमा भएको शिक्षा विकास क्रमसँगै मकवानपुर जिल्लामा संवत् २००४ सालमा भीमफेदी आधार स्कुल स्थापना भएपछि औपचारिक शिक्षाको सुरुवात भएको मान्न सकिन्छ । उक्त आधार स्कुलको पहिलो प्रधानाध्यापक टङ्कनाथ पराजुली रहनुभएको थियो भने विद्यालय स्थापना भएको हिसाबले हेर्दा जिल्लामा औपचारिक शिक्षण संस्थामा पठनपाठन थालनी भएको ७५ वर्ष पूरा भइसकेको छ। यस अवधिमा विद्यालय शिक्षाको क्षेत्रमा धेरै उतार चढाव, परिवर्तन र सुधार भई आजको अवस्थामा आएको छ । त्यसवेलासँग तुलना गर्दा मकवानपुर जिल्लाको विद्यालय शिक्षामा उल्लेख्य फड्को मारेको छ भने उच्च शिक्षा प्राप्त गर्ने सबालमा हाल दर्जन जति शैक्षिक संस्था स्थापना भई क्रियाशील छन्। राणाकाललाई कालरात्रि भनिए पनि औपचारिक शिक्षा सुरुवात यही समयबाट भएको थियो। राणाकाल, पञ्चायत काल, बहुदलीय प्रजातन्त्र हुँदै हाल सङ्घीय शासन प्रणालीमा आइपुग्दा शिक्षाको प्रशासनिक संरचनासहित जिम्मेवारीमा समेत व्यापक परिवर्तन आएको छ। नेपालको संविधान २०७२ ले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेसँगै तीनै तहका सरकारको अधिकार संविधानको अनुसूचीमा व्यवस्था भएको छ । संविधानको उक्त व्यवस्थाबमोजिम सङ्घीय शासन प्रणालीमा आइपुग्दा विद्यालय शिक्षालाई स्थानीय तहको जिम्मेवारीभित्र राखिएको छ। यसै सन्दर्भमा स्थानीय तहले विद्यालय शिक्षाको जिम्मेवारी प्राप्त गरिसके पछि हेटौँडा उपमहानगरको शिक्षा विकासको विगत, वर्तमान अवस्था, अवसर र सम्भावनाहरूलाई केही रूपमा भए पनि उजागर गर्ने प्रयासमा केन्द्रित रही यो लेख तयार गरिएको छ।

## २. हेटौँडामा शिक्षाको सुरुवात

विक्रम संवत् २०११ सालभन्दा अगाडि हेटौँडामा रहेको पिपलबोट वरपर केही झिँगटीका घरहरू रहेकोमा त्यसै साल चिसापानी गढी, भीमफेदी, धोर्सिङलगायतका बस्तीमा बाढी पहिरोले क्षति पुऱ्याएपश्चात् हेटौँडा वरपरका घना जङ्गल फँडानी गरी बस्ती बस्ने क्रम सुरु भई क्रमशः घरहरू बढेका स्थानीय अग्रजहरु बताउनुहुन्छ । संवत् २०११ सालदेखि नै हेटौँडादेखि नारायणघाटसम्मको बाटो खन्न र अमलेखगन्जबाट हेटौँडासम्मको बाटो फराकिलो पार्न अमेरिकी सहयोग नियोगले काम थालनी गरेपछि र फँडानी गरिएका जङ्गलका रूखहरू चिर्न संवत् २०१३ मा ठुलो समिल स्थापनापश्चात् हेटौँडाको बस्ती विकास हुन थालेको अग्रज जानकारहरू बताउँछन्। विशेष गरी बाटो खन्न आएका ज्यामीहरू, मिल सञ्चालन गर्ने कामदार र बाढी पहिरोबाट विस्थापित परिवारले

हेटौँडामा बसोबास गर्न थालेपछि व्यवसाय गर्ने व्यापारीहरू पनि थपिएका थिए । यिनै परिवारका बालबच्चालाई पठनपाठन गराउन हेटौँडाका गन्यमान्य समाजसेवीहरूले संवत् २०१६ साल वैशाख १ गते स्याउलाले बारेर खरले छाएको छाप्रोमा भुटनदेवी विद्यालय स्थापना गरेका थिए । हेटौँडाको शैक्षिक इतिहासमा यो नै पहिलो विद्यालय हो । संवत् २०१७ सालमा राप्ती दुन विकास समितिले भुटनदेवी विद्यालयलाई १० बिगाहा र पुस्तकालयलाई २ बिगाहा जग्गा उपलब्ध गराएको थियो जुन भुटनदेवी विद्यालयले हाल पनि उपयोग गरिरहेको छ । हुन त भुटनदेवी विद्यालय स्थापना हुनुअगावै साबिक हटियाको भुलभुलेमा संवत् २००८ मा बालबोध स्कुल र दामन पालुङमा जनकल्याण विद्यालय स्थापना भई सञ्चालन भएको इतिहास छ । विद्यालय स्थापनाको हिसाबले संवत् २०१० मा कृष्ण मिडिल स्कुल भैँसेमा खुलेको थियो भने संवत् २०१७ साल पछि हेटौँडाको कर्रा, नवलपुर, पिप्ले, हटिया र हर्नामाडीमा पनि क्रमशः विद्यालयहरू स्थापना गरिएका थिए । तत्कालीन अवस्थामा विद्यालय सञ्चालन गर्नु भनेको ठुलो चुनौती थियो, पहिलो कुरा शिक्षक पाउन नै मुस्किल थियो भने शिक्षकलाई प्रदान गर्ने पारिश्रमिक जुटाउन ज्यादै कठिनाइ हुने थियो । संवत् २०२१ मा राजा महेन्द्र वीरविक्रम शाहको हेटौँडा आगमन हुँदा सोही माघ १८ गते भुटनदेवी विद्यालयलाई हाइस्कुलको रूपमा स्वीकृत प्रदान गरिएको हो । मकवानपुरको शैक्षिक इतिहासमा संवत् २०२२ सालमा भुटनदेवी हाइस्कुलबाट पहिलो पटक ४ जना विद्यार्थी माध्यमिक शिक्षा परीक्षामा संलग्न भई ३ जना उतीर्ण भएका थिए । हेटौँडामा उद्योग कलकारखाना र व्यवसायमा संलग्न व्यक्तिहरूलाई भुटनदेवी विद्यालयकै पहलमा रात्रि माध्यमिक विद्यालय समेत संवत् २०२७ सालमा स्वीकृति लिई केही वर्ष सञ्चालन भएको समेत अभिलेखमा भेटिन्छ । हेटौँडाको शिक्षाको अवस्था हेर्दा संवत् २०२५ सालसम्म एसएलसी परीक्षा दिन यहाँका परीक्षार्थीहरू वीरगन्ज परीक्षा केन्द्रमा जानुपर्ने थियो भने पछि वि.स. २०३२ सालमा पहिलो पटक जिल्लामा एसएलसी परीक्षा केन्द्र तोकिएको र उक्त परीक्षाको केन्द्राध्यक्ष कमल थापा रहनु भएको जानकारहरू बताउनुहुन्छ । नयाँ शिक्षा थालनी हुनुपूर्व स्थापित भएका विद्यालयमा सरकारी तवरबाट सामान्य एकमुष्ट अनुदान प्रदान गर्ने र स्थानीय स्रोतसाधन प्रयोग गर्ने गरिन्थ्यो ।

प्रवीणता प्रमाणपत्र तहदेखि माथिल्लो तहको शिक्षाप्राप्त गर्ने सबालमा हेटौँडाबासीलाई संवत् २०३७ मा मकवानपुर बहुमुखी क्याम्पस स्थापना भएपछि अवसर प्राप्त हुन गएको हो । उच्च शिक्षातर्फ फरेस्ट्री अध्ययन गर्न फरेस्ट्री क्याम्पस स्थापना भएपछि हेटौँडाभन्दा बाहिरका विद्यार्थीको पनि पठनपाठन हुने स्थलको रूपमा हेटौँडालाई चिनिन थालेको भन्न सकिन्छ । राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८- ०३२ कार्यान्वयनमा आएपछि शिक्षामा नयाँ ढङ्गले सुधार भएको भन्न सकिन्छ । उक्त योजनाले शिक्षाको उद्देश्यसहित संरचना पाठयक्रम, मूल्याङ्कन र शिक्षक व्यवस्था लगायत विविध विषयमा परिवर्तन ल्यायो । विद्यालय शिक्षामा सरकारी लगानी र व्यवस्थापनको जिम्मेवारी स्वीकार गरिनु शिक्षाक्षेत्रमा एउटा फड्को नै मान्न सकिन्छ । मकवानपुरको शिक्षा विकासको क्रमलाई हेर्दा संवत् २००४ देखि संवत् २०२८ सम्म शिक्षाको सुरुवाती समय, नयाँ शिक्षा योजनादेखि संवत् २०४६ सम्मको अवधिमा सामुदायिक विद्यालयसँगै अङ्ग्रेजी शिक्षा र प्रतिस्पर्धाका लागि निजी विद्यालय स्थापना भएको र उच्च शिक्षाको लागि

ढोका खुलेको अवधि, बहुदलीय प्रजातन्त्रदेखि २०७२ सम्म मकवानपुरको शिक्षामा प्रतिस्पर्धा र उत्कृष्टताका लागि विशेष पहल भएको अवधि र संवत् २०७४ देखि शिक्षामा स्थानीय तहहरूबाट व्यवस्थापकीय सुरुवात भएको अवधिको रूपमा लिन सकिन्छ । यी सबै अवधिहरूको आआफ्नै विशेषता र योगदान रहेको मान्न सकिन्छ ।

### ३. तत्कालीन शिक्षा र अवस्था

तत्कालीन समयमा स्थापित भएका शैक्षिक संस्थामा विद्यालय भवन, बसाइका सामग्री र स्टेसनरीका लागि कुनै स्रोत नहुँदा चन्दादाता र विद्यार्थीमा मात्र भर पर्नुपर्ने अवस्था रहेको त्यस समयका जानकारहरू बताउनुहुन्छ । विद्यालयमा काम गर्ने शिक्षकमा त्यागका साथै सामाजिक भावना हुनुपर्दथ्यो । सरकारले स्वीकृत गरेको एक जना प्राथमिक शिक्षक भएको विद्यालयमा वार्षिक रू ११००।- सरकारी अनुदान प्राप्त हुने गर्दथ्यो । मिडिल र हाइस्कुलमा पढाउने शिक्षकलाई स्थानीय स्रोतबाट रकम व्यहोर्नु पर्ने अवस्था थियो । विशेष गरी अङ्ग्रेजी, गणित र विज्ञान पढाउने शिक्षक पाउन ज्यादै मुस्किल पर्ने र पाइहाले पनि स्रोत अभावका कारण विद्यालयमा राख्न कठिनाइ पर्ने अवस्था थियो । विद्यालय भौतिक सुधार व्यवस्थापन र शिक्षक तलबभत्ताको लागि विद्यालय सञ्चालक र शिक्षकबिच तनाव जस्तै भइरहने अवस्था आइरहन्थ्यो । हेटौँडा बसोबास भई तत्कालीन समयमा काठमाडौँमा पठनपाठन गर्ने विद्यार्थीहरूको दुई महिना हिउँदे बिदा हुँदा स्वंयसेवकको रूपमा चियाखाजाको शुल्क लिई माथिल्लो कक्षामा पढाउन समेत लगाइने गरिएको थियो । विशेष गरी स्थानीय बासिन्दाले शिक्षामा सकेको सहयोग र विद्यार्थीबाट प्राप्त हुने चन्दाबाट विद्यालय सञ्चालनमा सहयोग हुन भएकोले तोकिएको पारिश्रमिकभन्दा पनि उठेको रकमको आधारमा शिक्षकलाई रकम उपलब्ध गराउने प्रचलन थियो । तत्कालीन शिक्षामा नैतिक चरित्र अनुशासन, इमान्दारिता र राष्ट्रप्रेम महत्त्वपूर्ण पक्ष मानिएका थिए । विद्यालय स्थापना र काम गराइका हिसाबले हेर्दा दामनको जनकल्याण हाइस्कुलमा स्व. रूपचन्द विष्टले जुझारू चेतना भएका र स्वावलम्बी शिक्षा प्रदान गर्नु कदरयोग्य कार्य मान्न सकिने रहेछ । शिक्षा प्राप्त गर्ने सबालमा पारिवारिक सहजतालाई पनि मूल रूपमा मानिएको थियो । कमजोर आर्थिक तथा सामाजिक अवस्था भएका परिवारका बालबालिकालाई शिक्षा प्राप्त गर्न कठिनाइ थियो । शिक्षा विकासको क्रममा राष्ट्रिय शिक्षा पद्धतिको योजनालाई एउटा कोसेढुङ्गा मानिन्छ । उक्त योजनाले शिक्षालाई राज्यको दायित्वभित्र स्वीकार गरी त्यसै अनुसारका कार्यहरू अगाडि बढाई शैक्षिक संस्था स्थापना र विकास गरेको पाइन्छ ।

### ४. हेटौँडा नगरको विद्यमान अवस्था र त्यसको विश्लेषण

शिक्षा विकास तथा समन्वय एकाइ तथा हेटौँडा उपमहानगरपालिका शिक्षा महाशाखाबाट प्राप्त शैक्षिक तथ्याङ्क २०७९ अनुसार मकवानपुर जिल्लामा सामुदायिक तर्फ ५११ र संस्थागततर्फ ७३ विद्यालय गरी जम्मा ५८४ रहेकोमा हेटौँडा उपमहानगरपालिकाभित्र सामुदायिक ९० र संस्थागततर्फ ४७ गरी कूल १३७ विद्यालय सञ्चालनमा रहेका छन् । जिल्लामा कक्षा १२ सम्म अध्ययन गर्ने जम्मा १,१८,७२९ छात्रछात्रा रहेकोमा नगरभित्रका विद्यालयमा ५०,३७४ छात्रछात्रा अध्ययनरत छन् यसरी हेर्दा विद्यालय शिक्षामा जिल्लाको कुल विद्यार्थीको ४३ प्रतिशत हिस्सा हेटौँडा नगरका विद्यालयले ओगटेको अवस्था छ । त्यस्तै गरी सामुदायिकतर्फ जिल्लामा कुल १९२८ शिक्षक दरबन्दीमध्ये हेटौँडा नगरभित्रका

विद्यालयमा ६४४ रहेका छन् भने शिक्षक अनुदानतर्फ जिल्लाभर कुल ९०६ रहेकोमा नगरभित्र २०९ जना कार्यरत छन् । जिल्लाभर माध्यमिक शिक्षा परीक्षामा सहभागी १३८ विद्यालयमध्ये ५८ वटा विद्यालय (सामुदायिक तथा संस्थागत) हेटौँडा नगरभित्र रहेका छन् । यसरी हेर्दा जिल्लाका १० स्थानीय तहमध्ये विद्यालयको शिक्षाको झन्डै ४० प्रतिशत भार हेटौँडा उपमहानगरले बोकेको छ भन्न सकिन्छ । उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरूको हकमा हेर्दा मकवानपुर बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय र कृषि वन विश्वविद्यालयका आङ्गिक वन विज्ञान अध्ययन संस्थान, हेटौँडा क्याम्पस, हेटौँडा स्कुल अफ म्यानेजमेन्ट, हेटौँडा सिटी कलेज, वंशगोपाल बहुमुखी क्याम्पस, नारायणी कलेज, जनप्रिय बहुमुखी क्याम्पस, निर्मल बहुमुखी क्याम्पसलगायत दर्जनभन्दा बढी संस्था सञ्चालनमा छन् । उच्च शिक्षामा स्नातकोत्तर तहसम्मको पठनपाठन हुने यी शैक्षिक संस्थामा हाल २० हजारभन्दा बढी विद्यार्थी अध्ययन गर्दछन् । त्यस्तै गरी प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा परिषद्बाट सम्बन्धन प्राप्त गरी केही वर्ष अघिदेखि नै नारायणी नर्सिङ्ग कलेज र मकवानपुर टेक्निकल इन्टिच्युटबाट ल्याब टेक्निसियनका कक्षा सञ्चालन भैरहेका छन् । भारत सरकारको सहयोगमा नेपाल भारत मैत्री प्राविधिक शिक्षालय निर्माणाधीन रही हाल केही विषयका प्राविधिक धारका कक्षाहरू सञ्चालित छन् भने सामुदायिक विद्यालयमा समेत प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा परिषद्बाट अनुमति लिई १८ महिने र ३ वर्षे डिप्लोमा कक्षा सञ्चालन भैरहेका छन् । हेटौँडा उपमहानगरपालिका हुनुपूर्व हेटौँडा नगर र तत्कालीन हर्नामाडी, हटिया, चुरियामाई, पदमपोखरी र बसामाडी गाँउ विकास समितिहरूका सबै विद्यालयमा करिब ३१००० विद्यार्थी रहेकोमा दोस्रो मधेश आन्दोलनपश्चात् मधेशका बारा, पर्सा र रौतहटका नागरिकको समेत रोजाइमा हेटौँडा नगरभित्रका शैक्षिक संस्थाहरू पर्न गएका छन् । हाल हेटौँडाका सामुदायिक तथा संस्थागत विद्यालयमा ३५ देखि ४० प्रतिशत विद्यार्थी बाहिरी छिमेकी जिल्लाका रहेका छन् ।

### ५. शिक्षामा देखिएका अवसर र समस्याहरू

शिक्षामा विगतको अवस्थादेखि हालसम्म आइपुग्दा बालबालिकाको उल्लेख्य रूपमा पहुँच बढेको छ । विशेषगरी शिक्षामा छात्रा सहभागिता ज्यादै खुसीलाग्दो पक्ष रहेको छ भने तुलनात्मक रूपमा टिकाउ दरमा सुधार आएको छ । सरसर्ती हेर्दा हेटौँडा नगरभित्र मात्र नभई जिल्लाभित्रमा नै दिवाखाजा, बालबालिकालाई शिक्षा प्रदान गर्ने अभिभावकको चेतनास्तर र शैक्षिक संस्थाको पहुँचको हिसाबले राम्रो अवसर प्राप्त भएको मान्न सकिन्छ । हालैका वर्षहरूमा मधेश प्रदेशका केही जिल्लाका अभिभावक र विद्यार्थीको आकर्षणको केन्द्र बन्दै आइरहेको हेटौँडाका शैक्षिक संस्थालाई अझै उपयुक्त व्यवस्थापन गर्न सकेमा शैक्षिक हब बनाउन सकिने कुरामा द्विविधा छैन । उच्च शिक्षा अध्ययनतर्फ हेर्दा मकवानपुर जिल्लाका भन्दा बाहिरी जिल्लाका विद्यार्थीको रोजाइको केन्द्र बनेको हेटौँडाका विभिन्न क्याम्पसहरूमा शैक्षिक प्रतिस्पर्धा एकदमै बढेको देखिन्छ । विभिन्न सङ्कायतर्फ विद्यार्थीले उत्कृष्टता समेत प्राप्त गरेका छन् । विद्यालय शिक्षाको व्यवस्थापकीय जिम्मेवारी स्थानीय तहभित्र प्राप्त भइसकेपछि नगर शिक्षा ऐन जारी गरी कार्यान्वयनमा ल्याउनु, स्थानीय तहको कक्षा १ देखि ३ सम्मको पाठ्क्रम तयार गरी कार्यान्वयनमा ल्याउनु, शिक्षकहरूको तलबभत्ता मासिक रूपमा निकासा गरिनु, केही पक्षमा भए पनि दरबन्दी मिलानको काम थालनी

गर्नु र लामो समय कार्यरत रहेका स्थायी शिक्षकलाई स्वर्णीम अवसर दिई स्वैच्छिक अवकासको लागि वातावरण दिनु हाल हेटौँडा उपमहानगरबाट थालनी गरिएका सकारात्मक कार्यहरू मानिएको छ।

नगरपालिकामा असङ्ख्य अवसर र सम्भावना हुदाँ हुदै पनि शिक्षा विकासमा केही ज्वलन्त समस्याहरू रहेका छन् विशेष गरी नगरको शिक्षा विकाससम्बन्धी दीर्घकालीन सोच निर्माण हुन नसक्नु, जनप्रतिनिधिले शिक्षा विकासभन्दा भौतिक विकास तथा बाटोघाटो निर्माणमा जोड दिनु, भूकम्पपश्चात् निर्मित विद्यालय भवनको मर्मतसम्भारको लागि आर्थिक स्रोत नछुट्याइनु वा मर्मत कोष नहुनु, शिक्षकको क्षमता विकास र सहयोगका कार्यक्रमहरू सञ्चालन हुन नसक्नु, व्यवस्थापन समिति गठन र प्रधानाध्यापक नियुक्तिमा राजनीतिकरण गरिनु, सामुदायिक शैक्षिक संस्थामा अभिभावकको चासो तथा अपनत्व कम हुनु समस्याका रुपमा रहेका छन् । हेटौँडा उपमहानगरको हालको भौगोलिक अवस्था हेर्दा अत्यन्तै सुगमदेखि विकटसम्मको स्थान रहेको अवस्थामा सदरमुकामभन्दा बाहिर स्थानमा शिक्षक व्यवस्थापन र टिकाउ पनि समस्याकै रुपमा देखिन्छ। विद्यालय र विद्यार्थीको पहुँच बढे पनि गुणस्तरका दृष्टिले सन्तोष मान्न सकिने स्थान छैन अघिल्ला वर्षका माध्यमिक शिक्षा परीक्षाको नतिजालाई हेर्ने हो भने केही सामुदायिक विद्यालयबाहेक अन्य विद्यालयको नतिजा कमजोर नै रहेको देखिन्छ। संस्थागत विद्यालयहरूमा बाहिरी जिल्लाका विद्यार्थीका कारण पनि अधिक चाप बढेको देखिन्छ। शैक्षिक संस्थामा उपलब्ध स्रोत साधनको परिचालन र व्यवस्थापनमा कमजोरीहरू छरपस्ट देखिन्छन्। शैक्षिक संस्थामा उचित दण्ड र पुरस्कारको व्यवस्था मिलाउन सकिएको छैन । विद्यालयमा छात्रामैत्री शौचालयको प्रयोग र हरियाली वातावरण ज्यादै कमजोर देखिएका छन्। विद्यालयको शिक्षण सिकाइ प्रविधिमैत्री बनाउन व्यवहारमा ठोस कार्यान्वयन गराउन सकिएको छैन। यति हुँदा हुदै पनि हेटौँडा नगरभित्रको शिक्षा तुलनात्मक प्रतिस्पर्धा र अभिभावकको रोजाइ बनेको अवस्था छ । सामुदायिक विद्यालयले अभिभावकको विश्वास आर्जनको प्रयास गरेका छन्।

### ६. भावी दिशा वा सम्भावना

नगरपालिकाले शिक्षामा अपनत्व लिन सकेन भन्ने आम शिक्षाकर्मीको गुनासो रहेको सन्दर्भमा विशेष गरी शिक्षा रूपान्तरणका लागि चिन्तन मनन र विज्ञको सुझाव लिई दीर्घकालीन विकासको योजना तर्जुमा गर्नु पहिलो कार्य हुन आउँछ । हेटौँडा उपमहानगरभित्र शिक्षा विकासको सम्भावना हेर्दा यसलाई शैक्षिक हव बनाउन सकिने उपयुक्त वातावरण रहेको कुरालाई नकार्न सकिन्न। छिमेकी तराईका जिल्लाभन्दा शीतल हावापानी र उपत्यकाको जस्तो चिसो नभई न्यानो वातावरण तथा जुनकुनै स्थानबाट पनि सहज पहुँच भएकोले हेटौँडा शिक्षा विकासका लागि उपयोगी स्थान हुन सक्दछ । हाल नगरका सामुदायिक स्कुलमा नगरभित्रका विद्यार्थी थोरै मात्र पढ्छन् भन्दा हामी छक्क पर्छौं होला तर वास्तविकता यही भएकोले यहाँका जनप्रतिनिधि र शिक्षा क्षेत्रमा कार्यरत जनशक्तिले शिक्षा विकास र विद्यालयको व्यवस्थापनमा अत्यन्तै ध्यान दिनु जरुरी छ।

हेटौँडा नगरपालिकाभित्रका विद्यालयको अवस्था र स्थानअनुसार पुनः नक्साङ्कन गरी आवश्यक्ता अनुसार विद्यालय गाभेर (BIG School) ठुला विद्यालय स्थापना गर्नु अहिलेको टड्कारो आवश्यक्ता देखिन्छ भने नगरको भौगोलिक

अवस्थाअनुसार दुर्गम वा सदरमुकामबाट टाढा कार्यरत शिक्षक कर्मचारीका लागि प्रोत्साहन र चक्रीय प्रणालीमा सरूवा गर्ने व्यवस्था गरिनु सुधारको अर्को पाटो हुन सक्छ । नगरको शिक्षा विकाससम्बन्धी दीर्घकालीन सोच तथा योजना निर्माण गर्नु, विद्यालय भवनको मर्मत सम्भारको लागि मर्मत कोष व्यवस्था गर्नु, शिक्षकको क्षमता विकास र सहयोगका कार्यक्रमहरू सञ्चालन गर्नु, व्यवस्थापन समिति गठन र प्रधानाध्यापक नियुक्तिमा हाम्रो भन्दा राम्रो व्यक्तिलाई प्राथमिकता दिनु, शैक्षिक संस्थामा अभिभावकको चासो र अपनत्व बढाउने उपाय खोजी गर्नु, पठनपाठन सुधार र नतिजा बढाउन उपाय खोज्नु, सामुदायिक र संस्थागत विद्यालयबीच सहकार्यको वातावरण तयार गर्नु, विद्यालयमा उपलव्ध स्रोत साधनको पहिचान, परिचालन र व्यवस्थापनमा ध्यान दिनु, उचित दण्ड र पुस्कारको व्यवस्था मिलाउनु र विद्यालयको शिक्षण सिकाइ प्रविधिमैत्री बनाउन शिक्षक तालिम सहित स्रोतसाधन युक्त बनाउनु नगर पालिकाका जनप्रतिनिधि र विद्यालय व्यवस्थापन पदाधिकारी प्रधानाध्यापक र शिक्षाकर्मीको दायित्व हुन जान्छ ।

उच्च शिक्षातर्फ हाल स्थापित केही क्याम्पसहरूमा अत्याधिक विद्यार्थीको चाप भए पनि केही संस्थामा विद्यार्थी नभएको तथ्यलाई मध्यनजर गरी क्याम्पसहरुको विकास र व्यवस्थापन नयाँ तरिकाबाट सोच्न जरूरी छ । वाग्मती प्रदेशको राजधानी हेटौँडा भएको सन्दर्भमा उच्च शिक्षा सञ्चालन गर्ने कुनै एक सामुदायिक संस्थालाई पूर्वाधार पूरा गरी मानित विश्वविद्यालय बनाउन सके हेटौँडाको शैक्षिक भविष्य अझै राम्रो हुने थियो । हाल हेटौँडामा उच्च शिक्षातर्फ इन्जिनियरिङ र चिकित्सा शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाको खाँचो बढिरहेको अवस्थामा हेटौँडा उपमहानगरपालिकाकै पहलमा इन्जिनियरिङ कलेज स्थापनाको पहल हुनु र चिकित्सा शिक्षाको लागि प्रदेश सरकारबाट स्थापित मदनभण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालन गरिनु गौरवकै विषय हुन् । हेटौँडा उपमहानगरपालिकाले आफ्नो स्रोत साधन परिचालन गरी प्रदेश सरकार र सङ्घीय सरकारसँग सहकार्य समेत गरेर शिक्षा विकासको योजना र त्यसको कार्यान्वयनको लागि कार्य गरेमा अझ उपयुक्त हुन सक्दछ ।

## ७. निचोड

सुन्दर नगरी हेटौँडामा अन्य क्षेत्र जस्तै शैक्षिक क्षेत्रमा पनि पर्याप्त सम्भावनाहरू छन् । 'अवसरहरू आफै आउँदैनन् तीनलाई सिर्जना गर्नुपर्दछ' भन्ने भनाइलाई आत्मसात गरी हेटौँडा उपमहानगरले वर्तमान शैक्षिक अवस्थाको सबल, कमजोर, अवसर र चुनौतीलाई विश्लेषण गरी शिक्षामा रूपान्तरणको कार्य अगाडि बढाउन सक्दछ । यसका लागि मन, वचन र कर्मबाट जनप्रतिनिधि तथा शिक्षाकर्मीहरू लाग्न जरूरी हुन्छ । शिक्षा विकास र व्यवस्थापन नभई अन्य पक्षको दिगो विकास हुन सक्दैन । हालको कोरा घोकन्ते शिक्षामात्र नभई सिप, व्यावहारिक, स्वावलम्वी, चरित्र निर्माण र अग्रजप्रति सम्मान गर्ने शिक्षा प्रदान गर्न सबैको ध्यान जान जरूरी छ । हेटौँडा उपमहानगरले शिक्षा विकासमा अभिभावकत्व भूमिका निर्वाह गरोस् ।

**स्रोत**ः शैक्षिक तथ्याङ्क २०७९ र अन्य अभिलेखहरू

# हेटौंडा उपमहानगरपालिका अन्तर्गत गठन भएका समिति/उपसमितिको विवरण :

**१) नगर शिक्षा समिति**

क) अध्यक्ष - नगर प्रमुख श्री मीनाकुमारी लामा
ख) सदस्य - वडाध्यक्ष श्री रामकृष्ण कोइराला
ग) सदस्य - प्रमुख प्रशासकीय अधिकृत
घ) सदस्य - वडा सदस्य श्री रञ्जिता सिलवाल
ङ) सदस्य - वडा सदस्य श्री दावा लामा
च) सदस्य - कार्यपालिका सदस्य श्री ईश्वरी रसाइली
छ) सदस्य - श्री कमल विष्ट
ज) सदस्य - श्री सीता अधिकारी
झ) सदस्य - श्री नवीन के.सी.
ञ) सदस्य - शिक्षक महासङ्घको नगर अध्यक्ष
ट) सदस्य सचिव - नगर शिक्षा अधिकारी - श्री गङ्गाधर रिमाल

**२) पूर्वाधार सम्पति व्यवस्थापन अनुगमन तथा सुपरिवेक्षण समिति**

| | | |
|---|---|---|
| क) | नगर प्रमुख | संयोजक |
| ख) | पूर्वाधार विकास समिति संयोजक(१४ नं. वडा अध्यक्ष) | सदस्य |
| ग) | श्री विष्णुगोपाल महर्जन (२ नं. वडा अध्यक्ष) | सदस्य |
| घ) | श्री मनु दाहाल (१ नं. वडा सदस्य) | सदस्य |
| ङ) | सहरी पूर्वाधार विकास महाशाखा प्रमुख | सदस्य सचिव |

**३) योजना अनुगमन तथा फरफारक समिति**

क) संयोजक - नगर उपप्रमुख श्री राजेश बानियाँ
ख) सदस्य - वडाध्यक्ष श्री रामकृष्ण थापा (८ नं वडा)
ग) सदस्य - वडाध्यक्ष श्री सुकराम के.सी. (९ नं वडा)
घ) सदस्य - श्री रुकमिणी गोङ्बा (कार्यपालिका सदस्य)
ङ) सदस्य - श्री पातलीमाया गोङ्बा (कार्यपालिका सदस्य)
च) सदस्य - आर्थिक प्रशासन शाखा प्रमुख
छ) सदस्य सचिव - सहरी पूर्वाधार विकास महाशाखा प्रमुख

**४) कानुन मस्यौदा समिति**

| | | |
|---|---|---|
| क) | नगर उपप्रमुख श्री राजेश बानियाँ | संयोजक |
| ख) | वडाध्यक्ष श्री सविन न्यौपाने (१ नं वडा) | सदस्य |
| ग) | वडाध्यक्ष श्री दीपक खड्का (१४ नं वडा) | सदस्य |
| घ) | सामान्य प्रशासन महाशाखा प्रमुख | सदस्य |
| ङ) | कानुन शाखा प्रमुख | सदस्य सचिव |

**५) राजस्व परामर्श समिति**

क) संयोजक - नगर उपप्रमुख श्री राजेश बानियाँ
ख) सदस्य - प्रमुख प्रशासकीय अधिकृत
ग) सदस्य - वडाध्यक्ष श्री सविन न्यौपाने (१ नं वडा)
घ) सदस्य - श्री ईश्वरी रसाइली (कार्यपालिका सदस्य)
ङ) सदस्य - श्री प्रदीप अर्याल (उद्योग वाणिज्य सङ्घ, मकवानपुर)
च) सदस्य - श्री लेखराज पोखरेल (उद्योग सङ्घ मकवानपुर)
छ) सदस्य सचिव -राजस्व प्रशासन शाखा प्रमुख

**६) शिक्षा सुधार समिति**

क) संयोजक - नगर उपप्रमुख श्री राजेश बानियाँ
ख) सदस्य - वडाध्यक्ष श्री सुशील घिमिरे
ग) सदस्य - वडाध्यक्ष श्री दामोदर गौतम
घ) सदस्य - वडाध्यक्ष श्री फुर्वा दोर्जे लामा
ङ) सदस्य - वडाध्यक्ष श्री जुना दाहाल
च) सदस्य - वडाध्यक्ष श्री पेम्बा लामा
छ) सदस्य - वडाध्यक्ष श्री उद्धव सत्याल
ज) सदस्य - शिक्षक श्री रमेशप्रसाद लामिछाने
झ) सदस्य - शिक्षाविज्ञ श्री पुरनबहादुर जोशी
ञ) सदस्य - निवृत्त शिक्षक श्री बेली थापा
ट) सदस्य सचिव - माध्यमिक शाखा प्रमुख, शिक्षा विकास महाशाखा

**७) ट्राफिक व्यवस्थापन समिति**

क) संयोजक - नगर उपप्रमुख श्री राजेश बानियाँ
ख) सदस्य - वडाध्यक्ष श्री सविन न्यौपाने
ग) सदस्य - वडाध्यक्ष श्री विष्णुगोपाल महर्जन
घ) सदस्य - वडाध्यक्ष श्री ढलकबहादुर थापा
ङ) सदस्य - वडाध्यक्ष श्री नवीन सिग्देल
च) सदस्य - वडाध्यक्ष श्री सुकराम के.सी.
छ) सदस्य - वडाध्यक्ष श्री फुर्वा दोर्जे लामा
ज) सदस्य - प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय
झ) सदस्य - प्रतिनिधि, जिल्ला ट्राफिक प्रहरी कार्यालय
ञ) सदस्य - प्रतिनिधि, मकवानपुर उद्योग वाणिज्य सङ्घ
ट) सदस्य - अध्यक्ष, नारायणी यातायात व्यवसायी सङ्घ

ठ) सदस्य - अध्यक्ष, नारायणी यातायात कम्पनी प्रा.लि.
ड) सदस्य - अध्यक्ष, मकवानपुर सार्वजनिक यातायात प्रा.लि.
ढ) सदस्य - अध्यक्ष, नेपाल अटो ईरिक्सा व्यवसायी सङ्घ
ण) सदस्य सचिव - शाखा प्रमुख, समाज कल्याण शाखा

**८) नगर पर्यटन समिति**

क) वडाध्यक्ष श्री विष्णुगोपाल महर्जन - संयोजक
ख) कार्यपालिका सदस्य श्री मन्जु भुर्तेल - सदस्य
ग) कार्यपालिका सदस्य श्री अर्जुन राई - सदस्य
घ) नगर सभा सदस्य श्री गोपिनी सापकोटा - सदस्य
ङ) मकवानपुर उद्योग वाणिज्य सङ्घ, मकवानपुर प्रतिनिधि - सदस्य
च) होटल एसोसियसन, मकवानपुर प्रतिनिधि - सदस्य
छ) पर्यटन विज्ञहरू मध्येबाट तीन जना (एक जना महिला सहित) - सदस्य

- श्री केदार न्यौपाने, हेटौँडा २ - सदस्य
- श्री भगीरथ शर्मा, हेटौँडा २ - सदस्य
- श्री सृजना नेपाल (पत्रकार) - सदस्य

ज) सामाजिक विकास महाशाखा प्रमुख - सदस्य

**९) बाटो सार्वजनिक समिति**

क) संयोजक - वडाध्यक्ष श्री विष्णुबहादुर दाहाल
ख) सदस्य - कार्यपालिका सदस्य श्री साधना श्रेष्ठ
ग) सदस्य - कार्यपालिका सदस्य श्री वीरबहादुर बि.क.
घ) सदस्य - पूर्वाधार विकास महाशाखा प्रमुख
ङ) सदस्य - भवन अनुमति तथा कार्यान्वयन शाखा प्रमुख
च) सदस्य - जि. आई. एस. शाखा प्रमुख
छ) सदस्य सचिव - सर्भेयर/अमिन, पूर्वाधार विकास महाशाखा

**१०) पेश्की फर्छ्यौट समिति**

क) संयोजक - वडाध्यक्ष श्री अनिलकुमार बानियाँ
ख) सदस्य - कार्यपालिका सदस्य श्री शंकर राई
ग) सदस्य - कार्यपालिका सदस्य श्री रूकमिणी गोङ्वा
घ) सदस्य - पूर्वाधार विकास महाशाखा प्रमुख
ङ) सदस्य - राजस्व शाखा प्रमुख
च) सदस्य - जिन्सी शाखा प्रमुख
छ) सदस्य सचिव - आर्थिक प्रशासन शाखा प्रमुख

**११) आर्थिक विकास समिति**

| | | |
|---|---|---|
| च) | वडा अध्यक्ष श्री अनिल बानियाँ | संयोजक |
| छ) | वडा सदस्य श्री नवराज न्यौपाने | सदस्य |
| ज) | वडा सदस्य श्री रञ्जु गोङ्बा | सदस्य |
| झ) | आर्थिक विकास महाशाखा प्रमुख | सदस्य |
| ञ) | कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

**१२) संस्थागत विकास तथा सेवा प्रवाह समिति**

| | | |
|---|---|---|
| क) | वडा अध्यक्ष श्री सुनिल मुक्तान | संयोजक |
| ख) | नगर सभा सदस्य श्री विजय पौडेल | सदस्य |
| ग) | वडा सदस्य श्री बिनाकुमारी थिङ | सदस्य |
| घ) | सामान्य प्रशासन महाशाखा प्रमुख | सदस्य |
| ङ) | प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

**१३) सामाजिक विकास समिति**

| | | |
|---|---|---|
| क) | वडा अध्यक्ष श्री रामकृष्ण कोइराला | संयोजक |
| ख) | वडा सदस्य श्री गीता सुनार | सदस्य |
| ग) | वडा सदस्य श्री योगराज खतिवडा | सदस्य |
| घ) | सामाजिक विकास महाशाखा प्रमुख | सदस्य |
| ङ) | युवा, खेलकुद, संस्कृति तथा समाज कल्याण शाखा प्रमुख | सदस्य सचिव |

**१४) पूर्वाधार विकास समिति**

| | | |
|---|---|---|
| क) | वडा अध्यक्ष श्री दीपक खड्का | संयोजक |
| ख) | वडा सदस्य श्री गुरूप्रसाद ढकाल | सदस्य |
| ग) | वडा सदस्य श्री पूजा मग्राती | सदस्य |
| घ) | सहरी पूर्वाधार विकास महाशाखा प्रमुख | सदस्य |
| ङ) | योजना कार्यान्वयन तथा सार्वजनिक निर्माण शाखा प्रमुख | सदस्य सचिव |

**१५) वातावरण तथा विपद् व्यवस्थापन समिति**

| | | |
|---|---|---|
| क) | वडा अध्यक्ष श्री फुर्वा दोर्जे लामा | संयोजक |
| ख) | वडा सदस्य श्री इन्द्रप्रसाद रिजाल | सदस्य |
| ग) | वडा सदस्य श्री रन्जिता सिलवाल | सदस्य |
| घ) | सामाजिक विकास महाशाखा प्रमुख | सदस्य |
| ङ) | विपद् प्रतिकार्य, फोहोरमैला व्यवस्थापन तथा वातावरण शाखा प्रमुख | सदस्य सचिव |

**१६)　　नदीजन्य पदार्थ अनुगमन उपसमिति**

क)　संयोजकः श्री सविन न्यौपाने (१ नं. वडाध्यक्ष)
ख)　सदस्यः श्री ढलकबहादुर थापा (३ नं. वडाध्यक्ष)
ग)　सदस्यः श्री जुना दाहाल (११ नं. वडाध्यक्ष)
घ)　सदस्यः श्री नरनाथ सुवेदी (१९ नं. वडाध्यक्ष)
ङ)　सदस्यः श्री ज्ञानबहादुर श्रेष्ठ (१२ नं. वडाध्यक्ष)
च)　सदस्यः श्री दीपक खड्का (१४ नं. वडाध्यक्ष)
छ)　सदस्यः श्री सुनिल मुक्तान (१५ नं. वडाध्यक्ष)
ज)　सदस्यः श्री रामकृष्ण कोइराला (१६ नं. वडाध्यक्ष)
झ)　सदस्यः वातावरण ई. श्री चन्दा खड्का
ञ)　सदस्यः ई. श्री निकित पोखरेल
ट)　सदस्य सचिवः श्री श्यामकुमार श्रेष्ठ, राजस्व शाखा प्रमुख

**१७)　　पेस्की तथा बेरुजु फछ्र्यौट उपसमिति**

| | | |
|---|---|---|
| क) | आर्थिक प्रशासन शाखा प्रमुख | - संयोजक |
| ख) | आन्तरिक लेखा परीक्षण शाखा प्रमुख | - सदस्य |
| ग) | आन्तरिक प्रशासन तथा जनशक्ति विकास शाखा प्रमुख | - सदस्य |
| घ) | लेखापाल | - सदस्य |
| ङ) | आ.ले.प. पाँचौं | - सदस्य सचिव |

## हेटौँडा उपमहानगरपालिकाको अनुरोध !

- जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र आआफ्नो वडा कार्यालयमा गई दर्ता गरौँ। ३५ दिनभित्र घटना दर्ता गर्दा कुनै शुल्क लाग्दैन।
- घर, टोल वस्ती सफा राखौँ। स्वास्थ र सभ्य हेटौँडा उ.म.न.पा. को विकास निर्माणमा सहयोग गरौँ।
- यस उपमहानगरपालिकामा बुझाउनु पर्ने कर समययमा बुझाऊँ। तपाईँले तिरेको कर उपमहानगरपालिकाको विकास निर्माणमा प्रयोग हुने कुरमा ढुक्क हुनुहोस्।
- बाल शोषण अन्त्य गरौँ, बालबालिका मैत्री समाजको निर्माणमा सहयोग गरौँ।

# हेटौँडा उपमहानगरपालिकाको अनुरोध !

१. शान्त, सुन्दर, सुरक्षित र सामाजिक सद्भावयुक्त हेटौँडा उपमहानगरपालिका निर्माणको अभियानमा सम्पूर्ण नगरबासी मिली सहयोग गरौँ।

२. स्वच्छ र सभ्य समाजको निर्माण गरौँ।

३. घर, आँगन, चोक, सडक नियमित सरसफाई गर्ने बानीको विकास गरौँ।

४. घरअगाडि सडक, चौक, गल्लीमा फोहर कदापी नफालौँ। घरैभित्र सङ्कलन हुने फोहरहरूको समेत उचित व्यवस्थापन गरौँ। हरेक हप्ता आफ्नो टोलको सरसफाई गरौँ।

५. आफ्नो घर, पसल र कार्यालयबाट निस्केको फोहरहरूलाई स्रोतमा नै वर्गीकरण गरी कुहिने र नकुहिने फोहर छुट्याई, फोहर व्यवस्थापनमा उपमहानगरपालिकालाई सहयोग गरौँ।

६. हेटौँडा उपमहानगरपालिकालाई पूर्ण सरसफाइयुक्त बनाउन सबै एकसाथ जुटौँ।

७. सडक अनुशासन र ट्राफिक नियमको पालना गरौँ।

८. सडक र सडक पेटी अतिक्रमण गरी व्यापार व्यवसाय गर्ने, घरटहरा निर्माण गर्ने, पशु चौपाया छाडा छोड्ने र निर्माण सामाग्री थुपार्ने कार्यलाई बन्द गरी आधुनिक सभ्यताको विकास गरौँ।

# हेटौँडा उपमहानगरपालिकाको अनुरोध

## *व्यक्तिगत घटना दर्ता गरौँ*

घटना घटेको ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा गई निःशुल्क घटना दर्ता गरौँ।

### *घटना दर्ता कसले गर्ने*

- जन्म तथा मृत्युको दर्ता परिवारको मुख्य व्यक्तिले
- विवाह तथा सम्बन्ध विच्छेद घटना पति पत्नी दुवैले
- बसाइँसराइको घटना परिवार भए मुख्य व्यक्तिले र व्यक्ति भए बसाई सरी जाने व्यक्तिले।

### *समाज र राष्ट्रलाई हुने फाइदा*

- राष्ट्रिय जनसङ्ख्या नीति तर्जुमा गर्न मद्दत मिल्ने।
- शिक्षा, स्वास्थ्य तथा खानेपानी सेवा उपलब्ध गराउन मद्दत मिल्ने।
- खाद्यान्न कार्यक्रम सञ्चालन गर्न सहयोग हुने।
- आवासको व्यवस्था गर्न सहयोग हुने ।

### *व्यक्तिलाई हुने फाइदा*

- घटना दर्ताको प्रमाणलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने।
- आमा, बाबु, उमेर आदिको वैधानिक प्रमाण हुने ।
- स्कूलमा भर्ना हुनको लागि सजिलो पर्ने नागरिकता प्रमाणपत्र लिन सहज हुने।
- नाता कायम गर्न सहज हुने।
- चल अचल सम्पत्ति नामसारी गर्न सजिलो हुने।
- पति पत्नि बिच वैधानिक सम्बन्ध कायम हुने ।
- जीवन बिमा, पेन्सन, उत्पादन वा बैङ्कबाट रकम झिक्न सुविधा हुने।
- विदेश जानको लागि भिसा प्राप्त गर्न सुविधा हुने आदी।

# हेटौँडा उपमहानगरपालिकाको अनुरोध !

- लैङ्गिक हिंसा अन्त्य गरौँ ।
- बालविवाह अन्त्य गरौँ ।
- नक्सा पास गरेर मात्र घर निर्माण गरौँ ।
- जन्म, मृत्यु, विवाह  सम्बन्धविच्छेद र बसाइँसराइ जस्ता व्यक्तिगत घटना समयमानै दर्ता गरौँ ।
- बालबालिकालाई उचित माया ममता र सम्मान गरौँ र बालश्रमको अन्त्य गरौँ ।
- पूर्ण बालमैत्री उपमहानगरपालिका निर्माणमा हातेमालो गरौँ ।
- वर्सातको समयमा बाढी/पहिरोको जोखिम उच्च हुने भएकोले सजगता अपनाऔँ ।
- आफ्नो नगर सुन्दर र सफा राखौँ ।
- सबैखाले विभेद र छुवाछुत अन्त्य गरौँ।
- घरअगाडि फूल, विरुवा रोपन गरी संरक्षण गरौँ, सहरी सौन्दर्य बढाऔँ।
- विकास अभियानमा सहभागी हौऔँ।
- सामाजिक सद्भाव कायम गर्दै वञ्चितिमा परेका विपन्न परिवारलाई सहयोग गरौँ।
- खोलाखोल्सी, नदीनालालाई प्रदूषण हुन नदिन फोहोर नाला जथाभावी नमिसाऔँ।

# हेटौँडा उपमहानगरपालिका क्षेत्रमा रहेका ऐतिहासिक तथा धार्मिक पर्यटकीय स्थलहरूबारे सङ्क्षिप्त जानकारी




-विष्णुगोपाल महर्जन
संयोजक : नगर पर्यटन विकास समिति

## १. भुटनदेवी मन्दिर



भुटनदेवी मन्दिर हेटौँडा उपमहानगरपालिकाको मध्य भागमा अवस्थित एक प्रसिद्ध शक्तिपिठ हो । किंवदन्तीअनुसार महाभारतकालीन समयमा पाँच पाण्डवहरू वनबासमा रहँदा यस स्थानमा पाण्डव र हिडम्बासुर नामक राक्षससँग युद्ध भएको थियो र सो युद्धमा भीमसेनले हिडिम्बको बध गरेको र सोही हिडिम्बकी बहिनी हिडिम्बा (भुटनदेवी) लाई त्यस स्थानको जिम्मा लगाएकोमा कालान्तरमा हिडिम्बा नगरी अपभ्रंश भई हेटौँडा हुनपुगेको भन्ने जनविश्वास छ । महाभारतकालीन इतिहास बोकेको यस मन्दिरमा दैनिकजसो स्थानीय धर्मावलम्बी भक्तजन तथा आन्तरिक पर्यटकहरू आउने गर्दछन् भने हिन्दुहरूको महान चाड वडा दसैँको अवसर तथा बिसासय पूजामा धर्मावलम्बी एवम् पर्यटकहरूको भिड लाग्ने गर्दछ ।

## २. कुष्माण्ड सरोवर (१०८ गौमुखी धारा)




हेटौँडा उपमहानगरपालिकाको वडा न. ९ स्थित रत्नावती, कर्णावती र कौशवाही (चुरे पर्वतको कुशको जङ्गलबाट उत्तर बगेकी) नदीको सङ्गम स्थलमा कुष्माण्ड सरोवर अवस्थित छ । तीन नदीको सङ्गममा बसेर कुष्माण्ड भगवतीले तपस्या गरी सिद्धि प्राप्त गरेको भनी स्कन्धपुराणको हिमवत् खण्डको ७६ औँ श्लोकमा उल्लेख भएको हुँदा यस पवित्र भूमिमा कुष्माण्ड भगवतीको स्थापना गरी १०८ गौमुखी धारासहित सिसमहल र जलविहार गर्न सकिने पोखरी र आकर्षक फूलबारी निर्माण गरिएको छ । यहाँ माघ स्नान गर्ने र कार्तिक महिनामा कुभिन्डो दान गर्ने प्रचलन छ ।

## ३. पाथिभरा मन्दिर र भ्यु टावर



हेटौँडा उपमहानगरपालिका वडा नम्बर १ स्थित भैरवडाँडामा पाथिभरा माता मन्दिर र सोही परिसरमा निर्मित मनमोहन भ्यु टावर महत्वपूर्ण पर्यटकीय गन्तव्य रहेको छ। मन्दिर क्षेत्रबाट हेटौँडा बजारको सुन्दर दृश्यावलोकन गर्न सकिने र उच्च स्थानमा रहेकोले सो क्षेत्रमा पाथिभरा माताको दर्शन र बजार क्षेत्रको मनोरम दृश्य अवलोकन गर्नको लागि आन्तरिक तथा बाह्य पर्यटकको चाप बढ्दै गएको छ। मन्दिर क्षेत्रमा ५२ फिटको त्रिशूल, आकर्षक मन्दिर, प्राकृतिक वन क्षेत्र, मन्दिर प्रवेश मार्गमा रहेको मिनी धरहरा र धरहराचोकबाट पश्चिम उत्तर क्षेत्रमा ऐतिहासिक सिंह भैरवको मन्दिर रहेको छ।



## ४. पुण्य क्षेत्र

उपमहानगरपालिकाको ११ नं. वडास्थित पुण्यक्षेत्र सहिद स्मारक पार्कबाट १ किलोमिटर उत्तरतर्फको सुन्दर, शान्त जङ्गलमा अवस्थित छ। यो रमणीय पुण्यभूमि नेपाल मानव धर्म सेवा समितिको ध्यान केन्द्रको रूपमा पनि परिचित छ। ५ बिगाहा क्षेत्रफलमा फैलिएको यस रमणीय भूमिमा मूल भवन, बगैँचा, पूर्ण कदको लक्ष्मीनारायणको मूर्ति, महात्मा माहानन्द गुफा, हंसपोखरीलगायतका विविधताले भरिएका संरचनाहरू रहेका छन्।

## ५ चुरिया सुरुङ



राणा प्रधानमन्त्री चन्द्रशमशेरको पालामा सन् १९१७ मा नेपालका प्रथम ग्राजुएट इन्जिनियर डिल्लीजङ्ग थापाको नेतृत्वमा अमलेखगन्ज - भीमफेदी सडक निर्माणका क्रममा हेटौँडाको दक्षिणी भाग चुरिया पहाडमा निर्मित चुरिया सुरुङ दक्षिण एसियाको प्रथम मानवनिर्मित सुरुङ हो। सुरुङ निर्माण गर्दा सिमेन्ट प्रयोग नगरी चुनासुर्की प्रयोग भएको थियो। वि. सं. १९८३ देखि अमलेखगन्ज भीमफेदी सडक सञ्चालनमा आएपछि सुरुङमार्ग हुँदै सवारी साधन आवतजावत गराइएको बुढापाका बताउँछन्। पूर्वपश्चिम राजमार्ग निर्माणका

क्रममा सुरुङको आधाभाग विस्फोट गराएर सडक निर्माण गरिएपछि सुरुङ ओझेलमा परेको हो । करिब एक सय मिटर लम्बाइको सुरुङमार्ग केही वर्षसम्म सञ्चालनमा आएको थियो । सुरुङको दुवैतर्फ पाले घर निर्माण गरी गाडी आएको समयमा झन्डा हल्लाएर जनाउ दिने गरिएको थियो । हेटौँडा बजारबाट करिब १३ किलो मिटर दक्षिण चुरे पहाडमा अवस्थित सुरुङमार्ग तत्कालीन अवस्थामा उपत्यका प्रवेश गर्ने अन्य मार्ग निर्माण नभएकाले बढी चर्चामा थियो । राणाले अमलेखगन्जसम्म रेलबाट ल्याएका सामान सुरुङमार्ग हुँदै लरी र साना सवारी साधनबाट भीमफेदी पुऱ्याउने गरेका थिए । नेपाललाई राम्ररी चिनेका र सबै जिल्लामा हिँडेर पुगेका स्विस नागरिक टोनी हेगनले सन् २००४ मा लेखेको दी हिमालयन किङ्डम अफ नेपाल नामक पुस्तकमा सुरुङमार्गबारे स्पष्ट पार्दै नेपालभन्दा ठुलो भारतले सुरुङ प्रविधि भित्र्याउन नसकेको बेला नेपाल सफल भएकोमा खुसी व्यक्त गरिएको छ ।

### ६. पुष्पलाल पार्क



यो पार्क हेटौँडा बजारको मध्यभागमा अवस्थित छ । नेपाल कम्युनिस्ट पार्टीका संस्थापक स्व. पुष्पलाल श्रेष्ठको स्मृतिमा स्थापित पुष्पलाल पार्क सुन्दर बगैँचा र पोखरीको अवलोकन गर्ने मनोरम स्थान हो । हेटौँडा बजार क्षेत्रको फोहोर फाल्ने दुर्गन्धित पोखरीको रूपमा रहेको यस पार्क क्षेत्रफलका हिसाबले सानो भए तापनि पार्कभित्रका आकर्षक पोखरीलगायतका फूलबारी निकै मनमोहक स्थलको रूपमा रहेको छ । पार्क परिसरमै पुष्पलाल पुस्तकालय रहेको छ । सार्वजनिक निजी साझेदारी अवधारणाअनुसार पार्कको व्यवस्थापन ब्रह्माकुमारी राजयोग सेवा केन्द्र र पुस्तकालयको व्यवस्थापन साहित्य सङ्गम मकवानपुरले गर्दै आएको छ ।



### ७. मूर्ति बगैंचा (मूर्तिकला उद्यान)

मूर्ति बगैँचा हेटौँडा बजारबाट करिब १७ किमि पूर्वमा पर्दछ । धरान चतरा सडकअन्तर्गत हर्नामाडीको रामधुनी चोकबाट दायाँ करिब एक किमि उकालो लागे गुम्बा डाँडा पुगिन्छ । सोही क्षेत्रमा २०६९ मङ्सिर ११-२६ गतेसम्म आयोजित अन्तर्राष्ट्रिय मूर्तिकला कार्यशालामा ५ जना विदेशीसहित २३ जना मूर्तिकारहरूद्वारा कुँदिएका २३ वटा ढुङ्गाका मूर्त तथा अमूर्त आकर्षक मूर्तिहरू छन् । मूर्तिकलाको अतिरिक्त सल्लाघारी पर्यापर्यटन पार्कको आनन्द लिन र उत्तरतर्फका फाँट तथा परसम्मका बस्तीको मनोरम दृश्य अवलोकन गर्न साथै पिकनिकमा

रमाउन यस क्षेत्रमा पर्यटकहरूको चहलपहल बढी नै देखिन्छ।

## ८. सहिद स्मारक





सहिद स्मारक हेटौँडा बजारबाट ४.५ कि मि पश्चिम उत्तरमा अवस्थित छ। राष्ट्रियता, प्रजातन्त्र र जनजीविकाका लागि इतिहासको विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्ने सहिदहरूको प्रतीक स्वरूप बाह्र जना सहिदका आकृति एउटै २५ टनको शिलामा कुँदेर जनस्तरबाट स्थापना गरिएको सहिद स्मारक देशकै महत्त्वपूर्ण पर्यटकीय गन्तव्यको रूपमा परिचित भएको छ। आकर्षक पार्क तथा पर्यटकीय सूचना केन्द्र, सहिद ग्यालरी, उद्यान, सहिद स्मृति स्तम्भ, नमुना चिडियाघर, मदनवाटिका, बालउद्यान, पौडी पोखरी, पानी फोहरा, झोलुङ्गे पुलले स्मारकमा आउने पर्यटकहरूको मन छोएको छ। हालै निर्मित चार जना (पुष्पलाल, विपी कोइराला, गणेशमान, मनमोहन) प्रजातान्त्रिक योद्धाहरूको पूर्ण कदको सालिकसहितको उद्यानले अझ त्यसको गरिमा बढाएको छ।



## ९. बनस्खण्डी देवी मन्दिर

हेटौँडा नगरपालिका वडा नं. २ मा अवस्थित वनस्खण्डी नगर क्षेत्रको पिकनिक, सार्वजनिक कार्यक्रम तथा मनोरञ्जनको लागि रमणीय स्थान हो। पहाडको फेदी र हराभरा वनजङ्गलको बिच स्थापना गरिएको यस क्षेत्रमा दसैँको फूलपाती भित्र्याउने कार्य अति नै रमाइलो ढङ्गले गरिन्छ। मुख्य बजार क्षेत्रबाट नजिकै रहेको पार्क भएकोले मन्दिर परिसरमा दैनिक साँझ बिहान शान्तसँग बस्न, घुम्न आउनेहरूको भिड लाग्ने गर्दछ। मन्दिर परिसरमा रहेका विभिन्न थरीका धार्मिक संरचना, सभाहल, फूलबारी, वनक्षेत्र, प्रतीक्षालयले यस क्षेत्रको आकर्षण बढाएको छ।

## १०. सालक पार्क



यो पार्क हेटौँडा बजारबाट १० कि. मि. पूर्व कान्ति लोकपथ सडकमा जोडिएको स्थानमा रहेको छ। चुच्चेखोला सामुदायिक वन समूहको क्षेत्रभित्र रहेको यस पार्क लोपोन्मुख अवस्थामा रहेको वन्यजन्तु सालकलाई जोगाउन र त्यसको संरक्षणार्थ

प्रचारप्रसार गर्न हाल स्थापना भएको हो । पार्क परिसरमा संरक्षित सालक अवलोकन गर्न र वन क्षेत्रमा घुमफिर गर्न, फाँट तथा बस्तीहरूको अवलोकन गर्न, पिकनिक गर्न जानेहरूको भिड लाग्ने गर्दछ । वन तथा पर्यावरण संरक्षणका क्षेत्रमा क्रियाशील अध्येताहरू समेत अध्ययन अनुसन्धनको सिलसिलामा पुग्ने गरेका छन् ।

## ११. मनकामना मन्दिर



मनकामना मन्दिर हेटौँडा बजारबाट करिब ३ किमि उत्तरपूर्वी डाँडामा हेटौँडा उपमहानगरपालिका र मकवानपुरगढी गाउँपालिकाको सिमानामा अवस्थित छ । जहाँबाट हेटौँडा नगरको सुन्दर दृश्यावलोकन गर्न सकिन्छ । यो मन्दिरलाई गोरखा मनकामनाको बहिनीका रूपमा लिइन्छ । यहाँ प्रत्येक बिहान बजार क्षेत्रका मानिसहरू शारीरिक तन्दुरुस्तीका लागि प्रभातफेरी गर्दै दर्शन गर्ने जाने गर्दछन् । मन्दिर पुग्नका लागि सिँढीको बाटो र पक्की स्ल्याब ढलान सडक दुबै विकल्प रहेका छन् ।



## १२. जुरेथुम

हेटौँडा बजारबाट १३ कि. मि. पूर्व धरान चतरा राजमार्गसँग जोडिएको साबिक हटिया गाविस चोकबाट दक्षिण करिब १ किमि दुरीमा चुरे पर्वत शृङ्खलामा अवस्थित जुरेथुम प्राकृतिक रूपमा निकै मनमोहक छ । आकर्षक वन क्षेत्र एवम् भूबनोट रहेको यस पार्कको माथिल्लो भागमा ४२ फिट उचाइको वंशगोपालको मूर्ति र पार्क परिसरमै जोडिएको राधास्वामी पवित्र धार्मिक स्थल रहेको छ । यहाँबाट मनोरम मकवानपुरे फाँटको दृश्यावलोकन गर्न सकिन्छ । प्राकृतिक सुन्दरतामा रमाउन र पिकनिकका लागि यो स्थल आकर्षक गन्तव्य बन्दै गएको छ ।

### १३. मानव सेवा आश्रम



मानवसेवा आश्रम मानवता प्रवर्धन महाअभियान वि. सं. २०६९ सालमा सुरु भई आश्रमको मुख्य कार्यालयको रूपमा मकवानपुर जिल्ला हेटौँडा उपमहानगर पालिका- ९ मा अवस्थित रहेको छ। कुखेनी सामुदायिक वनको जग्गामा निर्मित मानवसेवा आश्रमको मुख्य कार्यालय मकवानपुर जिल्लाका परोपकारी नेपाली मनहरूको साथ, सहयोग एवम् अभिभावकत्वमा आजका दिनसम्म अगाडि बढेको छ । मानवसेवा आश्रम समाजमा विभिन्न परिस्थितिले विवश भई मागेर समेत खान नसक्ने, मानिसक सन्तुलन गुमाएका सडकमा छाडिएका व्यक्तिहरूको सेवामा जुटिरहेको छ। आश्रममा हाल दुई सय दश जना आश्रित व्यक्तिहरू रहेका छन् ।



### १४. लक्ष्मीनारायण मन्दिर

यस हेटौँडा उपमहानगरपालिका वडा नं. ५ स्थित श्रीलक्ष्मीनारायण मन्दिरमा नेपालमै पहिलो शिषमहल जहाँ राधाकृष्णलाई विराजमान गराइएको छ । उक्त शिषमहलमा १८ अध्याय भागवत गीताको शिलालेख समेत रहेको छ । साथै मन्दिरको माथिल्लो तल्लामा दिव्य सिताराम शिषमहल समेत रहेको छ । धार्मिक पर्यटकीय रुपमा विकसित हुँदै आइरहेको यस मन्दिरमा दैनिक भागवत पाठपारायण, हवन एवं नित्य पूजाअर्चना हुने र भक्तजनहरुको उल्लासमय उपस्थिति रहँदै आएको छ।

# अन्य धार्मिक तथा पर्यटकीय क्षेत्रहरू


भुवनेश्वर पशुपति मन्दिर


बुद्ध पार्क


दक्षिणकाली मन्दिर


गोरक्षश्वर क्षेत्र र हनुमान मुर्ती


हेटौंडा बजार




हेटौडा उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

हेटौडा, मकवानपुर

# स्वीकृत कर्मचारी संगठन संचरना



# हेटौंडा उपमहानगरपालिका
## जनप्रतिनिधिहरूको विवरण



श्री मीनाकुमारी लामा
**नगर प्रमुख**
मो. ९८५५०३८५४३



श्री राजेश बानियाँ
**नगर उपप्रमुख**
मो. ९८५५०२८५९४



श्री सविन न्यौपाने
**१ नं. वडा अध्यक्ष**
मो. ९८५५०६७३३७



श्री रामकृष्ण अधिकारी
**वडा सदस्य**



श्री मनु दाहाल
**वडा सदस्य**



श्री ईश्वरी रसाइली
**वडा सदस्य**



श्री सोनामसिं ब्लोन
**वडा सदस्य**



श्री विष्णुगोपाल महर्जन
**२ नं. वडा अध्यक्ष**
मो. ९८५५०६७०२९



श्री सुरज बतौंला
**वडा सदस्य**



श्री इन्द्रप्रसाद रिजाल
**वडा सदस्य**



श्री मैयाँ परियार
**वडा सदस्य**



श्री ढलकबहादुर थापा
३ नं. वडा अध्यक्ष
मो. ९८६५२११८८८



श्री रत्नबहादुर ब्लोन
वडा सदस्य



श्री हर्कबहादुर पाख्रिन
वडा सदस्य



श्री सविना विडारी
वडा सदस्य



श्री देवकी विश्वकर्मा
वडा सदस्य



श्री नवीन सिग्देल
४ नं. वडा अध्यक्ष
मो. ९८५५०६७८५४



श्री जनरल श्रेष्ठ
वडा सदस्य



श्री जगन्नाथ पाण्डे
वडा सदस्य



श्री गीता त्रिपाठी
वडा सदस्य



श्री विष्णुमाया घलान
वडा सदस्य



श्री सुशील घिमिरे
५ नं. वडा अध्यक्ष
मो. ९८६३९९८०९८



श्री ज्ञानबहादुर थापा मगर
वडा सदस्य



श्री रामबहादुर राई
वडा सदस्य



श्री रन्जिता सिलवाल
वडा सदस्य



श्री भगवती बि.क.
वडा सदस्य



**श्री विष्णुबहादुर दाहाल**
**६ नं. वडा अध्यक्ष**
मो. ९८५५०६७९१३



**श्री विजय पौडेल**
**वडा सदस्य**



**श्री लेखराज ढकाल**
**वडा सदस्य**



**श्री सरिता सापकोटा**
**वडा सदस्य**



**श्री मुना विश्वकर्मा**
**वडा सदस्य**



**श्री दामोदर गौतम**
**७ नं. वडा अध्यक्ष**
मो. ९८४५०४२५८८



**श्री दिनेश थापा मगर**
**वडा सदस्य**



**श्री श्यामसुन्दर परियार**
**वडा सदस्य**



**श्री सन्तुमाया पाख्रिन**
**वडा सदस्य**



**श्री राधिका विश्वकर्मा**
**वडा सदस्य**



**श्री रामकृष्ण थापा**
**८ नं. वडा अध्यक्ष**
मो. ९८४५०२९००६



**श्री गोरखनाथ राय**
**वडा सदस्य**



**श्री राजु मुक्तान**
**वडा सदस्य**



**श्री मञ्जु भुर्तेल**
**वडा सदस्य**



**श्री रीता सार्की**
**वडा सदस्य**



श्री सुकराम के.सी
९ नं. वडा अध्यक्ष
मो. ९८५५०१२७७०



श्री विष्णुबहादुर मगर
वडा सदस्य



श्री कमला पौडेल
वडा सदस्य



श्री फुर्वा दोर्जे लामा
१० नं. वडा अध्यक्ष
मो. ९८५५०६७९९२



श्री ईश्वरप्रसाद मैनाली
वडा सदस्य



श्री विमल लामा
वडा सदस्य



श्री साधना श्रेष्ठ
वडा सदस्य



श्री गोमा सुनार
वडा सदस्य



श्री जुना दाहाल
११ नं. वडा अध्यक्ष
मो. ९८४५१०३७१३



श्री संजय बिडारी
वडा सदस्य



श्री विकास नेपाल
वडा सदस्य



श्री गोपिनी सापकोटा
वडा सदस्य



श्री गीता सुनार
वडा सदस्य



श्री ज्ञानबहादुर श्रेष्ठ
१२ नं. का.वा. वडा अध्यक्ष
मो. ९८४५५३७९२



श्री महेश भट्टराई
वडा सदस्य



श्री रुकमिणी गोङ्बा
वडा सदस्य



श्री गीता परियार
वडा सदस्य



श्री पेम्बा लामा
१३ नं. वडा अध्यक्ष
मो. ९८५५०५६०५०



श्री उत्तम गोम्जा
वडा सदस्य



श्री दावा लामा
वडा सदस्य



श्री रन्जु गोङ्बा
वडा सदस्य



श्री सानुमाया नेपाली
वडा सदस्य



श्री दीपक खड्का
१४ नं. वडा अध्यक्ष
मो. ९८५१०८९६९४



श्री कुलनरसिङ गोङ्बा
वडा सदस्य



श्री श्यामकुमार भोलन
वडा सदस्य



श्री बिनाकुमारी थिङ लामा
वडा सदस्य



श्री रत्ना विश्वकर्मा
वडा सदस्य



श्री सुनिल मुक्तान
**१५ नं. वडा अध्यक्ष**
मो. ९८५५०६८७२०



श्री राजेन्द्र तितुङ
**वडा सदस्य**



श्री सिंहबहादुर लो
**वडा सदस्य**



श्री पातलीमाया गोङ्बा
**वडा सदस्य**



श्री मिनु विश्वकर्मा
**वडा सदस्य**



श्री रामकृष्ण कोइराला
**१६ नं. वडा अध्यक्ष**
मो. ९८५५०३०५६६



श्री राजनप्रसाद दहाल
**वडा सदस्य**



श्री गुरुप्रसाद ढकाल
**वडा सदस्य**



श्री कमला धिमाल
**वडा सदस्य**



श्री सङ्गीता विश्वकर्मा
**वडा सदस्य**



श्री उद्धव सत्याल
**१७ नं. वडा अध्यक्ष**
मो. ९८४५०४२६१९



श्री नवराज न्यौपाने
**वडा सदस्य**



श्री कृष्णबहादुर अधिकारी
**वडा सदस्य**



श्री लेखकुमारी तिमल्सिना
**वडा सदस्य**



श्री उर्मिला चुनारा
**वडा सदस्य**



श्री अनिलकुमार बानियाँ
१८ नं. वडा अध्यक्ष
मो. ९८५५०६८०९१



श्री तोयानाथ तिमल्सिना
वडा सदस्य



श्री योगराज खतिवडा
वडा सदस्य



श्री पूजा मग्राती
वडा सदस्य



श्री नरनाथ सुवेदी
१९ नं. वडा अध्यक्ष
मो. ९८५५०६९१९०



श्री प्रतापसिं थिङ
वडा सदस्य



श्री राजकुमार बज्यु
वडा सदस्य



श्री रमा गोले
वडा सदस्य



श्री रीता सुनार
वडा सदस्य

## कार्यपालिका सदस्यहरू



श्री अर्जुनबहादुर राई



श्री वीरबहादुर वि.क



श्री शंकर राई



श्री पातलीमाया गोङ्बा



श्री रुकमिणी गोङ्बा



श्री साधना श्रेष्ठ



श्री ईश्वरी बि.क



श्री मञ्जु भुर्तेल



श्री शिवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत
मो. ९८५१०१०१११

# न्यायिक समिति



श्री राजेश बानियाँ
संयोजक
मो. ९८५५०२८५९४



श्री ज्ञानबहादुर थापा
सदस्य
मो. ९८४५०५८७२१



श्री सन्तुमाया पाख्रिन
सदस्य
मो. ९८४५२८८८३५



श्री सविन न्यौपाने
प्रवक्ता/कार्यपालिका सदस्य
मो. ९८५५०६७३३७



श्री भानुभक्त थपलिया
सूचना अधिकारी
मो. ९८५५०६९५९९



श्री ईश्वरराज ढकाल
कानुनी सल्लाहकार



डा. श्री कृष्णप्रसाद धिताल
विज्ञ सल्लाहकार





प्रतिनिधिसभा तथा प्रदेशसभामा निर्वाचित सांसदज्यूहरूको स्वागत तथा सम्मान कार्यक्रम



चिप्लेटी सहरी स्वास्थ्य केन्द्र उद्घाटन कार्यक्रम, हेटौंडा-१५




अत्याधुनिक सुविधासहितको निर्माणधीन बसपार्क टर्मिनल भवनको प्रतीकात्मक चित्र




हेटौंडा दर्पण स्मारिका- २०७८

हेटौंडा उपमहानगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
बागमती प्रदेश, हेटौंडा, मकवानपुर
फोन : ०५७-५२३०७७, ५२२८७६, ५२५८३९
Website: hetaudamun.gov.np, Email: info@hetaudamun.gov.np